# प्रथम आवधिक नगर विकास योजना

# (आ.व.२०७९/८०-२०८३/८४)

## मस्यौदा प्रतिवेदन




**महाराजगंज नगरपालिका**

नगर कार्यपालिकाको कार्यालय

महाराजगंज, कपिलवस्तु

लुम्बिनी प्रदेश

महाराजगंज नगरपालिकाको आवधिक नगर विकास योजना

**Periodic Municipal Development Plan of Maharajganj Municipality**

<u>आर्थिक तथा प्राविधिक सहयोगः</u>

प्रदेश प्रशिक्षण प्रतिष्ठान

प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम,

नेपालगन्ज, बाँके

<u>योजना तर्जुमा सहजिकरण</u>

शताव्दी रिसर्च सेन्टर प्रा. लि.

बानेश्वर काठमाण्डौ

**विषयसूचीः**


परिच्छेद १ः परिचय ........ ९

१.१ पृष्ठभूमि ........ ९

१.२ आवधिक योजनाको उद्देश्य ........ १०

१.३ आवधिक योजना तर्जुमा प्रक्रिया ........ १०

परिच्छेद २ः महाराजगंज नगरपालिकाको विकासको विद्यमान स्थिति र उपलब्धिको समीक्षा ........ १२

२.१ महाराजगंज नगरपालिकाको परिचय ........ १२

२.१.१ भौगोलिक अवस्था, राजनीतिक र प्रशासनिक संरचना ........ १२

२.१.२ प्राकृतिक तथा साँस्कृतिक सम्पदा ........ १२

२.२ आर्थिक विकास अवस्था ........ १३

२.२.१ कृषि तथा खाद्य सुरक्षा ........ १३

२.२.२ पर्यटन तथा सस्कृति ........ १३

२.२.३ उद्योग, व्यापार, व्यवसाय र आपूर्ति ........ १३

२.२.४ आम्दानी, रोजगारी र वित्तीय सेवा ........ १४

२.२.५ सहकारी ........ १४

२.३ सामाजिक विकासको अवस्था ........ १५

२.३.१ स्वास्थ्य तथा पोषण ........ १५

२.३.२ शैक्षिक विकास ........ १५

२.३.३ खानेपानी तथा सरसफाइ ........ १६

२.३,४ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण ........ १६

२.३.५ युवा, खेलकुद तथा कला ........ १७

२.४ पूर्वाधार तथा शहरी विकासको अवस्था ........ १७

२.४.१ बस्ती, आवास, भवन तथा सार्वजनिक निर्माण ........ १७

२.४.२ सडक, पुल तथा यातायात ........ १८

२.४.३ विद्युत् तथा वैकल्पिक ऊर्जा ........ १९

२.४.४ सूचना, सञ्चार तथा प्रविधि ........ १९

२.५ वन, वातावरण तथा विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनको अवस्था ........ २०

२.५.१ बन तथा जैविक विविधता ........ २०

२.५.२ भूसंरक्षण तथा जलाधार व्यवस्थापन ........ २०

२.५.३ वातावरण व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकूलन ........ २०

२.५.४ महामारी तथा विपद् व्यवस्थापन ........ २१

२.६ सुशासन तथा संस्थागत व्यवस्था ........ २२

२.६.१ स्थानीय नीति, ऐन तथा सुशासन ........ २२

२.६.२ सङ्गठनात्मक विकास ........ २२

२.६.३ श्रोत परिचालन ........ २४

२.६.४ योजना व्यवस्थापन ........ २५

परिच्छेद ३ः सोच तथा विकासको अवधारणा ........ २६

३.१ पृष्ठभूमि.......................................................................................................२६
३.२ प्रमुख समस्या तथा चुनौती.......................................................................................२६
३.३ प्रमुख सम्भावना तथा अवसर....................................................................................२७
३.४ निर्देशक सिद्धान्त...................................................................................................२८
३.५ सोच, लक्ष्य तथा उद्देश्य............................................................................................२९
३.६ परिमाणात्मक लक्ष्य................................................................................................२९
३.७ रणनीति तथा प्राथमिकता.........................................................................................३०
३.८ नगर गौरवका आयोजनाहरू.......................................................................................३२
३.९ लगानी, स्रोत अनुमान र बाँडफाँट...................................................................................३२
परिच्छेद ४: आर्थिक क्षेत्र ..................................................................................................३४
४.१ कृषि तथा पशुपन्छी.................................................................................................३४
४.१.१ पृष्ठभूमि.......................................................................................................३४
४.१.२ समस्या तथा चुनौती.........................................................................................३४
४.१.३ संभावना तथा अवसर........................................................................................३४
४.१.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना...........................................३५
४.१.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका.......................................................................३८
४.२ सिंचाई...................................................................................................................४१
४.२.१ पृष्ठभूमि.......................................................................................................४१
४.२.२ समस्या तथा चुनौती.........................................................................................४१
४.२.३ संभावना तथा अवसर........................................................................................४१
४.२.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना...........................................४२
४.२.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका.......................................................................४४
४.३ पर्यटन, संस्कृति तथा सम्पदा.....................................................................................४६
४.३.१ पृष्ठभूमि.......................................................................................................४६
४.३.२ समस्या तथा चुनौती.........................................................................................४६
४.३.३ संभावना तथा अवसर........................................................................................४७
४.३.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना...........................................४७
४.३.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका.......................................................................५०
४.४ उद्योग, व्यापार, व्यावसाय तथा आपूर्ति.........................................................................५२
४.४.१ पृष्ठभूमि.......................................................................................................५२
४.४.२ समस्या तथा चुनौती.........................................................................................५२
४.४.३ संभावना तथा अवसर........................................................................................५२
४.४.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना...........................................५३
४.४.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका.......................................................................५५
४.५ श्रम, रोजगारी र सामाजिक सुरक्षा...............................................................................५८
४.५.१ पृष्ठभूमि.......................................................................................................५८
४.५.२ समस्या तथा चुनौती.........................................................................................५८
४.५.३ संभावना तथा अवसर........................................................................................५९

४.५.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ........ ५९
४.५.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका ........ ६१
परिच्छेद ५: सामाजिक क्षेत्र ........ ६४
५.१ स्वास्थ्य तथा पोषण ........ ६४
५.१.१ पृष्ठभूमि ........ ६४
५.१.२ समस्या तथा चुनौती ........ ६४
५.१.३ संभावना तथा अवसर ........ ६४
५.१.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ........ ६५
५.१.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका ........ ६७
५.२ शिक्षा, विज्ञान तथा नवप्रर्वतन ........ ७१
५.२.१ पृष्ठभूमि ........ ७१
५.२.२ समस्या तथा चुनौती ........ ७१
५.२.३ संभावना तथा अवसर ........ ७१
५.२.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ........ ७२
५.२.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका ........ ७६
५.३ खानेपानी तथा सरसफाइ ........ ८०
५.३.१ पृष्ठभूमि ........ ८०
५.३.२ समस्या तथा चुनौती ........ ८०
५.३.३ संभावना तथा अवसर ........ ८१
५.३.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ........ ८१
५.३.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका ........ ८३
५.४ महिला, बालबालिका तथा लक्षित वर्ग ........ ८५
५.४.१ पृष्ठभूमि ........ ८५
५.४.२ समस्या तथा चुनौती ........ ८५
५.४.३ संभावना तथा अवसर ........ ८६
५.४.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ........ ८६
५.४.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका ........ ९०
५.५ युवा तथा खेलकुद ........ ९२
५.५.१ पृष्ठभूमि ........ ९२
५.५.२ समस्या तथा चुनौती ........ ९२
५.५.३ संभावना तथा अवसर ........ ९३
५.५.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ........ ९३
५.५.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका ........ ९५
परिच्छेद ६: पूर्वाधार क्षेत्र ........ ९८
६.१ बस्ती, आवास, भवन तथा सार्वजनिक निर्माण ........ ९८
६.१.१ पृष्ठभूमि ........ ९८
६.१.२ समस्या तथा चुनौती ........ ९८

६.१.३ संभावना तथा अवसर ....... ९८
६.१.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ....... ९९
६.१.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका ....... १०१
६.२ सडक, पुल तथा यातायात ....... १०४
६.२.१ पृष्ठभूमि ....... १०४
६.२.२ समस्या तथा चुनौती ....... १०४
६.२.३ संभावना तथा अवसर ....... १०४
६.२.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ....... १०५
६.२.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका ....... १०८
६.३ जलश्रोत, विद्युत् तथा वैकल्पिक ऊर्जा ....... ११०
६.३.१ पृष्ठभूमि ....... ११०
६.३.२ समस्या तथा चुनौती ....... ११०
६.३.३ संभावना तथा अवसर ....... ११०
६.४४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ....... १११
६.४.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका ....... ११२
६.४ सूचना, सञ्चार तथा प्रविधि ....... ११४
६.४.१ पृष्ठभूमि ....... ११४
६.४.२ समस्या तथा चुनौती ....... ११४
६.४.३ संभावना तथा अबसर ....... ११४
६.४.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ....... ११५
६.४.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका ....... ११७
परिच्छेद ७: वन, वातावरण तथा विपद व्यवस्थापन क्षेत्र ....... ११९
७.१ वन तथा जैविक विविधता ....... ११९
७.१.१ पृष्ठभूमि ....... ११९
७.१.२ समस्या तथा चुनौती ....... ११९
७.१.३ संभावना तथा अबसर ....... १२०
७.१.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ....... १२०
७.१.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका ....... १२२
७.२ भूसंरक्षण तथा जलाधार व्यवस्थापन ....... १२४
७.२.१ पृष्ठभूमि ....... १२४
७.२.२ समस्या तथा चुनौती ....... १२४
७.२.३ संभावना तथा अवसर ....... १२४
७.२.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ....... १२४
७.२.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका ....... १२६
७.३ वातावरण तथा फोहोरमैला व्यवस्थापन ....... १२८
७.३.१ पृष्ठभूमि ....... १२८
७.३.२ समस्या तथा चुनौती ....... १२८

७.३.३ संभावना तथा अवसर.....................................................................१२९
७.३.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना.........................................१२९
७.३.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका..........................................................१३१
७.४ विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन तथा जलवायु उत्थानशीलता......................................१३३
७.४.१ पृष्ठभूमि.........................................................................................१३३
७.४.२ समस्या तथा चुनौती...............................................................................१३३
७.४.३ संभावना तथा अवसर.............................................................................१३३
७.४.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति. कार्यक्रम तथा आयोजना.........................................१३३
७.४.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका..........................................................१३६
परिच्छेद ८: संस्थागत विकास तथा सुशासन क्षेत्र...........................................................१३९
८.१ संस्थागत विकास तथा सुशासन...................................................................१३९
८.१.१ पृष्ठभूमि.........................................................................................१३९
८.१.२ समस्या तथा चुनौती...............................................................................१४०
८.१.२ संभावना तथा अबसर.............................................................................१४०
८.१.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना.........................................१४१
परिच्छेद ९: कार्यान्वयन व्यवस्था...........................................................................१५०
९.१ पृष्ठभूमि...........................................................................................१५०
९.२ संस्थागत व्यवस्था तथा मानव संशाधन योजना....................................................१५०
९.३ विषयक्षेत्र अनुसार अनुमानित बजेट...............................................................१५१
९.४ स्रोत अनुमान तथा प्रक्षेपण.........................................................................१५२
९.४.१ राजस्व परिचालनको अवस्था......................................................................१५२
९.४.२ खर्च अवस्थाको विश्लेषण..........................................................................१५३
९.४.३ अपुग स्रोत व्यवस्थापन............................................................................१५४
९.५ स्रोत परिचालन रणनीति............................................................................१५४
९.६ आवधिक योजना कार्यान्वयन.......................................................................१५५
९.६.१ योजना कार्यान्वयन................................................................................१५५
९.६.२ कार्यान्वयन प्रकृया...............................................................................१५६
९.७ अनुगमन तथा मूल्याङ्कन योजना...................................................................१५८
९.७.१ अनुगमन तथा मूल्याङ्कनको आवश्यकता............................................................१५८
९.७.२ अनुगमन तथा मूल्याङ्कनको जिम्मेवारी.............................................................१५८
९.७.३ अनुगमन तथा मूल्याङ्कन प्रक्रिया...................................................................१५९
अनुसूची.................................................................................................१६२
अनुसूची-१: महाराजगंज नगरपालिकाका कार्यक्रम तथा आयोजनाको साङ्केतीकरण................................१६२

## तालिका सूची

तालिका ६: अपेक्षित परिमाणात्मक उपलब्धि........ २९
तालिका ५: नगरपालिकाका प्रमुख रणनीतिहरू तथा प्राथमिकताहरू........३०
तालिका ७: लगानी प्रक्षेपण........३२
तालिका ८: आवधिक योजनामा खर्च व्यहोर्ने स्रोतहरू........ ३३
तालिका ९: महाराजगंज नगरपालिकाको आय अनुमान........ ३३
तालिका ६: कृषि तथा पशुपालनका रणनीति तथा कार्यनीतिहरू........३५
तालिका ७: सिंचाईका रणनीति तथा कार्यनीतिहरू........ ४२
तालिका ८: पर्यटनका रणनीति तथा कार्यनीतिहरू........ ४७
तालिका ९: आपुर्तीका रणनीति र कार्यनीति........५३
तालिका १०: श्रम, रोजगारी र सामाजिक सुरक्षाका रणनीति र कार्यनीति........ ५९
तालिका ११: स्वास्थ्य तथा पोषणका रणनीति तथा कार्यनीतिहरू........६५
तालिका १२: शिक्षाका रणनीति तथा कार्यनीतिहरू........७२
तालिका १३: खानेपानी तथा सरसफाइका रणनीति तथा कार्यनीतिहरू........ ८१
तालिका १४: महिला, बालबालिका, जेष्ठनागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूका रणनीति तथा कार्यनीतिहरू.. ८६
तालिका १५: युवा तथा खेलकुदका रणनीति तथा कार्यनीतिहरू........९३
तालिका १६: आवास तथा बस्ती विकासका रणनीति तथा कार्यनीतिहरू........ ९९
तालिका १७: यातायात तथा पूर्वाधारका रणनीति तथा कार्यनीतिहरू........१०५
तालिका १८: ऊर्जाका रणनीति तथा कार्यनीतिहरू........ १११
तालिका १९: सूचना तथा सञ्चार प्रविधिका रणनीति तथा कार्यनीतिहरू........११५
तालिका २०: वन तथा भूसंरक्षणका रणनीति तथा कार्यनीतिहरू........१२०
तालिका २१: वन तथा भूसंरक्षणका रणनीति तथा कार्यनीतिहरू........१२४
तालिका २२: फोहरमैला व्यवस्थापनका रणनीति तथा कार्यनीतिहरू........१२९
तालिका २३: विपद् व्यवस्थापनका रणनीति तथा कार्यनीतिहरू........१३४
तालिका ३२: सेवा प्रवाह तथा सुशासनका रणनीति तथा कार्यनीतिहरू........१४१
तालिका २६: विषयक्षेत्र अनुसार अनुमानित बजेट........१५१
तालिका २७: राजस्व परिचालनको अवस्था........१५३
तालिका २८: खर्च बाँडफाँडको प्रक्षेपण........१५३
तालिका २८: अपुग स्रोत........ १५४
तालिका २९: बार्षिक कार्यान्वयन कार्ययोजना ढाँचा........१५७
तालिका २७: अनुगमन तथा मूल्याङ्कन खाका........१६०

# परिच्छेद १: परिचय

## १.१ पृष्ठभूमि

नेपालमा योजनावद्ध विकासको थालनी वि.सं. २०१३ सालदेखि भएको हो । विगतमा केन्द्रिय योजना मात्र बन्ने गरेकोमा संघीय शासन व्यवस्थाको सुरुवात पछि प्रदेश र स्थानीय सरकारहरुले पनि आवधिक योजना तर्जुमा गर्ने गरेका छन् । स्थानीय सरकार संचालन ऐन २०७४ को परिच्छेद ६ को दफा २४ मा स्थानीय तहले स्थानीय स्तरको विकासकालागि आवधिक, वार्षिक, रणनीतिगत, विषय क्षेत्रगत, मध्यमकालिन, दीर्घकालिन विकास योजना बनाई लागू गर्नुपर्ने व्यवस्था गरेको पनि छ । नेपालको संविधानको अनुसूची ८ र ९ मा तोकिएको एकल तथा साझा अधिकार बमोजिम स्थानीय सरकारलाई योजना तथा बजेट तर्जुमा, कार्यान्वयन र अनुगमन गर्ने जिम्मेवारी प्राप्त भएकोछ ।

यसै गरी स्थानीय सरकार संचालन ऐन २०७४ को दफा २४ को उपदफा १ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा स्थानीय स्तरको विकासका लागि संविधानको अनुसूची ८ र ९ मा तोकिएको अधिकार प्रयोग गरी आवधिक, वार्षिक, रणनीतिक विषय क्षेत्रगत मध्यकालिन तथा दीर्घकालिन विकास योजना बनाई लागू गर्नुपर्ने व्यवस्था रहेकोछ । यस ऐनको दफा २४ को उपदफा २ मा योजना तर्जुमा गर्दा संघीय सरकार र प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य, समय सीमा र प्रक्रियासँग तालमेल हुने गरी दिगो विकासको लक्ष्य, भूउपयोग योजना, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण, बालमैत्री, वातावरणमैत्री, अपाङ्गमैत्री, विपद् व्यवस्थापन तथा जोखिम न्यूनीकरण, जलवायु परिवर्तन अनुकूलन जस्ता अन्तरसम्बन्धित विषयलाई ध्यान दिनु पर्ने उल्लेख गरिएको छ । ऐनको दफा २४ को उपदफा ३ ले गाउँपालिका तथा नगरपालिकाले योजना बनाउँदा ऐनमा तोकिए बमोजिमको विषयहरूमा प्राथमिकता दिनुपर्ने विषयहरू समेत तोकेको छ ।

योजनाहरू प्राथमिकिकरण गर्दा आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने, उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने, जनताको जीवनस्तर, आम्दानी र रोजगार बढ्ने, स्थानीयबासीहरूको सहभागिता जुट्ने, स्वयं सेवा परिचालन गर्न सकिने तथा लागत कम लाग्ने, स्थानीय स्रोत, साधन र सीपको अधिकतम प्रयोग हुने, महिला बालबालिका तथा पिछडिएका वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने, लैङ्गिक समानता र सामाजिक समावेशीकरण अभिवृद्धि हुने, दिगो विकास, वातावरणीय संरक्षण तथा सम्वर्द्धनमा सघाउ पुऱ्याउने, भाषिक तथा साँस्कृतिक पक्षको जर्गेना र सामाजिक सद्भाव तथा एकता अभिवृद्धिमा सघाउ पुयाउने सूचकहरूको आधारमा योजनाहरू प्राथमिकीकरण गर्नुपर्ने उल्लेख गरिएको छ । यो ऐनको दफा २४ को उपदफा ४ मा योजना बनाउँदा मध्यम र दीर्घकालिन प्रकृतिका आयोजनाहरूको सूची तयार गर्नुपर्ने कुरा उल्लेख गरिएको छ । नगरपालिकाले आफ्नो कार्य संचालन गर्दा लागत न्यूनीकरण, स्रोत साधनको अधिकतम उपयोग वा प्रभावकारी सेवा प्रवाहको अन्य नगरपालिकासँग साझेदारी, सम्झौता र संयुक्त व्यवस्थापन गर्न सक्ने विषयहरू समेत तोकेको छ ।

नेपाल सरकारले आर्थिक वर्ष २०७६/७७ देखि २०८०/८१ सम्मकोलागि राष्ट्रिय आकांक्षा **"समृद्ध नेपाल, सुखी नेपाली"** विक्रम सम्वत् २१०० का सूचक सहितको पन्ध्रौं पञ्चवर्षीय योजना तयार गरेको छ । त्यसैगरी लुम्बिनी प्रदेश सरकारले प्रदेशको **"समृद्ध प्रदेश सुखी जनता"** को दिर्घकालिन सोचका सहित प्रथम पञ्चवर्षीय योजनामा लुम्बिनी प्रदेशको समग्र विकासकोलागि अल्पकालीन लक्ष्य विक्रम सम्वत् २०७८/०७९ देखि २०८३/०८४, मध्यमकालीन लक्ष्य वि.सं. २०७८/७९ देखि २०९० र दीर्घकालीन लक्ष्य २०७८/०७९ देखि २१०० सम्मकालागि समृद्धि र सुखका मुख्य सूचकहरू निर्धारण गरिएका छन् । यस सन्दर्भमा स्थानीय तहको चासो संस्थागत विकास र आर्थिक समृद्धिको खाका सहितको महाराजगंज नगरपालिकाको आवधिक योजना निर्माण गरिएको छ ।

विकासका परिसूचकहरूमा पृथक तथ्याङ्कहरूको विश्लेषण, तदनुरूप आवधिक योजनाहरूमा महाराजगंज नगरपालिकाको प्रक्षेपण, योजनाहरूको तर्जुमा, आवधिक अनुगमन तथा मूल्याङ्कन प्रतिवेदनहरूको अभावले विगतमा भएका उपलब्धि तथा कमी कमजोरीहरूलाई केलाउन निकै कठिन भएको छ । राष्ट्रिय रूपमा आवधिक योजनाको एउटै नीतिगत

आधार हुने भएकोले पनि महाराजगंज नगरपालिकाको आर्थिक, सामाजिक, गरिबी, पूर्वाधारको विशिष्टता अनुरूपको नीति र सो अनुसारका कार्य योजना विगतमा बन्न सकेनन् । यसको प्रथम प्राथमिकताको रूपमा छरिएर रहेका तथ्याङ्कको सङ्कलन तुलनात्मक विश्लेशण, सोही अनुसार राष्ट्रिय नीति र आवधिक योजनासँग तालमेल हुनेगरी महाराजगंज नगरपालिकाको समग्र विकास नीतिका आधारहरू तय गर्नु रहेको छ । मौसममा आधारित कृषि उत्पादन, पर्यटन र विप्रेषण यस नगरपालिकाको समग्र अर्थतन्त्रको मुख्य आयाम हुन् ।

### १.२ आवधिक योजनाको उद्देश्य

स्थानीय तहको योजनाबद्ध विकास प्रयास र प्रक्रियालाई मार्गदर्शन गर्नु आवधिक योजनाको प्रमुख उद्देश्य रहेकोछ । आवधिक योजना तर्जुमाका विशिष्ट उद्देश्यहरू देहायअनुसार रहेका छन्:

- योजनाबद्ध, नतिजामूलक, समावेशी र उत्थानशील विकासका लागि स्थानीय तहका गतिविधिलाई निर्दिष्ट लक्ष्य हासिल गर्ने दिशातर्फ निर्देशित गर्नु;
- स्थानीय विकासका सरोकारवालाहरूमा विकास प्रयास र उपलब्धिमा साझा प्रतिवद्धता र उत्तरदायित्व सिर्जना गर्नु;
- विकासको राष्ट्रिय तथा प्रादेशिक लक्ष्य र प्राथमिकतासँग स्थानीय विकासको तादात्म्य कायम गर्नु;
- सहभागितामूलक विधिका माध्यमबाट विकास प्रयासलाई मार्गदर्शन गर्ने र अपेक्षित नतिजा हासिल गर्ने गरी स्थानीय विकासको प्रारूप तयार गर्नु;
- नतिजामा आधारित स्थानीय विकासलाई प्रवर्द्धन गर्नु ।

### १.३ आवधिक योजना तर्जुमा प्रक्रिया

महाराजगंज नगरपालिकाको आवधिक योजना तर्जुमा सम्बन्धी कार्यक्षेत्रगत शर्तमा उल्लेख भए बमोजिमका कार्यक्षेत्रका अधीनमा रही आवधिक योजना तर्जुमा शुरुआत भएको छ । योजनालाई बढी सहभागितामूलक यथार्थपरक कार्यान्वयनयोग्य र सर्वस्विकार्य गराउन योजना तर्जुमा गर्ने सम्बन्धमा देहाय बमोजिमका प्रक्रिया तथा विधिहरु अवलम्बन गरिनेछ ।

**प्रारम्भिक छलफलः** प्रस्ताव स्विकृत भई कार्य सम्झौता भएपछि सर्वप्रथम नगरपालिकाका प्रमुख, उपप्रमुख, कार्यपालिकाका सदस्य, प्रमुख प्रसासकीय अधिकृत तथा योजना प्रमुखसँग आवधिक योजना तर्जुमाको विधि स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८ का आधारमा बन्ने समिति तथा उपसमितिहरु निर्माण योजनाको कार्य तालिका लगायतका बिषयमा प्रारम्भिक छलफल गरी ति बिषयको टुङ्गो लगाइएको छ ।

**पुर्वतयारी गोष्ठी सञ्चालनः** आवधिक योजनाको महत्व, औचित्व, विधि, प्रकृया, नगरपालिकाले यसमा निर्वाह गर्नुपर्ने भुमिका आदिका बारेमा नगरपालिकाका प्रमुख, उपप्रमुख, कार्यपालिकाका सदस्य, प्रमुख प्रसासकीय अधिकृत तथा योजना प्रमुखसँग आवधिक योजना तर्जुमाको विधि स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८ का आधारमा बनेका समिति तथा उपसमितिहरुसँगको छलफल, योजनाका विविध पक्षहरु, चरणहरु तथा कार्य जिम्मेवारीका लागि पुर्वतयारी गोष्ठी सञ्चालन मिति २०७८/१२/२० मा सम्पन्न गरिएकोछ ।

**वडागत योजना तर्जुमा गोष्ठी सञ्चालनः** वडाध्यक्ष, वडासदस्य, वडाका कर्मचारी, सबै स्थानीय राजनितिक दलका प्रतिनिधिहरु कलेज तथा बिद्यालयका प्रमुख तथा प्रधानाध्यापकहरु क्षेत्रगत बिज्ञ तथा वौद्धिक ब्यक्तित्वहरु उद्योगी तथा व्यवशायीहरु लगायत स्थानीय गैर सरकारी संस्थाका प्रतिनिधिहरुको सहभागितामा सबै वडा कार्यालयमा एकदिने योजना तर्जुमा गोष्ठी सञ्चालन मिति २०७८/१२/२० देखि २५ गते सम्ममा सम्पन्न गरिएकोछ ।

**तथ्याङ्क प्रमाणिकरणः** नगरपालिकाको वस्तुगत विवरणमा उल्लेख भएका तथ्याङ्कहरुलाई बिषयगत समितिहरुमा छलफल गरी प्रमाणिकरणका लागि पेश गरिएको थियो र योजनामा संलग्न गरिएका मुख्य सुचकाङ्कहरु निर्धारण गरिएको थियो ।

**दीर्घकालीन सोच निर्धारणः** नगरपालिकाको आवधिक योजनाको दीर्घकालीन सोच निर्धारण गर्न सबै सरोकारवालाहरुलाई समुह बिभाजन गरी मिति २०७८/१२/२१ छलफल गराइएको थियो र सबै समुह सुझाव मध्येबाट सर्वमान्य सोचलाई आवधिक योजनाको दीर्घकालीन सोच निर्धारण तय भएको छ । सोहि दीर्घकालीन सोचका आधारमा आवधिक लक्ष्य तथा उद्धेश्यहरु निर्माण गरिएकोछ ।

**समस्या तथा चुनौतीहरु र अवसरहरुको पहिचानः** नगरपालिकाको आवधिक योजना तर्जुमा पुर्व यस नगरपालिकामा विकासकालागि विद्यमान समस्या तथा चुनौतीहरु र अवसरहरुको पहिचान गर्न हरेक बिषयगत क्षेत्रहरु (आर्थिक विकास, सामाजिक विकास, पुर्वाधार विकास, वन वातावरण तथा विपद् व्यवस्थापन र संस्थागत विकास) को छुट्टाछुट्टै अध्ययन गरी विश्लेषण गरिएकोछ ।

**क्षेत्रगत उद्धेश्य, रणनीति, कार्यनीति तथा प्राथमिकता निर्धारणः** स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८ का आधारमा हरेक बिषयगत क्षेत्रहरु (आर्थिक विकास, सामाजिक विकास, पुर्वाधार विकास, वन वातावरण तथा विपद् व्यवस्थापन र संस्थागत विकास) का उपक्षेत्रहरुको छुट्टाछुट्टै क्षेत्रगत उद्धेश्य, रणनीति, कार्यनीति तथा प्राथमिकता निर्धारण गरिएकोछ । यसका साथै सबै बिषयगत उपक्षेत्रहरुको नतिजा सूचक पनि निर्धारण गरिएकोछ ।

**मस्यौदा प्रति मस्यौदा प्रतिवेदन वेदन लेखन तथा प्रेषणः** उपरोक्त चरणहरु पुरा गरिसकेपछि बिज्ञ समुहले नगरपालिकाबाट प्राप्त सुचना तथा तथ्याङ्कका आधरमा मस्यौदा प्रतिवेदन तयार पारी आवस्यक सुधार तथा सुझावका लागि नगरपालिकाको कार्यालयमा प्रेषण गरिएकोछ । नगरपालिकाबाट प्राप्त सुझावलाई संलग्न गरी तोकिएको समयावधि भित्र अन्तिम प्रतिवेदन नगरपालिकाको कार्यालयमा प्रेषण गरिएकोछ ।

**मस्यौदा प्रतिवेदन नगरसभामा पेश गर्नेः** बिज्ञ समुहले तयार गरी पठाएको मस्यौदा प्रतिवेदन निर्देशक समितिमा छलफल गरी प्राप्त भएको प्रतिवेदनका आधारमा आफ्नो समेत साय सुझाव तयार गरी निर्देशक समितिले दिएको सुझावका आधारमा प्रतिक्रिया नोट गरी सम्बन्धित विषय क्षेत्र समितिहरू तथा शाखाहरूमा पठाइएको थियो । सम्बन्धित विषय क्षेत्र समितिहरू तथा शाखाहरूले यसरी प्रविष्टि गरी प्राप्त हुन आएको सुझाव सहित आफ्नो सुझाव समेत तयार गरी अन्तिम छलफलका लागि नगरसभामा पेश गरिएको थियो । नगरसभाबाट पारित सुधार गर्नुपर्ने कुराहरु तथा प्राप्त सुझावलाई संलग्न गरी तोकिएको समयावधि भित्र अन्तिम प्रतिवेदन नगरपालिकाको कार्यालयमा प्रेषण गरिएकोछ ।


**नगरसभाबाट आवधिक योजना पारीत गर्नेः** आवधिक योजनाको अन्तिम प्रतिवेदन नगरसभामा पेश गरी नगरसभाबाट स्वीकृतीकालागि प्रकृया अघि बढाइनेछ ।

## परिच्छेद २: महाराजगंज नगरपालिकाको विकासको विद्यमान स्थिति र उपलब्धिको समीक्षा

### २.१ महाराजगंज नगरपालिकाको परिचय

### २.१.१ भौगोलिक अवस्था, राजनीतिक र प्रशासनिक संरचना

लुम्विनि प्रदेशको  दक्षिण भागमा अवस्थित रहेको कपिलवस्तु जिल्लाको दक्षिणी—पश्चिम क्षेत्रको तल्लो भेगमा अवस्थित महाराजगंज नगरपालिका कपिलवस्तु जिल्लाको महाराजगञ्ज,  बलरमावापुर, कुशहवा, हर्दौना, शिसवा, कजरहवा,बरईपुर, भलवारी र उदयपुर गाविसलाई समेटेर नगरपालिका बनाईएको हो । यस नगरपालिकालाई पुनः स्थानिय तह निर्धारण आयोगको प्रतिवेदन बमोजिम साविकको कैलाश गा।वि।स र महाराजगंज नगरपालिकाका वडाहरु मिलाएर हाल महाराजगंज नगरपालिका कायम रहेको छ, जसको केन्द्र साविकको महाराजगंज नगरपालिकाको वडा नं। १ महाराजगंज रहेको छ । मिति २०७३।११।२७ गते नेपाल सरकारद्वारा प्रकाशित खण्ड ६६, संख्या ५८, नेपाल राजपत्र भाग ४ को पृष्ठ नं। ३५८ मा प्रकाशित राज्य पुनर्संरचनाको प्रतिवेदन अनुरुप यस नगरपालिकाको जम्मा ११ वडा कायम गरिएको छ ।




स्रोत: स्थलरुप नक्सा (स्केल १:२५००० /१:५००००), नापी विभाग र जनगणना २०६८, केन्द्रिय तथ्यांक विभाग
तयार पार्ने: गाउँपालिका, नगरपालिका तथा विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको संख्या तथा सीमाना निर्धारण आयोग

Projection System: MUTM, Spheroid - Everest 1830
LLRC, 2016

### २.१.२ प्राकृतिक तथा साँस्कृतिक सम्पदा

हावापानी र जलवायु यस नगरपालिकाको हावापानी समशितोष्ण प्रदेशिय हावापानी भित्र पर्दछ ।  सम्म फाँट प्रसस्त खेति योग्य जमिन उर्वर भुमि नगर मध्यभागमा नदि बहेको छ । मुस्लीम, कुर्मी चौधरी, यादव, पासी,कलवार, चामर, मल्लाह, धोबी, शुक्ला, पाण्डे, गुप्ता, तिवारी, थारु, लगायतका जातजातीहरुको बहुल्यता रहेको यस सास्कृति सम्पदाका हिसावले  धार्मिक साहिस्नुतायस नगरपालिका धनि रहेको छ ।  पलटा माइ मन्दिर दुगो मन्दिर शिव मन्दिर शिव

मन्दिर, चमरीया माइ थान जानकी मन्दिर  मस्जिद कालीथान (उनहलीयामा) काली मन्दिर काली मन्दिर (पडरिया), इटोल शिव मन्दिर, कञ्चनपुर जानकी, बह्मचारी शिव मन्दिर आदि यहाँका प्रमुख साँस्कृतिक सम्पदाहरू हुन् ।

उच्च उत्पादन र उत्पादकत्वलाई प्राप्त गर्न चाहिने प्राविधिक सीप र ज्ञान भएको मानव संसाधन विकास मार्फत नयाँ प्रविधिको अन्वेषण गरी उत्पादन प्रक्रियालाई बैज्ञानिक, र प्रभावकारी बनाउन सकिन्छ । यसरी व्यासको समृद्धिका प्रमुखक्षेत्रका रूपमा रहेका, आधुनिक कृषि तथा पशुपालन र सूचना प्रविधिसंग सम्बन्धित विषयमा ठूलो फड्को मार्ने अवसर रहेकोछ ।

## २.२ आर्थिक विकास अवस्था

### २.२.१ कृषि तथा खाद्य सुरक्षा

यस नगरपालिकाका नागरिकहरूको जीविकोपार्जनको मुख्य स्रोतको रूपमा कृषि व्यवसाय रहेको छ । अझैसम्म पनि परम्परागत पद्धतिमा आधारित यहाँको कृषि प्रणाली निर्वाहमुखी मात्र बनेको छ भने भर्खर मात्र व्यावसयिक खेती तर्फ प्रयासहरू शुरु हुन थालेका छन् । कृषि तर्फ तरकारी तथा फलफुल खेती नै यहाँको मुख्य आम्दानीको स्रोतको रुपमा रहेको छ भने पशुपंक्षीपालन तर्फ दुध  मह, घ्यु तथा मासुजन्य उत्पादन मुख्य आम्दानीको स्रोतको रुपमा रहेको छ । कृषिको यान्त्रिकरण तथा उन्नत जातका बिउको प्रयोगको थालनी भएसँगै यस पालिकाको कृषि विकासमा सुधार हुने अपेक्षा गर्न सकिन्छ ।

नगरपालिका भएर अविरल बग्ने नदीहरूका किनारामा अवस्थित फाँटहरू कृषि उत्पादनका दृष्टिकोणले निकै उर्वर छन् । नगरपालिकाको भू-उपयोगको अवस्था हेर्ने हो भने  प्रतिशत भू-भाग कृषि जमिन रहेको छ । व्यावसायिक ढाँचाले कार्यान्वयन गर्न सके नगरपालिकामा आय उत्पादनको मुख्य स्रोत कृषि नै हो । यस क्षेत्रमा  निक्केकमले मात्र बोरिंग बाट बर्गढ़ा नदि बाट सम्भावना सिंचाइ गरिन्छ । नगरक्षेत्रका करिब प्रतिशत जमिनमा कुनै न कुनै प्रकारको सिचाईको व्यवस्था रहेको छ ।नगरपालिकाको धेरै भागमा परम्परागत रूपमै खेती गर्ने गरिएको भएता पनि पछिल्लो समयमा ब्यावसायिक खेती तर्फ आकर्षण बढेको छ ।

यस नगरपालिकामा मुख्य अन्नबालीको रुपमा गहूँ, धान, लगायतका बाली रहेको छ । नगरपालिका क्षेत्र भित्र नगदे बालीका रुपमा  बदाम मुसुरो आलु  प्याज, लसुन, जस्ता वालीहरूको उत्पादन हुने गरेको छ । त्यस्तै गरी कागती, केरा, लगायतका फलफुल उत्पादन हुने गरेको छ । साथै, यस ठाउका किसान हरु को चेतना / पहुच को कारण यस ठाउँ मा कृषि मा केहि प्रगति हुन सकेको छैन केरा जातका फलफूल आदीको उत्पादन पनि प्रशस्तै हुने गरेको देखिन्छ । नगरपालिकाका ग्रामिण वडाहरुमा चौपाया वा पशपंछी पाल्ने घरधुरी करिब ७० प्रतिशत छन् ।

### २.२.२ पर्यटन तथा सस्कृति

महाराजगंज नगरपालिकामा पर्यटन क्षेत्रको सम्भावना पनि  रहेकोछ । ऐतिहासिक र धार्मिक महत्व भएका धेरै स्थानहरू यहाँ रहेका छन् । नगर क्षेत्रमा पलटा माइ मन्दिर, दुर्गा मन्दिर, शिव मन्दिर, चमरीया माइ थान जानकी मन्दिर, मस्जिद, कालीथान आदि पर्यटकीय महत्वका क्षेत्रमा पर्दछन् ।

### २.२.३ उद्योग, व्यापार, व्यवसाय र आपूर्ति

यस नगरपालिकामा साना घरेलु उद्योगहरू रहेका छन् । यी उद्योगहरूले आफ्नो उत्पादनलाई वरपरका पालिकाहरूलाई समेत आपूर्ति गर्छन् । त्यस किसिमका साना उद्योगहरूमा राइस काठ मिल, पानी उद्योग आदि पर्दछन् ।

हाल यस नगरपालिकामा करिब २० प्रतिशत जनसंख्या उद्योग, व्यापार, र व्यवसायमा संलग्न भएको, नगर क्षेत्रमा कुटानी पिसानीका लागि ६ वटा विद्युत मिल, ३ वटा कृषि संकलन तथा प्रसोधन केन्द्र, ५ फर्नीचर, ३ जुत्ता, २ पाउरोटी र २ हस्तकला सम्बन्धी साना उद्योगहरू संचालनमा रहेका छन् । त्यसैगरी नगरपालिका भित्र २० वटा होलसेल तथा करीव १००० जति खुद्रापसलहरु छन् । ३५ वटा मासु पसल, २० तरकारी पसल तथा ६० वटा रेष्टुरेन्टहरु हलुवाई मिठाई चुरा पोते संचालनमा छन । त्यस्तै पसल किराना, होटल रेष्टुरेन्ट, फार्मेसी लगायतका सानाठूला व्यवसायहरूको संख्या रहेका छन् । कुखुरा र पशुपालन व्यवसाय पनि केही मात्रामा सञ्चालनमा रहेका छन् । करी दुई दर्जनको संह्यामा रहेका इटा उद्योग बाहेक अन्य ठूला उद्योगको कमीको कारण महाराजगंज नगरपालिकामा उपलब्ध कच्चा पदार्थको उपयोगिता हुन सकेको छैन । तसर्थ यहाँ दैनिक उपभोग्य सामग्री र अन्य आधारभूत मालसामान बाहिरबाट आयात गर्नु पर्ने अवस्था छ । नगरपालिकामा रहेका केहि उद्योगहरू जस्तै कुखुरा पालन, पशुपालन केन्द्रहरूबाट छिमेकी पालिकासम्म उत्पादनहरू निर्यात हुने गरेकोछ ।

कृषिमा आधारित साना तथा मझौला उद्योगहरूको स्थापना, र औपचारिक क्षेत्रको विस्तार मार्फत उपभोग्य वस्तु, निर्माण सामग्री, कृषि तथा पशुजन्य उद्योग, अचार वनाउने, मुडा वनाउने, गुन्द्री चुरा पोते वनाउने जस्ता साना उद्योगहरूको विकास गरी थोरै पूँजी र सामान्य प्रविधिबाटै रोजगारीको विस्तार गर आयात प्रतिस्थापन गर्न सकिन्छ ।

यस नगरक्षेत्रका नदिनालाबाट बालुवा निकाल्ने गरिएको छ । नगरपालिकाका लागि दीगो आर्थिक श्रोतका रूपमा रहेको तर अनियन्त्रित तथा अव्यवस्थित रूपमा प्राकृतिक श्रोतको दोहन चुनौतिका रूपमा रहेको देखिन्छ ।

### २.२.४ आम्दानी, रोजगारी र वित्तीय सेवा

प्रत्येक नागरिकलाई रोजगारीको प्रत्याभूति गर्न संविधानमा रोजगारीको हकलाई मौलिक हकको रूपमा उल्लेख गरिएको छ । यसको साथै सबै नागरिकले स्वदेश वा वैदेशिक रोजगारीको छनौट गर्न पाउने अधिकारको पनि संविधानमा सुनिश्चित गरिएको छ । देशकोप्रतिशत घरधुरीले विप्रेषण प्राप्त गरिरहेको (नेपाल जनस्तर सर्भे, २०११) सन्दर्भमा यस क्षेत्रको प्रभावकारी व्यवस्थापनका लागि विगतका योजनाहरूले समेट्न नसकेको यथार्थ हो । वैदेशिक रोजगारीलाई सुरक्षित, व्यवस्थित एवं उपलब्धिमूलक बनाउन र वैदेशिक रोजगारबाट प्राप्त ज्ञान, सीप, पूँजी तथा अनुभवलाई उत्पादनमूलक क्षेत्रमा परिचालनका लागि प्रोत्साहन गर्न सुरक्षित वैदेशिक रोजगारीको सवाललाई नगरपालिकाले आफनो योजनामा समेट्न आवश्यक रहेको छ ।

नगरपालिका भित्र कुल जनसंख्या मध्ये ६० प्रतिशत आर्थिक रूपले सक्रिय जनसंख्या रहेका छन् । आर्थिक रूपमा सक्रिय जनशक्तिलाई स्थानीय स्तरमा पर्याप्त रोजगारीको अवसर प्राप्त नहुंदा यस पालिकाबाट वैदेशिक रोजगारमा जाने प्रवृत्ति बढ्दो छ । यस नगरपालिकाको कुल घरधुरी मध्ये ७० प्रतिशत घरधुरीका मानिसहरू वैदेशिक रोजगारीमा गएका छन् । समग्र जनसंख्यालाई नियाल्दा आर्थिक रूपमा सक्रिय जनसंख्या मध्ये वैदेशिक रोजगारमा संलग्नको संख्या अधिक रहेको छ । वैदेशिक रोजगारमा गएका व्यक्तिहरूले वार्षिक रूपमा विप्रेषण पालिकामा भित्राउने गरेको देखिन्छ । जसलाई औषत कमाइको रूपमा हेर्दा प्रति व्यक्ति प्रति महिना २५ हजार रूपैंया हुन आउछ । बैदेशिक रोजगार बाहेक २९ प्रतिशत खेतीपाती र १५ प्रतिशतले दैनिक ज्यालादारी पेशा अपनाएका छन् ।

बैंक तथा वित्तीय संस्थामा खाता भएका घरधुरी निक्कै कम देखिन्छन् । घरधुरीहरूले आम्दानीको करिब ८१ प्रतिशत खर्च गर्दछ भने करिब १९ प्रतिशत बचत हुने गरेको देखिएको छ ।

### २.२.५ सहकारी

महाराजगंज नगरपालिकामा १ बैंक, ३ माइक्रो फाइनान्स लगायतका वितिय संस्थाहरू रहेका छन् । सबै बैंक तथा वितीय संस्थाहरू बजार केन्द्रित मात्रै छन् । केही माइक्रो फाइनान्स तथा सहकारी संस्थाहरू नगरपालिकाको ग्रामिण

वडाहरूमा समेत उपलब्ध छन् र ती संस्थाहरूको लगानी प्रायः जसो कृषि क्षेत्रमा केन्द्रित छ । यी बैङ्क एवं सहकारी संस्थाहरूवाट ऋण एवं वचत दुवै प्रकारका सुविधाहरू प्रदान हुँदै आएको छ । नगर क्षेत्रमा रेमिटयान्स सेवा प्रदायक वित्तिय संस्थाले सेवा प्रवाह गरिरहेका छन् ।

यस नगरपालिकामा नियमित संचालनमा रहेका वटा सहकारी संस्थाहरू रहेको छन् । नगर क्षेत्रका करिब ६० प्रतिशत परिवारहरू सहकारीमा आवद्ध छन् । ऋण प्रवाह, धितो मूल्यांकन जस्ता विषयहरूमा बैङ्कहरूको आफ्नै विविध प्रावधानवाट ग्रामिण वडावासीहरू ऋण सुविधावाट लाभान्वित हुन सकिरहेका छैनन र नगरस्तरको धितोवाट आवश्यकता अनुसार बैङ्कबाट ऋण प्राप्त हुन सकिरहेको छैन । त्यसैगरी परियोजनामा आधारित ऋण र सामूहिक जमानीमा ऋण प्रदान गर्ने नीति पनि बैङ्कहरूमा छैन । यसर्थ पर्याप्त पूँजीको अभाव एवं ऋण व्यवस्था हुन नसकेका कारणवाट पनि सीपयुक्त जनशक्तिहरूले उद्योग व्यवसाय स्थापना गर्न र पूँजी भएकाहरूले पनि व्यवसाय विस्तार गर्न सकिरहेका छैनन । सहकारी संस्थाहरूमा सदस्यको हैसियतवाट तुलनात्मक रूपमा धितो बिना पनि ऋण सुविधा सहज भएपनि आवश्यकता अनुसार ऋण प्रदान गर्न सक्ने हैसियतको विकास हुन सकिरहेको छैन ।

## २.३ सामाजिक विकासको अवस्था

### २.३.१ स्वास्थ्य तथा पोषण

नेपालको संविधानले प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने मौलिक हकको व्यवस्था गरेको छ । कसैले पनि आकस्मिक सेवाबाट बञ्चित हुन नपर्ने व्यवस्था उल्लेख छ (नेपालको संविधान, धारा ३५, उपधारा १) । संविधानले आधारभूत स्वास्थ्य र सरसफाईको जिम्मेवारी स्थानीय तहलाई दिएको छ । आधारभूत स्वास्थ्य र सरसफाई तथा पोषण सम्बन्धी नीति, कानून, मापदण्ड, योजनाको तर्जुमा, कार्यान्वयन तथा नियमन गर्ने अधिकार स्थानीय सरकार सञ्चालन ऐनले स्थानीय तहलाई प्राप्त भए अनुसार नगरपालिकाले कार्य गरिरहेको छ ।

हाल स्वास्थ्य सेवालाई चुस्त दुरूस्त राख्न नगरपालिका क्षेत्रभित्र १५ शैयाको एक अस्पताल निर्माणाधीन छ भने एक प्राथमिक उपचार केन्द्र, ५ स्वास्थ्य चौकी, ८ बर्थिंग सेन्टर र ६ सहरी स्वास्थ्य इकाई रहेका छन् । मुख्य रूपले यस नगरपालिकामा रुघाखोकी ज्वरो टाईफाईड, झाडापखाला, ग्यास्ट्रिक तथा निमोनिया लगायतका रोगहरु बढी मात्रामा लागेको देखिन्छ ।

आधारभूत स्वास्थ्य सेवालाई चुस्त र दुरूस्त बनाउनको लागि शाखाबाट औषधी खरिद, रिक्त दरबन्दीमा कर्मचारी भर्ना, कर्मचारीहरूलाई तालिममा सहभागी, विभिन्न कार्यक्रमहरूको समीक्षा, स्वास्थ्य शिविर लगायत कार्यहरू गर्दै आइरहेको छ । नगरबासीका लागि सुलभ स्वास्थ्य सेवाको उद्देश्य पुरा गर्न र आकस्मिक महामारीलाई समेत व्यवस्थापन गर्न स्वास्थ्य संस्थाहरू सुदृढीकरण, नगर अस्पताल सञ्चालन र स्वास्थ्यकर्मीहरूको प्रभावकारी परिचालनको लागि नगर स्वास्थ्य नीति तयार गरी लागु गर्नुपर्ने देखिएको छ ।

### २.३.२ शैक्षिक विकास

शिक्षा हरेक व्यक्तिको मर्यादित एवम् परिष्कृत जीवन र सम्मानित रोजगारी तथा उद्यम विकासको आधार हो । नेपालको संविधानले शिक्षा सम्बन्धी हकलाई मौलिक हकका रूपमा प्रत्याभूत गरेको छ । आधारभूत शिक्षामा पहुँच, आधारभूत तहसम्मको अनिवार्य र निःशुल्क शिक्षा तथा माध्यमिक तहसम्मको निःशुल्क शिक्षा पाउने हक प्रत्याभूत गरेको छ । नेपालको संविधानले स्थानीय तहलाई आधारभूत र माध्यमिक शिक्षाको जिम्मेवारी दिएकोछ । नगरवासीलाई उत्पादनशील जीवन बिताउन आवश्यक पर्ने जीवनोपयोगी सीपको विकास र सिकाइको अवसर प्रदान गर्दै सक्षम र समावेशी जनशक्तिको विकासद्वारा मुलुकको आर्थिक तथा सामाजिक विकासमा सहयोग पुर्‍याउनु पर्दछ

। यो योजना बालबालिकालाई गुणस्तरीय र समावेशी शिक्षण सिकाइको वातावरणमा सहभागी हुने अवसरको सुनिश्चितता प्रदान गरी दिगो विकासका लक्ष्यहरू हासिल गर्ने महत्वपूर्ण माध्यम बन्ने अपेक्षा गरिएको छ ।

महाराजगंज नगरपालिकाको साक्षरता ६४ प्रतिशत रहेको छ । शिक्षाको तहगत अवस्था हेर्दा यस पालिकामा एक कलेज, १२ माध्यमिक विद्यालय, ८३ आधारभूत विद्यालय र २९ मदरसा संचालनमा रहेका छन् । सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसारका शिक्षक पदपूर्ति हुन सकेको छैन । राहत कोटाबाट अध्यापन कार्य अगाडी बढेको देखिन्छ । नगरपालिकाले शिक्षा नगर अनुकुल शिक्षा नीति लागु गरी आवश्यक विद्यायलहरु मर्जगरी शिक्षक दरबन्दी मिलान गर्न सकिने देखिन्छ ।

### २.३.३ खानेपानी तथा सरसफाइ

राष्ट्रियस्तरमा हालसम्म ९८ प्रतिशत जनसंख्यालाई आधारभूत स्तरको र २० प्रतिशत जनसंख्यालाई सुधारिएको (उच्च तथा मध्यम स्तर) खानेपानी सेवामा पहुँच पुगिसकेको अवस्था छ । जनअपेक्षा अनुसार खानेपानी सेवालाई सुरक्षित, भरपर्दो र दिगो बनाउन अझै सकिएको अवस्था छैन । सरसफाई तर्फ हालका बर्षहरूमा उल्लेख्य प्रगति भई घरधुरीले आधारभूत स्तरको सरसफाई सेवा उपभोग गरेको अवस्था छ । यसबाट बाल मृत्युदर कम गर्न तथा सरदर आयु वृद्धि गर्न सहयोग पुगेको, नागरिकको समग्र स्वास्थ्य स्थितिमा सुधार भई उत्पादनशील समयमा वृद्धि भएको तथा सामाजिक रहन सहन र बालबालिकाको विद्यालय उपस्थितिको दरमा समेत अनुकूल सुधार गर्न योगदान पुगेको देखिन्छ । फोहरमैला व्यवस्थापनमा पनि पछिल्ला प्रयास र उपलव्धि उल्लेखनीय छन् ।

महाराजगंज नगरपालिकाको खानेपानीको मुख्य श्रोत पाईपको सार्वजनिक धारा रहेको छ भने एक तिहाइ घरधुरीको पानीको श्रोत कम्पाउण्ड भित्रैको पाइपधारा छ । त्यसैगरी करीव hand pump boring पानी खाइरहेका छन ।यस नगरपालिकाले एक घर एक धारा नीति अनुसार काम गरिरहेको छ ।

नगर क्षेत्रभित्र रहेका घरहरूबाट निस्कने ठोस फोहोरमैला संकलन गर्दछन् । यसका लागि नगरपालिकामा एउटा टिपर रहेको अवस्था छ । नगरपालिकाले संकलन गर्ने फोहोर नगरपालिको शहरी क्षेत्रमा आलोपालो गरि काम गर्छ । नगरपालिकाले दैनिक मुख्य बजार क्षेत्रका घरहरूबाट फोहोरमैला संकलन गर्ने र सडक सफा गर्ने काम गर्दछ भने अन्य केही वडाहरूबाट हप्ता हप्तामा संकलन गर्ने गर्दछ । बाँकी रहेका वडाहरूको फोहोरमैला घरैमा जैविक भए मल बनाउने, प्लास्टिक र अजैविक भए जलाउने गरी घरैमा व्यवस्थापन गर्न सकिन्छ ।

फोहरमैला व्यवस्थापनका लागि सरसफाई केन्द्र (सेनेटरी ल्याण्ड फिल्ड साइट) को व्यवस्था नभएकाले स्थायी व्यवस्थापन हुन सकिरहेको छैन । बजार क्षेत्रमा प्लाष्टिक जन्य फोहरको दिनानुदिन बढ्दै गएको र यसको नियन्त्रणको लागि बैकल्पिक व्यवस्था दिन नसक्नाले नगरपालिकाको सरसफाईमा समस्या देखिएको छ । श्रोतमा फोहरको उचित वर्गिकरण (कुहिने फोहर, नकुहिने फोहर, धातु सिसा जन्य फोहर र अस्पतालजन्य) गर्न नसक्नु र यसको कडाईका साथ कार्यान्वयनका लागि नगरपालिकामा जनप्रतिनिधि सहितको संरचना वन्न नसक्नुले फोहरमैला व्यवस्थापन प्रभावकारी हुन सकेको छैन । नगरपालिकामा ढल निकास संरचना (Sewerage Network) छैन । हाल नव निर्मित घरहरूमामा सेप्टिक ट्याङ्क रहेको छ । सार्वजनिक शौचालयहरूको अभाव रहेकोछ भने कतिपय घरधुरीमा खानेपानीको व्यवस्था छैन । पूर्ण सरसफाईमा अझै पनि कमि कमजोरी छन् । विद्यालयहरूमा सेनिटरी प्याडको विर्सजन एवं किशोरीमैत्री शौचालय लगायतका समस्याहरू यथावत देखिन्छन ।

### २.३,४ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण

महाराजगंज नगपालिका कृषिको उर्बरभूमिको रूपमा रहे पनि विगतमा केही सामाजिक असमानता तथा विभेदका कारण यस क्षेत्रका महिला, दलित, जनजाति, अल्पसङ्ख्यक वर्ग सामाजिक तथा आर्थिक रूपले पछाडि परेका छन् । सबै वर्ग

तथा समुदायको सामाजिक न्याय, समानता, मानवअधिकार सहित सर्वाङ्गिण विकास गर्ने लक्ष्य तथा उद्देश्यका साथ लैङ्गिक समानता तथा समावेशीकरणलाई नगरस्तरीय योजनाले समेट्दै लैजानु पर्छ ।

नगरपालिकामा महिला दलित जनप्रतिनिधिको उपस्थिति, महिलामैत्री कानून, महिला शिक्षक दरबन्दी, महिला संजाल विकास एवं महिलाहरूद्वारा सहकारी संस्था संचालन जस्ता पक्षहरू राम्रा छन् । त्यसैगरी विद्यालयमा महिला शिक्षिकाको व्यवस्था, सुत्केरी जाँच व्यवस्था र वृद्ध भत्ताको व्यवस्था गरिएको छ ।

### २.३.५ युवा, खेलकुद तथा कला

व्यक्तिको शारीरिक तन्दरूस्ती, सामाजिक र मानसिक पक्षको सन्तुलित विकासका लागि खेलकुदले महत्वपूर्ण भूमिका खेलेको हुन्छ । नागरिकलाई रोजगारको अवसर सिर्जना गर्न, खेल पर्यटनको माध्यमबाट दिगो विकासका शिक्षा, स्वास्थ्य, लैङ्गिक समानता तथा आर्थिक वृद्धि लगायतका लक्ष्यहरू हासिल गर्न नगरस्तरमा खेलकुदको संस्थागत विकास एवम पूर्वाधार निर्माण गरी "सबैका लागि खेलकुद" अभियानलाई व्यवहारमा उतार्न जरूरी छ ।

यस नगरपालिकाको जनसंख्या युवा र आर्थिक रूपले सक्रिय जनसंख्या रहेको छ । त्यस्तै आर्थिक रूपले सक्रिय जनसंख्याको करिब जनसंख्या रोजगारीका लागि विदेशिएका छन् । यस नगरपालिकाको क्षेत्रभित्र खेलकुद, मनोरञ्जन, प्रदर्शनी, पिकनिक, पार्क लगायतका स्थलहरू रहेको छ ।

यस नगरपालिकामा बसोबास गर्ने विभिन्न जातजातिकाहरूको आफ्नै मौलिक संस्कृतिहरू छन् । सबै जातिहरूले आफ्नो संस्कृति अनुरूपका चाडपर्व निकै महत्व र उत्साहका साथ मनाउँदै आइरहेका छन् । विभीन्न जातजातिहरूको छुट्टै संस्कृतिहरू हुँदाहुँदै पनि एकअर्का प्रतिको धार्मिक तथा सांस्कृतिक सहिष्णुता यहाँको सुन्दर पक्ष हो ।

## २.४ पूर्वाधार तथा शहरी विकासको अवस्था

### २.४.१ बस्ती, आवास, भवन तथा सार्वजनिक निर्माण

नेपालको संविधानले अव्यवस्थित बसोबासलाई योजनाबद्ध पूर्ण पूर्वाधार वातावरणमैत्री तथा नागरिकको सुरक्षित आवासको हकलाई प्रत्याभूति गरेको छ । ग्रामीण चरित्रको जनसङ्ख्यालाई भूगोलको आधारमा शहरी परिभाषित गरिए पनि कार्यपद्धति र चरित्रको आधारमा अधिकांश शहरी जनसङ्ख्या ग्रामीण चरित्रको नै छ । महाराजगंज नगरपालिकाले छरिएर रहेका तथा विपद् जोखिममा रहेका घर परिवारलाई सुविधासम्पन्न वातावरणमैत्री आवासको व्यवस्थापन र बिपन्न तथा बजारी क्षेत्रमा अनधिकृत अव्यवस्थित रुपले बसोबास गरेका परिवारलाई उचित व्यवस्था गर्न यस क्षेत्रलाई प्राथमिकतामा राखी कार्य गर्नुपर्ने आवश्यकता रहेको छ ।

महाराजगंज नगरपालिकाले भवन निर्माण योजना तथा नक्सापास मापदण्ड तयार गरी लागु गरेको छ । हरेक क्षेत्रको विकास निर्माणलाई योजनावद्ध ढङ्गले अगाडि बढाउने पहल कदमी शुरू भएको छ । फुसले छाएका घर मुक्त पालिका बनाउने प्रयोजनका साथ पालिकाले अनुदान कार्यक्रम संचालन गरी छपडा मुक्त पालिका अभ्याँ सुरु भएको छ । नगरपालिकामा आवास योजना तथा एकीकृत बस्ती विकास सम्बन्धी अधिकार प्राप्त भएको छ भने केही आवास निर्माणको लागि आवश्यक स्थानीय बालुवा, काठ आदिको उपलब्धता रहेको छ । नमुना बस्ति व्यवस्थित बस्ती विकासकोलागि नगरपालिकाले उपयुक्त नीति तयार गरेर प्राविधिक विज्ञहरूको सहयोगमा उक्त कार्य गर्नुपर्ने टड्कारो आवश्यकता देखिन्छ । नगरपालिकामा भवन निर्माण तथा व्यवस्थित बस्तीहरूकोलागि प्रभावकारी अध्ययन अनुसन्धान तथा आवश्यक योजना तर्जुमा गरी यस क्षेत्रमा योजनाबद्ध विकास गर्न सकिने देखिन्छ ।

हाल नगरपालिकाका जम्मा ९ वटा वडाको आफ्नै वडा भवन छ भने १ वटा निर्माणाधीन रहेको छ, तर वडा भवनमा शौचालय र घेराबार गर्नु पर्ने देखिन्छ । नगरपालिकाको बाढी र कटानले समग्र नगरपालिका क्षेत्र नै प्रभावित भएका कारण बर्षेनी मानवीय तथा आर्थिक क्षतिको सामना गर्नु परेको छ ।

भू-उपयोग नीति अनुसार बस्ती विकास हुन नसक्दा महाराजगंज नगरपालिकाका बिभिन्न ठाउँहरूमा मापदण्ड विपरित आवास निर्माण भएका छन् साथै मापदण्ड अनुसार भएको वा नभएको अनुगमन गर्ने कार्य प्रभावकारी नभएकाले अव्यवस्थित भवन निर्माण हुने क्रम रोकिएको छैन । नगरपालिकामा विद्यमान अवस्थामा शहरी विकासको पूर्वाधार विकास गर्न आवश्यक आर्थिक समस्या रहेको देखिन्छ । एकै पटकमा सेवा प्रदान गर्न बनाउन पर्ने भवनहरू र तिनीहरूकोलागि आवश्यक मानव स्रोत एवम् साधनहरूकोलागि गर्नु पर्ने लगानी पुऱ्याउन सक्षम हुन नसक्दा महाराजगंज नगरपालिकाले सेवाग्राहीलाई शिघ्र सेवा प्रदान गर्न नसकिरहेको अवस्था छ । ग्रामीण क्षेत्रमा आवासको निर्माण गर्दा प्राविधिकको परामर्श नलिने तथा निर्माण सामाग्री कम गुणस्तर को प्रयोग गर्ने भएका कारण त्यस्ता ठाउँका भवन जोखिमयुक्त रहेका छन् । सामुहिक आवास तथा एकिकृत बस्ती निर्माणमा जनचासो नहुँदा जोखिममा रहेका घर तथा बस्ती स्थानान्तरणमा समेत चुनौती रहेको छ ।

आवास तथा बस्ति विकासका लागि आवश्यक उच्च प्रविधिहरू प्रयोग तथा दक्ष जन शक्तिहरूको परिपूर्ति गर्नु महाराजगंज नगरपालिकाको बस्ती, आवास, भवन तथा सार्वजनिक निर्माणका लागि पहिलो प्राथमिकतामा राख्नु पर्ने देखिन्छ । सडक, चुस्त यातायात सुविधा, पर्याप्त गुणस्तरीय खानेपानी, गुणस्तरीय बिजुली तथा सूचना प्रणालीको व्यवस्था गरी महाराजगंज नगरपालिकालाई सुव्यस्थित एवं सुरक्षित पालिका बनाउने प्रसस्त आधार रहेका छन् ।

स्थानीय स्रोत र साधनको प्रयोग गरी सुरक्षित घरहरू बनाउन सकिने तथा व्यापक जनसहभागिता स्वयं नगरपालिकाले आफ्नो वस्तुगत अवस्था अनुरूप आवास योजना निर्माण गर्ने अधिकार रहेको कारण मौलिक प्रकृतिको वास्तुकलाको जगेर्ना गरी मौलिक पहिचान कायम गर्न आवास निर्माण अनुमति दिँदा विशेष प्रोत्साहन गर्नु पर्ने देखिन्छ ।

खेर गएका बाँझो जमिनहरूलाई आवास योजना निर्माण गरी सुरक्षित घडेरी विकास गर्ने तथा उर्वर, खेति योग्य जमीनको संरक्षणमा महाराजगंज नगरपालिकाको पहल कदमी जरुरी छ । बस्तीमा शहरीकरण नभइसकेकोले शुरुको अवस्थाबाट नै वैज्ञानिक ढङ्गले शहरीकरणलाई अगाडि बढाउन सकिने अवस्था रहेको छ भने महाराजगंज बजारलाई व्यवस्थित गर्न गुरुयोजना बनाएर अघि बढ्नु पर्ने देखिन्छ ।

### २.४.२ सडक, पुल तथा यातायात

भौतिक पूर्वाधार आर्थिक विकास एवम् सामाजिक समृद्धिका आधारहरू हुन् जसमा सडक यतायात तथा पुलको सबैभन्दा महत्त्वपूर्ण योगदान रहन्छ । पूर्वाधारको विकासमा स्थानीय सरकार सञ्चालन ऐन २०७४ स्थानीय निकायलाई जिम्मेवार बनाएको छ । पूर्वाधार निर्माणकालागि स्थानीय निकायलाई प्रदेश एवम् संघीय सरकारबाट समेत अर्थिक एवम् प्राविधिक सहयोग पुऱ्याउने व्यवस्था गरिएको छ । नगरपालिकाले पूर्वाधार विकासमा समावेशी, वातावरणमैत्री, गुणस्तरीय पूर्वाधार भन्ने अभियानका साथ कार्यक्रम अगाडि बढाएकोछ । नगरपालिकाको विकास र समृद्धिको प्रमुख आधारका रुपमा रहेको एक क्षेत्र सडक तथा यातायात पनि हो ।

नगरपालिका भित्र कालोपत्रे, पिसीसी, ग्राभेल र कच्ची गरी करिव १९० कि.मि. सडक निर्माण भैसकेको छ । जस मध्ये १५ कि. मि. कालोपत्रे सडक, ८० कि.मि. आरसीसी/पिसिसी सडक, ८४ कि.मि. ग्रावेल सडक र १० कि.मि. नयाँ ट्र्याक खोलिएको सडक रहेका छन् ।

नगरपालिकाले बाटोमा निक्कै प्रगति गरेको छ, अधिकांश सडकहरू कच्ची र सम्पूर्ण सडकको स्तरोन्नति गर्न समयमै आवश्यक बजेटको अभाव रहेको छ । यातायातमा समस्या छ, सडक व्यवस्थित गर्न नसक्दा यातायातमा पहुँच

विस्तार, धुलो तथा प्रदुषण वृद्धिको समस्या रहेको छ भने साँघुरा सडकले दुर्घटनाको वा सडक सुरक्षा जोखिम धेरै रहेको छ । सडक विस्तारले वन जङ्गल, खेति योग्य जमिन नष्ट भई हरित क्षेत्रमा नकारात्मक प्रभाव पर्न सक्ने जस्ता प्रमुख समस्याहरू यस पालिकामा रहेका छन् ।

निर्मित संरचनाहरूको मर्मत सम्भार र सुरक्षाकालागि स्रोत—साधनको पर्याप्त व्यवस्था नहुनु, बाह्रै महिना चल्ने भरपर्दो र सुरक्षित सडक संरचना निर्माण गर्नु, छरिएर रहेका बस्तीहरूमा सडक विस्तार गर्नु, प्राकृतिक प्रकोप एवम् जलवायु परिवर्तनको पक्षलाई समेत ध्यानमा राखी सडक निर्माण गर्नु, पहिले निर्माण भएका साँघुरा बाटाहरू चौडा गर्ने क्रममा दिनु पर्ने जग्गा, संरचना आदिको क्षतिपूर्ति प्रदान गर्नु जस्ता चुनौतीहरू महाराजगंजमा विद्यमान छन् ।

आन्तरिक सडक सञ्जालको पूर्णरुपमा विकास हुँदा पालिकालाई कृषि उत्पादन केन्द्रको रुपमा विकास गर्न सकिने सम्भावना रहेको देखिन्छ भने स्थानीय वस्ती तथा बजार केन्द्रबाट मूल सडकमा जोडिने कृषि सडक तथा अन्य सडकहरूको स्तरउन्नति गर्न सके कृषि उत्पादन बजारिकरण निकै सहज हुन गई आर्थिक क्रियाकलापहरूमा बढवा हुन सक्ने देखिन्छ ।

सडक पूर्वाधार विकासबाट आर्थिक तथा सामाजिक संरचनाको विकास भई आर्थिक समुन्नति तथा रोजगारीका अवसरहरू सिर्जना हुनेछ साथै स्थानीय स्रोत साधनको संरक्षण तथा दिगो प्रयोग तथा स्थानीय स्तरमा औद्योगीकरणमा सहजता हुने देखिन्छ ।

### २.४.३ विद्युत् तथा वैकल्पिक ऊर्जा

विश्वभर वैकल्पिक ऊर्जा, परम्परागत ऊर्जा अर्थात् खनिज ऊर्जामा आधारित ऊर्जाको प्रतिस्पर्धी बनेर उदाउँदो छ । नेपालको संविधानले वैकल्पिक ऊर्जाको विकास गरी आधारभूत आवश्यकता परिपूर्तिकालागि सुपथ र सुलभ रूपमा भरपर्दो ऊर्जाको आपूर्ति गर्ने नीति अङ्गीकार गरेको छ र यसबाट दुर्गम क्षेत्रमा रहेका राष्ट्रिय प्रशारण लाइन पुऱ्याउन सम्भाव्यता नभएका तथा छरिएर रहेका बस्तीहरूमा आधुनिक ऊर्जाको पहुँच पुऱ्याउन र शहरी क्षेत्रको बढ्दो ऊर्जा भागको व्यवस्थापन गर्न र परम्परागत तथा आयातित ऊर्जा माथिको निर्भरतालाई कम गर्न विभिन्न किसिमका नवीकरणीय ऊर्जाको प्रवर्द्धन, विकास र दिगो व्यवस्थापन गरी यस क्षेत्रलाई मुल प्रवाहमा लयाउन जरुरी छ । नविकरणीय ऊर्जा क्षेत्रमा नेपालमा भैरहेका कार्यहरूमा लघु जलविद्युत सुधारिएको पानि घट्ट, सौर्य ऊर्जा, वायु ऊर्जा, सुधारिएको चुलो, विद्युतीय चुलो, गोबरग्यास र वायोग्यास आदि रहेको छ ।

महाराजगंज नगरपालिकाका अधिकांश स्थानमा राष्ट्रिय प्रशारण लाइन मार्फत विद्युतीकरण भैसकेको भएता पनि निरन्तर बिद्युत सेवा अवरुद्ध हुने र अवरुद्ध सेवा सुचारु गर्न अधिक समय लाग्ने भएका कारण स्थानीयबासी समस्यामा रहेका छन् ।

### २.४.४ सूचना, सञ्चार तथा प्रविधि

नागरिकको संविधान प्रदत्त मौलिक हकको रूपमा रहेको सूचनाको हकको संरक्षण र सम्बर्धन गर्दै आमसञ्चारलाई स्वच्छ, सक्षम, निष्पक्ष, मर्यादित, जिम्मेवार र व्यवसायिक बनाउन आवश्यक व्यवस्था गर्ने राज्यको नीति हुने संवैधानिक व्यवस्था रहेको छ । विगत केही वर्षदेखि नेपालमा सूचना तथा सञ्चार प्रविधिको क्षेत्रमा विभिन्न नीतिगत प्रयासहरू भएका छन् बदलिंदो परिवेश तथा त्यसबाट सिर्जित चुनौती सामना गर्न तथा सिर्जित अवसरहरू प्रभावकारी रूपले उपयोग गर्न तदनुरूपको नीतिगत, कानुनी, संस्थागत व्यवस्था तथा रणनैतिक उपायहरू अवलम्वन गर्नुपर्ने आवश्यकता महशुस गरी एकिकृत सूचना तथा सञ्चार प्रविधि नीति २०७२ तर्जुमा गरिएको छ । प्रविधिको व्यापक प्रयोगबाट कानुनको शासन, भ्रष्टाचारमूक्त र चुस्त प्रशासन, विकेन्द्रिकरण, आर्थिक अनुशासन तथा सार्वजनिक सेवा

प्रवाह र स्रोतको कुशल व्यवस्थापन जस्ता असल शासनका आधारभूत मान्यतालाई आत्मसात गरी सर्वसाधारणले पाउनु पर्ने सेवा छिटो, छरितो तथा कम खर्चिलो ढङ्गबाट प्रदान गर्न सकिन्छ ।

महाराजगंज नगरपालिका क्षेत्रमा सबै वडामा मोबाइल सेवाको सुविधा पुगेता पनि सेवा पहूँच भने ९९ प्रतिशत छ । करिब ७५ प्रतिशत परिवार मात्रै इन्टरनेट सेवाको पहूँचमा छन् ।

## २.५ वन, वातावरण तथा विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनको अवस्था

### २.५.१ वन तथा जैविक विविधता

वन क्षेत्र जैविक विविधिताको भण्डार मात्र होइन कृषि, ऊर्जा, जल तथा औद्योगिक कच्चा पदार्थको श्रोत हुनुको साथै प्रमुख पर्यटकीय गन्तब्य र बहुसङ्ख्यक जनताको जीविकाको प्रमुख आधार पनि हो । वनबाट हाम्रो करिब ७० प्रतिशत इन्धन झन्डै ४० प्रतिशत पशु आहारा र अन्य वातावरणीय सेवा प्राप्त हुँदै आएको छ । वन क्षेत्रमा नेपालको आर्थिक समुन्नति गर्न सक्ने प्रचुर सम्भावना रहेको छ । जडीबुटी लगायत विभिन्न वन पैदावारको बिक्रिबाट मात्र वर्षेनी करिब दुई अरब भन्दा बढी राजस्व सङ्कलन हुने गरेको छ । नेपालको संविधानमा वातावरणीय सन्तुलन र स्वच्छताको लागि वन क्षेत्र तथा जैविक विविधताको सरक्षण गर्न राज्यले प्राथमिकता दिने कुरा उल्लेख गरिएको छ । वन वातावरण र जैविक विविधताको दृष्टिकोणले महाराजगंज नगरपालिका एक महत्वपुर्ण स्थान मानिन्छ ।

### २.५.२ भूसंरक्षण तथा जलाधार व्यवस्थापन

महाराजगंज नगरपालिकाको समग्र भू—उपयोगको स्थिति हेर्दा कुल खेतीयोग्य जमिनमध्ये अधिकांश जमिन मौसमी वर्षामा निर्भर रहेको छ । नगरपालिकामा बगिरहेका विभिन्न खोलानालाको किनारमा अवस्थित खेतीयोग्य जमिनको उर्वराशक्ति उच्च रहेको छ । नगरपालिकामा माटोको बनावट, खेतीयोग्य जमिन, संरक्षित क्षेत्र, बस्तीयोग्य क्षेत्र आदिको विस्तृत अध्ययनको आधारमा नगरपालिकाबासीहरुको आर्थिक स्तर वृद्धि गर्न र वातावरणमा प्रतिकुल असर पर्न नदिन के—कस्ता उत्पादन प्रणाली तथा नितीहरु अवलम्बन गर्न सकिन्छ, भन्ने सन्दर्भमा विस्तृत अध्ययन गरी योजना निर्माण तथा कार्यान्वयन गर्नुपर्ने देखिन्छ ।

### २.५.३ वातावरण व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकूलन

नगर क्षेत्रमा हरित पूर्वाधार विकासका ठूला आयोजनाहरू नभएता पनि वैकल्पिक उर्जा क्षेत्रमा नीतिगत रूपमा प्रर्वद्धन गर्ने, सौर्य उर्जालाई बढावा दिने, खाना पकाउने स्रोतको उपभोगमा दाउराको प्रयोग कम गर्दै जाने, ग्रामिण वडाहरूमा वायो ग्याँस निर्माणमा अनुदान उपलब्ध गराउने लगायतका कार्यक्रमहरू भैरहेको अवस्था छ । नगरपालिकाले स्वच्छ तथा सफा वातावरणको निर्माण गर्न तथा जलवायु परिवर्तनको प्रभाव न्यूनीकरण र अनुकूलनका लागि अघि सारेका नीतिगत प्रयास सकारात्मक छन् । नगरपालिकामा जलवायु परिवर्तनबाट भौतिक, आर्थिक तथा समाजिक संरचनाहरूमा पर्नसक्ने प्रभाव न्यून गर्न तथा आर्थिक विकास तथा रोजगारीका अवसरहरू सिर्जना गर्न सकिन्छ ।

अझैपनि ग्रामीण वडाहरूमा खाना पकाउनका लागि दाउराको गुइठा प्रचलन यथावतै छ । यो संख्या नगरपालिकाका घरधुरी ७७ प्रतिशत भन्दा बढि छ । त्यसै गरी वन पैदावारमा आधारित उद्योग धन्दाले पनि दिनानुदिन बढेकै छन् । विकास निर्माणका कार्यहरू वातावरण पक्षलाई कम महत्व दिने एउटा संस्कृतिनै बनेको छ । जलवायु परिवर्तनले मौसमी पात्रोमा परिवर्तन आएको छ । बालीनालीमा नयाँ किरा तथा रोगहरू उत्पन्न हुने गरेको छ । व्यवस्थित ल्याण्डफिल साइड निर्माण सम्पन्न नहुँदा फोहरमैला व्यवस्थापनमा कठिर्नाइ उत्पन्न भएकोछ । पानीका श्रोत सुक्दै गएका छन् भने विभिन्न किसिमको रोग लाग्नु, कुपोषण, तनाव, विद्यार्थी विरामी भई पठन पाठनमा समस्या र खेती फसलमा कमी आएको छ ।वातावरणको प्रभावहरू क्रमसः स्वास्थ्य, शिक्षा र पोषणमा समेत देखिन थालेका छन् ।

जलवायु परिर्वतनका असरहरूलाई न्यूनिकरण गर्न वा अनुकूलन गर्न ज्ञान, सीप र संयन्त्र विकासमा त्यति ध्यान पुग्न सकेको देखिदैन । अव्यवस्थित भू–उपयोग तथा अनियन्त्रित भौतिक पूर्वाधार निर्माणका कारणले वातावरणीय सन्तुलनमा नकारात्मक असर परेको छ । नगर क्षेत्रमा जम्मा हुने प्लाष्टिकजन्य फोहरमैला एवं स्वास्थ्य संस्थाबाट निस्किने फोहरहरूले समेत वातावरणमा प्रतिकूल असर पारेको छ । यसक्षेत्रको खानेपानी, सिंचाई, र विभीन्न उचाईमा रहेका कृषि, पशुपालन, पूर्वाधारका योजनामा आगामी दिनमा जलवायु परिवर्तनको प्रभावबाट हुने जोखिमलाई कसरी न्यूनीकरण गर्ने वा अनुकूलनका प्रयासको थालनी गर्ने भन्ने विषय गम्भीर रूपमा देखिन थालेकोछ । तीव्र शहरीकरणबाट वन, र उर्वर भूमि माथि  वढदै गएको चाप र जलवायु परिर्वतनबाट सृजित भएका र भविष्यमा हुन सक्ने दुश्प्रभावलाई कसरी न्यूनीकरण वा अनुकूलन गर्ने भन्ने विषय नगरपालिकाको सामु एक प्रश्नको रूपमा देखिएकोछ ।

कृषि क्षेत्रमा अत्यधिक रसायनिक औषधिको प्रयोगमा न्यूनिकरण हुन नसकेका कारण जल तथा जमिनमा प्रदुषण बढ्दो रूपमा रहेकोछ । नगरपालिकाका सवै वडाहरूबाट फोहरमैला संकलन गर्न सकिएको छैन । बजार क्षेत्रमा यातायात बढ्दो चापको कारण धूलो धुँवाले प्रदुषण बढेको देखिन्छ । साथै ग्रामीण क्षेत्रमा अव्यवस्थित रूपमा बाटो खन्ने कारण धूलोको समस्याका साथै भूक्षयको समेत समस्या विद्यमान देखिन्छ ।

### २.५.४ महामारी तथा विपद् व्यवस्थापन

नगर र वडा स्तरीय विपद्व्यवस्थापन समिति गठन भएको छ । स्थानीय आपतकालीन सञ्चालन केन्द्र स्थापना प्रक्रिया अगाडि बढेको छ । स्थानीय आपतकालीन सञ्चालन केन्द्रले गैर सरकारी संस्थाहरू र सरकारी एजेन्सीहरू र अन्य सरोकारवालाहरू सहित नगर स्तरीय प्रकोप सम्बन्धी जानकारीका लागि समन्वय र सञ्चार बिन्दु बनाउने काम अगाडि बढेको छ । जिल्लामा हुन सक्ने विपद्को तत्काल सम्बोधन गर्न विज्ञ सहितको समुह गठन भएको छ । विपद्जोखिम न्यूनीकरणका लागि नगरपालिकाको आफ्नै राष्ट्रिय एकीकृत सूचना प्रणाली विकासको कार्यविधि तयार गरी यस मार्फत विपद्का सूचनाहरू एकै ठाउँबाट सबैले जानकारी पाउने व्यवस्था अगाडि बढाइएको छ ।

महाराजगंज नगरपालिकाको विपद् तथा जलवायुजन्य जोखिम बाढीमा परेका मृतक, घाइतेहरूका लागि तथा घर आँशिक क्षति भएका घरधुरीलाई नगद राहत वितरण गरी गरिएको छ । कोभिड महामारीका प्रभावित दैनिक ज्यालादारी मजदुरी गर्ने नगरबासीहरूको लागि तत्काल खाद्यान्न राहत वितरण गरिएको थियो भने आवश्यक आइसोलेशनको समेत व्यवस्था गरेको थियो ।

खोलानालाले वर्षेनी बाटो परिवर्तन गर्ने गरेका कारण नदी किनारमा रहेका कृषि क्षेत्र बगरमा परिणत हुने गरेका छन् । नदी कटानका साथै नगरपालिका भित्र डुवानको जोखिमयुक्त क्षेत्रहरू समेत रहेका छन् । नगरपालिकाको सम्पूण बजार क्षेत्र नै निकै जोखिममा रहेको देखिन्छ । यदाकदा वनजंगल वरपरका क्षेत्रमा आगलागीको जोखिम समेत रहेको छ भने  वनजंगल वरपरका क्षेत्रमा वन्यजन्तुका् कारण वालिनाली तथा धनजनमा क्षती हुने गरेको (बाँदर आदि) देखिन्छ ।

विपद् जोखिम तथा सम्भाव्य क्षेत्रहरूको नक्साङ्कन भई सो अनुसारको भू–उपयोग पद्धति अवलम्बन गर्ने नीति कार्यान्वयन भएको छैन । विपद्को त्रासले स्थानीयहरू घर/बस्ती छाडी अन्यत्र बसाईँसराइ सर्ने सम्मको अवस्था सिर्जना भएकोछ । विपद्को जोखिमले जग्गा/जमिन बिक्री गर्ने वा भू–उपयोग परिर्वतन गर्ने प्रवृति रोक्नु सकिएको छैन । नगरपालिका स्तरमा  वैज्ञानिक भू–उपयोग प्रणाली स्थापना तथा विपद् न्यूनीकरण गर्न नयाँ प्रविधिको प्रयोग भएका देखिएको छैन ।

## २.६ सुशासन तथा संस्थागत व्यवस्था

### २.६.१ स्थानीय नीति, ऐन तथा सुशासन

शासन प्रणालीलाई जनमुखी, सक्षम, सुदृढ, सेवामूलक र उत्तरदायी बनाउनु नयाँ लोकतान्त्रिक गणतन्त्रको आवश्यकता हो । यसकालागि शासन प्रणालीमा सबै क्षेत्र, वर्ग, समदुाय र सरोकारवालाको पहुँच र सहभागितालाई सुनिश्चित गर्न आवश्यक छ । संघीय प्रणालीमा आधारित लोकतान्त्रिक शासन व्यवस्थालाई व्यवहारमा कार्यान्वयन गर्दै जनविश्वास अभिवृद्धि गर्नु सुशासनको मुल मर्म हो । संविधानले सार्वजनिक प्रशासनलाई स्वच्छ, सक्षम, निष्पक्ष, भ्रष्टाचारमुक्त, पारदर्शी, जनउत्तरदायी र सहभागितामूलक बनाउँदै राज्यबाट प्राप्त हुने सेवा सुविधामा जनताको समान र सहज पहुँच सुनिश्चित गर्ने व्यवस्था गरेको छ ।

सुशासनकालागि संघीय तथा प्रादेशिक संवैधानिक निकाय तथा आयोगसँगको सम्पर्क र समन्वय, अभिलेख व्यवस्थापन र कार्यान्वयन, नगरपालिकामा सार्वजनिक सेवा वितरणको न्युनतम मापदण्ड निर्धारण र सेवाग्राही सन्तुष्टी सर्वेक्षण तथा सेवा प्रवाहको अनुगमनको पनि व्यवस्था गर्न आवश्यक रहेको छ । यसै सन्दर्भमा नगरपालिकामा बन्न लागेको यस योजनाले सेवा प्रदायक निकाय तथा समग्रमा सार्वजनिक शासन प्रक्रियामा सुशासनको संस्थागत विकासमा समेत महत्त्वपूर्ण हुनेछ ।

महाराजगंज नगरपालिका कपिलवस्तु जिल्लाको मध्य भागमा अवस्थित नगरपालिका हो । यो नगरपालिका साविकका पाँच वटा गाविसहरु मिलेर बनेको हो र हाल जम्मा ११ वटा वडामा विभाजित महाराजगंज नगरपालिकामा स्थानीय तहको निर्वाचन २०७४ पश्चात निर्वाचित जनप्रतिनिधिको सक्रिय पहलमा संघियता कार्यन्वयनको शुरुआती चरण पूरा भएको छ । कुनै पनि नीति तथा कानून नभएको अवस्थामा नव निर्वाचित प्रतिनिधिहरुको मुख्य जिम्मेवारी नै स्थानीय ऐन, नीति, निर्देशिका तथा कानून निर्माण गरी महाराजगंजमा सुशासन कायम गर्नु रहेको थियो । आवश्यक कर्मचारी पदपूर्ति नभएको साथै भएका कर्मचारी पनि नगरपालिकाको कार्य व्यवस्थापनमा अभ्यस्त नभैसकेको अवस्थामा पालिकाका नियमित कार्य संचालनमा समेत चुनौतिको सामना गर्नु परेको थियो । भौतिक पूर्वाधारको अभावले गर्दा शुरुआती बर्षमा कार्य सम्पादनमा ठुलो कठिनाई भएको थियो, जसले गर्दा अधिकांश समय भौतिक पूर्वाधार तथा कार्यालय संचालनका लागि आवस्यक सामाग्री व्यवस्थापन खर्चनु परेको थियो ।

महाराजगंज नगरपालिकाले आफ्नो पाँच बर्षे कार्यकालमा जम्मा १४ वटा ऐन, १४ वटा कार्यविधि र ३ वटा नियमावली तर्जुमा गरिसकेको छ ।

### २.६.२ सङ्गठनात्मक विकास

नेपालको संविधानले संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थालाई संस्थागत गर्दै संघ, प्रदेश र स्थानीय गरी तिन तहको सरकारद्वारा शासन सञ्चालन हुने व्यवस्था गरेको छ । लोकतान्त्रिक लाभहरूलाई नागरिकको घर दैलोमा पुऱ्याउने, स्थानीय नेतृत्वको विकास गर्ने, स्थानीय श्रोत साधनको दिगो उपयोग गरी विकास र वातावरणवीच सन्तुलन कायम गर्ने, स्थानीय विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारीता ल्याउने, समावेशी विकास, जन सहभागिता, मानवाधिकार संरक्षण, संविधान प्रद्धत्त अधिकारको कार्यान्वयन, राजनैतिक सामाजिक तथा आर्थिक रुपले पछाडि परेका र पारिएका लिङ्ग, वर्ग, जातजातिको संरक्षण, उत्थान र सहभागिता सुनिश्चित गर्ने आदि कार्य गर्दै जनताको नजिकको अभिभावकको रुपमा स्थानीय तहले काम गर्नु पर्ने गरी संविधानले स्थानीय तहलाई २२ वटा एकल अधिकार र १५ वटा साझा अधिकार प्रदान गरी कार्यकारिणी, व्यवस्थापकीय र न्यायिक अधिकार सहितको स्थायी सरकारको रुपमा व्यवस्थित गरेको छ ।

यसै सन्दर्भमा संविधानको धारा ३०२ मा स्थानीय सेवा प्रवाहका लागि नेपाल सरकारले राष्ट्रसेवक कर्मचारी समायोजन गरी सेवा प्रवाहको व्यवस्था मिलाउने उल्लेख छ । यस अनुसार स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (२) (ङ) मा गाउँ/नगरपालिकाको काम कर्तव्य र अधिकारमा स्थानीय सेवाको व्यवस्थापन सम्बन्धी व्यवस्था रहेको छ । ऐनको परिच्छेद ११ मा "प्रशासकीय सङ्गठन र कर्मचारी व्यवस्था" अन्तर्गगत दफा ८१ देखि दफा ९१ सम्म स्थानीय तहका कार्यालय सङ्गठन र कर्मचारीको व्यवस्थापन (नियुक्ति, सेवा सुविधाका शर्तहरु, बृत्ति विकासका अवसर तथा विषयगत शाखा स्थापना आदी) का बारेमा स्पष्ट व्यवस्था गरेको छ । जस अनुसार नेपाल सरकारले गर्ने कर्मचारी समायोजन गर्ने, स्थानीय तहले आफ्नो आवश्यकता अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा वडा समिति समेतलाई समेटी कार्यालयको कार्यबोझ एवं भौगोलिक क्षेत्र तथा सेवा प्रदान गर्नु पर्ने जनसंख्याको आधारमा विद्यमान सांगठनिक अवस्था र कर्मचारी संख्यामा थप घट गर्न पर्ने अवस्था देखिएको छ ।

उल्लेखित पृष्ठभूमिमा महाराजगंज नगरपालिकाको बर्तमान जिम्मेवारी, जनशक्तिको अभाव, स्थानीय सरकारको रुपमा निर्वाह गर्नु पर्ने भूमिका अनुसारको कार्यबोझ, स्थानीयवासीको बढ्दो अपेक्षा एवं सेवा प्रवाहमा पर्न आएको चापलाई समेत दृष्टिगत गरी स्थानीय तहको सेवा प्रवाहमा प्रभावकारीता ल्याउन अन्तरिम सङ्गठन एवं दरबन्दी व्यवस्थापनमा आवश्यक परिमार्जन गरी नगरपालिकाको कार्य विभाजन र कार्य सम्पादनमा सघाउ पुऱ्याउन आवश्यक देखिएको हुँदा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९० मा उल्लेख भए बमोजिम स्थानीय तहका कर्मचारीहरुको तहगत प्रणाली अपनाउने विषयलाई ध्यानमा राखी महाराजगंज नगरपालिकाको विद्यमान सङ्गठन संरचना, कर्मचारी दरबन्दी, कार्यबोझ समेतको अध्ययन गरी प्राप्त कार्यआदेशको परिधि भित्र रही सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गर्नुपर्ने देखिन्छ ।

नगरपालिकाको एकल अधिकार संविधानको अनुसूची ८ मा उल्लेख गरिएको छ । यसैगरी संवैधानिक मर्म र प्रावधानमा प्रतिकूल असर नपर्ने गरी नगरपालिकाको काम, कर्तव्य र अधिकार स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले विस्तृत रुपमा निर्धारण गरिएकोछ । विद्यमान संविधान एवं ऐनले सुम्पिएको काम, कर्तव्य र अधिकारको सदुपयोग गरी आफ्नो क्षेत्रभित्रका सम्पूर्ण नागरिकहरूमा छिटोछरितो, प्रभावकारी, गरणस्तरयुक्त सेवा सहजरुपमा उपलब्ध गराउनु नगरपालिकाको परम कर्तव्य हो । यस किसिमको सेवा प्रवाह गर्नका लागि दक्ष, सीपयुक्त, अनुभवी, लगनशील एवं सेवामुखी जनशक्तिको आवश्यक हुन्छ ।

कुनैपनि सङ्गठनको सेवा प्रवाहको स्तर त्यस सङ्गठनमा कार्यरत कर्मचारीहरूको कार्यक्षमता, उत्प्रेरणाको स्तर एवं त्यस सङ्गठनमा उपलब्ध कार्य वातावरणमा निर्भर रहन्छ । यसर्थ जनशक्तिलाई तदर्थरुपमा प्रयोग गरिने हिजोको परम्पराविरुद्ध प्रणालीगत रुपमा सञ्चालन गर्न सकेमा मात्र अपेक्षित उपलब्धि हासिल गर्न सकिन्छ ।

संविधानको धारा ५७ को उपधारा (४), धारा २१४ को उपधारा (२), धारा २२१ को उपधारा (२) र धारा २२६ को उपधारा (१) सँग सम्बन्धित अनुसूची—८ बमोजिम स्थानीय तहको अधिकार देहाय अनुसार हुने व्यवस्था गरिएको छ ।

नगरसभा नगरपालिकाको सर्वोच्च निकायको रुपमा रहेको छ जसप्रति नगर कार्यपालिका उत्तरदायी हुने गर्दछ । नगरसभा अन्तर्गत लेखा समिति तथा सुशासन समितिको व्यवस्था गरिएको छ । यसैगरी नगर कार्यपालिकाको प्रमुख कार्यक्षेत्र अन्तर्गत नगरपालिकाको विकास, पूर्वाधार विकास र वातावरण तथा विपद् व्यवस्थापन जस्ता कार्यहरू रहेका छन् ।

नगर कार्यपालिकाको प्रमुखको रुपमा नगर प्रमुख र उपप्रमुखको रुपमा नगर उपप्रमुख (निर्वाचित पदाधिकारी) रहने व्यवस्था गरिएको छ । यसैगरी उपप्रमुखले न्यायिक समितिको नेतृत्व गर्ने व्यवस्था रहिआएको छ । नगर कार्यपालिकाको प्रमुख प्रशासकीय अधिकृत (दशौं तह) को रुपमा नेपाल सरकारको निजामती सेवाको प्रशासन सेवा, सामान्य प्रशासन समूह अन्तर्गतको राजपत्राङ्कित द्वितीय श्रेणीको अधिकृतलाई नेपाल सरकारले खटाउने व्यवस्था

गरिएको छ । प्रमुख प्रशासकीय अधिकृत नगर प्रमुख प्रति उत्तरदायी रहने व्यवस्था छ भने निजले नगरसभाको सचिवको हैसियतले समेत कार्य गर्ने भएकाले निज नगर सभा प्रति समेत उत्तरदायी हुनुपर्ने व्यवस्था रहेको छ । प्रमुख प्रशासकीय अधिकृतको प्रत्यक्ष मातहतमा प्रशासन, योजना तथा अनुगमन शाखा, पूर्वाधार विकास शाखा, स्वास्थ्य तथा सामाजिक विकास शाखा, शिक्षा, युवा तथा खेलकुद शाखा, आर्थिक विकास शाखा, आर्थिक प्रशासन शाखा, र आन्तरिक लेखापरीक्षण एकाइको संस्थागत व्यवस्था गरिएको छ ।

प्रशासन, योजना तथा अनुगमन शाखा अन्तर्गत प्रशासन उपशाखा, राजश्व उपशाखा, योजना तथा अनुगमन उपशाखा र कानून एकाइ रहने व्यवस्था भएको छ । यसै शाखाले नगरपालिकाभित्र रहेका ११ वटै वडाहरूसँग समन्वय गर्ने व्यवस्था पनि रहेको छ । पूर्वाधार विकास शाखा अन्तर्गत सडक, सिँचाइ तथा अन्य पूर्वाधार विकास उपशाखा, भवन तथा वस्ती विकास उपशाखा र वातावरण तथा विपद्व्यवस्थापन एकाइ रहने व्यवस्था छ ।

स्वास्थ्य तथा सामाजिक विकास शाखा अन्तर्गत सामाजिक सुरक्षा तथा पञ्जीकरण उपशाखा र महिला बालबालिका र समाज कल्याण उपशाखाको व्यवस्था गरिएको छ । यसैगरी विद्यमान सङ्गठन संरचना अन्तर्गत प्रमुख प्रशासकीय अधिकृतको मातहतमा स्वास्थ्य र कृषि/पशु तर्फका निकायहरू (प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी, आयुर्वेद औषधालय, शहरी स्वास्थ्य केन्द्र, कृषि विकास शाखा र पशु सेवा केन्द्र) रहने व्यवस्था भएको देखिन्छ ।

महाराजगंज नगरपालिकाको विद्यमान कर्मचारी दरबन्दी विवरण अनुसार प्राविधिक र अप्राविधिक दुवै प्रकृतिका कर्मचारीहरूको दरबन्दी यस कार्यालयमा रहेका छन् ।

हालसालै स्थानीय तहमा कर्मचारी दरबन्दीहरू समायोजन भएको र यस नगर कार्यपालिकाको कार्यालयमा अझैसम्म सबै पदहरूको सङ्ख्या स्पष्ट हुन नसकेको व्यहोरा यस कार्यालयको प्रशासन शाखाबाट जानकारी हुन आएको छ । नेपालको संविधानबाट स्थानीय तहको लागि निर्दिष्ट अधिकार, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको लागि तोकेको काम, कर्तव्य र अधिकार तथा वदलिँदो शासकीय स्वरुप अनुसार स्थानीय तहप्रतिको नागरिकको अपेक्षा एवं परिवर्तित शासकीय स्वरुपलाई व्यवस्थित गर्न आवश्यक साधन/स्रोत र सोको व्यवस्थानको लागि विद्यमान जनशक्ति पर्याप्त देखिँदैन । यस सन्दर्भमा सङ्ख्यात्मक एवं गुणात्मक रुपमा बढोत्तरी गर्नु जरुरी देखिन्छ ।

### २.६.३ श्रोत परिचालन

गाउँ/नगरपलिकाको समग्र स्रोत परिचालन, व्यवस्थापन एवम् काम कारवाहीमा कार्यकुशलता र प्रभावकारिता अभिबृद्धि गर्ने प्रयोजनका लागि नेपाल सरकार एवम् विकास साझेदारबाट स्थानीय तहलाई प्राप्त हुने सबै प्रकारका अनुदान, स्थानीय निकायको आन्तरिक आय, राजस्व बाँडफाँडबाट प्राप्त हुने रकम लगायत पालिकाको कोषमा प्राप्त हुने सबै प्रकारका स्रोत तथा स्थानीय स्रोत साधनलाई एकीकृत र समन्वित गरी गरिब, महिला, बालबालिका तथा सामाजिक, आर्थिक दृष्टिकोणबाट पिछडिएका वर्ग र समुदाय एवम् क्षेत्रको समेत पहुँच र स्वामित्व रहने गरी सन्तुलित तवरबाट स्थानीय सेवा प्रवाह एवम् विकास निर्माण कार्य र शासन प्रक्रिया जनमुखी, जवाफदेही, मितव्ययी, पारदर्शी, उत्तरदायी, समावेशी, समतामूलक, सहभागितामूलक, दीगो र गुणस्तरयुक्त गराउँदै स्थानीयस्तरबाट नै गरिबी न्यूनीकरण र दीगो विकासको अवधारणालाई संस्थागत गर्ने कार्यमा सहयोग पुऱ्याउन स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि तर्जुमा गरी सोहि वमोजिम स्रोत परिचालन तथा व्यवस्थापन गर्नु पर्ने हुन्छ । महाराजगंज नगरपालिकाले हाल सम्म पनि स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि तर्जुमा नगरेकोले सम्वन्धित मन्त्रालय तथा स्रोत प्रदायक निकायको कानून, ऐन, निर्देशिका तथा कार्यविधिका आधारमा स्रोत परिचालन गर्ने गरेको छ ।

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय अन्तर्गत स्रोत परिचालन समन्वय शाखाले सबै ७५३ पालिकाहरूलाई स्थानीय तहको राजश्व परिचालन सम्बन्धी नीतिगत अध्ययन अनुसन्धान तथा विश्लेषण, आन्तरिक श्रोत साधनको पहिचान र परिचालनमा सहजिकरण तथा समन्वय, राजस्वको आधार विस्तारमा प्रोत्साहन र प्रवर्द्धन, राजस्व सूचना

तथा तथ्यांक आदान प्रदान प्रणाली विकास, अनुसन्धान र प्रकाशन, स्थानीय आर्थिक विकास सम्वन्धी कार्यमा सहजिकरण, राजश्व परिचालन क्षमता लेखाजोखा र सुधार, राजश्व परिचालनमा स्थानीय तहमा उत्कृष्ट देखिएका कार्यको अन्य स्थानीय तहसँग अनुभव आदान प्रदान, स्थानीय तहको राजश्व परिचालनमा भएका विवाद समाधानका लागि समन्वय, स्थानीय राजस्वको मुल्याङ्कन, स्थानीय तहको प्राकृतिक श्रोत साधन सम्बन्धी कर तथा राजस्व व्यवस्थापनमा सहयोग र समन्वय तथा स्थानीय तहको वार्षिक आयव्ययको अभिलेख र वार्षिक प्रतिवेदन प्रकाशन सम्बन्धी कार्य गरिरहेको छ र सोहि शाखाको समन्वय तथा सहजिकरणमा महाराजगंज नगरपालिकाको स्रोत परिचालन तथा व्यवस्थापन हुने गरेको छ ।

### २.६.४ योजना व्यवस्थापन

योजनाबद्ध विकासकालागि तथ्यगत अध्ययन, अनुसन्धान र विश्लेषण गर्दै विषयगत समस्या, चुनौती र अवसरहरूको पहिचान गर्ने र त्यसका आधारमा विषय केन्द्रित रणनीति र व्यवहारिक कार्यनीतिसहितको योजना आवश्यक पर्दछ । त्यसैले यस नगरपालिकाले पनि पन्ध्रौं योजना तथा

राज्य पुनर्संरचना मार्फत महाराजगंज नगरपालिकाको स्थापना भएसँगै यस नगरपालिकाले प्रचलित कानून तथा ऐन वमोजिम योजना व्यस्थापन गरी योजनाबद्ध विकासको सुरुआत गरेको छ । उपमेयरको संयोजकत्वमा रहेको राजस्व परामर्श समितिको सिफारिसमा नगर सभाद्वारा बार्षिक नीति तथा कार्यक्रम अनुमोदन गरी बार्षिक योजना तर्जुमा तथा बजेट विनियोजन गर्ने नियमित परम्परा रहेको छ भने निर्माणाधीन आवधिक योजनाले योजनाबद्ध विकासमा थप योगदान हुने अपेक्षा गरिएको छ ।

स्थानीय तह गठन भए पश्चात् स्थानीय विकास अवधारणा अनुरूपका प्राथमिक कामहरू शुरुवात भएका छन् । आर्थिक वर्ष २०७३/७४ मा स्थानीय रूपमा वित्तीय कारोबार सीमित रहेको थियो भने आ.व. २०७४/७५, आ.व. २०७५/७६, आ.व. २०७६/७७ तथा आ.व. २०७७/७८ कोलागि पूरा अवधिको बजेट तर्जुमा गरी कार्यान्वयन गरिएको छ भने आर्थिक वर्ष २०७८/७९ को बजेट कार्यान्वयनका क्रममा रहेको छ ।

राष्ट्रिय योजना आयोग र प्रदेश नीति तथा योजना आयोगसँग नियमित रूपमा परामर्श गरी नीति तथा योजना तर्जुमा गर्ने र कार्यक्रमहरूको वर्गीकरण गर्ने वातावरण बन्न नसकिरहेको अवस्थामा योजना व्यस्थापनमा समस्या रहेको छ । आवधिक योजना, मध्यमकालीन खर्च संरचना तथा आयोजना बैंकको तर्जुमा नहुँदा महाराजगंज नगरपालिकाको योजना व्यवस्थापन अपेक्षाकृत छैन । योजना तर्जुमालाई मार्गनिर्देश गर्न आवश्यक खण्डीकृत तथ्याङ्कको उपलब्धता नहुनु, पर्याप्त जनशक्ति, भौतिक संरचना र बजेटको अभाव रहनु तथा कर्मचारीहरूको स्थायित्व नहुनु पनि यहाँका योजना व्यवस्थापनका चुनौतीहरू हुन् ।

नियमित अनुगमनले विकास कार्यक्रम र आयोजनाहरूको नतिजा खोज्ने र कार्यान्वयन गर्ने पक्षलाई बढी जिम्मेवार बनाउनुको साथै जवाफदेही पनि बनाउँछ । नीति, योजना, कार्यक्रम तथा आयोजनाहरूको कार्यान्वयनको सुनिश्चिततालागि अनुगमन तथा त्यसबाट प्राप्त नतिजाको विश्लेषणकालागि मूल्याङ्कनको आवश्यकता पर्दछ । विकास आयोजनाहरूबाट, निर्धारित समयावधि भित्र निश्चित उपलब्धि तथा लागत अनुसारको प्रतिफल प्राप्त भए/नभएको यकिन गर्न सशक्त एवम् निष्पक्ष अनुगमन तथा मूल्याङ्कनको व्यवस्था हुनुपर्दछ । महाराजगंज नगरपालिकाले नगर प्रमुख, उपप्रमुख, वडाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत तथा शाखा प्रमुखहरुको नेतृत्वमा आवस्यकता अनुसार हरेक कार्यक्रमको अनुगमन गरिरहेको छ ।

## परिच्छेद ३ः सोच तथा विकासको अवधारणा

### ३.१ पृष्ठभूमि

नेपाली समाजमा आएको परिवर्तन तथा राज्यले लिएको संरचनागत परिवर्तनको नीति अनुसार स्थानीय सरकार सञ्चालन ऐन २०७४ लागु भएको छ । विकासका सम्भावनाहरू तथा स्थानीय बासिन्दाहरूको आधारभूत मागको आधारमा नगरस्तरमा आवधिक योजनाको निर्माण सुरूवात भए अनुसार महाराजगंज नगरपालिकाको आवधिक योजना तर्जुमा गर्ने प्रयास गरिएको छ । जन आन्दोलन २०६२/०६३ ले ल्याएको परिवर्तनका मूल मर्म र भावना तथा नेपालको संविधानको भावनाको आधारमा नगरपालिकाको विकासको गतिलाई तीव्रता दिनकालागि नगरपालिकाको आवधिक योजना तयार गर्दा मूलतः देशको राष्ट्रिय लक्ष्यलाई ध्यानमा राखी नगरपालिकाका प्रमुख समस्याहरू, विभिन्न क्षेत्रहरूको उपलब्धि, संघीय तथा प्रदेश सरकारबाट नगरपालिकाको विकासकोलागि प्राप्त अनुदान तथा नगरपालिकाको आन्तरिक स्रोत साधनहरूको अधिकतम मात्रामा परिचालन गरी नगरपालिकाका कार्यक्रमहरूलाई क्रमिक रूपमा अगाडि बढाउँदै लैजाने उद्देश्यका साथ आवधिक योजना तर्जुमाको प्रयास भएको छ । आवधिक योजना तर्जुमा गर्दा नगरपालिकाले हालसम्ममा गरेका महत्त्वपूर्ण प्रयास तथा उपलब्धिहरूको सूक्ष्म रूपमा विश्लेषण तथा सम्भावना र चुनौतीहरूको पनि विश्लेषण गरिएको छ ।

### ३.२ प्रमुख समस्या तथा चुनौती

दीर्घकालीन सोचका आधारमा योजनावद्ध विकास प्रक्रिया अघि बढाउने परिपाटीको थालनी भए तापनि सोही अनुरूप कार्यान्वयन हुन सकेको छैन । जनसहभागितामा आधारित योजना कार्यान्वयन विधिको पालना हुनु पर्नेमा स्थानीय उपभोक्ता समितिले पनि योजना कार्यान्वयनमा ठेकेदारको प्रयोगले सुशासनमा समस्या देखिएको छ ।

वन विनाश र वातावरणको संरक्षण विकासको समस्याको रूपमा देखिएका छन् । विकासका आधारभूत मापदण्डहरूको संरक्षणमा समस्या देखिएको छ । एक वडा एक पहिचानका कार्यक्रमहरू पूर्णरूपमा सञ्चालन गर्न सकिएको छैन । विकासका पूर्वाधारहरूको समान वितरण गर्न सकेको अवस्था छैन । उत्पादन भएका वस्तुहरूको बजार र मूल्य निर्धारणको समस्या देखिएको छ । कृषि र पर्यटन क्षेत्रको विकास र विस्तारकोलागि डिपिआर (DPR) तयार हुन सकेको छैन । योजना तथा कार्यक्रमको प्राथमिकीकरण गरी सोही अनुसार स्रोत परिचालनका आधारमा योजना र कार्यक्रम सञ्चालन हुन नसक्नु, नगरपालिकाभित्र रहेका विषयगत शाखाहरूमा जनशक्तिको अभाव हुनु तथा कर्मचारीको छिटो छिटो तथा अप्रत्यासित सरुवा हुने प्रणालीको विकासका कारण कार्यक्रम कार्यान्वयनमा समस्या भएको छ । विपद् व्यवस्थापन, जलवायु परिवर्तन, वातावरणको संरक्षण जस्ता विषयमा आवश्यकता अनुसार नयाँ प्रविधि प्रयोग गर्न नसक्नु तथा यसको प्रभाव न्यूनीकरणमा ठोस कार्यक्रम कार्यान्वयनमा समस्या देखिन्छ ।

भौतिक पूर्वाधार सम्बन्धी योजनाहरू एउटा पूरा नहुँदै अर्को नयाँ योजना छनौट गर्ने प्रक्रियाले एकातिर लक्षित लाभ लिन नसकेको अवस्था छ भने अर्कोतर्फ स-साना योजना छनौट गर्दा त्यसबाट सिर्जना हुने लाभ सानो जनसङ्ख्याले मात्र प्राप्त गर्ने अवस्था हुनु विकासको सिद्धान्त विपरीत भएको देखिन्छ । नगरपालिकामा उपलब्ध स्रोत, साधन र सीपको सदुपयोग गर्ने तर्फ अपेक्षित रूपमा ध्यान पुग्न नसक्दा नगरपालिका बाह्य स्रोतमा निर्भर रहनु पर्ने अवस्था छ ।

राजस्व सङ्कलन र आर्थिक स्रोत परिचालनका सम्बन्धमा अधिकारहरूको व्यवस्था अनुसारको आर्थिक, प्रशासनिक संरचनाको अभाव तथा कमजोर मानव संशाधन विकासका कारण अपेक्षित रुपमा आन्तरिक राजस्व सङ्कलन नहुनु, नगरपालिकाका विभिन्न वडाहरूमा व्यवसायिक रुपमा खेती शुरु गरे तापनि यिनीहरूका लागि बजार व्यवस्थापन गरी कृषकहरूलाई यसतर्फ दीर्घकालीन रुपमा आकर्षित गराउनु, माटोको गुणस्तर पहिचान गरी उपयुक्त बाली लगाउने परिपाटीको विकास गर्नु यस पालिकाका चुनौतीहरू हुन् ।

त्यसैगरी पर्यटकीय विकासको उच्च सम्भावना बोकेका क्षेत्रमा पर्यटन विकासका पूर्वाधारहरूको विस्तार गर्नु, सामुदायिक वन तथा अन्य वन क्षेत्रबाट जथाभावी वन फँडानी गरी बहुमूल्य काठको अवैध चोरी निकासी लाई नियन्त्रण गर्नु, आदि महाराजगंज नगरपालिकाको विकासमा बाधक रहेका छन् ।

घट्दो जन्म दर तथा बढ्दो बसाँइसराइलाई नियन्त्रण गरी नगरपालिकाको जनसङ्ख्या वृद्धि दरलाई यथावत राख्नु, उपलब्ध पानीका स्रोतहरूको व्यवस्थापन गरी कृषियोग्य जमीनमा बाह्रै महिना सिंचाइको सुनिश्चितता गर्नु, नगरपालिकाका सबै वडाहरूमा प्राकृतिक स्रोत तथा साधन र आर्थिक स्रोतहरू समान रुपमा नरहेका कारण सबै वडाहरूका आर्थिक तथा प्राकृतिक स्रोतहरूबाट प्राप्त हुने राजस्वलाई समान वितरण गर्दै सबैलाई विकासका समान अवसर प्रदान गर्नु, विनियोजित बजेट धेरैजसो भौतिक पूर्वाधारमा मात्र केन्द्रित हुने गरेकोमा मानव संसाधन विकासमा कम बजेट छुट्याउने परम्परालाई परिवर्तन गर्नु जस्ता चुनौती विद्यमान रहेका छन् ।

यसका साथै स्थानीय स्रोत, साधन, जडिबुटी आदिको उचित प्रयोग व्यवस्थापन र संरक्षण गर्नु, ऐतिहासिक तथा धार्मिक सम्पदास्थलहरूको संरक्षण र संवर्द्धन गर्नु, सामुदायिक विद्यालय प्रतिको भरोसा एवम् विश्वासलाई कायम राख्नु र सबै नगरबासीलाई आधारभूत स्वास्थ्य सेवाको सुनिश्चितता गर्नु महाराजगंज नगरपालिकाको विकासका चुनौतीका रुपमा देखा परेका छन् ।

### ३.३ प्रमुख सम्भावना तथा अवसर

विभिन्न मौसमी/बेमौसमी तरकारीहरू, पशुपालन तथा मौरीपालन जस्ता कृषि तथा पशुजन्य उत्पादनकालागि यस नगरपालिकाले आफ्नो पहिचान स्थापित गर्न सक्ने र यस क्षेत्रको आधुनिकीकरण गर्न सकेको अवस्थामा यसको उत्पादकत्वमा बृद्धि आई थप आर्थिक उपलब्धि हासिल गर्न सकिनेछ । विशेष कृषियोग्य भूमिको उपलब्धताका कारण यस नगरपालिकालाई पहिचान दिने गरी कृषि उत्पादन गर्न सक्ने नगरपालिकाका रूपमा विकास गर्न सकिनेछ । कृषिजन्य उत्पादित वस्तुकोलागि आवश्यक बजारको समस्या नरहेको, यस नगरपालिकामा उत्पादन हुने तरकारी र कृषि तथा पशुजन्य उत्पादनले राम्रो बजार पाउने प्रशस्त सम्भावना रहेको छ ।

प्राकृतिक तथा अन्य आर्थिक स्रोतहरूको परिचालनबाट स्थानीयबासीको जीवनस्तरमा सुधार ल्याउन सकिने अवस्था रहेको छ । नगर क्षेत्रभित्र रमणीय, भौगोलिक, सांस्कृतिक तथा धार्मिक पर्यटकीय महत्त्व बोकेका स्थानहरू भएकाले यसको विशेष महत्त्व र पर्यटन विकासको सम्भावना रहन गएको छ ।

नगरपालिकाका सबै वडाहरूमा सडक सञ्जाल, सञ्चार तथा विद्युतीकरण जस्ता विकासका आधारभूत पूर्वाधारहरूको सुविधा पुगेको छ । वनजङ्गल, जडिबुटी, जलस्रोत, ढुङ्गाखानी आदिजस्ता प्राकृतिक स्रोतको लाभ लिन सकिने अवस्था रहेको छ । पशुपालन व्यवसायको माध्यमबाट दुग्धजन्य पदार्थको उत्पादनमा वृद्धि गर्न सकिने अवस्था रहेको छ ।

आवधिक योजनाको निर्माण प्रक्रियासँगै जनमानसमा देखिएको उत्साह र विकास तथा समृद्धिप्रतिको चाहनालाई संस्थागत गर्न सकिने अवसर रहेको छ । संवैधानिक रुपमा विभिन्न राजनैतिक, आर्थिक तथा प्रशासनिक अधिकारहरुको उपयोग गर्न सक्ने स्थिति रहेको छ । नगरपालिकाको हावापानी तथा स्थान विशेष कृषियोग्य भूमिको उपलब्धताका कारण यस पालिकालाई पहिचान दिने गरी कृषि उत्पादन गर्न सक्ने पालिकाका रूपमा विकास गर्न सकिनेछ ।

प्राकृतिक तथा अन्य आर्थिक स्रोतहरुको परिचालनबाट स्थानीयबासीको जीवनस्तरमा सुधार ल्याउन सकिने अवस्था रहेको छ । एक दर्जन बढी रमणीय, भौगोलिक, सांस्कृतिक तथा धार्मिक पर्यटकीय महत्त्व बोकेका स्थानहरू भएकाले यसको विशेष महत्त्व र पर्यटन विकासको पर्याप्त अवसर छ ।

आवधिक योजनाको निर्माण प्रक्रियासंगै जनमानसमा देखिएको उत्साह र विकास तथा समृद्धिप्रतिको उत्कट चाहनालाई संस्थागत गर्न सकिने अवसर रहेको छ ।

## ३.४ निर्देशक सिद्धान्त

नेपालको बदलिदो राजनैतिक, सामाजिक र कानुनी आधार र पन्ध्रौं राष्ट्रिय योजनालाई समेत ध्यानमा राखेर निम्न निर्देशक सिद्धान्तहरूलाई पालन गरी महाराजगंज नगरपालिकाको प्रथम आवधिक योजना तर्जुमा गरिएको छ । साथै, आवधिक योजना कार्यान्वयन गर्दा सबै सरोकारवाला संस्था/निकाय तथा समूहहरूले निम्नलिखित विकासका सिद्धान्तहरूलाई अनिवार्य रूपमा अवलम्बन गर्नुपर्ने हुन्छ ।

| | |
|---|---|
| **जनकेन्द्रित तथा प्रतिफलमुखी विकासः** | नगरपालिकाको विकासकालागि भूगोल, स्थानीय आवश्यकता र प्राथमिकताका आधारका साथै जनसङ्ख्याको सापेक्षतामा प्रतिफलमुखी विकास हासिल गर्ने सिद्धान्त हुनेछ । जनकेन्द्रित विकास गर्दा नगरबासी तथा यसमा पनि ग्रमिण वडामा पछि परेका महिला, दलित, बालबालिका, अपाङ्गता भएका व्यक्ति र परिवार, ज्येष्ठ नागरिक, आदिबासी जनजाति, युवाहरू लक्षित प्रत्यक्ष लाभ लिन सक्ने विकास गतिविधिलाई प्राथमिकताका साथ अगाडि बढाइनेछ । |
| **बालमैत्री शासन, लैङ्गिक तथा सामाजिक समावेशीकरणः** | जनकेन्द्रित विकासको एक अभिन्न अङ्गका रूपमा बालबालिकाको सर्वाङ्गीण विकासकालागि बालमैत्री स्थानीय शासन तथा अपाङ्गमैत्री स्थानीय शासनको अवलम्बन गरिनेछ । महिला तथा दलित वर्गको उत्थान, लैङ्गिक तथा सामाजिक समावेशीकरण तथा सकारात्मक विभेदको प्रक्रियालाई स्थापित गरिनेछ । |
| **अवसरमा समता र समानताः** | लक्षित वर्गलाई विकासको प्रमुख भागिदारका रूपमा स्थापित गर्न पछि परेका लक्षित वर्ग समुदाय (महिला, दलित, बालबालिका, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक) लाई स्थानीय विकास र शासनका प्रक्रियामा प्राथमिकता दिने र सकारात्मक विभेदको व्यवस्था गरिनेछ। |
| **दिगोपना, वातावरण, जलवायु अनुकूलन तथा विपद् व्यवस्थापनमैत्री विकासः** | आवधिक योजनामा दिगोपना, वातावरणमैत्री तथा विपद् व्यवस्थापन संवेदनशीलतालाई अनिवार्य रूपमा सबै योजनाको अभिन्न अङ्गका रूपमा विश्लेषण तथा अंगीकरण गराइनेछ । प्राकृतिक स्रोत साधनको दोहनलाई प्रभाव मूल्याङ्कनका आधारमा परिचालन गरिनेछ । स्थानीय योजनाहरूलाई जलवायु अनुकूलनयुक्त बनाउन ध्यान दिइनेछ । |
| **स्थानीयता तथा विश्वव्यापीकरणः** | स्थानीय सम्भाव्यता, साधन स्रोतको उपलब्धता अनुसार प्राथमिकताका साथ स्थानीय स्रोत, साधन र सीपको अधिकतम उपयोग गरिनेछ । साथै विश्वव्यापीकरणका लाभहरूलाई स्थानीय विशिष्टता अनुसार अधिकतम उपयोग गरिनेछ । |
| **संस्थागत विकास तथा सुशासनः** | स्थानीय शासनमा जवाफदेहिता, पारदर्शिता, सार्वजनिक सेवा सुविधाको प्रभावकारी वितरणकालागि नगरपालिकाका नेतृत्वकर्ता स्थानीय तहहरू र साझेदार निकाय-विषयगत निकाय र गैसस) समेतको क्षमता विकास कार्यलाई सँगसगै अगाडि बढाइनेछ र उपयुक्त लगानी गरिनेछ । विकास साझेदारहरूबीचको समन्वय र सहकार्यलाई प्रवर्द्धन गरिनेछ । स्थानीय विकासमा नागरिक समाज र सञ्चारक्षेत्रको साझेदारीलाई प्रोत्साहित गरिनेछ । |
| **स्थानीय स्रोत परिचालन र व्यवस्थापनः** | स्थानीय विकासकालागि आवश्यक मानवीय तथा वित्तीय साधन स्रोतको स्थानीय स्तरमा अधिकतम परिचालन गरिनेछ । विभिन्न विषय-क्षेत्रमा दक्ष, सीपयुक्त मानव जनशक्ति उत्पादन तथा क्षमता विकासकालागि विशेष लगानी गरिनेछ । स्थानीय विकासमा उपभोक्ता समितिको परिचालन र उपभोक्ता समितिलाई निश्चित आचार संहिताको पालना गर्न प्रेरित गरिनेछ । |
| **सार्वजनिक, निजी तथा सहकारी साझेदारीको सिद्धान्तः** | स्थानीय विकास कार्यमा निजी क्षेत्रलाई सँगसँगै अगाडि लैजाने पद्धति र प्रक्रियालाई प्राथमिकताका साथ लिइनेछ । स्थानीय कच्चा पदार्थको अधिकतम उपयोग, स्तरीकरण बजारीकरण, प्रविधि तथा सीपको हस्तान्तरणका क्षेत्रमा निजी क्षेत्रलाई काम गर्न उपयुक्त वातावरण तयार गरिनेछ र सार्वजनिक निजी साझेदारीका आधारमा निजी क्षेत्रको लगानीको संरक्षणमा ध्यान दिइनेछ । |
| **अभियानात्मक विकास र सामाजिक न्यायः** | नगरपालिकाको द्रुततर विकास तथा सामाजिक न्यायकालागि नियमित विकास प्रक्रिया भन्दा अभियानात्मक विकास गतिविधिलाई अगाडि बढाइनेछ । अभियानात्मक विकासकालागि प्रमुख प्राथमिकताका आधारमा नमूना स्थानीय तहको विकास, महिला उपर हुने भेदभाव विरुद्धका अभियान, दलित उपरका सामाजिक भेदभाव विरुद्धको अभियान, बालविकास र उचित |

| | |
|---|---|
| | शिक्षाको अभियान, पर्यटन, वातावरण संरक्षण, कृषि तथा पशुपालन प्रणालीमा व्यवसायीकरण तथा सुधार, घरेलु उद्योग तथा रोजगारीका अवसर सिर्जना गर्ने क्षेत्रमा केन्द्रित गरिनेछ । |
| **समन्वयात्मक विकासः** | नगरपालिकाका साझेदार निकायहरू (सरकारी, गैरसरकारी, निजीक्षेत्र, निर्वाचन क्षेत्र विकास कार्यक्रम, केन्द्रीय योजना) बीच समन्वयको प्रवर्द्धन गरी आवधिक योजनाका प्राथमिकताका क्षेत्रमा लगानी गर्ने तथा स्थानीय तहको नेतृत्वमा एकद्वार विकास पद्धतिलाई थप सुदृढ गर्दै लगिनेछ । |
| **आवधिक योजना तथा वार्षिक योजनाबीच तालमेलः** | आवधिक योजनाका प्राथमिकतायुक्त क्षेत्र, विषयको सम्बोधन गर्ने गरी नगरपालिकाको वार्षिक योजना तर्जुमा तथा कार्यान्वयन प्रक्रियालाई अगाडि बढाइनेछ । योजनाको वार्षिक समीक्षामा आवधिक योजना अनुसार के कति उपलब्धि हासिल भए भन्ने विषयमा अनिवार्य रूपमा समीक्षा गर्ने र नगरपालिकाहरूलाई वार्षिक रूपमा बजेट सिलिङ र मार्गदर्शन प्रदान गर्दा आवधिक योजनाको के कुन विषयक्षेत्रलाई सम्बोधन गर्ने भन्ने समेत खुलाई पठाउनेछ । |

## ३.५ सोच, लक्ष्य तथा उद्देश्य

**दीर्घकालीन सोच**

**"समृद्ध नगरः सुखी नगरबासी"**

**लक्ष्य**

नगरपालिकाको समष्टिगत विकासका लागि आर्थिक, भौतिक, सामाजिक र साँस्कृतिक क्षेत्रको उच्च विकास सहित वातावरण मैत्री, समावेशी, न्यायपूर्ण तथा सुशासनयुक्त नगरपालिका निर्माण गर्ने ।

**उद्देश्य**

१. नगरको आर्थिक विकासको क्षेत्रमा उच्चतम लगानी परिचालन गरी गुणस्तरीय उत्पादन र उत्पादकत्वमा बृद्धि गर्नु ।
२. गुणस्तरीय शिक्षा, स्वास्थ्य तथा खानेपानी जस्ता आधारभूत सेवाको सर्वसुलभ पहुँच तथा समतामुलक सहभागिताकोको सुनिश्चितता गर्नु ।
३. प्राथमिकताका आधारमा स्थानीय आवश्यकता पहिचान गरी पूर्वाधार विकासलाई पूर्णता दिनु ।
४. वातावरण/जैविक विविधताको संरक्षण गर्दै विपद् व्यवस्थापन र जलवायु परिवर्तनका असरहरू न्यूनीकरण गर्नु ।
५. सामाजिक न्याय तथा सुशासन स्थापित गरी समृद्धि हासिल गर्नु ।

## ३.६ परिमाणात्मक लक्ष्य

**तालिका १: अपेक्षित परिमाणात्मक उपलब्धि**

| **समष्टिगत विकास** | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रभाव | समृद्ध पालिका निर्माणको आधारका लागि प्राप्त अनुदान तथा आन्तरिक स्रोत साधनहरूको अधिकतम मात्रामा परिचालनबाट दिगो कृषि, पर्यटन, व्यापार र | मानव विकास सूचकाङ्क* | सूचकाङ्क | ०.४९६ | ०.४९९ | ०.५७ | ०.६ | ०.६ | मानव विकास प्रतिवेदन, नगर प्रोफाइल | मानव विकास प्रतिवेदन, नगर प्रोफाइल |
| | | आर्थिक बृद्धि* | प्रतिशत | ६.८ | ७ | ८ | ९ | ९ | | |
| | | वार्षिक प्रति व्यक्ति आय* | अमेरिकन डलर | ८५० | ९५० | १३०० | १५५० | १५५० | | |
| | | बहुआयामिक गरिबी | प्रतिशत | १८ | १७ | १५ | १४ | १४ | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | उत्थनशिल पूर्वाधारको विकास हुनेछ । | साक्षरता | प्रतिशत | ६१ | ७० | ८२ | ८९ | ८९ | | शिक्षा स्वास्थ्य र सडक तिनै तहको सरकारको प्राथमकितामा परेको हुने |
| | | विद्यालयमा खुद भर्ना दर* | प्रतिशत | ८७ | ९४ | ९७ | १०० | १०० | | |
| | | औसत आयु* | वर्ष | ६६ | ६६ | ६९ | ७३ | ७३ | | |
| | | कालोपत्रे सडक | कि.मि. | | | | | | | |
| | | ग्राभेल सडक | कि.मि. | | | | | | | |
| | | वेरोजगारी | प्रतिशत | १३ | ११ | ८ | ५ | ५ | | प्रधानमन्त्री रोजगार कार्यक्रम थप प्रभावकारी भएको हुने र नगर भित्र नयाँ उद्योग व्यवसायहरू सञ्चालनमा आएका हुने |
| | | विद्युत सेवा प्राप्त घरधुरी (सोलार समेत) | प्रतिशत | ८७ | ९३ | ९६ | १०० | १०० | | प्रधानमन्त्री रोजगार कार्यक्रम थप प्रभावकारी भएको हुने र नगर भित्र नयाँ उद्योग व्यवसायहरू सञ्चालनमा आएका हुने |
| | | खानेपानी सेवा प्राप्त घरधुरी | प्रतिशत | ७९ | ८६ | ९४ | १०० | १०० | | |
| | | विपद् बाट हुने वार्षिक क्षती रकम | रू. लाखमा | | | | | | | |

## ३.७ रणनीति तथा प्राथमिकता

**तालिका २ः नगरपालिकाका प्रमुख रणनीतिहरू तथा प्राथमिकताहरू**

| रणनीतिहरू | प्राथमिकताहरू |
|---|---|
| **उद्देश्य १ः नगरको आर्थिक विकासको क्षेत्रमा उच्चतम लगानी परिचालन गरी गुणस्तरीय उत्पादन र उत्पादकत्वमा बृद्धि गर्नु ।** | |
| १.१ः प्रतिस्पर्धात्मक लाभका क्षेत्रमा लगानी बढाउने । | १. कृषिमा आधारित उद्यमशीलताका माध्यमबाट रोजगारी सिर्जना गरी आम्दानीमा बृद्धि ल्याइनेछ ।<br>२. प्रविधिमा आधारित पर्यटनको विकास गरी यसलाई रोजगारमूलक उद्योगको रूपमा विकास गरिनेछ ।<br>३. स्थानीय कच्चा पदार्थमा आधारित उद्योग स्थापनाका लागि प्रोत्सहान गरिनेछ । |
| १.२ः विकासका अवसरहरूमा समतामूलक पहुँच सुनिश्चित गर्ने । | १. विकासका पूर्वाधारहरू सामाजिक तथा आर्थिक रूपमा विपन्न समुदायलाई मूलप्रवाहमा ल्याइनेछ ।<br>२. गुणस्तरीय सिंचाइ सुविधा, सङ्कलन केन्द्र, बजार व्यवस्थापन एवम् प्रवर्द्धन, बीउ विजन, मलखादको सहज आपूर्ति र प्रविधिको पहुँचको सुनिश्चितता गरिनेछ । |

<table>
<tr><th>रणनीतिहरू</th><th>प्राथमिकताहरू</th></tr>
<tr><td></td><td>३. जनताको पहुँच सिर्जना हुने गरी गुणस्तरयुक्त सडक, सिंचाइ, लगायत अन्य भौतिक पूर्वाधारको निर्माण गर्दा निश्चित मापदण्ड बनाई लागु गरिनेछ ।<br>४. कृषि तथा पशुजन्य उपजमा आत्मनिर्भर हुँदै खाद्य सुरक्षाको प्रत्याभूति गराई गरिबी निवारणमा उल्लेख्य सुधार गरिनेछ ।</td></tr>
<tr><td colspan="2">उद्देश्य २ः गुणस्तरीय शिक्षा, स्वास्थ्य तथा खानेपानी जस्ता आधारभूत सेवाको सर्वसुलभ पहुँचको सुनिश्चितता गर्नु।</td></tr>
<tr><td>२.१ः शिक्षा, स्वास्थ्य, खानेपानी जस्ता आधारभूत सेवाहरूको गुणस्तर र पहुँच अभिवृद्धि गर्दै मौलिक हकको प्रत्याभूति गर्ने ।</td><td>१. महिला, बालबालिकासँग प्रत्यक्ष सरोकार राख्ने शिक्षा, स्वास्थ्य क्षेत्रमा जनचेतना अभिवृद्धि र पूर्वाधार विकास तर्फ स्वास्थ्य चौकी निर्माण, प्रसुतिगृह निर्माण, एम्बुलेन्स सेवा सञ्चालन बालविकास केन्द्रहरूको व्यवस्थामा जोड दिइनेछ ।<br>२. खुला दिशामुक्त नगर कार्यक्रमलाई व्यवस्थित गर्न आवश्यकता अनुसार सार्वजनिक शौचालय निर्माण तथा त्यसको व्यवस्थापनकालागि कार्य योजना तयार पारी कार्यान्वयन गर्ने नीति लिइनेछ ।<br>३. शिक्षा, स्वास्थ्य, खानेपानी जस्ता आधारभूत सेवाहरूलाई नगरपालिकाको सामाजिक समृद्धिको मेरुदण्डका रूपमा अंगिकार गरी त्यसको विकासकालागि आवश्यक कार्य योजना लागु गरिनेछ ।</td></tr>
<tr><td colspan="2">उद्देश्य ३ः प्राथमिकताका आधारमा स्थानीय आवश्यकता पहिचान गरी पूर्वाधार विकासलाई पूर्णता दिनु ।</td></tr>
<tr><td>३.१ः गुणस्तरीय पूर्वाधारहरूमा सबैको पहुँच सुनिश्चित गर्ने ।</td><td>१. विकासका पूर्वाधारको गुणस्तर सुनिश्चित गरिनेछ ।<br>२. कृषि र पर्यटनकालागि उपयुक्त ठानिएका क्षेत्रहरूको DPR गरी उक्त क्षेत्रहरूलाई पकेट र पर्यटकीय क्षेत्रका रूपमा विकास गर्न आवश्यक पूर्वाधारको व्यवस्थापन तथा आधुनिक प्रविधिमा आधारित कृषि सम्बन्धी क्रियाकलापमा जोड दिइनेछ ।<br>३. सडकको स्तरोन्नत्ति, मर्मत, सम्भार, संरचनाको काम गरी सवारी साधनलाई सुचारु गर्न बजेट बाँडफाँड गरिनेछ ।</td></tr>
<tr><td colspan="2">उद्देश्य ४ः वातावरण/जैविक विविधताको संरक्षण गर्दै विपद् व्यवस्थापन र जलवायु परिवर्तनका असरहरू न्यूनीकरण गर्नु ।</td></tr>
<tr><td>४.१ः वातावरणीय सन्तुलन एवम् जल, जमिन, जङ्गल, जैविक विविधता आदि प्राकृतिक स्रोत र सम्पदाको संरक्षण तथा विकास गर्ने ।</td><td>१. वन जङ्गल संरक्षणमा आधुनिक प्रविधिको प्रयोग गरिनेछ ।<br>२. एकघर एक धारा र पूर्ण सरसफाइ सहितको नगरपालिका बनाउने नीति अवलम्बन गरिने छ ।<br>३. प्रकोपबाट सिर्जना हुने मानवीय तथा आर्थिक क्षतिलाई न्यूनीकरण, वातावरणीय संरक्षण जस्ता कार्यक्रम र जलवायु परिवर्तन अनुकूलन योजनालाई आबद्ध गरी कार्यक्रम सञ्चालन गरिनेछ ।<br>४. सडक निर्माण गर्दा क्षति भएको खानेपानी योजना, सिंचाइ कुलोहरू सम्बन्धित योजना सञ्चालन गर्ने उपभोक्ता समितिलाई नै पुनर्निर्माणमा जिम्मेवार बनाइनेछ ।</td></tr>
<tr><td colspan="2">उद्देश्य ५ः सामाजिक न्याय तथा सुशासन स्थापित गरी समृद्धि हासिल गर्नु ।</td></tr>
<tr><td>५.१ः सुशासन सम्बन्धी नीतिगत, कानुन एवम् संस्थागत व्यवस्था गरी प्रभावकारी कार्न्वयन गर्ने ।</td><td>१. समावेशी र सन्तुलित विकासको माध्यमद्वारा विभेदमुक्त समाज निर्माण गरिनेछ ।<br>२. गरिबी निवारणकालागि सञ्चालित कार्यक्रमहरूलाई एकीकृत गरी वास्तविक गरिबहरूको पहिचान र सङ्ख्या घटाउने नीति अवलम्बन गरिनेछ ।<br>३. नगरपालिकाको आन्तरिक स्रोत सङ्कलनमा सार्वजनिक निजी साझेदारी अन्तर्गत गरिएको सहकार्यलाई अझ व्यवस्थित र प्रभावकारी गराइनेछ ।<br>४. समाजमा पछाडि परेका लक्षित वर्गकालागि अनुदान रकम र आन्तरिक स्रोत तर्फको निश्चित बजेट लक्षित वर्गकालागि प्रत्यक्ष फाइदा पुग्ने कार्यक्रममा विनियोजन गरिनेछ।<br>५. सुशासन, पारदर्शिता, लैङ्गिक सशक्तीकरण, सामाजिक सुरक्षा, आयमूलक, सीपमूलक कार्यक्रमलाई ध्यान दिई कार्यक्रम निर्माण गरिनेछन् ।<br>६. समावेशी सामाजिक संरचनाका माध्यमबाट नगरपालिकामा पारस्परिक सद्भाव र एकताको भावना विकास गरिनेछ ।<br>७. नगरपालिकाको वार्षिक कार्यक्रम तर्जुमा गर्दा मूलतः आवधिक योजनासँग आवद्ध गरी नगरपालिकाको योजना तर्जुमा प्रक्रियालाई वैज्ञानिक बनाइनेछ ।</td></tr>
</table>

## ३.८ नगर गौरवका आयोजनाहरू

| उद्देश्य नं. | कार्यक्रमहरू | एकाइ | आधार वर्ष | योजनाको कुल लक्ष्य | अनुमानित श्रोत र वार्षिक लक्ष्य (रू.हजारमा) | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व | पाँचौ आ.व | जम्मा |
| | नगर गौरब योजना | | | | | | | | | |
| | सुविधा सम्पन्न ४० शैया अस्पताल निर्माण | सङ्ख्या | | १ | | | | | | ४००००० |
| | नगर चक्रपथ निर्माण - १९ कि मि | कि.मि. | | १९ | | | | | | ४००००० |
| | बहुउदेश्यीय नगरकार्यपालिका प्नशासकीय भवन निर्माण | सङ्ख्या | | १ | | | | | | ५५००० |
| | कंचनिया नदि र वाणगंगा नदिमा तटबन्ध निर्माण | कि.मि. | | ४० | | | | | | ४००००० |
| | फुसको छाना मुक्त नगर घोषणा कार्यक्रम | सङ्ख्या | | १००० | | | | | | ८०००० |
| | नगर स्तरिय खेलकुद एकेडेमी निर्माण | सङ्ख्या | | | | | | | | ४००००० |
| | जग्गा चक्लाबन्दि र आधुनिक खेति कार्यक्रम | एकमुष्ठ | | | | | एकमुष्ठ | | | १५०००० |
| | पल्टामा पर्यटक पार्क निर्माण | सङ्ख्या | | | | | | | | ४०००० |
| | नगर औद्योगिक ग्राम निर्माण | एकमुष्ठ | | | | | | | | १७०००० |
| | नगर यातायात व्यवस्थापन तथा संचालन | एकमुष्ठ | | | | | | | | ५०००० |
| | नगर स्तरिय फोहर व्यवस्थापन प्लान्ट स्थापना | सङ्ख्या | | १ | | | | | | ८०००० |
| | नगर स्तरीय दमकल खरिद तथा संचालन | सङ्ख्या | | १ | | | | | | २०००० |
| | एक घर एक धारा कार्यक्रम | एकमुष्ठ | | | | | | | | ४०००० |
| | **नगर गौरब योजनाको जम्मा** | | | | | | | | | २२८५००० |

## ३.९ लगानी, स्रोत अनुमान र बाँडफाँट

### तालिका ३: लगानी प्रक्षेपण

| क्र.सं. | आ.व. | अपेक्षित आर्थिक बृद्धि दर | अपेक्षित गार्हस्थ उत्पादन (रु लाखमा) | प्रक्षेपित लगानी (रु लाखमा) |
|---|---|---|---|---|
| १ | ०७९/८० | ४.८ | - | ६८३५ |

| | | | | |
|---|---|---|---|---|
| २ | ०८०/८१ | ५.५ | - | ७५२४ |
| ३ | ०८१/८२ | ६ | - | ८२८२ |
| ४ | ०८२/८३ | ७ | - | ९११८ |
| ५ | ०८३/८४ | ८ | - | १००३७ |
| योजना अवधिमा हुने कुल प्रक्षेपित लगानी | | | | ४१७९६ |

## तालिका ४: आवधिक योजनामा खर्च ब्यहोर्ने स्रोतहरू

| क्र.सं. | स्रोत | योजना अवधिमा हुने लगानी (रु लाखमा) | प्रतिशत |
|---|---|---|---|
| १ | सरकारी (प्रदेश तथा संघीय सरकार) क्षेत्र | ४२०८० | ८८.५१ |
| २ | सहकारी क्षेत्र | ११३८ | २.३९ |
| ३ | निजी क्षेत्र | १७७८ | ३.७४ |
| ४ | गै.स.स. | १२३८ | २.६० |
| ५ | उपभोक्ता समूह, सामुदायिक संस्था आदिको योगदान | १०२५ | २.१६ |
| ६ | अन्तर स्थानीय तह साझेदारी | २८५ | ०.६० |
| | **कुल** | **४७५४४** | **१००.००** |

## तालिका ५: महाराजगंज नगरपालिकाको आय अनुमान

| | | | | | | | | रू. लाखमा |
|---|---|---|---|---|---|---|---|---|
| **क्र. सं.** | **विवरण** | **२०७७/७८ को यथार्थ** | **२०७८/७९ को अनुमान** | **२०७९/८० को प्रक्षेपित** | **२०८०/८१ को प्रक्षेपित** | **२०८१/८२ को प्रक्षेपित** | **२०८२/८३ को प्रक्षेपित** | **२०८३/८४ को प्रक्षेपित** |
| १ | नगद मौज्दात | २०७४२१ | | ३०००० | ३३००० | ३६३०० | ३९९३० | ४३९२३ |
| २ | आन्तरिक राजस्व | १९९१० | २०००० | २३००० | २६४५० | ३०४१८ | ३४९८० | ४०२२७ |
| ३ | संघीय सरकारबाट प्राप्त वित्तीय समानीकरण अनुदान | १५१४०० | १५५९०० | १७१४९० | १८८६३९ | २०७५०३ | २२८२५३ | २५१०७९ |
| ४ | सशर्त अनुदान (संघीय सरकार) | २९६३९१ | २८४५०० | ३१२९५० | ३४४२४५ | ३७८६७० | ४१६५३६ | ४५८१९० |
| ५ | संघीय सरकारबाट राजस्व बाडफाट प्राप्त आय | ११०६९२ | १०६७०९ | ११७३८० | १२९११८ | १४२०३० | १५६२३३ | १७१८५६ |
| ६ | प्रदेश सरकारबाट प्राप्त वित्तीय समानीकरण अनुदान | ५७०२ | ७४१९ | ८१६१ | ८९७७ | ९८७५ | १०८६२ | ११९४८ |
| ७ | सशर्त अनुदान (प्रदेश सरकार) | १७८५० | ११५०० | १२६५० | १३९१५ | १५३०७ | १६८३७ | १८५२१ |
| ८ | राजस्व बाँडफाट (प्रदेश सरकार) | ४०६७ | ९२९३ | १०२२२ | ११२४५ | १२३६९ | १३६०६ | १४९६६ |
| ९ | समपुरक अनुदान (संघ) | ४००० | | ५००० | ५५०० | ६०५० | ६६५५ | ७३२१ |
| १० | समपुरक अनुदान (प्रदेश सरकार) | १८६१७ | २०००० | २२००० | २४२०० | २६६२० | २९२८२ | ३२२१० |
| ११ | विशेष अनुदान (संघ) | | | ४५००० | ४९५०० | ५४४५० | ५९८९५ | ६५८८५ |
| १२ | विशेष अनुदान (प्रदेश) | | ७००० | ७७०० | ८४७० | ९३१७ | १०२४९ | ११२७४ |
| १३ | जनसहभागिता | ६२० | | ९८०० | १०७८० | ११८५८ | १३०४४ | १४३४८ |
| १४ | अन्य | ६२० | | १००० | ११०० | १२१० | १३३१ | १४६४ |
| **जम्मा** | | **८३७२९०** | **६२२३२१** | **७७६३५३** | **८५५१३८** | **९४१९७५** | **१०३७६९३** | **११४३२११** |

# परिच्छेद ४: आर्थिक क्षेत्र

## ४.१ कृषि तथा पशुपन्छी

### ४.१.१ पृष्ठभूमि

कृषि तथा पशुपन्छी क्षेत्रले यस नगरपालिकामा कुल गार्हस्थ उत्पादनको सर्वाधिक करिब ४३ प्रतिशतको योगदान गरेको पाइन्छ । कृषि क्षेत्रमा प्रचुर सम्भावना भएको महाराजगंज नगरपालिकामा करिव एक तिहाइ खेतीयोग्य भूमि रहेको अवस्थामा उपलब्ध भूमिको वैज्ञानिक ढंगले समुचित प्रयोग गरी कृषि र कृषि उद्योगको विकास गर्नुपर्ने आवश्यकता छ । एकातर्फ जग्गाको खण्डीकरण रोक्नुपर्ने चुनौती छ भने अर्कोतर्फ जग्गा बाँझो राख्ने प्रवृत्तिलाई निरुत्साहित गर्नुपर्नेछ । कृषि उत्पादनका क्षेत्रमा आत्मनिर्भर बनाई निर्यातमूलक अवस्थामा पुऱ्याउने सोच अनुरूप नै यस नगरपालिकालाई विशेष प्राथमिकतामा राखिएको छ । उपलब्ध श्रम र सीपको पहुँच विस्तार गरी रोजगार सिर्जना गर्दै कृषिमा आधुनिकीकरण, व्यवसायीकरण र यान्त्रीकरणको माध्यमबाट कृषि क्षेत्रको उत्पादन तथा उत्पादकत्व वृद्धि गर्ने लक्ष्य लिइएको छ ।

दिगो विकास लक्ष्यअन्तर्गत भोकमरीको अन्त्य लगायतका लक्ष्य प्राप्त गर्न आदर्श उत्पादन र न्यायिक वितरण प्रणाली प्रति विशेष पहल गर्नुपर्ने देखिन्छ । पोषण तथा खाद्य विविधता प्रवर्द्धन गर्नका लागि खाद्यान्नका अतिरिक्त दूध, माछा, मासु र अण्डाको महत्वपूर्ण भूमिकालाई मनन गरी नगरपालिकामा पशुपन्छी तथा माछापालनका माध्यमबाट पोषण तथा खाद्य सुरक्षा प्रवर्द्धन भई रोजगारीका अवसरहरू सिर्जना हुनुका साथै आर्थिक उन्नतितर्फ अग्रसर हुनको लागि सहयोग पुग्ने देखिन्छ ।

### ४.१.२ समस्या तथा चुनौती

सार्वजनिक जग्गाहरूको व्यवस्थित अभिलेखाङ्कन र यसको वैज्ञानिक प्रयोग हुन नसक्नु, खेतीयोग्य जमिनको खण्डीकरण हुनु, श्रम र सीप हुनेका लागि कृषि भूमिमा पहुँच नपुग्नु, खेतीयोग्य भूमिमा पर्याप्त सिंचाई उपलब्ध हुन नसक्नु, कृषि, पशुपन्छी तथा माछापालन क्षेत्रमा आधुनिकीकरण र व्यवसायीकरण हुन नसक्नु, उत्पादित खाद्यान्नहरूको सन्तुलित वितरणका साथै उपभोगमा कमी भई खाद्य र पोषण सुरक्षाको जोखिम बढ्नु र कृषि सहकारीहरूको यथेष्ट संख्या भए तापनि कृषि ऋणमार्फत् उत्पादनमूलक लगानीमा कमी हुनु जस्ता समस्याहरू यस क्षेत्रमा रहेका छन् ।

भूमि व्यवस्थापन तथा भूमि प्रशासन सेवालाई वैज्ञानिकीकरण तथा सरलीकरण गर्नु, गुठी जग्गाको अभिलेखाङ्कन गरी अतिक्रमण रोक्नु, परम्परागत खेती प्रणालीलाई आधुनिकीकरण र व्यावसायीकरण गराई युवा जनशक्तिलाई कृषि तथा पशु व्यवसायतर्फ आकर्षित गराउनुका साथै कोभिड-१९ महामारीका कारण वैदेशिक रोजगारीबाट फर्केकाहरूका लागि कृषिमा आकर्षित हुने खालका कार्यक्रमहरूबाट स्वरोजगार गराउनु, खाद्यान्नको उचित वितरण गर्नु र यसको प्रयोगमा जनचेतनामूलक कार्य सञ्चालन गर्नुका साथै कृषि सहकारीहरूको लगानीलाई व्यापकरूपमा कृषि उत्पादन तथा उद्योगमा परिचालन गर्नुपर्ने चुनौतीहरू रहेका छन्।

### ४.१.३ संभावना तथा अवसर

विविध प्रकारको भू—बनावट र हावापानी भएकाले विविध किसिमका खेतिपाती र पशुपन्छीपालनको प्रचुर सम्भावना रहेको, कृषि तथा पशुपंक्षी विकासका लागि पालिकामा सरकारी, गैरसरकारी संस्था, सरोकारवाला संघ/संस्थाहरु क्रियाशिल रहेको, व्यवसायिक खाद्यन्न उत्पादनका लागि पालिकामा व्यवसियक अन्नबाली तथा दलहन, तेलहन उत्पादन, तरकारी, फलफूल तथा पशुपन्छीपालनका लागि प्रसस्त मात्रामा समथर भू—भाग रहेका छन् ।

उर्वर कृषि भूमिको उपलब्धता, आन्तरिक तथा छिमेकी देशको बजारको उपलब्धता, जैविक खेतीप्रतिको बढ्दो जागरण, कृषि स्थानीय सरकारको अधिकारमा हुनु, नगर क्षेत्रमा अवस्थित खोला स्रोत भएका कुलो एवं बोरिङ लगायतका भूमिगत श्रोतवाट अपार सिंचाईको सम्भावना हुनु, बढ्दो व्यवसायिक कृषि फर्म, बढ्दो कृषक समूहको उपस्थिति, मुख्य खाद्यान्न, तेलहन, दलहन र उखु जस्ता नगदे बाली आदिलाई मूल्यश्रृङ्खलामा आबद्ध गर्न सकिने अवस्था रहनु प्रमुख अवसर हुन् ।

### ४.१.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**लक्ष्य**

महाराजगंज नगरपालिकामा कृषिको आधुनिकीकरण एवम् व्यवसायिकताको विकासद्वारा कृषि तथा पशुपन्छीपालन क्षेत्रलाई प्रतिस्पर्धी र आत्मनिर्भर बनाउने ।

**उद्देश्य**

१. कृषि उत्पादन र उत्पादकत्व बृद्धि गरी नगरपालिकाको निर्यात प्रवर्द्धन गर्नु ।
२. निर्वाहमुखी कृषि प्रणालीलाई दिगो र व्यवसायिक प्रणालीमा रुपान्तरण गर्नु ।
३. जैविक खेतीको प्रवर्द्धनमार्फत कृषि क्षेत्रको प्रतिस्पर्धात्मक क्षमता बृद्धि गरी नगरपालिकाको अर्थतन्त्रमा टेवा पुर्‍याउनु ।
४. पशुपन्छी पालनलाई प्रविधियुक्त र व्यवसायिक बनाई पशुपन्छी जन्य पदार्थको निर्यात प्रवर्द्धन गर्नु ।

**रणनीति र कार्यनीति**

**तालिका ६ः कृषि तथा पशुपालनका रणनीति तथा कार्यनीतिहरू**

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| **उद्देश्य १ः कृषि उत्पादन र उत्पादकत्व बृद्धि गरी नगरपालिकाको निर्यात प्रवर्द्धन गर्नु ।** | |
| **१.१ः** कृषि क्षेत्रको उत्पादकत्व बृद्धि र आधुनिकीकरण गर्ने । | १. दिगो कृषि विकासकालागि आवश्यक नीति, ऐन र नियमहरू तर्जुमा तथा संसोधन गरी प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ ।<br>२. कृषि वस्तु उत्पादन अभिवृद्धि गर्न कृषि जन्य वस्तुको व्यवसायिक उत्पादनका लागि उपयुक्त र दिगो सिंचाइ सुविधा लगायतका आवश्यक पूर्वाधारको पहुँच बढाइनेछ ।<br>३. उन्नत प्रविधि (थ्रेसिंग मेशीन, जोत्ने, साइनारे आदि) मा सुलभ कृषि कर्जाको व्यवस्था मिलाइनेछ ।<br>४. कृषिमा आधुनिकीकरणका लागि आवस्यक कृषि औजारको व्यवस्था गरिनेछ।<br>५. खेती योग्य जग्गालाई बाँझो राख्ने प्रवृत्ति निरुत्साहित गर्दै बाँझो रहेका कृषि भूमिको दिगो उपयोगकालागि उपयुक्त योजना बनाई कार्यान्वयन गरिनेछ। |
| **उद्देश्य २ः निर्वाहमुखी कृषि प्रणालीलाई दिगो र व्यवसायिक प्रणालीमा रुपान्तरण गर्नु ।** | |
| **२.१ः** तुलनात्मक लाभ हुन सक्ने स्थानीय बालीनाली र आधारभूत खाद्यवस्तुको उपभोगमा आत्मनिर्भरता हासिल गर्ने । | १. खाद्य तथा अन्य कृषि उत्पादनमा आत्म निर्भरताकालागि उत्पादन पकेट क्षेत्र विकास गरी सघन व्यवसायिक खेती प्रणाली अघि बढाइनेछ ।<br>२. कृषि उपज उत्पादन, प्रशोधन, भण्डारण एवम् वितरण प्रणालीमा नयाँ प्रविधिको विकासको अनुसरण, अवलम्बन र आधुनिकीकरण गरिनेछ ।<br>३. उत्पादन र भण्डारणका क्रममा हुने हानी नोक्सानीलाई न्यूनीकरण गर्न कृषि उपज सङ्कलन तथा भण्डारण केन्द्रको स्थापना गरिनेछ ।<br>४. निजी तथा सहकारी क्षेत्रको संलग्नता बढाउँदै करार सम्झौतामा आधारित तथा सहकारी खेतीलाई प्राथमिकता दिइनेछ । |

<table>
<tr><td></td><td>५. मूल्य शृङ्खला पद्धति अनुसार उत्पादनदेखि बजारीकरणसम्मका कार्यक्रमहरू एकीकृत रूपमा सञ्चालन गरिनेछ ।<br>६. सुरक्षित खानपान र पौष्टिकतत्वका स्रोत तथा उपयोगबारे सचेतनात्मक कार्यक्रम सञ्चालन गरिनेछ ।</td></tr>
<tr><td colspan="2">उद्देश्य ३ः जैविक खेतीको प्रवर्द्धनमार्फत कृषि क्षेत्रको प्रतिस्पर्धात्मक क्षमता बृद्धि गरी नगरपालिकाको अर्थतन्त्रमा टेवा पुऱ्याउनु ।</td></tr>
<tr><td>३.१ः जलवायु परिवर्तन र प्रकोपबाट पर्ने नकारात्मक असर न्यूनीकरण गर्दै वातावरणमैत्री कृषि प्रविधिको विकास र विस्तार गर्ने ।</td><td>१. प्राङ्गारिक खेतीलाई प्रोत्साहित गरी उत्पादित वस्तुलाई बजारीकरणमा जोड दिइनेछ ।<br>२. जलवायु परिवर्तनसँगै कृषिमा अनुकूलन गरी कृषि जैविक विविधताको संरक्षण, सम्वर्द्धन तथा उपयोगमा बृद्धि गरिनेछ ।<br>३. लोपोन्मुख तथा रैथाने विउबिजन र बालीजन्य जैविक विविधता संरक्षणमा स्थानीय समुदायको अग्रसरतालाई प्रोत्साहन गरिनेछ ।<br>४. कृषि अध्ययन तथा अनुसन्धानमा आधारित वातावरणमैत्री कृषि प्रविधिको विकास एवम् विस्तार गरिनेछ ।<br>५. कृषि उपजको अधिकतम उत्पादन एवम् उत्पादकत्व बृद्धिकालागि स्थानीय साधन स्रोत र जैविक प्रविधिको उपयोग गरिनेछ ।</td></tr>
<tr><td colspan="2">उद्देश्य ४ः पशुपन्छी पालनलाई प्रविधियुक्त र व्यवसायिक बनाई पशुपन्छी जन्य पदार्थको निर्यात प्रवर्द्धन गर्नु।</td></tr>
<tr><td>४.१ः कृषकलाई पशुपन्छी पालन तथा पशुपन्छीजन्य व्यवसायमा प्रेरित गरी आत्मनिर्भर हुने कार्यक्रम सञ्चालन गर्ने ।</td><td>१. कृषकलाई पशुपन्छी पालन तथा पशुपन्छीजन्य व्यवसायमा प्रेरित गरी आत्मनिर्भर हुने कार्यक्रम सञ्चालन गरिनेछ ।<br>२. युवाको विदेश पलायन रोक्न तथा विदेशबाट फर्किएका र बेरोजगार युवालाई पशुपन्छी पालनमा युवा लाक्षित कार्यक्रमलाई प्राथमिकताका साथ सञ्चालन गरिनेछ ।<br>३. पशुपन्छी पालनमा युवा सहभागिता र महिला सशक्तीकरणलाई केन्द्रित गरी व्यवसायिक कार्यक्रम सञ्चालनमा ल्याइनेछ ।<br>४. व्यवसायिक पशुपन्छी पालनका साथै माछा पालन तथा मौरी पालनका कालागि अनुदान तथा सहुलियत ऋणको व्यवस्था गरिनेछ ।<br>५. विपन्न परिवारलाई पशुपन्छी पालनकालागि प्रोत्साहन कार्यक्रमहरू सञ्चालन गरिनेछ ।<br>६. प्रत्येक वडामा पशु प्राविधिकको व्यवस्था गरिनेछ ।</td></tr>
</table>

## कार्यक्रम तथा आयोजना

| उद्देश्य नं. | कार्यक्रमहरू | एकाइ | आधार वर्ष | योजनाको कुल लक्ष्य | अनुमानित श्रोत र वार्षिक लक्ष्य (रू.हजारमा) | | | | | | प्रति एकाइ लागत | जिम्मेबारी | स्थानगत तथा कार्यक्रम विवरण |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व | पाँचौ आ.व | जम्मा | | | |
| | **कृषि तथा पशुपन्छी** | | | | | | | | | | | | |
| | कृषि पकेट क्षेत्र निर्माण - धान, गहुँ, तरकारी, फलफुल | सङ्ख्या | | ५ | ६००० | ६००० | ६००० | ६००० | ६००० | ३०००० | | | |
| | बेमैसमी तरकारी खेति प्रवर्द्धन कार्यक्रम - वडा नं ५ र १० | एकमुष्ठ | | | ४००० | ४००० | ४००० | ४००० | ४००० | २०००० | | | |
| | एक वडा एक पशु र कृषि प्राविधिक | सङ्ख्या | 10 | १२ | १२०० | १२०० | २४०० | ३६०० | ४८०० | १३२०० | | | |
| | कृषि आधुनिकीकरण - टनेल, थ्रेसिंग तथा आधुनिक कृषि औजार सहायता कार्यक्रम | एकमुष्ठ | | | १०००० | १५००० | २०००० | २५००० | ३०००० | १००००० | | | |
| | व्यवसायिक तरकारी खेती प्रवर्द्धन कार्यक्रम - मुम्फली, भिन्डी, अलुगोलभेडा, बन्दा, काउली, प्याज | एकमुष्ठ | | | ६००० | ६००० | ६००० | ६००० | ६००० | ३०००० | | | |
| | व्यवसायिक पशुपालन प्रर्वद्धन कार्यक्रम - भैसी,बाखा, कुखुरा, गाई, मौरी | एकमुष्ठ | | | ४००० | ४००० | ४००० | ४००० | ४००० | २०००० | | | |
| | व्यवसायिक फलफुल प्रर्वद्धन कार्यक्रम - केरा, आँप, कागती, लिची, कटहर | एकमुष्ठ | | | ३२०० | ३२०० | ३२०० | ३२०० | ३२०० | १६००० | | | |
| | बिपन्न परिवारका लागि कृषि तथा पशु बीमा सहायता कार्यक्रम | एकमुष्ठ | | | १५०० | १५०० | १५०० | १५०० | १५०० | ७५०० | | | |
| | विउ बिजन बैंक स्थापना तथा संचालन | सङ्ख्या | | १ | २२०० | ५०० | ५०० | ५०० | ५०० | ४२०० | | | |
| | पशु एम्बुलेन्स तथा पशु जाँच केन्द्र संचालन | एकमुष्ठ | | | | २५०० | | | | २५०० | | | |
| | कृषि सहकारी व्यवस्थान तथा प्रवर्द्धन कार्यक्रम | एकमुष्ठ | | | २००० | २००० | २००० | २००० | २००० | १०००० | | | |
| | नश्ल सुधार कार्यक्रम | एकमुष्ठ | | | १२०० | १२०० | १२०० | १२०० | १२०० | ६००० | | | |
| | खोर/गोठ सुधार कार्यक्रम | एकमुष्ठ | | | २२०० | २२०० | २२०० | २२०० | २२०० | ११००० | | | |
| | सामुहिक/सहकारी कृषि तथा पशुपालनका लागि अनुदान कार्यक्रम | एकमुष्ठ | | | १४०० | १४०० | १४०० | १४०० | १४०० | ७००० | | | |
| | कृषि हाट बजार निर्माण तथा व्यवस्थापन | सङ्ख्या | | १० | १५०० | १५०० | १५०० | १५०० | १५०० | ७५०० | | | |

| उद्देश्य नं. | कार्यक्रमहरू | एकाइ | आधार वर्ष | योजनाको कुल लक्ष्य | अनुमानित श्रोत र वार्षिक लक्ष्य (रू.हजारमा) | | | | | | प्रति एकाइ लागत | जिम्मेबारी | स्थानगत तथा कार्यक्रम विवरण |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व | पाँचौ आ.व | जम्मा | | | |
| | कृषि जनशक्ति व्यवस्थापन, परिचालन तथा संरचनागत विकास | एकमुष्ठ | | | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | | | |
| | नगर कृषि गुरु योजना निर्माण | सङ्ख्या | | १ | | १००० | | | | १००० | | | |
| | कृषि सिकाई केन्द्र निर्माण कार्यक्रम | सङ्ख्या | | १ | | | | | ४००० | ४००० | | | |
| | मासु पसल सुधार तथा बधशाला स्थापना | एकमुष्ठ | | | | १००० | १००० | | | २००० | | | |
| | विउ–विजन तथा मलखात वितरण सहकारी स्थापना | सङ्ख्या | | ५ | २००० | २००० | २००० | २००० | २००० | १०००० | | | |
| | उखु जोन निर्माण कार्यक्रम | एकमुष्ठ | | | ४००० | ४००० | ४००० | ४००० | ४००० | २०००० | | | |
| | **कृषि तथा पशुपन्छीको जम्मा** | | | | **५२९००** | **६०७००** | **६३४००** | **६८६००** | **७८८००** | **३२४४००** | | | |

### ४.१.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

| नतिजा तह | नतिजा | सूचक | एकाई | आधार वर्षको अवस्था | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | जम्मा | पुष्ट्याँइको स्रोत | जोखिम पक्ष तथा अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो | तेस्रो | पाँचौं | | | |
| **कृषि तथा पशुपन्छी** | | | | | | | | | | |
| प्रभाव | नगरको आर्थिक विकासको क्षेत्रमा उच्चतम लगानी परिचालन गरी गुणस्तरीय उत्पादन र उत्पादकत्वमा बृद्धि गर्नु। | कुल गार्हस्थ्य उत्पादनमा कृषि तथा पशुपन्छीपालनको हिस्सा | प्रतिशत | ३१.९ | ३०.१ | २८.४ | २६.६ | २६.६ | नगर प्रोफाइल, कृषि, पशु विकास र स्वास्थ्य शाखाको प्रतिवेदन | कृषि, पशु र खाद्य सुरक्षा क्षेत्रले थप प्रोत्साहन र प्राथमिकता पाएका हुने |
| असर | कृषि उत्पादन र उत्पादकत्व बृद्धि गरी नगरपालिकाको निर्यात प्रवर्द्धन भएको हुनेछ । | प्रमुख खाद्यान्न बालीको उत्पादकत्त्व (धान, मकै, गहुँ, तोरी) | मे. टन प्रति हेक्टर | २२ | २३ | २४ | २४ | २४ | | |
| | | उखुको उत्पादकत्त्व | मे. टन प्रति हेक्टर | १५ | १६ | १७ | १७ | १७ | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | आलु बालीको उत्पादकत्त्व | मे. टन प्रति हेक्टर | ८ | ८ | ९ | ९ | ९ | | |
| प्रतिफल | निर्वाहमुखी कृषि प्रणाली दिगो एवम् व्यावसायिक प्रणालीमा रुपान्तरण हुनेछ । | ३० मिनेटसम्मको दुरीमा कृषि उपज बिक्रीका लागि बजार उपलव्ध भएका कृषक परिवार | प्रतिशत | ४५ | ४० | ३० | १५ | १५ | | |
| | | वर्षभरी सिंचाइ हुने खेतियोग्य जमिन | प्रतिशत | २० | ४० | ७० | ९० | ९० | | |
| | | तरकारी व्यवसायिक उत्पादन क्षेत्र | प्रतिशत | ७ | १९ | २७ | ३२ | ३२ | | |
| | | कृषि सहकारी संस्था | सङ्ख्या | २५ | २७ | ३० | ३३ | ३३ | | |
| | | सहकारीमा आवद्ध कृषक | प्रतिशत | ७० | ८० | ८५ | ९० | ९० | | |
| | कृषिमा आधारित उद्योगको स्थापना तथा सञ्चालन भई रोजगारी र आम्दानी बृद्धि हुनेछ । | कृषिमा आधारित उद्योग सञ्चालन | सङ्ख्या | ० | २ | ५ | ७ | ७ | | |
| | | कृषिमा आधारित रोजगारी | सङ्ख्या | | ४००० | ७००० | ९००० | ९०० | | |
| | | कृषि तालिम प्राप्त जनशक्ति | जना | | ५० | १०० | १५० | १५० | | |
| | | शीत भण्डार | सङ्ख्या | ० | | | | | | |
| | | कृषि उपज सङ्कलन केन्द्र | सङ्ख्या | ० | २ | ५ | ७ | १४ | | |
| | | टनेल | सङ्ख्या | | ५०० | १००० | १५०० | ३००० | | |
| | | कृषि प्राविधिक | जना | ४ | ६ | ९ | ११ | ७ | | |
| | व्यवसायिक पशुपालनबाट पशुजन्य पदार्थको आयात अन्त्य भई निर्यात प्रवर्द्धन भएको हुनेछ । | व्यवसायिक पशुपालन फर्म | सङ्ख्या | ५७ | १०० | १०० | १०० | ३०० | | |
| | | अण्डाको उत्पादकत्व दैनिक | सङ्ख्या (हजारमा) | २ | ३ | ५ | ७ | ७ | | |
| | | दुधको उत्पादकत्व दैनिक | लीटर (हजारमा) | ४ | ७ | १० | १५ | १५ | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | मासुको उत्पादकत्व दैनिक | मेट्रिक टन | १ | २ | ३ | ४ | ४ | | |
| | | पशु प्राविधिक | जना | १ | ५ | ९ | ११ | १० | | |

## ४.२ सिंचाई

### ४.२.१ पृष्ठभूमि

महाराजगंज नगरपालिकाको भएर वाणगंगा, कञ्चनिया, बेल नदी बगेको छ भने नगरपालिकामा धधुवा जस्ता खोलाका खोलाहरु रहेका छन् । सिंचाइका लागि स्थानीय खोला तथा मूलहरूका स्रोतहरूमा निर्भर रहेको यो पालिकाका सिंचाइ आयोजना तथा स्थानीय कुलोहरुबाट सिंचाइ सुविधा उपलव्ध भइरहेको छ । अझ पनि प्रयाप्त मात्रामा खेतीयोग्य जमिनमा सिंचाई सुविधा उपलव्ध हुन सकेको छैन र सिंचाइ सुविधा नपुगेका स्थानहरुमा खेतीको लागि अन्य ओभरहेड ट्यांकी, स्थानीय खोलाहरूमा बाँध तथा लिफ्ट मार्फत र केही मात्रामा आकाशे पानीमा निर्भर रहनु पर्ने बाध्यता रहेको छ । यहाँका कृषकहरुले धान, गहुँ, मकै, फलफूलका साथै विभिन्न थरिका बेमौसमि तरकारी बालीको पनि उत्पादन गर्ने गरेको पाइन्छ । आवस्यक पुर्वाधार विकासको अभावमा सबै नागरिकले यथोचित रुपमा सिंचाइको लागि पानी उपभोग गर्न सकिरहेको अवस्था छैन । मानव वस्तीको क्रमिक विकास र जलवायु परिवर्तन तथा विश्व तापमान वृद्धि साथै प्राकृतिकस्रोतको अत्यधिक दोहनका कारण पानीका स्रोतहरू सुक्ने क्रम जारी छ ।

महाराजगंज नगरपालिकाका ५७.३ प्रतिशत जमिनमा कुनै न कुनै प्रकारको सिचाईको व्यवस्था भएको देखिन्छ भने कञ्चनिया नदीबाट लिफ्टीङ्ग तथा अन्य स्थानीय खोला तथा धगुवा नालाबाट बाँध बाँधेर सिचाइ प्रयाप्त मात्रमा सिंचाइको सुविधा उपलब्ध गर्न सकिन्छ ।

### ४.२.२ समस्या तथा चुनौती

कृषि योग्य जमिनमा न्यून सिंचाइ सुविधा हुनु, सिंचाइ विकासमा आधुनिक प्रविधि (थोपा सिंचाइ, प्लाष्टिक पोखरी, लिफ्टिङ, बोरिङ्ग) को प्रयोगमा कमी हुनु, प्रयाप्त सिंचाइ कुलो र पोखरी गुणस्तरीय तथा पक्की नहुनु, भएका सिंचाइ आयोजनाहरू पनि पूर्ण क्षमतामा प्रयोगमा आउन नसक्नु, मर्मत सम्भारको कमी हुनु, सिंचाइ स्रोत मुहान सुक्दै जानु, जल उत्पन्न प्रकोपले सिंचाइ आयोजनामा क्षति पुग्नु, कृषि प्रणाली र सिंचाइ बीच अन्तरसम्बन्ध स्थापित गर्न नसकिनु आदि यस क्षेत्रका प्रमुख समस्याहरू रहेका छन् ।

सिंचाइ योजना निर्माण खर्चिलो र कठिन हुनु, कृषियोग्य जमिनमा सर्वयाम सिंचाइ सुविधा उपलव्ध गराउन नसक्नु, कृषि र सिंचाइ बीच अन्तरसम्बन्ध स्थापना नहुनु, सिंचाइ आयोजनाहरू पूर्ण क्षमतामा उपयोग नहुनु, स्थानीय समुदायहरूद्वारा सञ्चालन भईआएका परम्परागत सिंचाइ प्रणालीका कुलाहरूको संरक्षण हुन नसक्नु, सिंचाइ कुलाहरूको मर्मत सम्भारमा लाभग्राही उपभोक्ता समितिहरूलाई जिम्मेवार बनाउन नसक्नु आदि महाराजगंज नगरपालिकाको सिंचाई विकासका चुनौतीहरू हुन् ।

### ४.२.३ संभावना तथा अवसर

सिंचाइकालागि प्रयाप्त स्रोतहरूको उपलव्ध भएको भुमिगत तथा लिफ्ट सिंचाईको विकासका लागि उपयुक्त नदी तथा खोला भू-बनौट भएका कारण कम खर्चमा सिंचाई सुविधा उपलव्ध गराउन सकिने सम्भावना रहेको छ । सर्वायाम सिंचाईको उपलव्धता सँगै उत्पादकत्व वृद्धि भइ महाराजगंज खाद्य उत्पादनमा आत्मनिर्भर हुने सम्भावना रहेको छ ।

आकाशे पानी सङ्कलन र प्लाष्टिक पोखरीको अभ्यास सुरु हुनु, साना सिंचाइ निर्माणका क्षेत्रमा संघसंस्थाहरू क्रियाशील रहनु, साना सिंचाइ नगरपालिकाको अधिकार क्षेत्रमा पर्नु, नगरपालिकाको प्राथमिकतामा सिंचाइ क्षेत्र समावेश हुनु तथा सिंचाइका लागि उपयुक्त फाँटहरूको उपलव्धता हुनु यस पालिकाका सिंचाई विकासका अवसरहरू हुन् ।

### ४.२.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**लक्ष्य**

सिंचाइ प्रणालीको विकास र जलस्रोतको व्यवस्थापनबाट कृषिजन्य उत्पादनमा बृद्धि गर्ने ।

**उद्देश्य**

१. परम्परागत सिंचाइ संरचनामा सुधार गर्दै नयाँ वैकल्पिक सिंचाइ स्रोतको पहिचान गर्नु ।
२. कृषियोग्य जमिनमा सिंचाइको पहुँच बृद्धि गर्न दिगो सिंचाइ प्रणालीको विकास तथा व्यवस्थापन गर्नु ।

**रणनीति र कार्यनीति**

**तालिका ७: सिंचाईका रणनीति तथा कार्यनीतिहरू**

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| **उद्देश्य १: परम्परागत सिंचाइ संरचनामा सुधार गर्दै नयाँ वैकल्पिक सिंचाइ स्रोतको पहिचान गर्नु ।** | |
| **१.१:** परम्परागत सिंचाइ संरचनामा सुधार र व्यवस्थापनबाट खाद्य असुरक्षित क्षेत्रहरूलाई प्राथमिकतामा राखी सिंचाइको पहुँच बृद्धि गर्ने । | १. परम्परागत सिंचाइका परम्परागत स्रोतहरूको विवरण तयार पारिनेछ।<br>२. परम्परागत स्रोतहरूको क्षमताको प्राविधिक टोलीबाट मूल्याङ्कन गराइनेछ।<br>३. यस्ता स्रोतहरूको संरक्षण गर्ने कार्यको थालनी गरिनेछ ।<br>४. आधारभूत सिंचाइको पहुँच बृदिकोलागि खाद्य असुरक्षित क्षेत्रहरूको पहिचान गरी प्राथमिकताको निर्धारण गरिनेछ ।<br>५. संरचना निर्माणकोलागि वित्तीय स्रोतको व्यवस्था गरिनेछ ।<br>६. निर्माण कार्य सम्पन्न गर्न निर्माण तथा अनुगमन समितिको गठन गरिनेछ। |
| **१.२:** आधारभूत सिंचाइको पहुँच नपुगेका कृषिजन्य क्षेत्रहरूमा वैकल्पिक स्रोतहरूको व्यवस्थापन गरी सिंचाइको पहुँच बृद्धि गर्ने । | १. सिंचाइका वैकल्पिक स्रोतहरूको पहिचान र विज्ञ सम्मिलित टोलीबाट सम्भ्याव्यता अध्ययन गरिनेछ ।<br>२. संरचना निर्माणकोलागि आवश्यक वित्तीय स्रोतको व्यवस्थापन गरिनेछ।<br>३. सिंचाइको पहुँच नपुगेका कृषिजन्य क्षेत्रहरूको विवरण तयार गरी प्राथमिकताको सूची तयार गरिनेछ ।<br>४. प्राथमिकताको आधारमा वैकल्पिक सिंचाइ संरचनाको निर्माण गरिनेछ ।<br>५. सतह सिंचाइको सम्भावना नभएको क्षेत्रमा लिफ्टिङ प्रणालीबाट सिंचाइ गर्ने योजना तथा लागत इष्टिमेट गरिनेछ ।<br>६. संरचना निर्माणको निमित निजी वा अन्य क्षेत्रसँग साझेदारीको प्रयास गरिनेछ।<br>७. संरचना निर्माणको प्रयोजनकोलागि निर्माण तथा अनुगमन समिति गठन गरिनेछ।<br>८. संरचना विस्तारकोलागि उपभोक्ताको लागत सहभागिता सुनिश्चित गरिनेछ।<br>९. सिंचाइ आयोजनाहरूको मर्मत सम्भारको लागि कृषक तथा समुदायको क्षमता बृद्धि गरिनेछ ।<br>१०.सिंचाइको आवश्यक रेखदेख, अनुगमन र सञ्चालनकोलागि जनशक्तिको व्यवस्था गरिनेछ । |
| **उद्देश्य २: कृषियोग्य जमिनमा सिंचाइको पहुँच बृद्धि गर्न दिगो सिंचाइ प्रणालीको विकास तथा व्यवस्थापन गर्नु।** | |

| | |
|---|---|
| २.१ः खेतीयोग्य जमिन भएको तर सिंचाइको पहुँच नपुगेको वा अपर्याप्त भएको क्षेत्रमा प्राथमिकताको आधारमा सिंचाइको पहुँच बृद्धि गरिनेछ । | १. सिंचाइ नपुगेका अथवा अपर्याप्त खेतीयोग्य जमिनको विवरण तयार पारिनेछ ।<br>२. निर्माण भए तापनि समुचित प्रयोगमा नआएका सिंचाइ कुलोहरूको प्रयोगमा आउनेगरी पुनर्निर्माण गरिनेछ ।<br>३. एक योजनाबाट समुदायमा खानेपानी र सिंचाइको व्यवस्थापन गर्न सम्भब भएको अवस्थामा त्यस्ता योजनालाई प्राथमिकता दिइनेछ ।<br>४. सिंचाइकोलागि प्राथमिकताको आधारमा साना जलासय, पोखरी आदि संरचना तयार गरिनेछ ।<br>५. सिंचाइका संरचनाको मर्मत सम्भारकोलागि सामूहिक कोषको व्यवस्था गरिनेछ।<br>६. संरचना विस्तारकोलागि उपभोक्ताको लागत सहभागिता सुनिस्चित गरिनेछ।<br>७. सिंचाइको व्यवस्थापनकोलागि उपभोक्ताहरूको समितिको गठन गरिनेछ। |
| २.२ः दिगो सिंचाइ प्रणालीको लागि संरचनाको विकास र व्यवस्थापन गर्ने । | १. जल उपभोक्ता संस्थाको संस्थागत क्षमताको विकास गरिनेछ ।<br>२. सिंचाइ योजनाको सञ्चालन र व्यवस्थापनलाई दिगो बनाउन सिंचाइ सेवा शुल्क निर्धारण गरी सङ्कलन र उपयोग गर्न कानुनी व्यवस्था गरिनेछ ।<br>३. दिगो सिंचाइको व्यवस्थापनकोलागि उपभोक्ता र समुदायको दक्षतामा बृद्धि गरिनेछ ।<br>४. सिंचाइ पुगेका क्षेत्रमा उत्पादकत्व बढाउन सकिने खालका नगदेबाली, फलफूल तथा खाद्यवस्तुको उत्पादनलाई प्रोत्साहित गरिनेछ ।<br>५. सिंचाइ आयोजनाका मुहानहरूको संरक्षण गरिनेछ । |
| २.३ः जलउत्पन्न प्रकोपको क्षति नियन्त्रण गर्नु । | १. जल उत्पन्न जोखिमको क्षेत्र पहिचान गरी न्यूनीकरणका उपायहरू अवलम्बन गरिनेछ ।<br>२. नदीजन्य प्रकोपका दिगो नियन्त्रणमा स्थानीय प्रविधि र रैथाने ज्ञानको उपयोग गरिनेछ ।<br>३. स्थानीय खोलाखोल्सीको नियन्त्रणमा वायोइन्जिनियरिङ प्रविधिको उपयोग गरिनेछ।<br>४. नदी किनाराको वनको संरक्षणमा विशेष ध्यान दिइनेछ ।<br>५. नदी किनारका जोखिमयुक्त स्थानमा बस्ती विस्तार तथा नदी खोला अतिक्रमण र अव्यवस्थित दोहनको नियन्त्रण गरिनेछ । |

**कार्यक्रम तथा आयोजना**

| उद्देश्य नं. | कार्यक्रमहरू | एकाइ | आधार वर्ष | योजनाको कुल लक्ष्य | अनुमानित श्रोत र वार्षिक लक्ष्य (रू.हजारमा) | | | | | | प्रति एकाइ लागत | जिम्मेबारी | स्थानगत तथा कार्यक्रम विवरण |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व | पाँचौ आ.व | जम्मा | | | |
| | **सिचाँइ** | | | | | | | | | | | | |
| | डिप बोरिङ्ग –भगवान पुर, पडरिया सानो पडरिया, ठूलो पडरिया, वरगदा, गैडल्वा (ठूलो, सानो), उनवलीया, हरदौना, करौलीय अलगी, वडियो चोहटी, बगर्दी, आरहा देखि पश्चिम, महाराजगंज उत्तर, पचेहरी पूर्व, कजरहवा, सोन वर्षा, सिंगरहा, कठौतीया, परसपुरजीध्वा, कुशहवा, सत्भरा, बढनीको बिचमा, गंगौढा गगौढी र अलगाको बीचमा, इटरेलको पश्चिम, | एकमुष्ठ | | | १0000 | १0000 | १0000 | १000 | १0000 | ४१000 | | | |
| | कञ्चनिया नदीबाट पानी तान्ने लिफ्टीङ्ग प्रविधि जडान | सङ्ख्या | | १ | | | | ६000 | | ६000 | | | |
| | वाणगंगा नदी, धगुवा नालाबाट बाँध बाँधेर सिचाइ संरचना निर्माण | सङ्ख्या | | १ | | | ६000 | | | ६000 | | | |
| | सिंचाइ बाँध निर्माण - कञ्जनीया, मलवारी, वेल नदी | एकमुष्ठ | | | | | ३000 | ३000 | ३000 | ९000 | | | |
| | सानो पडरिया, ठूलो पडरिया, वरगदा, गैडल्वा (ठूलो, सानो), उनवलीया –सिचाई पोखरीहरु निर्माण | सङ्ख्या | | १0 | २000 | २000 | २000 | ४000 | ६000 | १६000 | | | |
| | पानी तान्ने मेशिन अनुदान सहायता | एकमुष्ठ | | | २२00 | २२00 | २२00 | २२00 | २२00 | ११000 | | | |
| | कुलाे निर्माण तथा स्तरीकरण (कञ्जनीया) | एकमुष्ठ | | | २000 | २000 | २000 | २000 | २000 | १0000 | | | |
| | **सिचाँइको जम्मा** | | | | **१६२00** | **१६२00** | **२५२00** | **१८२00** | **२३२00** | **९९000** | | | |

## ४.२.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

| नतिजा तह | नतिजा | सूचक | एकाई | आधार वर्षको अवस्था | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | जम्मा | पुष्ट्याँइको स्रोत | जोखिम पक्ष तथा अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो | तेस्रो | पाँचौं | | | |

<table>
<tr><th colspan="11">सिंचाइ</th></tr>
<tr><td rowspan="2">प्रभाव</td><td rowspan="2">जलस्रोत तथा सिंचाइको विकास र व्यवस्थापनबाट सबै क्षेत्रमा पाानीको अभाव अन्त्य गर्ने ।</td><td>खेतियोग्य जमिन मध्ये सिंचित जमिन</td><td>प्रतिशत</td><td>३०</td><td>३५</td><td>५५</td><td>६०</td><td>६०</td><td rowspan="7">पूर्वाधार विकास शाखा, सम्बन्धित शाखाको प्रगती विवरण</td><td rowspan="7">सिंचाई पूर्वाधार क्षेत्रमा लगानी वृद्धि हुनुको साथै अनुगमन पनि थप प्रभावकारी भएको हुने</td></tr>
<tr><td>बार्‍है महिना सिंचाइ हुने घरधुरी</td><td>प्रतिशत</td><td>१५</td><td>२०</td><td>३०</td><td>३५</td><td>३५</td></tr>
<tr><td rowspan="2">असर</td><td rowspan="2">बार्‍है महिना सिंचाइ उपलब्ध हुने क्षेत्र थप भई कृषि उत्पादकत्व बृद्धि भएको हुनेछ ।</td><td>सुचारु सिंचाइ आयोजना</td><td>सङ्ख्या</td><td>२</td><td>३</td><td>५</td><td>७</td><td>७</td></tr>
<tr><td>कुलो तथा नहर स्तरीकरण (किमि)</td><td>कि.मि.</td><td>०</td><td>१०</td><td>२०</td><td>३५</td><td>३५</td></tr>
<tr><td rowspan="3">प्रतिफल</td><td rowspan="3">पानीको मुहानहरू संरक्षण र व्यवस्थापन भएको हुनेछ ।</td><td>संरक्षित मुहान</td><td>सङ्ख्या</td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>प्लास्टिक पोखरी</td><td>सङ्ख्या</td><td>०</td><td>१०</td><td>१०</td><td>१०</td><td>३०</td></tr>
<tr><td>रिचार्ज पाेखरी</td><td>सङ्ख्या</td><td></td><td></td><td></td><td></td><td></td></tr>
</table>

### ४.३ पर्यटन, संस्कृति तथा सम्पदा

#### ४.३.१ पृष्ठभूमि

पर्यटन, महाराजगंज नगरपालिकाको समृद्धिको अर्को महत्वपूर्ण संभाव्य क्षेत्र हो । संविधानले नेपालको सम्पदाहरूको पहिचान, संरक्षण, प्रवर्द्धन र प्रचार प्रसार गर्दै पर्यावरण अनुकूल पर्यटन प्रवर्द्धन गर्ने र पर्यटन उद्योगको लाभमा स्थानीय जनतालाई प्राथमिकता दिने नीति लिएकोछ । स्थानीय सरकार सञ्चालन ऐनले पर्यटन सम्वन्धी योजनाहरूको कार्यान्वयन र अनुगमन, पर्यटकीय सेवा विस्तार आदि कार्य स्थानीय सरकारलाई सुम्पेको छ ।

यस नगरपालिकाको पर्यटकीय अन्तरसम्बन्ध आन्तरिक (खासगरी छिमेकी जिल्ला र वरपरका क्षेत्र) र वाह्य (खासगरी भारतसँग) रहेको छ । शान्तिका अग्रदुत भगवान गौतम बुद्धको गृह जिल्ला कपिलवस्तुमा अवस्थित यस नगरपालिका अन्तर्गत विभिन्न स्थलहरूमा गौतम बुद्ध संग सम्बन्धित विभिन्न पर्यटकीय क्षेत्रहरू रहेका छन् भन्ने जनविश्वास समेत रहेको छ । ऐतिहासिक तथा प्रसिद्ध धार्मिक स्थल पाल्टा देवि मन्दिर लगायतका क्षेत्रहरू छन् ।

लुम्बिनी प्रदेश अन्तर्गत पर्ने महाराजगंज नगरपालिका धार्मिक—सांस्कृतिक तथा जैविक विविधताको धनी, प्राकृतिक स्रोतको खानी र मनोरम सौन्दर्य स्थलको धनी छ । यस क्षेत्रमा रहेको लुम्बिनीका साथै यहाँ पाइने जैविक विविधता, विविध सांस्कृतिक सम्पदा र प्राकृतिक मनोरम सुन्दरताले यस नगरपालिकाको महत्त्वलाई झनै बढाएको छ । ऐतिहासिक तथा पुरातात्विक धरोहर, प्राकृतिक तथा सांस्कृतिक सम्पदा, रीतिरिवाज, भेषभूषा, कलाकौशल र शान्त एवम् स्वच्छ वातावरणको पूर्ण सदुपयोग गरिएमा पर्यटन क्षेत्रको विकासको राम्रो सम्भावना छ ।

#### ४.३.२ समस्या तथा चुनौती

पर्यटन उद्योगबाट हुन सक्ने लाभबारे स्थानीय नागरिकलाई, पर्याप्त जानकारी नहुनु, नगरपालिका क्षेत्रमा पर्यटन उद्योगकालागि दक्ष जनशक्तिको अभाव, आधारभुत पर्यटन पूर्वाधारको विकास नहुनु, पर्यटन क्षेत्रको विकासकालागि कुनै पनि राष्ट्रिय—अन्तर्राष्ट्रिय संस्थाको सहयोग परिचालन नहुनु आदि यहाँको पर्यटन विकासमा प्रमुख समस्याका रुपमा देखिएका छन् । पुर्खाको विरासदको रूपमा रहेका प्राचीन तथा मौलिक कला र जातीय संस्कृति, ऐतिहासिक मठ मन्दिरहरूको जगेर्ना हुन नसक्नु, बाह्य संस्कृतिको प्रभाव र अतिक्रमण बढ्नु, विभिन्न जातजाति तथा अल्पसङ्ख्यक जनसङ्ख्याले बोल्ने भाषा लोप हुने खतरामा हुनु जस्ता महाराजगंजको नगरपालिकाको संस्कृति तथा सम्पदा संरक्षणका समस्याहरू विद्यमान छन् ।

पर्यटकीय पूर्वाधार विकास खर्चिलो हुनु, युवावर्ग विदेश जाने क्रम अत्यधिक हुँदा पर्यटन विकासकालागि आवस्यक मानव स्रोत संसाधन व्यवस्थापन गर्न गाह्रो हुनु, ठूला योजनामा लगानी गर्न स्थानीय निजी क्षेत्र सक्षम नहुँदा पर्यटकीय पूर्वाधार विकास अपुरो हुने अवस्था सृजना हुनु महाराजगंजका पर्यटन पूर्वाधार विकासका चुनौतीहरू हुन् । प्राचीन सांस्कृतिक सम्पदा एवम् तिनिहरूको स्वामित्वमा रहेको सम्पत्तिको वैज्ञानिक अभिलेखीकरण गर्नु, विद्यमान सास्कृतिक विचलन रोक्नु, संस्कृति, कला, भाषा, र सम्पदाहरूको मौलिकपना जोगाइराख्नु र अन्तरपुस्ता ज्ञान हस्तान्तरण गर्नु, सांस्कृतिक गुठी तथा जात्राहरूको संरक्षण र निरन्तरता दिनु, सांस्कृतिक सम्पदाहरूको वैज्ञानिक अनुसन्धान, अध्ययन एवम् संरक्षण गर्नु, लोपोन्मुख जाति एवम् पिछडिएका वर्गको भाषा, साहित्य र संस्कृतिको संरक्षण र प्रवर्द्धन गर्नु, बढ्दो सहरीकरण र विश्वव्यापीकरणले प्राचीन सम्पदा र संस्कृतिको थपिएको चुनौतीको सामना गर्नु परेको छ ।

### ४.३.३ संभावना तथा अवसर

पर्यटन सम्वन्धी योजना कार्यान्वयनको अधिकार नगरपालिकामा हुनु, बिभिन्न धार्मिक, सास्कृतिक र प्राकृतिक पर्यटकीय स्थलको अवस्थिति रहनु, गौतम बुद्ध संग सम्बन्धित विभिन्न पर्यटकीय क्षेत्रहरू रहनु, देश भित्र र छिमेकी देशको सीमासम्म यातायातको सहज पहूँच हुनु, होटल रेष्टुरेण्ट लगायतका सेवा क्षेत्रको विस्तार हुँदै जानु, पर्यटन प्रति जनअभिरुची वढ्दै जानु आदि अवसरहरू रहेका छन् । त्यसैगरी, पर्यटन उद्योगकालागि आवश्यक अध्ययन र तालिमकालागि युवायुवती स्थानीय स्तरमा उपलब्ध हुनु, पर्यटन उद्योगकालागि आवश्यक अन्न, तरकारी, फलफूल नगरमा नै उत्पादन हुनु, स्थानीय उत्पादनको बजारीकरण हुनु, स्थानीय हस्तकला, भेषभुषा, संस्कृतिको प्रवर्द्धन हुनु, होमस्टे संचालनकालागि स्थानीय समुदाय इच्छुक रहनु, राष्ट्रिय र अन्तर्राष्ट्रिय जगतसँग आबद्ध हुने अवसर प्राप्त हुनु आदि महाराजगंज नगरपालिकाका पर्यटन विकास अवसर हुन् ।

भाषा, लिपि, संस्कृति, ललितकला आदिको संरक्षण र उपयोग स्थानीय निकायको कार्यदायरामा आउने, जातीय संस्कृतिको संरक्षणमा समुदायको सक्रियता बढ्ने, सांस्कृतिक एवम् धार्मिक विविधताका वीच सद्भाव अभिवृद्धि हुने जस्ता सम्भावना रहेका छन् । राष्ट्रिय एकता सुदृढ र बाह्य धार्मिक पर्यटकलाई आकर्षण गर्न सकिने अवस्था रहनु, संस्कृति संरक्षण र विकासलाई आयआर्जन र रोजगारीका अवसरहरूसँग जोडेर नगरपालिकाको समृद्धिमा योगदान हुनु, मुलुकमा संघीय स्वरूप अनुसार संघ, प्रदेश र स्थानीय तिनै तहका सरकारका तर्फबाट समन्वयात्मक रूपले स्रोत साधनको परिचालन गर्न सहज हुनु, साँस्कृतिक, धार्मिक, ऐतिहासिक एवम् पुरातात्विक सम्पदाहरू मार्फत् पर्यटन क्षेत्रको विकास गरी राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय स्तरमा महाराजगंज नगरपालिकालाई चिनाउनु आदि संस्कृति तथा सम्पदा संरक्षणका आदि अवसरहरू हुन् ।

### ४.३.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**लक्ष्य**

ऐतिहासिक सम्पदा तथा मौलिक कला संस्कृतिहरूको जगेर्ना र सामाजिक सद्भाव कायम गरी महाराजगंज नगरपालिकालाई आकर्षक र मनोरम पर्यटकीय गन्तव्यका रूपमा विकास गर्ने ।

**उद्देश्य**

१. पर्यटन व्यवसायको गुणस्तर बृद्धि तथा पर्यटकीय स्थलको प्रचार-प्रसार गर्नु ।
२. पर्यटकीय पूर्वाधारहरूको विकास गर्नु ।
३. मानव संसाधन विकास गर्नु ।
४. पर्यटकीय स्रोतसाधनको व्यवस्थापन गर्नु ।
५. विभिन्न धर्म, भाषा, संस्कृति, कला, साहित्य र परम्पराको संरक्षण र सम्वर्द्धन गर्नु ।
६. विभिन्न ऐतिहासिक, पुरातात्विक, धार्मिक र सांस्कृतिक सम्पदाको पुनःनिर्माण, जीर्णोद्धार र व्यवस्थापन गर्नु ।

**रणनीति तथा कार्यनीति**

**तालिका ८: पर्यटनका रणनीति तथा कार्यनीतिहरू**

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| **उद्देश्य १ः पर्यटन व्यवसायको गुणस्तर बृद्धि तथा पर्यटकीय स्थलको प्रचार-प्रसार गर्नु ।** | |
| **१.१ः** नगरपालिकामा हाल सञ्चालनमा रहेका होटेल र चियापसलहरूको सेवाको स्तरोन्नति गर्ने । | १. स्थानीय होटेल, लज, रेस्टुराँ र चियापसलका व्यवसायीहरूलाई विषयगत इन्स्ट्रक्टर झिकाई स्थानीय स्तरमै पेशागत तालिमको व्यवस्था गरिनेछ ।<br>२. भइरहेका व्यवसायहरूको स्तरोन्नतिकालागि नगरपालिकाको पहलमा सहुलियत दरको पुँजीको खोजी गरिदिइनेछ । |

| | |
|---|---|
| १.२ः नगरपालिका भित्रका पर्यटकीय स्थलहरूको प्रचारप्रसार गर्ने । | १. पर्यटन प्रवर्द्धन बारेमा विज्ञहरूबाट संक्षिप्त अध्ययन गराइनेछ ।<br>२. विभिन्न सञ्चार माध्यमको प्रयोग गरी ठाउँहरूबारे प्रचार प्रसार गरिनेछ ।<br>३. ब्रोस्योर तयार गरी छिमेकी जिल्लाहरूमा बितरण गरिनेछ ।<br>४. जिल्लाका ब्याचलर्स/ मास्टर्स तहका विद्यार्थीहरूलाई अनुसन्धानकालागि यी स्थानको फिल्ड भिजिटमा प्रोत्साहित गरिनेछ ।<br>५. यी स्थान विशेषका बारेमा नियात्राकारहरूको भ्रमण आयोजना गर्ने र साहित्यिक लेखरचना लेखाई पत्रपत्रिकामा प्रकाशित गर्ने व्यवस्था गरिनेछ।<br>६. वेबसाइट, युट्युव, फेसबुक, ट्वीटर, इन्स्टाग्राम जस्ता सामाजिक सञ्जालको प्रयोग गरी आवस्यक प्रचार प्रसार गरिनेछ। |
| **उद्देश्य २ः पर्यटकीय पूर्वाधारहरूको विकास गर्नु ।** | |
| २.१ः पर्यटन क्षेत्रको विकासकालागि आवश्यक पूर्वाधारहरूको विकास गर्ने । | १. पर्यटकीय महत्त्वका स्थानहरूमा आवागमन सहज बनाउन सडक, पुल आदि निर्माण गरिनेछ ।<br>२. भइरहेका पर्यटकीय स्थलहरू तथा सडकहरूको स्तरोन्नति गरिनेछ । |
| २.२ः पर्यटन पूर्वाधारहरूको निर्माण गर्ने । | १. विशेष पर्यटकीय स्थलहरूको पहिचान गरी पूर्वाधार निर्माणको विस्तृत योजना प्रतिवेदन तयार पारिनेछ ।<br>२. पूर्वाधार निर्माणकालागि आवश्यक जग्गा खरिद तथा अधिग्रहण गरिनेछ । |
| **उद्देश्य ३ः पर्यटकीय मानव संसाधन विकास गर्नु ।** | |
| **३.१ः** नारपालिका भित्रका युवायुवतीलाई पर्यटन विषयको शिक्षा प्रदान गर्ने । | १. पर्यटन व्यवसायप्रति युवायुवतीको आकर्षण बढाउन आफ्नो क्षेत्रभित्रका योग्य र इच्छुक विद्यार्थीहरूलाई पर्यटन तथा अतिथि सत्कार विषयमा ब्याचलर्स डिग्रीमा अध्ययन गर्न पठाइने र आर्थिक सहयोग गरिनेछ ।<br>२. आफ्नो क्षेत्रभित्रका योग्य र इच्छुक युवायुवतीलाई नेपाल पर्यटन तथा होटेल व्यवस्थापन एकेडेमीबाट दिने गरिएका Food Preparation and Control, Tourist Guide, लगायतका छोटो अवधिका तालिममा पठाइने र आर्थिक सहयोग गरिनेछ । |
| **उद्देश्य ४ः पर्यटकीय स्रोतसाधनको व्यवस्थापन गर्नु ।** | |
| ४.१ः बाह्य स्रोतसाधनको खोजी गर्ने । | १. पालिकाभित्र सामान्य रूपमा सम्भावना देखिएका योजनाहरूको विस्तृत सम्भाव्यता अध्ययन गर्न संघीय र प्रदेश सरकारसमक्ष अनुरोध गरिनेछ ।<br>२. पालिकामा आउने गैरसरकारी संस्थाहरूलाई यस योजनामा समावेश भएका कार्यक्रमहरूमा लगानी गर्न आह्वान गरिनेछ । |
| ४.२ः आन्तरिक स्रोतसाधनको परिचालन गर्ने । | १. नगरपालिकाको वार्षिक बजेटको निश्चित प्रतिशत रकम पर्यटन क्षेत्रका कार्यक्रमकालागि छुट्याइनेछ ।<br>२. पर्यटन क्षेत्रको विकासकालागि स्थानीय निजी क्षेत्रलाई आह्वान गरिनेछ। |
| **उद्देश्य ५ः विभिन्न धर्म, भाषा, संस्कृति, कला, साहित्य र परम्पराको संरक्षण र सम्वर्द्धन गर्नु ।** | |
| **५.१ः** सबै जात जाति र समुदायका धर्म, भाषा, संस्कृति, कला, साहित्य र मौलिक परम्पराको संरक्षण गरी भावी पुस्तामा हस्तान्तरण हुने व्यवस्था गर्ने । | १. धार्मिक, सांस्कृतिक सहिष्णुता कायम राख्दै प्रत्येक समुदायको धार्मिक एवम् सांस्कृतिक सम्पदाको संरक्षण, सम्वर्द्धन र प्रवर्द्धन गर्ने व्यवस्था गरिनेछ ।<br>२. भाषा, कला र संस्कृतिको संरक्षण र सम्बर्धन गर्ने नीति, नियम तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।<br>३. धर्म, भाषा, संस्कृति, कला, साहित्य र मौलिक परम्पराको विकासमा उल्लेखनीय योगदान गर्ने व्यक्तित्वहरूको नामबाट निर्मित संरचनाहरूको नामकरण गरिनेछ । |
| **५.२ः** भाषा, कला र साहित्य, बहुसंस्कृतिको संरक्षण, सम्वर्द्धन र विकास गर्ने । | १. सबै जात जातिको संस्कृति, रितिरिवाज र परम्पराको संरक्षणकोलागि बहुसांस्कृतिक ग्रामको स्थापना र विकास गरिनेछ ।<br>२. भाषा, लोक साहित्य, लोक संस्कृति, नृत्य, नाट्य र कलाको सम्बर्धन र साहित्यको विकास गर्न भाषा, कला, साहित्य र संस्कृति प्रतिष्ठानको गठन गरी सञ्चालन गरिनेछ । |

| | |
|---|---|
| | ३. भाषा, साहित्य र कलाको क्षेत्रबाट सामाजिक, सांस्कृतिक रूपान्तरणमा विशिष्ट योगदान गरिनेछ ।<br>४. व्यक्तित्वहरूलाई सम्मानित र पुरस्कृत गरिनेछ ।<br>५. प्रतिष्ठानद्वारा गायन, संगीत, नृत्य र नाटक सम्बन्धी व्यवसायिक र गैरव्यवसायिक प्रशिक्षण केन्द्रहरूको आधारभूत पाठ्यक्रममा एकरूपता कायम गरिनेछ ।<br>६. विभिन्न धार्मिक सम्पदा एवम् तीर्थस्थलहरूलाई व्यवस्थापकीय सुधार गरी दिगो रूपमा सञ्चालन गरिनेछ । |
| **५.३ः** भाषा, कला, साहित्य र संस्कृतिका खोज अनुसन्धान गरी धार्मिक एवम् साँस्कृतिक पर्यटनको प्रवर्द्धन गर्दै आर्थिक समृद्धिमा टेवा पुऱ्याउने । | १. विभिन्न जातजाति र भाषाभाषीको मौलिक एवम् परम्परागत धर्म, संस्कृतिको संरक्षण र विकास गर्न खोज अनुसन्धान गरिनेछ ।<br>२. भाषा र संस्कृतिको विकास गरी भाषा र संस्कृतिलाई पर्यटन प्रवर्द्धनसँग जोडिनेछ । |
| **५.४ः** बहुसांस्कृतिक संग्रहालयको स्थापना र सञ्चालन गर्ने मापदण्ड बनाई कार्यान्वयन गर्ने । | १. सांस्कृतिक सम्पदालाई संरक्षण गर्न बहुसांस्कृतिक संग्रहालयको स्थापना र सञ्चालन गरिनेछ ।<br>२. संग्रहालयमा स्थानीय कला, भाषा, लिपि, संस्कृति र ऐतिहासिक वस्तुहरू प्रदर्शनको व्यवस्था मिलाइनेछ।<br>३. संग्रहालयहरूलाई स्तरोन्नति गरी पर्यटकीय गन्तव्यको रूपमा विकास गरिनेछ । |
| **५.५ः** पुरातात्विक एवम् मौलिक सम्पदा, जातीय संस्कृति र गुठीहरूको संरक्षण, संबर्धन र अभिलेखीकरण गर्न संस्थागत संरचनाको निर्माण र परिचालन गर्ने। | १. विभिन्न जातिका सांस्कृतिक रीतिरिवाज र परम्परा झल्काउने कार्यक्रहरू, टेलिफिल्म, भिडियोहरू बनाउने र विद्यालय तथा समुदाय स्तरमा प्रदर्शन गर्ने कार्यक्रम सञ्चालन गरिनेछ।<br>२. भाषा, साहित्य, नाट्यकला, संगीत र ललितकलाको क्षेत्रमा योगदान पुऱ्याउने संघ संस्था तथा व्यक्तित्वहरूको अभिलेख तयार गरी अद्यावधिक गरिनेछ ।<br>३. परम्परादेखि लाग्दै आएका ठूला मेलाहरूको उचित व्यवस्थापन गने प्रबन्ध मिलाइनेछ। |
| **उद्देश्य ६ः विभिन्न ऐतिहासिक, पुरातात्विक, धार्मिक र सांस्कृतिक सम्पदाको पुनर्निर्माण, जीर्णोद्धार र व्यवस्थापन गर्नु ।** | |
| **६.१ः** जीर्ण अवस्थामा रहेका ऐतिहासिक, पुरातात्विक तथा सांस्कृतिक महत्त्वका सम्पदाहरूको पहिचान गरी तिनीहरूको जीर्णोद्धार, संरक्षण र विकास गर्ने । | १. महत्त्वपूर्ण सांस्कृतिक सम्पदालाई विश्व सम्पदा सूचीमा सूचीकृत गर्नकालागि पहल गर्न निर्देशिका बनाई यसकालागि प्रदेश र संघ सरकारसँग समन्वय गरिनेछ ।<br>२. यस नगरपालिका भित्र रहेका सम्पदाहरूको खोज, अन्वेषण गरी संरक्षण गरिनेछ । |
| **६.२ः** भौतिक एवम् अभौतिक संस्कृतिको संरक्षण गर्न सांस्कृतिक प्रोफाइल तयार गरी अद्यावधिक गर्ने। | १. प्रदेशका सबै पुरातात्विक तथा धार्मिक क्षेत्र र स्थानसँग सम्बन्धित संस्कृतिहरूको श्रव्यदृश्यसहितको प्रोफाइल तयार गरी संरक्षण गरिनेछ ।<br>२. विभिन्न जातजातिसँग सम्बन्धित मौलिक एवम् स्थानीय सामग्रीहरूलाई उत्पादन र प्रवर्द्धन गरिनेछ ।<br>३. लोपोन्मुख स्थानीय कला, भाषा, लिपि, र संस्कृतिको अभिलेखीकरण गरी संरक्षण र विकास गरिनेछ ।<br>४. भाषा, कला, नृत्य, नाट्यकला, लिपि र संस्कृतिलाई अभ्यास र स्थलीय सघनताका आधारमा सामुहीकरण गरी विकास र संरक्षणका कार्यक्रहरू सञ्चालन गरिनेछ ।<br>५. मौलिक भाषा, लोक संगीत, संस्कृति र कला सम्बन्धी सामग्री आधारभूत तहको स्थानीय पाठ्यक्रममा समावेश गरिनेछ । |

## कार्यक्रम तथा आयोजना

| उद्देश्य नं. | कार्यक्रमहरू | एकाइ | आधार वर्ष | योजनाको कुल लक्ष्य | अनुमानित श्रोत र वार्षिक लक्ष्य (रू.हजारमा) | | | | | | प्रति एकाइ लागत | जिम्मेबारी | स्थानगत तथा कार्यक्रम विवरण |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व | पाँचौ आ.व | जम्मा | | | |
| | **पर्यटन, संस्कृति तथा सम्पदा** | | | | | | | | | | | | |
| | ऐलानी जग्गामा पोखरी पार्क निर्माण – बढ्नी, सत्भरा, कुशहवा | एकमुष्ठ | | | २००० | ३००० | ४००० | ५००० | ६००० | २०००० | | | |
| | वघुबा जंगलमा पर्यटकीय क्षेत्र निर्माण तथा प्रवर्द्धन कार्यक्रम | एकमुष्ठ | | | | | | ५००० | ५००० | १०००० | | | |
| | स्थानीय कला भाषा संस्कृति प्रवर्द्धन कार्यक्रम | एकमुष्ठ | | | ७५० | ७५० | ७५० | ७५० | ७५० | ३७५० | | | |
| | नगर सांस्कृतिक अध्ययन केन्द्र निर्माण तथा संचालन | सङ्ख्या | | | | | १२०० | २०० | २०० | १६०० | | | |
| | वार्षिक साहित्यिक प्रतियोगिता कार्यक्रम | एकमुष्ठ | | | ३५० | ३५० | ३५० | ३५० | ३५० | १७५० | | | |
| | मूर्ति बनाउने व्यक्तिका लागि अनुदान सहायता कार्यक्रम | एकमुष्ठ | | | २५० | २५० | २५० | २५० | २५० | १२५० | | | |
| | मन्दिर, मस्जिद लगायतका धार्मिक एवम् ऐतिहासिक महत्वका केन्द्रको संरक्षण तथा प्रवर्द्धन कार्यक्रम | एकमुष्ठ | | | ३००० | ३००० | ३००० | ३००० | ३००० | १५००० | | | |
| | पर्यटकीय क्षेत्रहरुको प्रचार-प्रशार एवम् पर्यटन प्रवर्द्धन कार्यक्रम | | | | १००० | १००० | १००० | १००० | १००० | ५००० | | | |
| | **पर्यटन, संस्कृति तथा सम्पदाको जम्मा** | | | | **७३५०** | **८३५०** | **१०५५०** | **१५५५०** | **१६५५०** | **५८३५०** | | | |

## ४.३.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

| नतिजा तह | नतिजा | सूचक | एकाई | आधार वर्षको अवस्था | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | जम्मा | पुष्ट्याँइको स्रोत | जोखिम पक्ष तथा अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो | तेस्रो | पाँचौं | | | |
| **पयर्टन** | | | | | | | | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रभाव | नगरपालिका एउटा आकर्षक र मनोरम पर्यटकीय गन्तव्यका रूपमा स्थापित भएको हुनेछ । | पर्यटन व्यवसायबाट प्रत्यक्ष रोजगारी पाउने | प्रतिशत | ० | | | ३ | ३ | नगरपालिका प्रगति विवरण, वार्षिक नीति तथा कार्यक्रम, नगर प्रोफाइल, सम्वन्धित शाखाको प्रतिवेदन | पर्यटन क्षेत्रमा तीनै तहको सरकारको लगानी वृद्धि भएको हुने नीजि क्षेत्रको लगानी वृद्धि भएको हुने, पर्यटकीय स्थलहरूको बारेमा प्रभावकारी प्रचार प्रसार र आवश्यक पूर्वाधारहरू तयार भएका हुने |
| | | पर्यटक सङ्ख्यामा बृद्धि दर (आन्तरिक) | प्रतिशत | ० | ० | ५ | १३ | १३ | | |
| | | पर्यटक सङ्ख्यामा बृद्धि दर (बाह्य) | प्रतिशत | ० | ० | २ | ५ | ५ | | |
| असर | पर्यटन व्यवसायको गुणस्तर बृद्धि भई पर्यटकीय स्थलको प्रचार-प्रसार भएको हुनेछ । | पर्यटन र सेवामूलक व्यवसायमा संलग्न व्यक्ति | सङ्ख्या | | २० | ७० | १०० | १९० | | |
| | | पर्यटन सुचना केन्द्र स्थापना | सङ्ख्या | ० | | | १ | १ | | |
| | | पालिकामा भ्रमण गर्न आएका पर्यटकहरूको वार्षिक सङ्ख्या | सङ्ख्या | | २००० | ५००० | १५००० | १५००० | | |
| प्रतिफल | आधारभुत पर्यटकीय पूर्वाधारहरूको विकास भएको हुनेछ । | आधारभुत पूर्वाधार सहितको पर्यटकीय स्थल | सङ्ख्या | ३ | ३ | ४ | ५ | ५ | | |
| | | पर्यटकीय स्तरका होटल | सङ्ख्या | ७ | १० | १५ | २० | २० | | |
| | | साधारण होटल | सङ्ख्या | ५० | ६० | ८० | १०० | १०० | | |
| | पर्यटन उद्योगकालागि आवस्यक स्थानीय मानव संसाधन विकास भएको हुनेछ । | ट्रेकिङ गाइड तालिम प्राप्त जनशक्ति | सङ्ख्या | | | | | | | |
| | | कुक तालिम प्राप्त जनशक्ति | सङ्ख्या | | २० | ६० | १०० | १०० | | |
| | | होटल व्यवस्थापन तालिम प्राप्त जनशक्ति | सङ्ख्या | | १० | ३० | ५० | ५० | | |

## ४.४ उद्योग, व्यापार, व्यावसाय तथा आपूर्ति

### ४.४.१ पृष्ठभूमि

उद्योग तथा वाणिज्य क्षेत्र यस नगरपालिकाको अर्थतन्त्रको महत्वपूर्ण आधार हो । नेपालको संविधानले तुलनात्मक लाभका क्षेत्रको पहिचान गरी उद्योगको विकास र विस्तार गर्ने, स्वदेशी लगानीलाई प्रोत्साहन गर्ने, वैदेशिक पुंजी आकर्षित गर्ने, औद्योगिक पूर्वाधार निर्माण गर्ने, स्थानीय श्रम सिपको उपयोग गर्ने, व्यापारिक स्वच्छता र अनुशासन कायम राख्दै उपभोक्ता हित संरक्षण गर्ने आदि नीति लिएको छ । स्थानीय सरकार सञ्चालन ऐनले लघु, घरेलु र साना उद्योगको दर्ता, नवीकरण, खारेजी, नियमन, प्रवर्द्धन र व्यवस्थापन एवं उद्यमशिलता विकास र प्रवर्द्धनको आधिकार दिएको छ । साथै स्थानीय सेवाको व्यवस्थापन, स्थानीय वजार व्यवस्थापन आदि कुराहरू स्थानीय सरकारको कार्यक्षेत्रमा पर्दछन् ।

विकासको संरचना र प्रविधिहरूमा आएका प्रगतिहरूले अव महाराजगंज नगरपालिकाका कुनै पनि बस्तीहरू वाह्य क्षेत्र वा वजारबाट हुने आयात निर्यातबाट अलग रहन सकेको अवस्था छैन । भौगोलिक हिसावबाट विविधता रहेको यस पालिका भित्र खाद्यान्नको विनिमयमा एक आपसमा आश्रित रहेको अवस्था छ । मुख्य रुपमा लताकपडा, शिक्षा, स्वास्थ्य, संचार तथा यातायातका साधनहरू र कृषि तथा पशुपन्छिका लागि चाहिने मल, विषादि, दाना र औषधिहरू नै पालिका भित्र आपुर्ति हुने प्रमुख वस्तुहरू हुन् । विगतका तथ्याङ्कलाई हेर्दा नगरपालिकाको वित्तिय संचिति ऋणात्मक देखिन्छ । आयातलाई निर्यातले प्रतिस्थापन गर्न पालिका भित्र वस्तुहरूको उत्पादन र विविधिकरण गर्न आवश्यक देखिन्छ ।

स्थानीय स्तरमा उत्पादन हुने खाद्य तथा कच्चा पदार्थको बजार मुलतः नगरपालिकाका स्थानीय बजार, छिमेकी पालिकाहरू र छिमेकी सिमा (भारत) क्षेत्रहरू नै हुन् । खाध्यान्न, ताजा तरकारी र मदिरा जन्य पदार्थहरू यहाँबाट निर्यात हुने गरेको छ ।

### ४.४.२ समस्या तथा चुनौती

आयात निर्यातको असन्तुलनका कारण ग्रामिण क्षेत्रको शहर प्रतिको परर्निभरतामा वृद्धि हुदै गइराखेको अवस्था छ । आयात क्षेत्रको प्रमुख समस्या भनेको ग्रामिण क्षेत्रबाट हुने पुँजीको पलायन नै हो । वित्तिय स्रोतको संकुचनका कारण ग्रामिण क्षेत्रका आर्थिक गरिविधिहरू क्रमश शहरकेन्द्रित हुँदै गएका छन् । ग्रामिण क्षेत्रका मुद्रा पुन शहरतिर नै फर्केको अवस्था छ । रैथाने नश्ल तथा जातहरूको विस्थापनका कारण कृषि, वागवानी तथा पशुपन्छि पालन क्षेत्रमा संक्रमणको जोखिम फराकिलो हुँदै गइरहेको छ । निर्माण सामाग्रीको रुपमा प्रयोग हुने गिट्टी, ढुङ्गा, वालुवा आदि खानी तथा नदिजन्य वस्तुको अत्यधिक र भाँडभैलो तरिकाले दोहन हुँदा वातावरणीय असन्तुलन मात्र नभई विपद्को जोखिम उच्च रहेको छ ।

दक्ष श्रमशक्तिको न्यूनता, उद्यमशीलताको कमी, उद्योग तथा वाणिज्य क्षेत्रमा न्यून लगानी, औद्योगिक विकासको लागि आवश्यक नीतिको अभाव, औद्योगिक ग्राम तथा औद्योगिक पूर्वाधारको अभाव आदि यसक्षेत्रका प्रमुख समस्याहरू हुन ।

### ४.४.३ संभावना तथा अवसर

वर्तमान अवस्थामा यस नगरपालिकामा राष्ट्रिय स्तरका ठूला उद्योग एवम् कारखानाहरू नभए पनि स्थानीय स्तरमा पाइने कच्चा पदार्थहरू र जडीबुटीमा आधारित उद्योग विकासको प्रचुर सम्भावना रहेको छ । साना तथा मझौला उद्योगकालागि आवश्यक कच्चा पदार्थ सहज रूपमा नै उपलब्ध हुन सक्ने देखिन्छ । घरेलु स्तरमा उत्पादित उत्पादनहरूको बजारीकरणकोलागि नगरपालिकाको सहजीकरण र समन्वयकारी भूमिका भने अति महत्त्वपूर्ण हुने गर्दछ ।

साना तथा मझौलाका उद्योगकोलागि आवश्यक कच्चा पदार्थ सहज रूपमा नै उपलब्ध हुनु, उद्योगको विकासबाट भौतिक, आर्थिक तथा सामाजिक संरचनाको विकास भई आर्थिक समुन्नति तथा रोजगारीका अवसरहरू सिर्जना हुनु, उद्योगबाट स्थानीय तहमा हुने रोजगारी सिर्जनाले बसाइँसराइ कम भई स्व—स्थानको विकासमा समुदायहरू समर्पित हुनु, स्थानीय कच्चा पदार्थको सदुपयोग हुनु, पर्यटकहरूलाई स्थानीय उत्पादन मार्फत् स्वागत गर्न सकिने र बजारीकरणलाई समेत सहयोग पुग्नु आदि महाराजगंज नगरपालिकामा उद्योग, व्यापार, व्यवसाय तथा आपूर्ति क्षेत्रका अवसरहरू हुन् ।

### ४.४.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**लक्ष्य**

कृषि, वागवानी र पशुपन्छि विकासका लागि आयात गर्नु पर्ने वस्तुमा आत्म निर्भर भई निर्यातको अवस्था सिर्जना गर्ने ।

**उद्देश्य**

१. नगरपालिका भित्रको आपूर्ति प्रणालीलाई प्रभावकारी एवम् दिगो बनाउनु ।
२. स्थानीय स्रोत, कच्चा पदार्थ, सीप र साधनको अधिकतम परिचालन गर्नु ।
३. उत्पादित वस्तुहरूको बिक्री वितरणकालागि बजार व्यवस्थापन गर्नु ।
४. वाणिज्य क्षेत्रलाई स्थानीय अर्थतन्त्रको महत्त्वपूर्ण अङ्गको रूपमा विकास गर्नु ।

**रणनीति तथा कार्यनीति**

**तालिका ९: आपुर्तीका रणनीति र कार्यनीति**

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| **उद्देश्य १: नगरपालिका भित्रको आपूर्ति प्रणालीलाई प्रभावकारी एवम् दिगो बनाउनु ।** | |
| १.१: अत्यावस्यक सामाग्रीहरूको सहज आपूर्तिको सुनिश्चितता गर्ने । | १. सुपथ मुल्य पसलहरू सञ्चालनको व्यवस्था गरिनेछ ।<br>२. सुपथ मुल्य पसल सञ्चालनकालागि सहज कर्जा तथा नियमित अनुगमनको व्यवस्था मिलाइनेछ ।<br>३. नगरपालिका भित्रको सम्पुर्ण आपूर्ति व्यवस्थालाई प्रभावकारी बनाउन उच्चस्तरीय बजार अनुगमनको संयन्त्र परिचालित गरिनेछ। |
| **उद्देश्य २: स्थानीय स्रोत, सीप र साधनको अधिकतम परिचालन गर्नु ।** | |
| २.१: स्थानीय स्रोतमा आधारित कच्चा पदार्थको प्रशोधन गर्न तथा उद्योग सञ्चालन गर्न सहजिकरण एवम् प्रोत्साहन गर्ने । | १. स्थानीय कच्चा पदार्थमा आधारित उद्योग (सस, जाम, अचार))सञ्चालन गरिनेछ ।<br>२. स्थानीय रुपमा उपलब्ध हुने कच्चा पदार्थको प्रशोधन गर्नेकार्यलाई प्रोत्साहन गरिनेछ।<br>३. निजी-सहकारी लगानी मैत्री वातावरण निर्माण गर्न आवश्यक संस्थागत संयन्त्र बनाई क्रियाशील गरिनेछ ।<br>४. उद्योगी, व्यवसायी एवम् लगानीकर्तालाई उद्योग दर्तादेखि स्थानान्तरण सम्मका सेवाहरू सहज उपलब्ध गराइनेछ । |
| **उद्देश्य ३: उत्पादित वस्तुहरूको बिक्री वितरणकालागि बजार व्यवस्थापन गर्नु ।** | |
| ३.१: स्थानीय उत्पादनलाई गुणस्तरीयता सुनिश्चित गर्दै औद्योगिक वस्तुको बजारीकरण गर्ने। | १. जडीबुटी उत्पादन, प्रशोधन तथा निकासीमा जोड दिइनेछ।<br>२. स्थानीय स्रोतमा आधारित हस्तकला उद्योगहरूको स्थापनाद्वारा परम्परागत सीप तथा प्रविधिको संरक्षण र विकास गरिनेछ ।<br>३. औद्योगिक उत्पादनको गुणस्तरमा सुधार गर्न गुणस्तर परीक्षण सम्बन्धी व्यवस्था गरिनेछ। |
| **उद्देश्य ४: वाणिज्य क्षेत्रलाई स्थानीय अर्थतन्त्रको महत्त्वपूर्ण अङ्गको रूपमा विकास गर्नु ।** | |

| | |
|---|---|
| ४.१ः तुलनात्मक लाभका वस्तु तथा सेवाहरूको पहिचान गरी निर्यातयोग्य हुने वस्तु तथा सेवाको उत्पादकत्वमा बृद्धि गर्न आवश्यक कार्यक्रमहरू सञ्चालन गर्ने । | १. तुलनात्मक लाभका वस्तुहरूको उत्पादन र उत्पादकत्व बढाउन सम्वन्धित निकायसँग समन्वय र सहकार्य गरिनेछ । <br> २. साना, घरेलु तथा मझौला उद्योगहरूलाई उत्पादन तथा आपूर्ति सञ्जालमा आवद्ध गर्दै माग वमोजिमका वस्तु तथा सेवाहरूको उत्पादनलाई प्राथमिकता दिइनेछ । |

कार्यक्रम तथा आयोजना

| उद्देश्य नं. | कार्यक्रमहरू | एकाइ | आधार वर्ष | योजनाको कुल लक्ष्य | अनुमानित श्रोत र वार्षिक लक्ष्य (रू.हजारमा) | | | | | | प्रति एकाइ लागत | जिम्मेबारी | स्थानगत तथा कार्यक्रम विवरण |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व | पाँचौ आ.व | जम्मा | | | |
| | **उद्योग, व्यापार, व्यावसाय तथा आपूर्ति** | | | | | | | | | | | | |
| | राइसमिल, फर्निचर लगायतका उद्योग संचालनका लागि अनुदान सहायता कार्यक्रम | एकमुष्ठ | | | १५०० | १५०० | २००० | २५०० | ३००० | १०५०० | | | |
| | उँखु पेल्ने (भेली बनाउने) तथा तेल पेल्ने उद्योग संचालन सहायता कार्यक्रम | एकमुष्ठ | | | ५०० | ५०० | १००० | १००० | १००० | ४००० | | | |
| | मिनरल वाटर – ठूलो उद्योग संचालनका लागि सहायता कार्यक्रम | सङ्ख्या | | १ | | | | २००० | | २००० | | | |
| | उद्योग संचालनका लागि व्यवसायीक सिप तालिम, सञ्चालन | एकमुष्ठ | | | १००० | १००० | १००० | १००० | १००० | ५००० | | | |
| | उद्योग स्थापनाको संभाव्यता अध्ययन | सङ्ख्या | | १ | | १२०० | | | | १२०० | | | |
| | कृषि र पशुपंक्षीजन्य उत्पादन तथा प्रशोधन उद्योग स्थापना र संचालन | एकमुष्ठ | | | | | २१०० | १००० | १००० | ४१०० | | | |
| | गैरबन पैदावरको उद्योग संचालन सहयोग कार्यक्रम | एकमुष्ठ | | | ४५० | ४५० | ४५० | ४५० | ४५० | २२५० | | | |
| | काठमा आधारित उद्योग प्रोत्साहन | एकमुष्ठ | | | ४५० | ४५० | ४५० | ४५० | ४५० | २२५० | | | |
| | लगानी सम्मेलन | सङ्ख्या | | १ | | ३००० | | | | ३००० | | | |
| | माटोको भाँडा बनाउने उद्यमीका लागि प्रोत्साहन कार्यक्रम | एकमुष्ठ | | | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | | | |
| | **उद्योग, व्यापार, व्यावसाय तथा आपूर्तिको जम्मा** | | | | ४४०० | ८६०० | ७५०० | ८९०० | ७४०० | ३६८०० | | | |

## ४.४.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

| नतिजा तह | नतिजा | सूचक | एकाई | आधार वर्षको अवस्था | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | जम्मा | पुष्ट्याँइको स्रोत | जोखिम पक्ष तथा अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो | तेस्रो | पाँचौं | | | |

| उद्योग, व्यापार, व्यावसाय तथा आपूर्ति | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रभाव | औद्योगिक क्षेत्रको विकास र विस्तारद्वारा स्थानीय रोजगारीमा बृद्धि, बजार व्यवस्थापन तथा प्रभावकारी आपूर्तिद्वारा पालिकाको अर्थतन्त्रको अभिवृद्धि हुनेछ । | उद्योग व्यवसायमा संलग्न (उद्यमी, व्यवसायी) | प्रतिशत | १५ | २० | २५ | ३० | ३० | | |
| | | उद्योग व्यवसायबाट रोजगारी प्राप्त गर्नेको सङ्ख्या (थप) | सङ्ख्या | ८० | १३० | १८० | २५० | १७० | | |
| असर | नगरपालिका भित्र उल्लेख्य सङ्ख्यामा लघु, घरेलु, साना तथा मझौला उद्योगको स्थापनामा भई रोजगारीका थप अवसरहरू सिर्जना भएको हुनेछ । | प्रत्यक्ष रोजगरीमा बृद्धि (वार्षिक) | प्रतिशत | ३ | ५ | ६ | ७ | ७ | | |
| | | सीपमूलक तालिम प्राप्त जनशक्ति | सङ्ख्या | ७०० | ८४० | ९३० | ११०० | ११०० | | |
| | | घरेलु तथा साना उद्योग दर्ता | सङ्ख्या | ३२७ | ७५० | ९७० | ११५० | ११५० | | |
| | | मझौला उद्योग दर्ता | सङ्ख्या | ५७ | ६५ | ८० | ९० | ९० | | |
| प्रतिफल | स्थानीय स्रोत, सीप र साधनको अधिकतम परिचालन भई स्थानीय स्रोतमा आधारित उद्योगहरू स्थापना भएको हुनेछ । | स्थानीय सीप तथा स्रोत साधनमा आधारित उद्योग | सङ्ख्या | ७० | | | ३०० | ३०० | नगर प्रोफाइल, सम्वन्धित शाखाको प्रतिवेदन | नगरपालिका भित्र व्यापार व्यवसायमुलक वातावरण निर्माण भएको हुने |
| | | स्थानीय कच्चा पदार्थ प्रशोधन उद्योग | सङ्ख्या | ० | | | ५ | ५ | | |
| | उत्पादित बस्तुहरूको बिक्रि वितरणकालागि बजार व्यवस्थापन भएको हुनेछ । | विभिन्न ठाउमा हाट बजार सञ्चालन | सङ्ख्या | ६ | ६ | ९ | ११ | ११ | | |
| | | निकासीजन्य कच्चा पदार्थको परिमाण | मे. टन | | | | | | | |
| | वाणिज्य क्षेत्रले स्थानीय अर्थतन्त्रको महत्त्वपूर्ण हिस्सा लिएको हुनेछ । | विभिन्न ठाउँमा स्थानीय सामानको बजार सञ्चालन | सङ्ख्या | ० | ० | २ | ३ | ३ | | |
| | | उत्पादन र बजारीकरण सहकारी संस्था | सङ्ख्या | ३ | ३ | ५ | ६ | ६ | | |
| | | थोक तथा खुद्रा व्यापारमा रोजगारी सिर्जना | सङ्ख्या | १५०० | २००० | २५०० | ३००० | ३००० | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | नगरपालिका भित्रको आपूर्ति प्रणाली प्रभावकारी भएको हुनेछ । | सुपथ मूल्य पसल | सङ्ख्या | ० | ६ | १२ | २२ | २२ | | |
| | | सहकारी पसल | सङ्ख्या | ० | ५ | ८ | ११ | ११ | | |
| | | होलसेल पसलको सङ्ख्या | सङ्ख्या | ३५ | ४० | ५५ | ६५ | ६५ | | |
| | | स्थानीय बजार र आपूर्ति अनुगमन | सङ्ख्या | २ | ६ | ११ | ११ | ११ | | |

## ४.५ श्रम, रोजगारी र सामाजिक सुरक्षा

### ४.५.१ पृष्ठभूमि

प्रत्येक नागरिकलाई रोजगारीको प्रत्याभूति गर्न संविधानमा रोजगारीको हकलाई मौलिक हकको रूपमा उल्लेख गरिएको छ । यसको साथै सबै नागरिकले स्वदेश वा वैदेशिक रोजगारीको छनौट गर्न पाउने अधिकारको पनि संविधानमा सुनिश्चित गरिएको छ । देशको ५६ प्रतिशत घरधुरीले विप्रेषण प्राप्त गरिरहेको (नेपाल जनस्तर सर्भे, २०११) सन्दर्भमा यस क्षेत्रको प्रभावकारी व्यवस्थापनका लागि विगतका योजनाहरूले समेट्न नसकेको यथार्थ हो । वैदेशिक रोजगारीलाई सुरक्षित, व्यवस्थित एवं उपलब्धिमूलक बनाउन र वैदेशिक रोजगारबाट प्राप्त ज्ञान, सीप, पूँजी तथा अनुभवलाई उत्पादनमूलक क्षेत्रमा परिचालनका लागि प्रोत्साहन गर्न सुरक्षित वैदेशिक रोजगारीको सवाललाई नगरपालिकाले आफ्नो योजनामा समेट्न आवश्यक रहेको छ ।

नगर क्षेत्र भित्र कुल जनसंख्या मध्ये ४४ प्रतिशत आर्थिक रूपले सक्रिय जनसंख्या रहेका छन् । आर्थिक रूपमा सक्रिय जनशक्तिलाई स्थानीय स्तरमा पर्याप्त रोजगारीको अवसर प्राप्त नहुंदा यस पालिकाबाट वैदेशिक रोजगारमा जाने प्रवृत्ति बढ्दो छ । यस नगरपालिकाको कुल घरधुरी मध्ये १४ प्रतिशत घरधुरीका मानिसहरू वैदेशिक रोजगारीमा गएका छन्। समग्र जनसंख्यालाई नियाल्दा आर्थिक रूपमा सक्रिय जनसंख्या मध्ये वैदेशिक रोजगारमा संलग्नको संख्या ८.९ प्रतिशत रहेका छन् । वैदेशिक रोजगारमा गएका व्यक्तिहरूले वार्षिक रूपमा करिब ७७ करोड रूपैया विप्रेषण पालिकामा भित्राउने गरेको देखिन्छ । बैदेशिक रोजगार बाहेक २९ प्रतिशत कृषि तथा पशुपालन र १५ प्रतिशतले दैनिक ज्यालादारी पेशा अपनाएका छन् ।

समावेशी तथा दिगो विकासका लागि गरिबी न्यूनीकरण र मानव सुरक्षाको महत्त्वपूर्ण साधनको रूपमा रहेको नागरिकको सामाजिक सुरक्षा तथा संरक्षणको हकलाई संविधानले नै सुनिश्चित गरेको छ। राज्यले आर्थिक तथा सामाजिक रूपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका विपन्न एकल महिला, अपाङ्गता भएका व्यक्ति, बालबालिका, ज्येष्ठ नागरिक, आफ्नो हेरचाह आफै गर्न नसक्ने तथा लोपोन्मुख जातीका नागरिक, दलित आदिलाई लक्षित गरी स्वास्थ्य उपचार सेवा, स्वास्थ्य बिमा, दिवा खाजा, छात्रवृत्ति, निर्वाहमुखी भत्ता लगायत विशेष व्यवस्थासहित संरक्षणको व्यवस्था गर्दै आएको अवस्था छ ।संघीय सरकारमा जस्तै पालिकामा पनि विद्यमान सामाजिक सुरक्षा तथा संरक्षण प्रणालीलाई अझ सुदृढ, वित्तीय रूपले दिगो तथा प्रभावकारी वनाउन निकै आवश्यक भएको छ ।

### ४.५.२ समस्या तथा चुनौती

स्वदेशमा सीमित रोजगारी अवसर, युवा जनशक्तिको बढ्दो आकार, परम्परागत जीवन प्रणालीमा युवाहरूको घट्दो रूचि लगायतका कारणले नेपाली युवाहरू वैदेशिक रोजगारीमा जाने क्रम बढ्दो छ । जसले अल्पकालीन रूपमा बेरोजगारीको समस्या न्यूनीकरण गर्न मद्दत पुग्नुका साथै प्राप्त विप्रेषणले मुलुकको अर्थतन्त्रलाई चलायमान बनाउन महत्वपूर्ण योगदान गरिरहेको छ । रोजगारीका कारण बढ्दो बसाईसराई र वैदेशिक रोजगारीमा जाने प्रवृत्तिले स्थानीय स्तरमा जनशक्तिको कमी, पारिवारीक र सामाजिक समस्या र परनिर्भरता बढिरहेको छ । नगर क्षेत्रमा बढी रहेको विप्रेषण आयको उत्पादनमूलक क्षेत्रमा उपयोग हुन नसक्दा उपभोग बढ्दो छ । संघ, प्रदेश तथा स्थानीय तहमा सामाजिक सुरक्षा तथा संरक्षणका कार्यक्रम कार्यान्वयनमा जटिलताले कार्यक्रमहरू एकीकृत रूपमा सञ्चालन हुन नसक्नु, सामाजिक सुरक्षा तथा संरक्षण सम्बन्धी खण्डीकृत तथ्याङ्क नहुनु यस क्षेत्रका केही समस्याहरू हुन् ।

अन्तराष्ट्रिय बजारसँग प्रतिस्पर्धा गर्न सक्ने दक्ष जनशक्तिको विकास गरी वैदेशिक रोजगारमा पठाउन नसक्नु, वैदेशिक रोजगारको क्षेत्रमा ठगी लगायतका घटनाहरू बढ्नु, पारिवारिक तथा सामाजिक पुनः एकिरकणका सवालहरू सम्बोधन नहुनु, वैदेशिक रोजगारको दिगो विकल्प दिनु नसक्नु आदि नगरपालिकाको लागि चुनौती देखिन्छ ।त्यसैगरी सामाजिक सुरक्षा तथा संरक्षण सेवाको एकीकृत् सूचना प्रणालीलाई कार्यान्वयनमा ल्याउनु, एकीकृत तथ्याङ्कको व्यवस्थापन गर्नु, सामाजिक सुरक्षाको दायरामा क्रमशः वृद्धि गरी स्रोतको दिगोपना र न्यायपूर्ण वितरण गर्नु सामाजिक सुरक्षाको क्षेत्रका विद्यमान चुनौतीहरू हुन् ।

### ४.५.३ संभावना तथा अवसर

आर्थिक रूपले जानसाख्यिक लाभ लिनसकिने जनसंख्याको बाहुल्यता रहेको छ । जसको परिचालन मार्फत नगरपालिकाले स्थानीय विकासका कार्यलाई तिब्रत्तर रूपमा अगाडी बढाउन सक्दछ । त्यसैले यो संख्या आफैमा एउटा महत्वपूर्ण अवसरको रूपमा लिन सकिन्छ । त्यसको अलवा विदेशमा आर्जित विप्रेषण र सिकेको सीप आफ्नो थात्थलोमा प्रयोग गर्न सकेमा आर्थिक विकासमा योगदान पुग्नुका साथै उत्पादन एवं रोजगारको अवसर समेत विस्तार हुने देखिन्छ ।

सामाजिक सुरक्षा तथा संरक्षणको विषय तीनै तहका सरकारले कार्यान्वियन गर्ने अधिकार क्षेत्रमा पर्नु, नेपाल सरकारले योगदानमा आधारित सामाजिक सुरक्षा योजना कार्यक्रम लागू गर्नु तथा सामाजिक सुरक्षा कोष ऐन लागू हुनु सामाजिक सुरक्षा कार्यक्रमको अवसर हो ।

### ४.५.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

<u>लक्ष्य</u>

रोजगारीका थप अवसरहरू सिर्जना गरी समावेशी सामाजिक सुरक्षा र संरक्षण प्रणाली मार्फत् कल्याणकारी पालिकाको रूपमा स्थापित गर्ने ।

<u>उद्देश्य</u>

१. वैदेशिक रोजगारमा संलग्न व्यक्ति तथा तिनका परिवारले वैदेशिक रोजगारबाट आर्थिक लाभ प्राप्त वृद्धि गर्नु ।
२. सामाजिक सुरक्षाका कार्यक्रमहरूमा समाजका लक्षित वर्गको पहुँच सुनिश्चित गर्दै सुरक्षित र सम्मानजनक जीवनयापनका लागि सेवा सुविधाहरूको विस्तार गर्नु ।

<u>रणनीति र कार्यनीति</u>

**तालिका १०ः श्रम, रोजगारी र सामाजिक सुरक्षाका रणनीति र कार्यनीति**

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| **उद्देश्य १ः वैदेशिक रोजगारमा संलग्न व्यक्ति तथा तिनका परिवारले वैदेशिक रोजगारबाट आर्थिक लाभ प्राप्त वृद्धि गर्नु।** | |
| **१.१ः** वैदेशिक रोजगारमा संलग्न व्यक्ति तथा तिनका परिवारले वैदेशिक रोजगारवाट आर्थिक लाभ वृद्धि गर्नु का साथै वैदेशिक रोजगारवाट उत्पन्न नकारात्मक प्रभावहरू न्यूनिकरण गर्ने । | १. स्थानीय तहमा स्वरोजगार तथा रोजगार सृजना हने खालका कार्यक्रमहरू प्राथमिकताका साथ संचालन गरिनेछ ।<br>२. वैदेशिक रोजगारमा जाने व्यक्तिहरूको यात्रालाई सुरक्षित, मर्यादित र उपलब्धिमूलक बनाउन सुरक्षित वैदेशिक रोजगार सम्वन्धी व्यापक सूचना प्रवाह, सीप तालिम प्रदान तथा आवश्यक कानुनी सहायता प्रदानका लागि सम्बन्धित सरोकारवालाहरूसँग समन्वय तथा सहकार्य गरिनेछ । |

| | |
|---|---|
| | ३. नगरपालिका भित्र प्राप्त विप्रेषणलाई आयमूलक क्षेत्रमा लगानी गर्नका लागि वित्तीय साक्षरता कक्षा संचालन गर्दै उद्यम विकासमा सहयोग गर्ने साथै वैदेशिक रोजगारका कारण व्यक्ति, परिवार तथा समाजमा उत्पन्न नकारात्मक असरहरूलाई न्यूनीकरणका लागि मनोसामाजिक परामर्श सेवा प्रदान गरिनेछ।<br>४. वैदेशिक रोजगारवाट फर्किएर आएका व्यक्तिहरूको ज्ञान, सिप, पूँजीलाई व्यवस्थापन तथा संस्थागत विकास गरिनेछ ।<br>५. मनोसामाजिक परामर्श सेवालाई पालिकाको स्वास्थ्य शाखा अन्तरगत आन्तरिकीकरण गर्दै सो सम्बन्धी सेवालाई दिगो रूपमा प्रवाह गरिनेछ ।<br>६. सम्बन्धित सरोकारवालाहरूसँगको समन्वय तथा सहकार्यलाई बढावा दिई सुरक्षित वैदेशिक रोजगार सम्बन्धिी सेवाहरू प्रवाह गरिनेछ । |
| **उद्देश्य २: सामाजिक सुरक्षाका कार्यक्रमहरूमा समाजका लक्षित वर्गको पहुँच सुनिश्चित गर्दै सुरक्षित र सम्मानजनक जीवनयापनका लागि सेवा सुविधाहरूको विस्तार गर्नु ।** | |
| २.१: लक्षित वर्गको पहिचान गरी सुदृढ सामाजिक सुरक्षा प्रणालीको विकास गर्ने । | १. सामाजिक सुरक्षा सम्बन्धी आवस्यक कानुनी दस्तावेज तयार गरिनेछ।<br>२. लक्षित वर्गका व्यक्तिहरूलाई उपलब्ध गराइने सामाजिक सुरक्षा भत्ताका कोषको व्यवस्था गरिनेछ ।<br>३. व्यवस्थित सामाजिक सुरक्षा सूचना प्रणाली मार्फत् लक्षित वर्गको पहिचान गरी आवस्यक भएमा थप एकीकृत योजना तयार गरी कार्यान्वियनमा ल्याइनेछ ।<br>४. परित्यक्त, हिंसा पीडित, शारीरिक रूपले अशक्त, अपाङ्गता भएका तथा विशेष जोखिममा रहेका विपन्न वर्गका नागरिकहरूका लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ र आफू एक्लो नभएको पालिका साथमा रहेको अनुभूति प्रदान गरिनेछ।<br>५. लक्षित वर्ग प्रति संवेदनशील बनाई जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ। |
| २.२: सुरक्षित, मर्यादित र सभ्य समाज निर्माण गर्ने । | १. सामाजिक विकृति, कुरीति, जातीय छुवाछुत तथा भेदभाव नियन्त्रण लगायतका विभिन्न नकारात्मक गतिविधिहरू न्यूनीकरणकालागि आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ ।<br>२. अपाङ्ग र लैङ्गिक मैत्री संरचना निर्माण गरिनेछ ।<br>५. मर्यादित जीवनबारे सचेतनात्मक कार्यक्रमहरू सञ्चालन गरिनेछ । |

## कार्यक्रम तथा आयोजना

| उद्देश्य नं. | कार्यक्रमहरू | एकाइ | आधार वर्ष | योजनाको कुल लक्ष्य | अनुमानित श्रोत र वार्षिक लक्ष्य (रू.हजारमा) | | | | | | प्रति एकाइ लागत | जिम्मेबारी | स्थानगत तथा कार्यक्रम विवरण |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व | पाँचौ आ.व | जम्मा | | | |
| | **श्रम, रोजगारी र सामाजिक सुरक्षा** | | | | | | | | | | | | |
| | सूचना प्रविधि, वेब र सामाजिक सञ्जालमा आधारित रोजगार सूचना पोर्टल सञ्चालन | एकमुष्ठ | | | १००० | १००० | १००० | १००० | १००० | ५००० | | | |
| | महिला उद्यमशीलता तथा सीप विकास तालिम र पुँजीमा पहुँच | एकमुष्ठ | | | ११०० | ११०० | ११०० | ११०० | ११०० | ५५०० | | | |
| | युवा स्वरोजगार कार्यक्रम सञ्चालन | एकमुष्ठ | | | ८०० | ८०० | ८०० | ८०० | ८०० | ४००० | | | |
| | नगर उद्यम व्यवसाय नीति तर्जुमा कार्यक्रम | सङ्ख्या | | १ | ५०० | | | | | ५०० | | | |
| | वित्तिय सेवा प्रर्वद्धन पहुँच कार्यक्रम | एकमुष्ठ | | | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | | | |
| | महिला वचत तथा सहकारी विकास प्रर्वद्धन कार्यक्रम | एकमुष्ठ | | | ५५० | ५५० | ५५० | ५५० | ५५० | २७५० | | | |
| | सहकारी प्रोत्सहान तथा सचेतना कार्यक्रम | एकमुष्ठ | | | ५५० | ५५० | ५५० | ५५० | ५५० | २७५० | | | |
| | घरघरमा रोजगारी, टोलटोलमा सहकारी कार्यक्रम | एकमुष्ठ | | | ५५० | ५५० | ५५० | ५५० | ५५० | २७५० | | | |
| | सहकारी संचालन क्षमता विकास कार्यक्रम | एकमुष्ठ | | | ५५० | ५५० | ५५० | ५५० | ५५० | २७५० | | | |
| | **श्रम, रोजगारी र सामाजिक सुरक्षा** | | | | **६१००** | **५६००** | **५६००** | **५६००** | **५६००** | **२८५००** | | | |

## ४.५.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

| नतिजा तह | नतिजा | सूचक | एकाई | आधार वर्षको अवस्था | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | जम्मा | पुष्ट्याँइको स्रोत | जोखिम पक्ष तथा अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो | तेस्रो | पाँचौं | | | |
| | | | | श्रम, रोजगारी र सामाजिक सुरक्षा | | | | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रभाव | रोजगारीका थप अवसरहरू सिर्जना गरी समावेशी सामाजिक सुरक्षा र संरक्षण प्रणाली मार्फत् कल्याणकारी पालिकाको रूपमा स्थापित हुनेछ । | सीपमूलक तालिम लिएर वैदेशिक रोजगारीमा जाने | प्रतिशत | २० | ३० | ५० | ७० | ७० | | |
| | | विप्रेषणलाई उद्यम विकास रआयमूलक क्षेत्रमा परिचालन | प्रतिशत | २५ | ३५ | ४५ | ६० | ६० | | |
| असर १ | वैदेशिक रोजगारमा संलग्न व्यक्ति तथा तिनका परिवारमा वैदेशिक रोजगारवाट आर्थिक लाभ वृद्धि हुनेछ । | विप्रेषणलाई उद्यम विकास र आयमूलक क्षेत्रमा परिचालनका लागि वित्तीय साक्षरता | परिवार | ३०० | ६०० | ९०० | १६०० | १६०० | | |
| | | वैदेशिक रोजगारी संलग्न घरपरिवारहरुलाई उद्यम विकास सहयोग | संख्या | ० | ११ | २२ | ३३ | ३३ | | |
| प्रतिफल | समाजमा वैदेशिक रोजगारवाट उत्पन्न नकारात्मक प्रभावहरु न्यूनिकरण हुनेछ । | सुरक्षित वैदेशिक रोजगारका लागि सूचना प्रवाह | संख्या | १ | २ | २ | ३ | ३ | | |
| | | वैदेशिक रोजगारका कारण उत्पन्न मानसिक समस्याहरुमा मनोसामाजिक परामर्श सेवा प्रदान | संख्या | ० | | | ३०० | ३०० | | |
| | वैदेशिक रोजगारीबाट प्राप्त हुने विप्रेषणमा वद्धि हुनेछ | विपे्रषण (करोडमा) | रुपैंया | | | | | | | |
| असर २ | समावेशी सामाजिक सुरक्षा र संरक्षण प्रणाली मार्फत कल्याणकारी पालिकाको रूपमा स्थापित भएको हुनेछ । | आधारभूत सामाजिक सुरक्षामा आबद्ध जनसङ्ख्या (कुल लाभ ग्राही मध्ये) | प्रतिशत | ६५ | ९५ | १०० | १०० | १०० | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | कृषि तथा पशु बिमामा आवद्ध परिवार | प्रतिशत | १५ | २५ | ४५ | ८० | ८० | | |
| प्रतिफल | सामाजिक सुरक्षा तथा संरक्षण सम्बन्धी कानुनी दस्तावेज तयार भई कार्यान्वयनमा आएका हुनेछ । | सामाजिक सुरक्षा तथा संरक्षण सम्बन्धी आवश्यक कानुन निर्माण | सङ्ख्या | २ | | | | २ | | |
| | एकीकृत सूचना प्रणाली कार्यान्वयनमा आएको हुनेछ । | सामाजिक सुरक्षा सम्बन्धि एकीकृत सूचना प्रणाली व्यवस्थापन | सङ्ख्या | | | | १ | १ | | |

# परिच्छेद ५: सामाजिक क्षेत्र

## ५.१ स्वास्थ्य तथा पोषण

### ५.१.१ पृष्ठभूमि

संघीय संरचना अनुसार आएको संविधानले निःशुल्क आधारभूत स्वास्थ्य सेवाको हक प्रदान गरेको छ । राज्यका नीतिमा स्वास्थ्य क्षेत्रमा लगानी बढाउने, सबैको सहज, सुलभ र समान पहुँच सुनिश्चित गर्न्ने, बैकल्पिक चिकित्सा पद्धतिको संरक्षण र संवद्र्धन गर्ने, स्वास्थ्य सेवालाई गुणस्तरी बनाउने उल्लेख गरेको छ । यसले पनि राज्यले स्वास्थ्य विकासको क्षेत्रलाई महत्व दिएको र संविधानको अनुसूचीमा आधारभूत स्वास्थ्य र सरसफाइ सम्बन्धी कार्यजिम्मेवारी स्थानीय तहको अधिकार सूचीमा राखेको छ । आधारभूत स्वास्थ्य र सरसफाइका साथै पोषण सम्बन्धी नीति, कानून, मापदण्ड, योजनाको तर्जुमा, कार्यान्वयन तथा नियमन गर्ने अधिकार संविधान तथा स्थानीय सरकार सञ्चालन ऐनले स्थानीय तहलाई प्रदान गरेको छ । त्यसै अनुरूप दिगो विकासका लक्ष्य ३ तथा “सुलभ स्वास्थ्य सेवा स्वस्थ नागरिक” को उद्देश्य पुरा गर्न महाराजगंज नगरपालिकाले यस आवधिक योजनामा स्वास्थ्य र पोषण सम्बन्धी व्यवस्था गरेको छ ।

हाल स्वास्थ्य सेवालाई चुस्त दुरूस्त राख्न नगरपालिका क्षेत्रभित्र १५ शैयाको एक अस्पताल निर्माणाधीन छ भने एक प्राथमिक उपचार केन्द्र, ५ स्वास्थ्य चौकी, ८ बर्थिंग सेन्टर र ६ सहरी स्वास्थ्य इकाई रहेका छन् । मुख्य रूपले यस नगरपालिकामा रुघाखोकी ज्वरो टाईफाईड, झाडापखाला, ग्यास्ट्रिक तथा निमोनिया लगायतका रोगहरु बढी मात्रामा लागेको देखिन्छ ।

### ५.१.२ समस्या तथा चुनौती

स्वास्थ्य चौकीका पूर्वाधार अपर्याप्त अवस्थामा रहेको, पर्याप्त उपकरण र औषधीहरू उपलब्ध नभएको, भवन सबैलाई पायक पर्ने ठाउँमा नभएको, जनशक्तिको अभावमा पर्याप्त बर्थिङ् सेन्टर सञ्चालन गर्न नसकिएको, सामान्य उपचार बाहेक जटिल स्वास्थ्य समस्याहरूमा उपचार सुविधा उपलब्ध हुन नसकेको पाइन्छ । साथै सर्ने तथा नसर्ने रोगहरू, कुपोषण, दुर्घटना तथा विपदजन्य स्वास्थ्य समस्याहरू विद्यमान रहनु, विश्वव्यापीकरणसँगै खानपान तथा जीवन शैलीमा आएको परिवर्तनले नसर्ने रोगहरूको भार तथा मानसिक समस्याहरू बढ्दै जानु जस्ता समस्याहरू पनि रहेका छन् ।

विद्यमान भौतिक संरचनाबाट सेवा प्रवाह गर्न कठिनाइ हुनु, रोगको निदान गर्नकोलागि न्युनतम उपकरण र सुविधाहरू उपलब्ध गराउन नसक्नु, बजेट र जनशक्तिको अभावमा पायक पर्ने स्थानमा स्वास्थ्य चौकीका शाखाहरू, बर्थिङ् सेन्टर लगायत घुम्ती स्वास्थ्यसेवा दिन नसक्नु, आवश्यकता अनुसार जनशक्ति र औषधीहरूको आपूर्ति बढाउन नसक्नु, भौगोलिक बिकटताले अपाङ्ग, बृद्ध, बृद्धालाई सहज पहुँच पुर्‍याउन नसक्नु, बदलिँदो अस्वस्थकर जीवनशैली तथा आहार-व्यवहारको अभ्यास रहनु जस्ता चुनौतीहरू यस नगरपालिकामा विद्यमान छन् ।

### ५.१.३ संभावना तथा अवसर

संविधानले प्रत्याभूत गरेका स्वास्थ्य सेवा सम्बन्धी नीति तथा कानुनहरूको निर्माण भएको, प्रदेश तथा स्थानीय तहले स्वास्थ्य समस्याहरूको पहिचान गरी स्रोत साधनको परिचालन गर्ने वातावरणको सृजना भएको, स्वास्थ्य क्षेत्रमा नागरिकको चेतना तथा चासो बढ्दै गएको, मुलुकमा दक्ष स्वास्थ्यकर्मीहरूको उपलब्धतामा वृद्धि भइरहेको, स्वास्थ्य बिमा र आधारभूत स्वास्थ्य सेवाको विकास तथा बिस्तार हुँदै गएको, सवै वडाहरु सडक सञ्जालमा जोडिदा स्वास्थ्य सेवाको पहुँचमा सहजता रहेको जस्ता स्वास्थ्य तथा पोषण विकासका सवल पक्षहरू हुन् ।

### ५.१.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**लक्ष्य**

गुणस्तरीय स्वास्थ्य सेवामा सबै नगरबासीको पहुँच सुनिश्चित गर्ने ।

**उद्देश्य**

१. महाराजगंजका सबै नागरिकहरूको आधारभूत तथा गुणस्तरीय स्वास्थ्य सेवामा समतामूलक पहुँच अभिवृद्धि गराउनु ।
२. स्वस्थ जनशक्ति तयार गर्न तथा रोग प्रतिरोधात्मक क्षमता बढाउन गुणस्तरीय र पोषणयुक्त खाद्य सामग्रीमा पहुँच बढाउनु ।
३. थप लगानी वातावरण सिर्जना गरी स्वास्थ्य सेवा सुधारकालागि स्वास्थ्य सेवालाई प्रवर्द्धन गर्नु।
४. नगरपालिकालाई कुपोषण मुक्त बनाउनु ।

**रणनीति र कार्यनीति**

**तालिका ११ः स्वास्थ्य तथा पोषणका रणनीति तथा कार्यनीतिहरू**

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| **उद्देश्य १ः महाराजगंजका सबै नागरिकहरूको आधारभूत तथा गुणस्तरीय स्वास्थ्य सेवामा समतामूलक पहुँच अभिवृद्धि गराउनु ।** | |
| १.१ः गुणस्तरीय स्वास्थ्य सेवामा सबैको सहज पहुँच हुने गरी प्रभावकारी रूपमा सेवा उपलब्ध गर्ने । | १. आवश्यक एम्बुलेन्स, औषधी, उपकरण, प्रविधि र दक्ष स्वास्थ्यकर्मीहरू सहितको प्रभावकारी एवम् जवाफदेहीपूर्ण स्वास्थ्य सेवा प्रणालीको विकास गरिनेछ ।<br>२. गुणस्तरीय स्वास्थ्य सेवामा सबैको पहुँच पुऱ्याउन स्वास्थ्य बिमा कार्यक्रम लागु गरिनेछ ।<br>३. सर्ने वा नसर्ने रोगहरूका बारेमा प्रवर्द्धनात्मक, निरोधात्मक र उपचारात्मक कार्यक्रमहरू सञ्चालन गरिनेछ ।<br>४. स्वास्थ्यको सहज पहुँचकालागि आधुनिक सूचना प्रविधिको अधिकतम प्रयोग गरिनेछ ।<br>५. स्वास्थ्य सेवा प्रवाहलाई पारदर्शी, जवाफदेही एवम् जनउत्तरदायी बनाउन सुशासनमा जोड दिइनेछ ।<br>६. ल्याब सेवा सञ्चालनकालागि आवश्यक पहल अघि बढाइनेछ । |
| १.२ः नगरपालिका मातहतका स्वास्थ्य संस्थाहरूमा तोकिएका सङ्ख्यामा स्वीकृत जनशक्ति व्यवस्थापन गरी सेवा प्रवाहको क्षमता र पहुँच विस्तार गर्ने । | १. नगरपालिका भित्रका स्वास्थ्य संस्थाहरूमा स्वीकृत कुल दरबन्दीको सङ्ख्या यकिन गरी आवश्यक जनशक्तिको व्यवस्था गरिनेछ ।<br>२. दरबन्दी अनुसार माग भई प्राप्त जनशक्ति वा पालिकाको निजी स्रोतबाट नियुक्त गरिएका स्वास्थ्यकर्मीहरूलाई पालिकाको मातहतमा आवश्यक तालिमको व्यवस्था गरिनेछ । |
| **उद्देश्य २ः स्वस्थ जनशक्ति तयार गर्न तथा रोग प्रतिरोधात्मक क्षमता बढाउन गुणस्तरीय र पोषणयुक्त खाद्य सामग्रीमा पहुँच बढाउनु ।** | |
| २.१ः पोषणयुक्त खानेकुराको बारेमा चेतना बढाउँदै यस सम्बन्धी सेवाको पहुँच सबै बस्तीसम्म पुऱ्याउने । | १. गुणस्तरीय एवम् स्वास्थ्य वर्द्धक खाद्य पदार्थको प्रयोग बढाउँदै कुपोषण न्यूनीकरण गरिनेछ ।<br>२. मातृशिशु पोषण अवस्थामा सुधार ल्याउन विद्यमान बहुक्षेत्रीय पोषण योजनाको प्रभावकारी कार्यान्वयन गरिनेछ ।<br>३. "सुनौला हजार दिन" अभियानलाई निरन्तरता दिइनेछ।<br>४. नागरिक स्वास्थ्यमा प्रतिकूल असर पार्ने खाद्यपदार्थको विज्ञापन र बजार प्रवर्द्धनमा बन्देज लगाइनेछ । |

| | |
|---|---|
| २.२ः मातृ तथा नवजात शिशु मृत्युदर, शिशु मृत्युदर र बाल मृत्युदर घटाउने र औसत आयु बढाउने । | १. नवजात शिशु मृत्युदर, शिशु मृत्युदर, बाल मृत्युदर र मातृ मृत्युदर घटाउनको लागि प्रजनन स्वास्थ्य, सुरक्षित मातृत्व, बाल तथा शिशु स्वास्थ्य सेवाहरू सञ्चालन गरिनेछ ।<br>२. प्रजनन स्वास्थ्य, सुरक्षित मातृत्व एवम् बाल तथा शिशु स्वास्थ्य सेवा स्वास्थ्य तथा पोषणबारे जनचेतना अभिवृद्धि कार्यक्रम सञ्चालन गरिनेछ । |
| **उद्देश्य ३ः थप लगानी वातावरण सिर्जना गरी स्वास्थ्य सेवा सुधारकालागि स्वास्थ्य सेवालाई प्रवर्द्धन गर्नु।** | |
| **३.१ः** स्वास्थ्य क्षेत्रमा निजी, सहकारी तथा गैरसरकारी क्षेत्रको संलग्नता वृद्धि गरी ती क्षेत्रहरूबाट हुनेलगानीलाई व्यवस्थित गर्ने । | १. निजी र गैरसरकारी क्षेत्रमा स्थापित स्वास्थ्यसम्बन्धी व्यवसायिक सङ्घ—संस्थाहरूबीच स्वास्थ्य सेवा प्रवाह, अध्ययन, अनुसन्धान कार्यमा सहकार्यलाई बढावा दिइनेछ ।<br>२. स्वास्थ्य सेवा प्रवाहमा सरकारी, निजी, सामुदायिक एवम् सहकारी क्षेत्रलाई समेट्दै गुणात्मक सेवा सुनिश्चित गराउन सुशासन कार्ययोजना बनाई कार्यान्वयन गरिनेछ । |
| **३.२ः** नगरपालिका क्षेत्रमा उपलब्ध जडीबुटीको व्यवस्थापन र उपयोग गर्दै आयुर्वेद चिकित्सा प्रणालीको विकास विकास गर्ने । | १. आयुर्वेद पद्धतिको प्रभावकारी कार्यान्वयनको लागि उपयुक्त संरचनाको विकास र विस्तार तथा स्थानीय जडीबुटीमा आधारित औषधी तयार गरी प्रयोग तथा वितरण गरिनेछ ।<br>२. आयुर्वेद प्रणालीको क्रमबद्ध विकास प्रणालीको संरक्षण, विकास एवम् विस्तारका लागि दीर्घकालीन योजना तर्जुमा गरी लागू गरिनेछ । |
| **उद्देश्य ४ः नगरपालिकालाई कुपोषणको मुक्त बनाउनु ।** | |
| **५.१ः** नगरपालिका बासीलाई पोषणयुक्त खानेकुरा खान पाउने सुनिश्चितता गर्ने । | १. न्यून आय भएका तथा गरिबीको रेखामुनि रहेका परिवारहरूको पहिचान गरी ५ वर्ष मुनिका बालबालिकाहरूकालागि पोषणयुक्त खानेकुराहरूको प्रबन्ध मिलाइनेछ ।<br>२. स्थानीय अर्गानिक उत्पादनको महत्त्व तथा सन्तुलित आहारका बारेमा सचेतना कार्यक्रम सञ्चालन गरिनेछ ।<br>३. नगरपालिका भित्र खाद्य सुरक्षाको अवस्था सन्तोषजनक राख्न एक घर एक टनेल/करेसाबारीको व्थवस्था गरिनेछ ।<br>४. पोषण सुरक्षा सम्बन्धी सचेतनामुलक कार्यक्रम सञ्चालन गरिनेछ ।<br>५. गर्भवती महिला तथा बालबालिकाकोलागि खोप तथा नियमित स्वास्थ्य जाँचको सुनिश्चितता गरिनेछ । |

## कार्यक्रम तथा आयोजना

| उद्देश्य नं. | कार्यक्रमहरू | एकाइ | आधार वर्ष | योजनाको कुल लक्ष्य | अनुमानित श्रोत र वार्षिक लक्ष्य (रू.हजारमा) | | | | | | प्रति एकाइ लागत | जिम्मेबारी | स्थानगत तथा कार्यक्रम विवरण |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व | पाँचौ आ.व | जम्मा | | | |
| | **स्वास्थ्य तथा पोषण** | | | | | | | | | | | | |
| | स्वास्थ्य पूर्वाधार निर्माण कार्यक्रम | एकमुष्ठ | | | १५०० | २००० | २५०० | ३००० | ३५०० | १२५०० | | | |
| | सुरक्षित मातृत्व कार्यक्रम, | एकमुष्ठ | | | २२०० | २२०० | २२०० | २२०० | २२०० | ११००० | | | |
| | स्वास्थ्य सेवा प्रदायक संस्थाहरूको क्षमता सुधार कार्यक्रम, | एकमुष्ठ | | | १००० | १००० | १००० | १००० | १००० | ५००० | | | |
| | आकस्मीक तथा महामारी रोग नियन्त्रण कार्यक्रम, | एकमुष्ठ | | | १५०० | १५०० | १५०० | १५०० | १५०० | ७५०० | | | |
| | स्वास्थ्य बिमा कार्यक्रम | एकमुष्ठ | | | २००० | २००० | २००० | २००० | २००० | १०००० | | | |
| | रोग निदानका लागि एक्सरे मेसिन, ल्याव र फार्मेसिको व्यवस्थापन कार्यक्रम | एकमुष्ठ | | | २५०० | २५०० | २५०० | २५०० | २५०० | १२५०० | | | |
| | विपन्न महिला, दलित, अलपसंख्यक र जेष्ठ नागरिकहरूको लागि घरघरमा स्वास्थ्य सेवा कार्यक्रम | एकमुष्ठ | | | १००० | १००० | १००० | १००० | १००० | ५००० | | | |
| | वहुक्षेत्रीय पोषण कार्यक्रम | एकमुष्ठ | | | २२०० | २२०० | २२०० | २२०० | २२०० | ११००० | | | |
| | ध्यान र योग स्वस्थ्य शरीर, सकरात्मक सोच र व्यक्तित्व विकास कार्यक्रम | एकमुष्ठ | | | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | | | |
| | एम्बुलेन्स खरिद र संचालन | सङ्ख्या | | | | ३५०० | | | | ३५०० | | | |
| | सर्पदंश उपचार केन्द्र व्यवस्थापन | एकमुष्ठ | | | | | १६०० | | | १६०० | | | |
| | सुनौला १००० दिन कार्यक्रम निरन्तरता | एकमुष्ठ | | | २२०० | २२०० | २२०० | २२०० | २२०० | ११००० | | | |
| | एक वडा एक वर्थिङ सेन्टर कार्यक्रम | सङ्ख्या | | ५ | १०००० | १०००० | १०००० | १०००० | १०००० | ५०००० | | | |
| | क्लिनिक संचालन कार्यक्रम (६ वटा गाउँमा ६ वटा ) | सङ्ख्या | | ६ | १२०० | १२०० | १२०० | १२०० | १२०० | ६००० | | | |
| | **स्वास्थ्य तथा पोषणको जम्मा** | | | | **२७८००** | **३१८००** | **३०४००** | **२९३००** | **२९८००** | **१४९१००** | | | |

## ५.१.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

| नतिजा तह | नतिजा | सूचक | एकाई | आधार वर्षको अवस्था | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | जम्मा | पुष्ट्याँइको स्रोत | जोखिम पक्ष तथा अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो | तेस्रो | पाँचौं | | | |
| | | | | | **शिक्षा** | | | | | |
| प्रभाव | राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धा गर्न सक्ने दक्ष जनशक्ति उत्पादन भएको हुनेछ । | साक्षरता दर (५ वर्ष माथि) | प्रतिशत | ६७ | ७० | ७२ | ७४ | ७४ | नगर प्रोफाइल, शिक्षा शाखा, वार्षिक प्रतिवेदन, EMIS | विद्यालयमा शैक्षिक वातावरणमा सुधार भएको हुने, शक्षामा लगानी वृद्धि र अनुगमन तथा नीरिक्षण थप प्रभावकारी भएको हुने<br>सामुदायिक विद्यालयहरूमा शैक्षिक गुणस्तरमा सुधार भएको हुने |
| | | साक्षरता दर (१५ वर्ष माथि) | प्रतिशत | ६५ | ६८ | ७० | ७२ | ७२ | | |
| | | युवा साक्षरता दर (१५-२४ वर्ष) | प्रतिशत | ७५ | ८० | ८५ | ९० | ९० | | |
| असर | महाराजगंज नगरपालिकाको शैक्षिक सूचकांकमा उल्लेख्य सुधार भएको हुनेछ । | बाल कक्षा/पूर्व प्राथमिक तहको अनुभव सहित कक्षा १ मा भर्ना दर | प्रतिशत | ८५ | ९० | ९५ | १०० | १०० | | |
| | | आधारभूत तह (१,८) मा लैगिंक समानता | महिला प्रति सय पुरुष | ९० | | | १०० | १०० | | |
| | | उच्च शिक्षामा कुल विद्यार्थी | प्रतिशत | ७५ | | | ९५ | ९५ | | |
| | | माध्यमिक तह (९-१२) मा खुद भर्नादर | प्रतिशत | ८० | | | १०० | १०० | | |
| | | माध्यमिक तह (९-१२) मा कुल भर्नादर | प्रतिशत | ८० | | | १०० | १०० | | |
| | | आधारभूत तह (१-८) मा कुल भर्नादर | प्रतिशत | ९० | | | १०० | १०० | | |
| | | आधारभूत तह (१-८) मा खुद भर्नादर | प्रतिशत | ९० | | | १०० | १०० | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रतिफल | विद्यालय छाड्ने विद्यार्थीको दर (Dropout Rate) न्यून हुनेछ । शिक्षक विद्यार्थी अनुपात आवश्यकता अनुरुप व्यवस्थापन भएको छ | आधारभूत तहमा विद्यालय जाने उमेरका विद्यालय बाहिर रहेका विद्यार्थी | प्रतिशत | १५ | १० | ५ | ० | ० | | |
| | | विद्यालय छाड्ने विद्यार्थीको दर (Dropout Rate) आधारभूत तह | प्रतिशत | १० | ६ | २ | ० | ० | | |
| | | विद्यालय शिक्षा (१-८) शिक्षक- विद्यार्थि अनुपात | | १:३० | | | १:२० | १:२० | | |
| | | विद्यालय शिक्षा (१-१२) शिक्षक- विद्यार्थि अनुपात | अनुपात | १:४५ | | | १:४० | १:४० | | |
| | प्राविधिक र व्यवसायिक विद्यालयको स्तरउन्नति भएको हुनेछ । | प्राविधिक धारकाे विद्यालय सञ्चालन | सङ्ख्या | १ | | | ७ | ७ | | |
| | | प्राविधिक शिक्षालयमा अध्ययनरत विद्यार्थी सङ्ख्या | सङ्ख्या | ६४ | | | ३५० | ३५० | | |
| | | प्राविधिक तथा व्यवसायिक शिक्षा कार्यक्रम सञ्चालन भइरहेका विद्यालयहरू | सङ्ख्या | १ | | | ६ | ६ | | |
| | विद्यालयहरूको गुणात्मक परिवर्तन भएको हुनेछ । | बाल क्लब गठन भएका विद्यालय | सङ्ख्या | ९ | | | २१ | २१ | | |
| | | कम्प्युटर प्रयोगशाला भएका विद्यालय | सङ्ख्या | १ | | | ११ | ११ | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | विज्ञान प्रयोगशाला भएका विद्यालय | सङ्ख्या | ० | | | ११ | ११ | | |
| | | ईन्टरनेट तथा ई-शिक्षा सुविधा भएका विद्यालय | सङ्ख्या | २ | | | १७ | १७ | | |
| | शिक्षामा सवैको पहुँच सुनिश्चित भई समुदायको शैक्षिक स्तर माथि उठेको हुनेछ । | छात्रामैत्री विद्यालय | सङ्ख्या | ० | | | २१ | २१ | | |
| | | अपाङ्गतामैत्री विद्यालय | सङ्ख्या | ० | | | २१ | २१ | | |
| | | आवासीय विद्यालय | सङ्ख्या | ० | | | ५ | ५ | | |
| | सामुदायिक र संस्थागत तहबाट प्रदान गरिने शिक्षाको गुणस्तरमा रहेको अन्तर घटेको हुनेछ । | माध्यमिक शिक्षा कक्षा(९-१२) सञ्चालित सामुदायिक विद्यालय | सङ्ख्या | २ | | | ५ | ५ | | |
| | | सामुदायिक विद्यालय | सङ्ख्या | २१ | | | २१ | २१ | | |
| | | संस्थागत विद्यालय | सङ्ख्या | ११ | | | | ११ | | |
| | विपन्न वर्ग तथा दलित विद्यार्थीलाई उच्च शिक्षा (इञ्जिनियरिङ्ग, मेडिकल, कृषि, वन, आदिमा) नगरपालिकाबाट छात्रवृत्ति प्रदान हुनेछ र पालिकामा प्राविधिक जनशक्तिको आपूर्ति सहज हुनेछ । | प्राविधिक विषयमा अध्ययनरत दलित छात्रवृत्ति प्राप्त विद्यार्थी | सङ्ख्या | | | | | | | |
| | | प्राविधिक विषयमा अध्ययनरत विपन्न छात्रवृत्ति प्राप्त विद्यार्थी | सङ्ख्या | | | | | | | |

## ५.२ शिक्षा, विज्ञान तथा नवप्रर्वतन

### ५.२.१ पृष्ठभूमि

शिक्षा विकासको महत्त्वपूर्ण पूर्वाधार भएकाले नेपालमा यसलाई कानुनमै अधिकारका रूपमा स्थापित गरिएको छ । संविधानले सबैलाई आधारभूत तहसम्म अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्म निःशुल्क शिक्षा लिन पाउने हक प्रत्याभूति गरेको छ । अपाङ्गता भएका र आर्थिक रूपले विपन्न नागरिकलाई निःशुल्क उच्च शिक्षा पाउने हक समेत स्थापित गरेको छ । राज्यको नीति शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यवसायिक, सीपमूलक, रोजगारमूलक एवम् जनमुखी बनाउने रहेकोछ ।त्यसैले शिक्षा सम्बन्धी नागरिक हक संघ, प्रदेश र स्थानीय सरकारको साझा दायित्व बनेको छ । त्यसैगरी दिगो विकास लक्ष्य ४ मा सन् २०३० सम्ममा सबैकालागि समावेशी तथा समानतामा आधारित गुणस्तरीय शिक्षाका साथै जीवनपर्यन्त सिकाइको सुनिश्चित गर्ने उल्लेख छ ।

महाराजगंज नगरपालिकाको साक्षरता ६४ प्रतिशत रहेको छ । शिक्षाको तहगत अवस्था हेर्दा यस पालिकामा एक कलेज, १२ माध्यमिक विद्यालय, ८३ आधारभूत विद्यालय र २९ मदरसा संचालनमा रहेका छन् । शिक्षाको तहगत अवस्था हेर्दा बालविकास/पूर्वप्राथमिक अध्ययन गरिरहेका बच्चाहरू १.१ प्रतिशत, प्राथमिक तह अध्ययन गर्ने ३५.४ प्रतिशत, माध्यामिक तहमा ८.२ प्रतिशत, उच्च माध्यामिक तह अध्ययन गर्ने १२.१ प्रतिशत रहेको छ भने स्नातक तह अध्ययनरत ४ प्रतिशत, स्नातकोत्तर वा सोभन्दा बढी अध्ययन गर्ने १.४ प्रतिशत रहेका छन् । करिब १५.५ प्रतिशतको हाराहारीको जनसंख्या निरक्षर रहेको देखिन्छ ।

सामाजिक आर्थिक रूपान्तरणको महत्त्वपूर्ण माध्यम शिक्षा "समृद्ध नगरपालिका- सुखी नागरिक" भन्ने नारा यथार्थमा बदल्ने औजार हो । त्यसैले यहाँको दिगो विकास, स्वशासन एवम् नागरिक अधिकारको प्रत्याभूति, नागरिकको सन्तुष्टि सुनिश्चित गर्न यस प्रथम योजनामा शिक्षा क्षेत्रलाई प्राथमिकता दिइएको छ ।

### ५.२.२ समस्या तथा चुनौती

विद्यालयमा दरवन्दी र विषयगत शिक्षकको अभाव, विद्यालयमा सबैको समान पहुँच र निरन्तरताको अभाव, शैक्षिक सामाग्रीको अभाव, विद्यालय छाड्ने प्रवृत्ति उच्च हुनु, कक्षा दोहोऱ्याउने प्रवृत्ति बढी हुनु, दलित, आदिवासी जनजाति भर्नादर न्यून हुनु, दलित, विद्यालयहरू आर्थिक रुपले कमजोर हुनु, बालबालिकाहरूको शैक्षिक प्रगतिबारे अभिभावकहरूको चासो कम हुनु, शिक्षक दरबन्दी कम हुनु, शिक्षामा राजनितीकरणको प्रभाव, आधुनिक सुचना प्रविधिको प्रयोग नहुनु यस पालिकाको शिक्षा क्षेत्रमा देखिएका समस्याहरू हुन् । साथै स्थानीय सम्भावना तथा प्रविधिसँग विद्यार्थीको रुचि/आवश्यकता तथा अभिभावकको अपेक्षालाई जोड्न नसकिनु, जस्ता समस्या पनि रहेका छन् ।

विद्यालयको भौतिक पूर्वाधार निर्माणकालागि पर्याप्त मात्रामा बजेटको अभाव हुनु, शिक्षाको प्रविधि र रोजगारीबीच तालमेल हुन नसक्दा शिक्षित बेरोजगारहरूको सङ्ख्या बढ्दै जानु, शिक्षकको पेसागत सक्षमता, नैतिकता र उत्प्रेरणामा कमी हुनु आदि महाराजगंज नगरपालिकाको शिक्षा विकासमा देखिएका चुनौतीहरू हुन् ।

### ५.२.३ संभावना तथा अवसर

महिला, दलित, जनजाति र अपाङ्गता भएका एवम् सीमान्तीकृत समुदायका बालबालिकाहरूलाई विद्यालयमा ल्याउन र टिकाउन विभिन्न प्रोत्साहनमूलक कार्यक्रमहरू संचालन गर्ने अवस्था रहनु, माध्यमिक तहसम्मको शिक्षा स्थानीय तहको कार्य दायरामा परेकाले शैक्षिक सुशासनको प्रत्याभूति सहज हुनु, शिक्षासँगै रैथाने ज्ञान, सीप र प्रविधि उपयोग तथा विकासको प्रचुर सम्भावना रहेको छ ।

प्राविधिक तथा व्यवसायिक सीपप्रतिको युवाको आकर्षण रहनु, अभिभावकहरूमा थप जागरुकता विकास गरी शिक्षामा सबैको पहुँच पु¥याउन सकिनु, समृद्धिका मुख्य सम्बाहकका रुपमा रहेका पर्यटन, ऊर्जा, कृषि, उद्योग, पूर्वाधार, जनशक्ति विकास, सुशासनको मुख्य आधार नै शिक्षाको विकास रहनु यहाँका शिक्षा विकासका अवसरहरू हुन् ।

### ५.२.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**लक्ष्य**

गुणस्तरीय शिक्षामा सबैको पहुँच सुनिश्चित गर्ने।

**उद्देश्य**

१. शिक्षण संस्थाहरूको संस्थागत विकास गर्नु ।
२. सबैकालागि शिक्षा र जीवनपर्यन्त शिक्षाको अवसर बढाउनु ।
३. प्राविधिक शिक्षा तथा व्यवसायिक शिक्षामा जोड दिनु।
४. शैक्षिक विकासकालागि पूर्वाधार विकास तथा उच्च शिक्षाको आधार तयार गर्नु ।
५. संस्थागत तथा निजी विद्यालयहरूलाई नियमन र व्यवस्थापन गरी सेवामुलक बनाउनु ।

**रणनीति र कार्यनीति**

**तालिका १२ः शिक्षाका रणनीति तथा कार्यनीतिहरू**

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| **उद्देश्य १ः शिक्षण संस्थाहरूको संस्थागत विकास गर्नु ।** | |
| **१.१ः** विद्यालयमा गुणस्तरीय शिक्षाको सुनिश्चितता गर्न संस्थागत विकास गर्ने । | १. नगरपालिका शिक्षा नीतिको तर्जुमा, ऐन नियमावली तथा योजनाको कानुनी व्यवस्था गरी कार्यान्वयनमा ल्याइनेछ ।<br>२. नगरपालिकाका सबै विद्यालयहरूलाई शैक्षिक सूचना व्यवस्थापन प्रणाली विकास गरी नगरपालिकाको नेटवर्कमा रहने गरी एकद्वार पद्धतिबाट सञ्चालन गरिनेछ ।<br>३. उत्कृष्ट कार्य गर्ने शिक्षक, कर्मचारी र अभिभावकलाई वार्षिक रूपमा पुरस्कार तथा सम्मानको व्यवस्था नगरपालिका मार्फत् गरिनेछ ।<br>४. विद्यालयहरूमा अन्तर-विद्यालय भ्रमण तथा सिकाइ आदानप्रदान कार्यक्रमहरू सञ्चालन गरिनेछ।<br>५. गुणस्तरीय सिकाइ मापदण्ड/ढाँचा (पाठ्यक्रम, विद्यालयको सिकाइ वातावरण, शिक्षक, शिक्षण सिकाइ सामग्री, शिक्षण विधि, परीक्षा र मूल्याङ्कन, अनुगमन मूल्याङ्कन आदि) तयार गरी कार्यान्वयन गरिनेछ ।<br>६. विद्यालयको शिक्षण सिकाइमा समय र गुणस्तर बढाउन विद्यालय अनुगमन, मूल्याङ्कन र पृष्ठपोषण प्रणालीको विकास गरिनेछ ।<br>७. विद्यालयको उपलब्धि स्तर एवम् प्रणालीगत कार्यकुशलताको उपयुक्त मापदण्ड र सूचक तयार गरिनेछ ।<br>८. महिला शिक्षक सुत्केरी विदामा रहँदा स्वयमसेवक वा सट्टा-शिक्षकको व्यवस्था गरिनेछ ।<br>९. जनजातिको वर्चस्व भएको विद्यालयमा प्रारम्भिक कक्षा मातृभाषामा शिक्षण गर्नकालागि राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ र पाठ्यक्रम विकास केन्द्रको विद्यमान पाठ्यक्रम अनुसार हुने गरी स्थानीय पाठ्यक्रम र पाठयपुस्तकको विकास गरिनेछ। |
| **१.२ः** गुणस्तरीय शिक्षाकोलागि तालिमको संस्थागत विकास गर्ने । | १. स्थानीय आवश्यकताको आधारमा तालिम पाठ्यक्रमको मोडयुल बनाई विज्ञ प्रशिक्षकद्वारा तालिम सञ्चालन गरिनेछ ।<br>२. बालविकास केन्द्रका शिक्षक र आधारभूत तहमा दरबन्दी कम भएका विद्यालयका शिक्षकलाई बहुकक्षा/बहुवर्ग शिक्षण सम्बन्धी तालिम सञ्चालन गरिनेछ ।<br>३. विद्यालयमा बालमैत्री वातावरण सिर्जना गर्न आवश्यक शिक्षक तालिमको व्यवस्था गरिनेछ । |

| | |
|---|---|
| | ४. प्राविधिक तथा व्यवसायिक (सफ्ट स्किल समेत) सीप प्रदान गर्न शिक्षकहरूलाई आधुनिक, शिक्षण सीपयुक्त, प्रविधिमैत्री, निरन्तर सिकाइमुखी बन्न तालिम दिँदै पेशागत दक्षता बढाइनेछ। |
| **उद्देश्य २ः सबैकालागि शिक्षा र जीवनपर्यन्त शिक्षाको अवसर बढाउनु ।** | |
| २.१ः सबै नागरिकलाई आधारभूत शिक्षाको पहुँच सुनिश्चित गर्ने। | १. नमुना विद्यालयलाई आवासीय विद्यालयका रूपमा रुपान्तरण गरिनेछ ।<br>२. आवश्यक परेको ठाँउमा स्कुलबसको व्यवस्था समेत गरिनेछ ।<br>३. पालिका/वडा शिक्षा समिति गठन र क्रियाशील गर्दै विद्यालय शिक्षामा पहुँच नपुगेकाको तथ्याङ्क सङ्कलन गरी पहुँच सुनिश्चित गरिनेछ ।<br>४. नियमित रूपमा विद्यालयमा छोराछोरी पठाउने अभिभावकलाई सम्मान गरिनेछ ।<br>५. गरिब तथा आर्थिक रूपमा विपन्न बालबालिकालाई पोशाक, शैक्षिक सामग्री तथा खाजा भत्ताको व्यवस्था गरिनेछ ।<br>६. नगरपालिकाबाट सञ्चालन हुने विकास निर्माण तथा व्यवसाय कार्यमा आर्थिक स्थिति कमजोर भएका अभिभावकलाई सहभागी गराई शिक्षाकालागि रोजगारी अभियान सञ्चालन गरिनेछ ।<br>७. हेलचक्र्याइ गरी बालबालिकाहरूलाई नियमित विद्यालय नपठाउने अभिभावकहरूलाई नगरपालिकाबाट प्रदान गरिने सबै सुविधाबाट वञ्चित गरिनेछ । |
| २.२ः दलित, अपाङ्गता भएका, विपन्न तथा लक्षित समुदायका बालबालिकाको शिक्षाको हक सुनिश्चित गर्ने । | १. दलित, अपाङ्गता भएका, आर्थिक रूपले विपन्न तथा लक्षित समुदायका बालबालिकाको पहिचान गरी उच्च शिक्षा सम्म निःशुल्क गर्न तथा छात्रवृत्ति प्रदान गर्न लागि सिफारिस गरिनेछ ।<br>२. दृष्टिविहिनलाई ब्रेल लिपी तथा बहिरालाई सांकेतिक भाषामा निःशुल्क शिक्षाकोलागि जिल्ला भित्रकै स्रोत कक्षाहरूमा सिफारिस गरिनेछ भने अन्य अपाङ्गता भएका बालबालिकाहरूलाई स्रोत कक्षाको खोजी गरी शिक्षाको हक सुनिश्चित गरिनेछ ।<br>३. विपन्न तथा लक्षित समुदायका बालबालिकाको शिक्षामा पहुँच सुनिश्चित गर्न प्रत्येक विद्यालयमा विशेष छात्रवृत्ति कोषको स्थापना गरिनेछ ।<br>४. विद्यालय जान नसक्ने अपाङ्गता भएका बालबालिकाकालागि घरमै पढाउने र अभिभावक शिक्षा सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ ।<br>५. ब्रेललिपि तथा साङ्केतिक भाषाको तालिम माग भई आएमा नगरपालिकाबाट व्यवस्थापन गरिनेछ।<br>६. अपाङ्गमैत्री पूर्वाधारहरूको निर्माण गरिनेछ । |
| २.३ः अनौपचारिक जीवनपर्यन्त सिकाइ प्रणाली स्थापनाकालागि नीतिगत तथा कार्यक्रमगत व्यवस्था गर्ने । | १. औपचारिक शिक्षामा निरन्तरता दिन नसक्ने बालबालिका तथा नागरिकलाई अनुकूल तथा समकक्षी शिक्षाको अवसर प्रदान गर्न खुल्ला तथा वैकल्पिक शिक्षा/ विद्यालयको व्यवस्था गरिनेछ ।<br>२. औपचारिक शिक्षा प्रणालीभन्दा बाहिर रहेका नागरिकलाई मागमा आधारित व्यवसायिक तथा प्राविधिक तालिमको व्यवस्था गरिनेछ ।<br>३. नगरपालिका भित्र ट्युसन, कोचिङ जस्ता विद्यालय बाहिर हुने अध्यापन सेवाको अनुमति तथा नियमन गर्ने कार्यविधि तयार गरी कार्यान्वयन गरिनेछ ।<br>४. एक विद्यालय एक पुस्तकालय तथा एकवडा—एक सार्वजनिक पुस्तकालयको नीति बनाई सूचनामाथिको पहुँच र पढ्ने बानिको विकास गरी सबैकालागि आजीवन सिकाइको वा जीवन पर्यन्त सिकाइको अवसर प्रदान गरी दिगो विकासको चौथो लक्ष्य पुरा गर्न सहयोग गरिनेछ ।<br>५. शिक्षामा सूचना तथा सञ्चार प्रविधिको अधिकाधिक प्रयोग हुने गरी शिक्षाको वैकल्पिक माध्यमका रूपमा विषयगत विज्ञको नमूना कक्षाको प्रशारण स्थानीय, टेलीभिजन तथा एफएम मार्फत् गर्ने व्यवस्था गरिनेछ । |
| **उद्देश्य ३ः प्राविधिक शिक्षा तथा व्यवसायिक शिक्षामा जोड दिनु ।** | |

| | |
|---|---|
| **३.१**ः आधारभूत तहमा प्राविधिक तथा व्यवसायिक सीप प्रवर्द्धन गर्ने । | १. आधारभूत तहमा व्यवसायिक सीप प्रदान गर्न स्थानीय पाठ्यक्रममा यस सम्बन्धी विषयवस्तु समावेश गरिनेछ ।<br>२. विद्यालय शिक्षामा निर्वाहमुखी सीपलाई एकीकृत रूपमा समावेश गरिनेछ । |
| **३.२**ः प्राविधिक शिक्षा तथा व्यवसायिक तालिमको पहुँचमा सहजता, गुणस्तरीयता तथा उपयोगितामा बृद्धि गर्ने । | १. नगरपालिकामा प्राविधिक जनशक्तिको अवस्थाबारे अध्ययन गरी आवस्यक विद्यालयमा स्थानीय आवश्यकता अनुसारका ९–१२ को प्राविधिक धार सञ्चालन गरिनेछ ।<br>२. सवै विद्यालयमा कम्प्युटरको ल्यावको व्यवस्था गर्दै इन्टरनेटको पहुँच सुनिश्चित गरिनेछ ।<br>३. विद्यालयमा प्रयोगात्मक कक्षाकालागि विज्ञान प्रयोगशालाको व्यवस्था गरिनेछ ।<br>४. माध्यमिक तह (कक्षा ११–१२) मा विज्ञान विषय अध्यापन गर्ने सामुदायिक विद्यालयको स्तरोन्नति एवम् विद्यार्थी प्रोत्साहन कार्यक्रमको व्यवस्था गरिनेछ । |
| **उद्देश्य ४ः शैक्षिक विकासकालागि पूर्वाधार विकास तथा उच्च शिक्षाको आधार तयार गर्नु ।** | |
| ४.१ः उच्च स्तरको जनशक्ति उत्पादनको व्यवस्था गर्ने । | १. नगरपालिकाको आवश्यकताको पूर्ति तथा शैक्षिक विकासकालागि उच्च शिक्षामा प्राविधिक विषयको क्याम्पस, बहुप्राविधिक शिक्षालय र बहुसंकाय क्याम्पस स्थापनाको पहलकालागि सम्भाव्यता अध्ययन गरिनेछ ।<br>२. उच्च शिक्षामा प्राविधिक विषयलाई प्राथमिकता दिई उच्च दक्ष जनशक्ति उत्पादन गर्न नगरपालिका भित्र कम्तीमा एउटा पोलीटेक्नीकल शिक्षालय स्थापना गरिनेछ । |
| ४.२ः विद्यालयको पूर्वाधार निर्माण गर्ने । | १. वालविकास केन्द्रको पूर्वाधार मापदण्ड अनुसार तयार गरिनेछ।<br>२. विद्यालयको भौतिक पूर्वाधार बालमैत्री, अपाङ्गमैत्री तथा विपद् प्रतिरोधी रूपमा तयार गरिनेछ ।<br>३. प्रत्येक विद्यालयमा छात्र र छात्राकालागि छुट्टा-छुट्टै सुरक्षित तथा स्वस्थकर शौचालयको व्यवस्था गरिनेछ।<br>४. प्रत्येक विद्यालयमा खेल मैदानको व्यवस्था गरिनेछ ।<br>५. विद्यालयमा पुस्तकालय, विज्ञान प्रयोगशाला र कम्प्युटर ल्यावको व्यवस्था गरिनेछ। |
| **उद्देश्य ५ः संस्थागत तथा निजी विद्यालयहरूलाई नियमन र व्यवस्थापन गरी सेवामुलक बनाइनेछ ।** | |
| **५.१**ः संस्थागत तथा निजी विद्यालयहरूको नियमन गरी सेवामुलक बनाउने । | १. प्रत्येक कक्षामा १५ प्रतिशत गरिब र विपन्न विद्यार्थीलाई वडाको सिफारिसमा निःशुल्क पढाउने व्यवस्था गरिनेछ ।<br>२. नयाँ विद्यालयहरूको अनुमति दिँदा शैक्षिक गुठीको रूपमा मात्र अनुमति दिने व्यवस्था मिलाइनेछ।<br>३. संस्थागत विद्यालयहरूको नियमनकालागि मापदण्ड तयार गरी त्यसैको आधारमा शुल्क निर्धारण, वर्गीकरण, अनुगमन गरी सेवामूलक बनाइनेछ । |
| **५.२**ः सामुदायिक विद्यालयहरूको शैक्षिक गुणस्तर बृद्धि गरी प्रतिस्पर्धी बनाउने । | १. विद्यालयमा विषयगत शिक्षकद्वारा मात्रै शिक्षण गर्ने व्यवस्था मिलाइनेछ ।<br>२. अंग्रेजी र नेपाली दुवै माध्यमबाट ऐच्छिक रूपमा सबै कक्षामा सञ्चालन गरिनेछ ।<br>३. अङ्ग्रेजी माध्यमबाट कक्षा सञ्चालन गर्न चाहने विद्यालयका शिक्षकलाई तालिमको व्यवस्था गरिनेछ ।<br>४. कमजोर बालबालिकालाई सुधारात्मक शिक्षण गरी सिकाइ स्तरको बृद्धि गरिनेछ ।<br>५. आवस्यक तालिम दिई बालविकास सम्बन्धी सिकाइ सामग्रीहरूको उत्पादन बालविकास केन्द्रमा नै गर्ने व्यवस्था गरिनेछ ।<br>६. विद्यालयहरूको शिक्षक दरबन्दी, विद्यार्थी सङ्ख्या तथा भौगोलिकता आदिका आधारमा पुन नक्साङ्कन गरी आवस्यकता अनुसार मर्जिङ् गरिनेछ । |

## कार्यक्रम तथा आयोजना

| उद्देश्य नं. | कार्यक्रमहरू | एकाइ | आधार वर्ष | योजनाको कुल लक्ष्य | अनुमानित श्रोत र वार्षिक लक्ष्य (रू.हजारमा) | | | | | | प्रति एकाइ लागत | जिम्मेबारी | स्थानगत तथा कार्यक्रम विवरण |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व | पाँचौ आ.व | जम्मा | | | |
| | **शिक्षा, विज्ञान तथा नवप्रर्वतन** | | | | | | | | | | | | |
| | प्राविधिक कलेज स्थापना तथा संचालन - कृषि, इन्जिनियरिङ, भेटनरी | सङ्ख्या | | १ | | | ३०००० | | | ३०००० | | | |
| | तहगत बिषयगत शिक्षक व्यवस्थापन सहित बिद्यालय क्षेत्र सुधार कार्यक्रम | एकमुष्ठ | | | २२०० | २२०० | २२०० | २२०० | २२०० | ११००० | | | |
| | वाल कक्षा थप कार्यक्रम | एकमुष्ठ | | | १२०० | १२०० | १२०० | १२०० | १२०० | ६००० | | | |
| | विद्यालय भौतिक पूर्वाधार (भवन, बाउन्ड्री, शौचालय, खानेपानि, यातायात आवास) विकास कार्यक्रम | सङ्ख्या | | | १५००० | १५००० | १५००० | १५००० | १५००० | ७५००० | | | |
| | बिद्यालय बगैचा व्यवस्थापन कार्यक्रम | एकमुष्ठ | | | २००० | २००० | ४००० | ५००० | ६००० | १९००० | | | |
| | नगर शैक्षिक सुधार कोष स्थापना तथा संचालन कार्यक्रम | एकमुष्ठ | | | २००० | २००० | २००० | २००० | २००० | १०००० | | | |
| | उत्कृष्ट शिक्षक बिद्यार्थी सम्मान कार्यक्रम | एकमुष्ठ | | | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | | | |
| | उच्च शिक्षा छात्रवृत्ति कार्यक्रम | एकमुष्ठ | | | २५०० | २५०० | २५०० | २५०० | २५०० | १२५०० | | | |
| | मदरसा स्थापना तथा संचालन | सङ्ख्या | | ३ | | | १०००० | १०००० | १०००० | ३०००० | | | |
| | हाल संचालित मदरसाको स्तरउन्नती तथा गुणस्तर प्रवर्द्धन कार्यक्रम | एकमुष्ठ | | | १५०० | १५०० | १५०० | १५०० | १५०० | ७५०० | | | |
| | विद्यालयहरुमा कम्प्युटर शिक्षा संचालनका लागि कम्प्युटर सहायता कार्यक्रम | एकमुष्ठ | | | ५००० | ५००० | ५००० | ५००० | ५००० | २५००० | | | |
| | अवधी भाषाको स्थानीय पाठ्यक्रम निर्माण तथा पठन-पाठन संचालन | एकमुष्ठ | | | | | २००० | | | २००० | | | |
| | **शिक्षा, विज्ञान तथा नवप्रर्वतनको जम्मा** | | | | **३१९००** | **३१९००** | **७५९००** | **४४९००** | **४५९००** | **२३०५००** | | | |

### ५.२.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

| नतिजा तह | नतिजा | सूचक | एकाई | आधार वर्षको अवस्था | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | जम्मा | पुष्ट्याँइको स्रोत | जोखिम पक्ष तथा अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो | तेस्रो | पाँचौं | | | |
| स्वास्थ्य तथा पोषण | | | | | | | | | | |
| प्रभाव | नगरपालिकामा स्वास्थ्य सेवा सर्व शुलभ भएको हुनेछ । | अपेक्षित आयु (जन्म हुँदाको) | वर्ष | ६७ | ६८ | ७० | ७२ | ७२ | नगर प्रोफाइल, स्वास्थ्य शाखा, वार्षिक प्रतिवेदन, HMIS | सरकारी स्वास्थ्य संस्थाबाट प्रवाह हुने सेवा थप प्रभावकारी अर्थात भरपर्दो सहजहुने, बाल पोषणमा भएको लगानी थप प्रभावकारी भएको हुने, स्वास्थ्य सेवा थप प्रभावकारी भएको हुने, स्वास्थ्य पूर्वाधारमा नपाको लगानी वृद्धि भएको हुने |
| | | ३० मिनेटसम्मको दुरीमा स्वास्थ्य सेवामा पहुँच रहेका परिवार | प्रतिशत | ४० | ६० | ८० | १०० | १०० | | |
| असर १ | गुणस्तरीय स्वास्थ्य सेवाको अभावमा स्वास्थ्यसेवाको लागि जिल्ला बाहिरका अस्पताल धाउनु पर्ने बाध्यताको अन्त्य हुनेछ । | प्राथमिक उपचार केन्द्र | सङ्ख्या | ११ | | | | ११ | | |
| | | अस्पताल | सङ्ख्या | २ | | | | २ | | |
| | | बेड | सङ्ख्या | १७ | | ४० | ५५ | ५५ | | |
| | | हेल्थ पोष्ट | सङ्ख्या | ९ | ११ | | ११ | ११ | | |
| | | शहरी स्वास्थ्य एकाई | सङ्ख्या | १० | | | | १० | | |
| | | विशेषज्ञ चिकित्सक | सङ्ख्या | ४ | ७ | ९ | ११ | ११ | | |
| | | मध्यम स्तरको स्वास्थ्य कार्यकर्ता | सङ्ख्या | २० | २७ | ३५ | ५५ | ५५ | | |
| प्रतिफल | गर्भवती परीक्षणको सुविधाबाट आमा र गर्भमा रहेको बच्चाको स्वास्थ्यमा रुग्णता दरमा कमी हुनेछ। | संस्थागत सुत्केरी सेवाको दायरा | प्रतिशत | ५५ | ६५ | ८० | १०० | १०० | | |
| | | दक्ष स्वास्थ्यकर्मीबाट प्रसुति सेवा लिएका महिला | प्रतिशत | ७० | ८५ | ९५ | १०० | १०० | | |
| | | बर्थिङ सेन्टर | सङ्ख्या | ४ | ६ | ९ | ११ | ११ | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | गर्भावस्थाको परीक्षण दर | प्रतिशत | ७५ | ८० | ९५ | १०० | १०० | | |
| | बाल मृत्युदर, शिशु मृत्युदरमा कमी आउनेछ । | ५ वर्ष मुनिको वाल मृत्युदर (प्रतिहजार जीवित जन्ममा) | दर | ४५ | २० | ५ | ० | ० | | |
| | | शिशु मृत्युदर (प्रतिहजार जीवित जन्ममा) | दर | ३० | १५ | ५ | ० | ० | | |
| | | नवजात शिशु मृत्युदर (प्रतिहजार जीवित जन्ममा) | दर | २५ | १५ | ५ | १ | १ | | |
| | | पूर्ण खोप | प्रतिशत | ८० | ९० | १०० | १०० | १०० | | |
| | | भिटामिन ए खाने बालबालिका | प्रतिशत | ८० | ९० | १०० | १०० | १०० | | |
| | | झाडा पखालाको संक्रमण दर | प्रतिशत | ४५ | ३० | १५ | ५ | ५ | | |
| | महिला, अपाङ्ग र अल्पसङ्ख्यक समुदायमा स्वास्थ्य सेवा र सुविधाको पहुँचमा बृद्धि हुनेछ। | महिला स्वास्थ्य स्वयं सेविका | सङ्ख्या | २७ | ४४ | ४४ | ४४ | ४४ | | |
| | | सामान्य स्वास्थ्य उपकरण उपलब्ध भएका भवन | सङ्ख्या | ३ | | ५ | ९ | ९ | | |
| | | आधुनिक उपकरण सहितका स्वास्थ्य भवन | सङ्ख्या | १ | | | ३ | ३ | | |
| | | आधारभूत सुविधा सहितका स्वास्थ्य संस्था | सङ्ख्या | | | | ९ | ९ | | |
| | | परिवार नियोजनको साधन प्रयोग गर्ने दम्पति | प्रतिशत | ४० | ५० | ७० | ७५ | ७५ | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | प्रतिकारात्मक स्वास्थ्य सेवाको विस्तारबाट खर्चिलो र जोखिमयुक्त उपचारात्मक सेवाको खर्चमा कटौती हुनेछ । | सवारी साधन युक्त स्वास्थ्य संस्था | सङ्ख्या | ३ | | | ९ | ९ | | |
| | | स्वास्थ्य बीमा गर्ने परिवार | प्रतिशत | २० | ४० | ६० | ८५ | ८५ | | |
| | | एम्बुलेन्स सञ्चालन | सङ्ख्या | ३ | ४ | ४ | ५ | ५ | | |
| | | पालिका मार्फत निशुल्क उपलब्ध भएको औषधी | सङ्ख्या | ७२ | | | | ९२ | | |
| | स्वास्थ्य प्रवर्द्धनका उपायहरूबाट स्थानीय नागरिकहरूको स्वास्थ्यस्तर राम्रो भई औसत आयुमा बृद्धि हुनेछ । | एच आईभि एड्स रोकथामबारे जानकारी प्राप्त प्रजननयोग्य उमेरका महिला | प्रतिशत | ६० | ७० | ९० | १०० | १०० | | |
| | | स्वास्थ्य शिविर सञ्चालन | सङ्ख्या | ५ | ९ | ११ | ११ | ११ | | |
| | | घुमन्ते स्वास्थ्य सेवा | पटक | ४ | ७ | ११ | ११ | ११ | | |
| | | दक्ष स्वास्थ्य सेवा तालिम | सङ्ख्या | २ | ४ | ५ | ७ | ७ | | |
| | | प्रयोगशाला शुरु भएका स्वास्थ्य संस्था | सङ्ख्या | २ | ३ | ४ | ५ | ५ | | |
| असर २ | नगरपालिका बासीलाई पोषणयुक्त खानेकुरा खान पाउने सुनिश्चितता हुनेछ । | कुपोषण प्रभावित जनसङ्ख्या | प्रतिशत | २ | | | ० | ० | | |
| | | आधारभूत खाद्य सुरक्षाको स्थितिमा रहेका परिवार | प्रतिशत | ७२ | | | १०० | १०० | | |
| प्रतिफल | महारागंज कुपोषणमुक्त नगरपालिका बन्नेछ । | सुत्केरी -स्याहार भत्ता पाउने महिला | सङ्ख्या | | सबै सुत्केरी | | | | | |
| | | करेसाबारी भएको घरपरिवार | प्रतिशत | ७० | | | ८० | ८० | | |
| | | आफ्नो उत्पादनबाट वर्षभरी खान पुग्ने घरधुरी | प्रतिशत | ३० | ४० | ५० | ६० | ६० | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | प्रतिव्यक्ति खाद्य उत्पादन | किलोग्राम | २३० | | | २८० | २८० | | |
| | | कम्तिमा एक गाई/भैंसी भएको परिवार | प्रतिशत | ८५ | | | ९० | ९० | | |
| | | कम्तिमा एक मासुजन्य पशुपंक्षी पाल्ने घर परिवार | प्रतिशत | ७५ | ८० | ८२ | ८५ | ८५ | | |
| | | उच्च खाद्य असुरक्षाको स्थितिमा रहेका परिवार | प्रतिशत | २८ | २० | १० | ० | ० | | |
| | | उपभोगको दुइ तिहाई खानामा खर्च गर्ने जनसङ्ख्या | प्रतिशत | ४५ | | | ४० | ४० | | |

### ५.३ खानेपानी तथा सरसफाइ

#### ५.३.१ पृष्ठभूमि

खानेपानी र सरसफाइ आम नागरिकका आधारभूत आवश्यकता हुन् । नेपालको कानूनले खानेपानी तथा सरसफाइको क्षेत्रमा नागरिकको पहुँच हुने हक प्रदान गरेको छ । स्वस्थ मानव जीवनका लागि खानेपानी र सरसफाइ अनिवार्य हुने भएकोले संघीय व्यवस्था लागू भएपछि यस सम्बन्धी अधिकार स्थानीय सरकारको अधिकार क्षेत्रमा राखिएको छ । यसका साथै नेपाल सरकारले खानेपानी तथा सरसफाइ क्षेत्रलाई महत्व दिई विभिन्न रणनीति र कार्यनीति बनाई कार्यक्रमहरू संचालन गर्दै आएको छ । नेपालको संविधान को धारा ३०.१ मा हरेक नागरिकलाई स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने हक र ३०.२ मा वातावरणीय प्रदूषणको कारक भएकोमा पीडकले क्षतिपूर्ति गर्नुपर्ने र ३०.३ मा वातावरण र विकास बीच समुच्च सन्तुलनकालागि आवश्यक कानुनी व्यवस्था गर्न सक्ने व्यवस्था गरेको देखिन्छ । यसैगरी नेपाल जनस्वास्थ्य ऐन २०७५ को धारा ४१ मा संघीय कानुनको मातहतमा रहेर मानव स्वास्थ्यलाई हानी पुऱ्याउने प्रदूषण रोक्न संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारले आवश्यक नियमावली बनाउन सक्ने र लागुगर्न सक्ने व्यवस्था गरेको छ ।

यस नगरपालिकामा भूमिगत पानी नै खानेपानीको श्रोतको रूपमा रहेको छ । भुमिगत पानीलाई घरमै ट्युवेल राखेर खानेपानीको उपयोग गर्ने घरपरिवार ८६.८ प्रतिशत रहेको छ भने सार्वजनिक धाराबाट खानेपानी उपयोग गर्ने घरपरिवार ८.८६ प्रतिशत रहेको छ । सरसफाइको सन्दर्भमा कूल घरपरिवार मध्ये ४७.७९ प्रतिशत घरपरिवारमा सामान्य शौचालय रहेको छ भने ४४.७६ प्रतिशत घरपरिवारमा सुविधायुक्त शौचालय रहेको छ । हालसम्म शौचालय नभएको घरपरिवार संख्या ७.०५ प्रतिशत रहेको छ । फोहोरमैला व्यवस्थापनका सन्दर्भमा नगरपालिकाको ढल व्यवस्थापन भएको छैन । प्लाष्टिकजन्य फोहोरमैलालाई डढाउने, बाटोमा फोहोर जथाभावी फाल्ने, पुनःप्रयोग गर्न सकिने सामानहरूको पुनःप्रयोग नभएको अवस्था रहेको छ ।

#### ५.३.२ समस्या तथा चुनौती

भूमिगत पानीलाई नै खानेपानीको रूपमा प्रयोग गरिनु, भूमिगत पानीमा आर्सेनिक पाईनु, करीव ५० प्रतिशत घरधुरीमा अझै सामान्य शौचालय हुनु, अहिलेपनि ७ प्रतिशत घरपरिवारमा शौचालय नहुनु, सरसफाइ सम्वन्धी जनचेतनाको कमी, बजार क्षेत्रबाट निस्कने फोहरको उचित व्यवस्थापन हुन नसक्नु, प्लाष्टिकजन्य फोहोर निष्काशन आदि प्रमुख समस्या हुन् । त्यसैगरी, सरसफाइ तथा स्वच्छ खानेपानीको क्षेत्रमा गरिब, पिछडिएको र उच्च जोखिमयुक्त वर्ग सरसफाइको प्रभावबाट बाहिर हुनु, वातावरणीय प्रभाव, जलवायु परिवर्तन र अव्यवस्थित बस्ती विकासका कारण खानेपानीका स्रोतहरू सुक्दै जानु र स्रोत प्रदूषित हुनु, फोहरमैला व्यवस्थापन, प्रशोधन र ढल निकासको कामहरू योजनाबद्ध रुपले अगाडि बढाउन नसक्नु आदि महाराजगंज नगरपालिकाका प्रमुख समस्याहरू हुन् ।

स्वस्थ खानेपानीको व्यवस्था, फोहर र ढलको व्यवस्था गर्नु, व्यक्तिगत र सामुदायिक सरसफाइ सम्वन्धी चेतना अभिवृद्धि गर्नु, प्लाष्टिकजन्य पदार्थहरू डढाउने प्रवृति, वस्ती तथा बाटोमा फोहोर फाल्ने परिपाटी, फोहोरको रूपमा निस्कने प्लाष्टिकजन्य तथा बोतलहरूको मात्रा बढ्दै जानु जस्ता चुनौतिहरू हुन् । व्यवस्थित ढल निकासको प्रबन्ध गर्नु, खानेपानी तथा सरसफाइको दिगो व्यवस्थापनकालागि वैकल्पिक वित्तीय स्रोतको व्यवस्थापन गर्नु तथा योजना, मर्मत सम्भार र दिगो व्यवस्थापनको लागि उपभोक्ताहरूको दक्षता अभिवृद्धि गर्नु आदि यस नगरपालिकामा खानेपानी तथा सरसफाइ विकासमा विद्यमान चुनौतीहरू हुन् ।

### ५.३.३ संभावना तथा अवसर

आधारभूत खानेपानी तथा सरसफाइ क्षेत्र तीनै तहका सरकारको उच्च प्राथमिकतामा पर्नु, आयोजनाको छनौट, सञ्चालन र व्यवस्थापनमा उपभोक्ता तथा समुदायको थप चासो हुँदै जानु, बस्ती नजिकै पानीका स्रोतहरू (नदी, खोलानाला र मूल) को उपलब्धता प्रचुर मात्रामा रहनु, लिफ्टिङ प्रणालीबाट खानेपानी सुविधा पुऱ्याउन सकिने प्रविधिको विकास हुनु तथा नदी तथा जलाधार क्षेत्रको दिगो व्यवस्थापनमा समुदायको चासो बढ्दै जानु यस पालिकामा खानेपानी तथा सरसफाइ प्रवर्द्धनका सम्भावना तथा अवसरहरू हुन् ।

त्यस्तै, शुद्ध खानेपानी र सरसफाइको सन्दर्भमा जनप्रतिनिधि र अगुवाहरूको चासो बढ्दै जानु, खानेपानीको लागि स्रोत प्रशस्त हुनु, यो विषय राष्ट्रिय प्राथमिकतामा पर्नु र स्थानीय सरकारको कार्यक्षेत्रमा पर्नु, फोहोरमैला व्यवस्थापनमा जनप्रतिनिधि र समुदाय विस्तारै संवेदनशील हुँदै जानु, खानेपानी, सरसफाई र फोहोरमैला व्यवस्थापनमा सहयोगी संस्था र समुदायको सहकार्य हुनु आदि पनि यस क्षेत्रका अवसरहरू हुन् ।

### ५.३.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**लक्ष्य**

महाराजगंज बासीलाई सर्वसुलभ र गुणस्तरीय खानेपानी तथा सरसफाइ सेवा विस्तार गर्ने ।

**उद्देश्य**

१. आधारभूत खानेपानीको पहुँच विस्तार गर्नु ।
२. गुणस्तरीय खानेपानी सुविधाको पहुँचमा बृद्धि गर्नु ।
३. प्रत्येक घरमा व्यवस्थित शौचालय तथा घरेलु फोहरमैलाको व्यस्थापन गर्नु ।

**रणनीति र कार्यनीति**

**तालिका १३: खानेपानी तथा सरसफाइका रणनीति तथा कार्यनीतिहरू**

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| **उद्देश्य १: आधारभूत खानेपानीको पहुँच विस्तार गर्नु ।** | |
| **१.१:** पहुँच नभएका टोल तथा बस्तीहरूमा खानेपानीको सेवा विस्तार गर्न खानेपानीका स्रोतहरूको पहिचान गर्ने | १. विद्यमान तथा वैकल्पिक खानेपानीका स्रोतहरूको प्राविधिक टोलीबाट मूल्याङ्कन गराइनेछ ।<br>२. खानेपानीका स्रोतहरूको संरक्षण गरिनेछ।<br>३. "एकघर एक धारा" कार्यक्रम लागु गरिनेछ ।<br>४. आधारभूत खानेपानीको पहुँच बृद्धिकोलागि ठाउँ ठाउँमा पानी ट्यांकीको सम्भ्याव्यता अध्ययन गरिनेछ ।<br>५. नयाँ संरचनाकोलागि आवश्यक जग्गाको व्यवस्था गर्ने मिलाइनेछ । |
| **उद्देश्य २: गुणस्तरीय खानेपानी सुविधाको पहुँचमा बृद्धि गर्नु ।** | |
| **२.१:** आधारभूत खानेपानीको गुणस्तर बढाउन आवश्यक संरचनाहरू तयार गर्ने । | १. विद्यमान खानेपानीका संरचनाको क्षमता मूल्याङ्कन गरिनेछ ।<br>२. आवश्यकता अनुसार पानी शुद्धीकरण प्रक्रियाकोलागि संरचना निर्माण गरिनेछ ।<br>३. सामूहिक कोषको निर्माण गरी उपभोक्ताको लागत सहभागिता सुनिस्चित गरिनेछ ।<br>४. निजी वा अन्य क्षेत्रसँग साझेदारीको प्रयास गरिनेछ ।<br>५. व्यवस्थित खानेपानीको रेखदेख र सञ्चालनकोलागि जनशक्तिको व्यवस्था गरिनेछ । |
| **उद्देश्य ३: प्रत्येक घरमा व्यवस्थित शौचालय तथा घरेलु फोहरमैलाको व्यस्थापन गर्नु ।** | |

| | |
|---|---|
| **३.१**: प्रत्येक घरपरिवारमा आधारभूत शौचालय तथा सरसफाइको व्यवस्था गर्ने । | १. निर्माण भएका शौचालयहरूको समुचित प्रयोगबारे अनुगमन गरिनेछ।<br>२. घरबाट निस्किने अन्य फोहर व्यवस्थापन गर्न घर परिवारलाई आवश्यक प्रशिक्षणको व्यवस्था गरिनेछ ।<br>३. हरेक घरबाट निस्किने कुहिने प्रकृतिका फोहरमैलाबाट कम्पोस्ट मल बनाउन प्रत्येक परिवारलाई प्रेरित गरिनेछ ।<br>४. घरबाट निस्किने पानीलाई सङ्कलन गरी करेसाबारीमा उपयोग गर्न प्रोत्साहित गरिनेछ।<br>५. समुदायका केही सार्वजनिक ठाउँहरूमा अपाङ्गमैत्री, बालमैत्री शौचालयको निर्माण गरिनेछ ।<br>६. सरसफाइ सम्बन्धी जनचेतनामुलक कार्यक्रम सञ्चालन गरिनेछ । |

## कार्यक्रम तथा आयोजना

| उद्देश्य नं. | कार्यक्रमहरू | एकाइ | आधार वर्ष | योजनाको कुल लक्ष्य | अनुमानित श्रोत र वार्षिक लक्ष्य (रू.हजारमा) | | | | | | प्रति एकाइ लागत | जिम्मेबारी | स्थानगत तथा कार्यक्रम विवरण |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व | पाँचौ आ.व | जम्मा | | | |
| | **खानेपानी तथा सरसफाइ** | | | | | | | | | | | | |
| | ओभरहेड ट्यांकी निर्माण | सङ्ख्या | | २ | २०००० | २०००० | २०००० | २०००० | २०००० | १००००० | | | |
| | शुद्ध खानेपानी जाँच तथा फिल्टर वितरण | एकमुष्ठ | | | १००० | १००० | १००० | १००० | १००० | ५००० | | | |
| | उपभोक्ता समिति मार्फत खानेपानि वितरण व्यवस्थापन | एकमुष्ठ | | | १५०० | १५०० | १५०० | १५०० | १५०० | ७५०० | | | |
| | साना ह्यान्ड पम्प अनुदान सहायता | एकमुष्ठ | | | २००० | २००० | २००० | २००० | २००० | १०००० | | | |
| | कम्पोष्ट मल तथा फोहोर वर्गीकरण तालिम | एकमुष्ठ | | | २५० | २५० | २५० | २५० | २५० | १२५० | | | |
| | वडास्तरीय सरसफाइ अभियान संचालन | सङ्ख्या | | ११ | २५० | २५० | २५० | २५० | २५० | १२५० | | | |
| | सार्वजनिक ठाँउमा फोहरमैला संकलन डष्टविन | सङ्ख्या | | १००० | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | | | |
| | प्लास्टिक जन्य खेर जाने वस्तुबाट व्याग ढक्कि जस्ता सामान बनाउने तालिम | एकमुष्ठ | | | | १२०० | | ५०० | | १७०० | | | |
| | सार्वजनिक शौचालय निर्माण | सङ्ख्या | | १४ | १००० | १००० | ४५० | | | २४५० | | | |
| | **खानेपानी तथा सरसफाइको जम्मा** | | | | **२६५००** | **२७७००** | **२५९५०** | **२६०००** | **२५५००** | **१३१६५०** | | | |

## ५.३.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

| नतिजा तह | नतिजा | सूचक | एकाई | आधार वर्षको अवस्था | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | जम्मा | पुष्ट्याँइको स्रोत | जोखिम पक्ष तथा अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो | तेस्रो | पाँचौं | | | |
| **खानेपानी तथा सरसफाइ** | | | | | | | | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रभाव | पालिका क्षेत्रमा सर्वसुलभ र गुणस्तरीय खानेपानी तथा सरसफाइ सेवा विस्तार हुनेछ । | आधारभूत खानेपानीको पहुँच भएको जनसङ्ख्या | प्रतिशत | ८० | ८५ | ९५ | १०० | १०० | नगर प्रोफाइल, प्राविधिक शाखा, सम्वन्धित शाखाको प्रतिवेदन | खानेपानीको स्रोतहरूमा वृद्धि भएको हुने, सरसफाई जनचेतनामा वृद्धि भएको हुने, फोहोरमैला र वातावरण प्रति जनचेतना वृद्धिभएको हुने, फोहोरमैला व्यवस्थापनमा नगरपालिकाले थप लगानी गरेको हुने |
| | | स्वच्छ खानेपानीको पहुँच भएको जनसङ्ख्या | प्रतिशत | ६० | ८० | ९० | १०० | १०० | | |
| | | शौचालय भएका घरपरिवार | प्रतिशत | १०० | | | १०० | १०० | | |
| असर | आधारभूत खानेपानीको पहुँच हरेक टोल समुदायलाई हुनेछ । | पाईपद्वारा वितरित पानी उपयोग गर्ने परिवार | प्रतिशत | ३० | ४५ | ६० | ६५ | ६५ | | |
| | | खानेपानीको स्रोत संरक्षण | प्रतिशत | ७० | ८० | १०० | १०० | १०० | | |
| प्रतिफल | आधारभूत सरसफाइमा सुधार गरी समुदायलाई प्रदूषणमुक्त बनाउन सकिनेछ । | सेफ्टिट्यांकी सहितको शौचालय भएको परिवार | प्रतिशत | ८० | ९० | १०० | १०० | १०० | | |
| | | साधारण शौचालय भएको परिवार | प्रतिशत | २० | | | ० | ० | | |
| | | सार्वजनिक शौचालय | सङ्ख्या | ० | ३ | ५ | ७ | ७ | | |
| | संक्रामक रोगको फैलावटमा कमी आउनेछ । | जोखिमयुक्त अवस्थामा साबुन पानीले हात धुने | प्रतिशत | ४० | ६० | ७० | ७५ | ७५ | | |
| | | उपचार गरिएको वा सुरक्षित खानेपानी सुविधा प्राप्त घरधुरी | प्रतिशत | | | | १०० | १०० | | |

### ५.४ महिला, बालबालिका तथा लक्षित वर्ग

### ५.४.१ पृष्ठभूमि

नगरमा रहेका सबै वर्ग वा समूहले विकासको प्रत्याभूति सुनिश्चित गर्न सकेमा मात्र नगर विकास भएको मान्न सकिन्छ । संविधानमा लैंङ्गिक समानता, समानुपातिक समावेशीकरण, सहभागिता र सामाजिक न्यायलाई लोककल्याणकारी राज्य वयवस्था स्थापनाको एउटा आारको रूपमा लिई सामाजिक र आर्थिक रूपले पिछडिएका लिङ्ग, वर्ण, वर्ग, समुदाय र क्षेत्रको नागरिकहरूको अधिकार संरक्षण गर्दै ती समूहहरूको विकास र सहभागिता बढाउन विशेष व्यवस्था गर्ने विषय उल्लेख गरिएको छ । यस संबैधानिक व्यवस्थाले महिला र बालबालिकाको विकासका लागि सबै तहका सरकारहरूले विशेष व्यवस्था गर्नुपर्ने देखिन्छ । महिलाहरूको क्षमता, श्रम, सीप र सृजनालाई विकास प्रकृयामा लगाई संविधानको मर्म अनुरूप सामाजिक समानता कायम गर्न कार्यक्रमहरू सञ्चालन गर्नु आवश्यक छ ।

बालबालिकाको हकलाई संविधानले मौलिक हकको रूपमा स्थापित गरेको हुँदा बाल बचाउ, बाल संरक्षण, बाल विकास र बालसहभागिता जस्ता बालअधिकारका आधार स्तम्भहरू प्रत्याभूति गर्न बालबालिका सम्बन्धी ऐन, २०७५ लागु गरिएको छ । त्यस्तै, ज्येष्ठ नागरिकहरूको जीवन सहज, सुरक्षित एवं सम्मानित बनाई सामाजिक न्याय कायम गर्नु कल्याणकारी राज्यको दायित्व हो भने अपाङ्गतासम्बन्धी राष्ट्रिय नीति तथा कार्ययोजनाका आधारमा अपाङ्गता भएका व्यक्तिहरूलाई विकासको मूलधारमा ल्याउनका लागि समावेशी र समन्यायिक पहुँच तथा सहभागितामा जोड दिइनु पर्दछ ।

महाराजगंज नगरपालिका कृषिको उर्बरभूमिको रूपमा रहे पनि विगतमा केही सामाजिक असमानता तथा विभेदका कारण यस क्षेत्रका महिला, दलित, जनजाति, अल्पसङ्ख्यक वर्ग सामाजिक तथा आर्थिक रूपले पछाडि परेका छन् । लक्षित वर्ग तथा समुदायको सामाजिक न्याय, समानता, मानवअधिकार सहित सर्वाङ्गिण विकास गर्ने लक्ष्य तथा उद्देश्यका साथ लैङ्गिक समानता तथा समावेशीकरणलाई समग्र विकास योजनामा समेट्नु पर्दछ ।

### ५.४.२ समस्या तथा चुनौती

लैङ्गिक विभेद तथा हिंसालाई बढावा दिने सामाजिक संरचना, सोच, मूल्य, मान्यता, प्रथा, परम्परा कायमै रहनु, महिला माथि घरेलु, यौनजन्य तथा लैङ्गिकतामा आधारित हिंसा विद्यमान हुनु, सामाजिक र पारिवारिक वहिष्करणमा परेका तथा हिंसा पीडित तथा एकल महिलालाई पूर्णरूपमा संरक्षण, पुनर्स्थापना, सशक्तीकरण र स्वावलम्बी बनाउन नसकिनु महिला सम्बन्धी क्षेत्रका समस्या हुन् । महिला तथा बालबालिकाहरू माथि घरेलु, यौनजन्य तथा लैङ्गिकतामा आधारित हिंसा विद्यमान रहनु, हिंसा पिडित महिलालाई पूर्णरुपमा संरक्षण र पुर्नस्थापना गर्न नसक्नु, सशक्तिकरण र स्वावलम्बी बनाउन नसकिनु जस्ता समस्याहरू अझै पनि विद्यमान रहेका छन् । अझैपनि जेष्ठ नागरिकहरूको ज्ञान, सीप र अनुभव मुलुकले उपयोग र नयाँ पीढिमा हस्तान्तरणको पहल हुन नसक्नु, बेवारिसे, असहाय, अशक्त, एकल जेष्ठ नागरिकहरूको उचित संरक्षण नहुनु, जेष्ठ नागरिकले उचित सम्मान पाउन नसक्नु जस्ता समस्याहरू जेष्ठ नागरिकका समस्याहरू हुन् । अपाङ्गमैत्री शिक्षाको अभावका कारण अपाङ्गता भएका बालबालिकाहरू विद्यालय बाहिर रहनु, उनीहरूका लागि रोजगारी, सामाजिक सहभागिता र आयआर्जनका अवसरमा समान पहुँच नहुनु र विभिन्न अवरोध, विभेद र असमान व्यवहारको अवस्था विद्यमान हुनु जस्ता समस्याहरू रहेका छन् ।

आर्थिक तथा सामाजिक जीवनमा लैङ्गिक समानता कायम गर्नु, लैङ्गिक दृष्टिकोणलाई मूलप्रवाहीकरण गरी लैंगिक उत्तरदायी स्थानी शासन पद्धति कायम गर्नु, महिलामाथि हुने सबै किसिमका हिंसा, विभेद र शोषणको अन्त्य गर्नु, विकसित विश्वव्यापी मूल्य, मान्यता र वदँलिदो परिस्थितिलाई सम्बोधन हुने गरी बालअधिकारको संरक्षण र प्रवर्द्धनलाई

प्रभावकारी बनाउनु तथा ज्येष्ठ नागरिकको ज्ञान, सीप र अनुभवलाई समाज विकास र पूर्वाधार निर्माणमा उपयोग गर्नु, ज्येष्ठ नागरिकमाथि हुने हिंसा र दुर्व्यवहारको अन्त्य गर्नु चुनौतीहरु बिद्यमान छन् ।

### ५.४.३ संभावना तथा अवसर

सामाजिक असमानता तथा विभेदका कारण सामाजिक तथा आर्थिक रूपले पछाडि परेका यस क्षेत्रका महिला, दलित, जनजाति, अल्पसङ्ख्यक वर्गको उत्थान गरी विकासको मूल प्रवाहमा सहाहित गर्दै लक्षित वर्ग तथा समुदायको सामाजिक न्याय, समानता, मानवअधिकार सहित सर्वाङ्गिण विकास गर्ने लक्ष्य तथा उद्देश्यका साथ लैङ्गिक समानता तथा समावेशीकरणलाई समेट्न सके महाराजगंज नगरपालिकाले समतामुलक, समृद्ध पालिकाको रुपमा आफ्नो पहिचान स्थापित गर्न सक्ने सम्भावना रहेको छ ।

लैङ्गिकमैत्री संविधान तथा राज्यका तीनै तहमा महिलाको राजनैतिक सहभागिता तथा समाजको मूल्य, मान्यता र व्यवहारमा क्रमशः सकारात्मक परिवर्तन हुँदै आउनु, बालबालिकाको मौलिक हक सम्बन्धी सवालका लागि विभिन्न नीति तथा कार्यक्रमको प्राथमिकताका साथ तर्जुमा हुनु, संविधानद्वारा ज्येष्ठ नागरिकको विशेष संरक्षण तथा सामाजिक सुरक्षाको हक सुनिश्चित हुनु तथा अपाङ्गता भएका व्यक्तिहरूको लागि सेवा सुविधा र सामाजिक सुरक्षाको व्यवस्था संविधान तथा ऐनद्वारा ग्यारेन्टी गरिनु तथा अपाङ्गता भएका व्यक्तिहरू स्वयं क्रियाशील भई संगठित हुनु आदि अवसरका रुपमा रहेका छन् ।

### ५.४.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**लक्ष्य**

महिला बालबालिका तथा लक्षितवर्गको आर्थिक, राजनीतिक र सामाजिक विकासका सबै अवसरहरूमा समतामूलक पहुँच र सहभागिता सुनिश्चित गराउने ।

**उद्देश्य**

१. महिला हिंसाको अन्त्य तथा लैङ्गिक समता कायम गर्नु
२. बालबालिकाको समग्र अधिकारको संरक्षण तथा बालमैत्री वातावरण सिर्जना गर्नु
३. ज्येष्ठ नागरिकको हक अधिकारको संरक्षण र प्रवर्द्धन गर्दै ज्ञान, सीप र अनुभवको उपयोग गर्नु
४. अपाङ्गता भएका व्यक्तिकालागि आधारभूत सेवा, स्रोत र प्रविधिमा सहज पहुँचको वृद्धि गर्दै आर्थिक तथा सामाजिक सशक्तीकरण मार्फत् जीवनयापनमा सहजता तथा आत्मसम्मान प्रदान गर्नु
५. दलित तथा सिमान्तकृत समुदायलाई विकास तथा सामाजिक न्यायको मूलधारमा प्रवाहीकरण गर्नु ।

**रणनीति तथा कार्यनीति**

**तालिका १४: महिला, बालबालिका, जेष्ठनागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूका रणनीति तथा कार्यनीतिहरू**

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| **उद्देश्य १: महिलाको हक-अधिकारको संरक्षण र लैङ्गिक समता कायम गर्नु ।** | |
| १.१: पालिका मातहतका सबै निकायहरूमा लैङ्गिक समानता बृद्धि गर्ने । | १. नगरपालिकाका नीति निर्माण र कार्यान्वयनमा समान महिलाको समान सहभागिता तथा प्रतिनिधित्वमा बढोत्तरी गरिनेछ ।<br>२. लैङ्गिक समानता प्रासिको लागि पुरुषको समेत सक्रिय सहभागितामा वृद्धि गरिनेछ । |
| १.२: लैङ्गिक हिंसा अन्त्य गर्ने कार्यक्रम कार्यान्वयन गर्ने । | १. महिला विरुद्ध हुने सबै प्रकारका हिंसा, शोषण र विभेद नियन्त्रणको कानुनी उपचार प्रणालीलाई पहुँच योग्य बनाइनेछ । |

| | |
|---|---|
| | २. स्थानीय तहमा हिंसा प्रभावित महिलाहरूको लागि पुनर्स्थापना तथा सुरक्षा गृह स्थापना तथा सञ्चालन का साथै पालिकामा राहतकोषको सञ्चालन गरिनेछ। |
| **उद्देश्य २ः बालबालिकाको समग्र अधिकारको संरक्षण तथा बालमैत्री वातावरण सृजना गर्नु ।** | |
| २.१ः विभेद, हिंसा, उत्पीडन, शोषणबाट बालबालिकालाई उचित संरक्षण गर्ने । | १. बालबालिका विरुद्ध हुने हिंसा, यौनदुर्व्यवहार, बालश्रम, बलात्कार, बेचविखनजस्ता अपराध विरुद्ध सचेतनामूलक कार्यक्रमहरू सञ्चालन गरिनेछ ।<br>२. हिंसा प्रभावित बालबालिकाको उचित संरक्षण तथा पुनर्स्थापनाका लागि बाल हेल्पलाइन सेवाको व्यवस्था गरिनेछ ।<br>३. अनाथ, असहाय, पूर्ण अपाङ्गता भएका र विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको लागि पुनर्स्थापना केन्द्र तथा बालकोषको स्थापना गरिनेछ । |
| २.२ः बालबालिकाको सहभागिता बृद्धि गर्ने । | १. बाल क्लब तथा बाल सञ्जालको गठन, विस्तार तथा परिचालन गरी बालबालिकाको सहभागिता बढाइनेछ ।<br>२. स्थानीय नीति निर्माण तहमा बालबालिकाको सहभागिता सुनिश्चित गरिनेछ ।<br>३. बालबालिकाको शारीरिक, मानसिक र शैक्षिक विकासमा अवरोध तथा बाधा नपर्ने गरी बाल सहभागितामा बृद्धि गरिनेछ । |
| २.३ः बालमैत्री वातावरणको विकास गर्ने । | १. बालबालिकाहरूको सर्वाङ्गीण विकासका लागि प्रत्येक वार्डमा बाल उद्यान निर्माण गरिनेछ ।<br>२. बालमैत्री स्थानीय शासनका माध्यमबाट बाल अधिकार सूचकहरू पूरा गर्न बालमैत्री पालिका घोषणा गरिनेछ । |
| **उद्देश्य ३ः ज्येष्ठ नागरिकको हक अधिकारको संरक्षण र प्रवर्द्धन गर्दै ज्ञान, सीप र अनुभवको उपयोग गर्नु ।** | |
| ३.१ः ज्येष्ठ नागरिकको लागि हेरचाह, स्याहारसुसार र उपयुक्त वातावरण सिर्जना गर्ने । | १. आफ्ना आमाबाबुलाई सन्तानले हेरचाह तथा उचित व्यवस्थापन गर्नुपर्ने पद्धतिको प्रवर्द्धन गरिनेछ ।<br>२. आवश्यकता अनुसार ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र तथा आश्रमको व्यवस्था गरिनेछ । |
| ३.२ः ज्येष्ठ नागरिकको ज्ञान, सीप र अनुभवलाई उपयोग गरी सहभागितामा वृद्धि गर्ने । | १. ज्येष्ठ नागरिकको ज्ञान, सीप र अनुभवलाई उपयोग गर्न अवसर प्रदान गर्नुका साथै अन्तरपुस्ता हस्तान्तरण गरिनेछ । |
| ३.३ः ज्येष्ठ नागरिकको सामाजिक सुरक्षा सेवालाई वृद्धि गर्ने । | १. ज्येष्ठ नागरिकलाई सम्मान स्वरुप सेवा र सुविधामा विशेष सहुलियतको व्यवस्था गरिनेछ ।<br>२. ज्येष्ठ नागरिकले समाज र राष्ट्रको लागि पुऱ्याएको योगदानको आधारमा सम्मान गरिनेछ । |
| **उद्देश्य ४ः अपाङ्गता भएका व्यक्तिकालागि आधारभूत सेवा, स्रोत र प्रविधिमा सहज पहुँचको वृद्धि गर्दै आर्थिक तथा सामाजिक सशक्तीकरण मार्फत् जीवन यापनमा सहजता तथा आत्मसम्मान प्रदान गर्नु ।** | |
| ४.१ः अपाङ्गमैत्री भौतिक संरचना निर्माण तथा सुधार गरी सार्वजनिक सेवामा पहुँच बढाउने । | १. भौतिक संरचना, पूर्वाधार तथा यातायातका साधनहरू अपाङ्गमैत्री बनाई सहज हुने वातावरण निर्माण गरिनेछ ।<br>२. शिक्षण सिकाइ पद्धति अपाङ्गमैत्री बनाई गुणस्तरीय शिक्षामा सबै अपाङ्गता भएका बालबालिकाहरूको पहुँच वृद्धि गरिनेछ ।<br>३. अपाङ्गता भएका व्यक्तिहरूलाई सरकारी र निजी क्षेत्रमा रोजगारीको अवसर वृद्धि गरिनेछ । |

| | |
|---|---|
| ४.२ः अपाङ्ग व्यक्तिहरूप्रति गरिने हिंसाको न्यूनीकरण गर्ने । | १. अपाङ्ग व्यक्तिहरूप्रति गरिने विभेद र हिंसा निराकरण गर्ने कार्यक्रम सञ्चालन गरिनेछ ।<br>२. अपाङ्गता भएका व्यक्तिको सहभागितामा बृद्धिका लागि आवस्यक नीति तथा कार्यक्रम कार्यान्वयन गरिनेछ । |
| **उद्देश्य ५ः दलित तथा सिमान्तकृत समुदायलाई विकास तथा सामाजिक न्यायको मूलधारमा प्रवाहीकरण गर्नु ।** | |
| **५.१ः** दलित तथा सिमान्तकृत समुदायको सबै प्रकारका सार्वजनिक समिति तथा निकायमा प्रतिनिधित्व सुनिश्चतता गर्ने । | १. नगरपालिकामा उपलव्ध रोजगारीका अवसरहरुमा दलित तथा सिमान्तकृत समुदायका युवाहरुलाई प्राथमिकता दिइनेछ ।<br>२. स्थानीय उपभोक्ता समितिहरूमा दलित तथा सिमान्तकृत समुदायको अनिवार्य प्रतिनिधित्वको प्रावधान राखिनेछ ।<br>३. दलित तथा सिमान्तकृत समुदायका नागरिकलाई शिक्षा, स्वास्थ्य, खानेपानी लगायत आधारभूत सेवा सुविधा समतामुलक रुपमा वितरण गर्ने प्रवन्ध मिलाइनेछ । |

## कार्यक्रम तथा आयोजना

| उद्देश्य नं. | कार्यक्रमहरू | एकाइ | आधार वर्ष | योजनाको कुल लक्ष्य | अनुमानित श्रोत र वार्षिक लक्ष्य (रू.हजारमा) | | | | | | प्रति एकाइ लागत | जिम्मेबारी | स्थानगत तथा कार्यक्रम विवरण |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व | पाँचौ आ.व | जम्मा | | | |
| | **महिला, बालबालिका तथा लक्षित वर्ग** | | | | | | | | | | | | |
| | लैंगिक समानता तथा समाजिक समावेशीकरण योजना | सङ्ख्या | | १ | ५५० | | | | | ५५० | | | |
| | महिला जनप्रतिनिधिहरूलाई स्थानीय सरकार संचालन एवं नेतृत्व विकास सम्बन्धी क्षमता विकास कार्यक्रम | एकमुष्ठ | | | ८०० | ८०० | ८०० | ८०० | ८०० | ४००० | | | |
| | लक्षित समूह सहभागिता, नेतृत्व विकास तथा क्षमता अभिवृद्धि कार्यक्रम | एकमुष्ठ | | | ७०० | ७०० | ७०० | ७०० | ७०० | ३५०० | | | |
| | महिला सहकारी संस्था समूह विकास कार्यक्रम | एकमुष्ठ | | | २२० | २२० | २२० | २२० | २२० | ११०० | | | |
| | वालमैत्री नगरपालिका प्रर्वद्धन कार्यक्रम | एकमुष्ठ | | | ६४० | ६४० | ६४० | ६४० | ६४० | ३२०० | | | |
| | एकल महिला सहयोग कार्यक्रम | एकमुष्ठ | | | | ६०० | ६०० | ६०० | ६०० | २४०० | | | |
| | जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरूको लागी बहुआयामिक कार्यक्रम | एकमुष्ठ | | | १००० | १००० | १००० | १००० | १००० | ५००० | | | |
| | जेष्ठ नागरिकका लागि बिश्राम गृह निर्माण | सङ्ख्या | | १ | | | | | ६००० | ६००० | | | |
| | विद्यालय विमूख किशोरीको बहुआयामिक विकास कार्यक्रम | एकमुष्ठ | | | १२०० | १२०० | १२०० | १२०० | १२०० | ६००० | | | |
| | आपतकालिन संरक्षण सेवामा महिला समूहको परिचालन | एकमुष्ठ | | | ३०० | ३०० | ३०० | ३०० | ३०० | १५०० | | | |
| | सामाजिक कुरिति सचेतना (बाल विबाह, दाइजो प्रथा उन्मुलन) | एकमुष्ठ | | | ३५० | ३५० | ३५० | ३५० | ३५० | १७५० | | | |
| | घरेलु तथा लैंगिक हिंसा तथा यौनजन्य हिंसा न्यूनीकरण कार्यक्रम | एकमुष्ठ | | | ३५० | ३५० | ३५० | ३५० | ३५० | १७५० | | | |
| | लोहार, धरिकार, मल्लाह (दुँगा चलाउने) हरुलाई दलितमा वर्गिकरण गरी सुविधा सहयोग | एकमुष्ठ | | | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | | | |
| | **महिला, बालबालिका तथा लक्षित वर्गको जम्मा** | | | | **६६१०** | **६६६०** | **६६६०** | **६६६०** | **१२६६०** | **३९२५०** | | | |

## ५.४.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

| नतिजा तह | नतिजा | सूचक | एकाई | आधार वर्षको अवस्था | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | जम्मा | पुष्ट्याँइको स्रोत | जोखिम पक्ष तथा अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो | तेस्रो | पाँचौं | | | |
| **महिला, बालबालिका तथा लक्षित वर्ग** | | | | | | | | | | |
| प्रभाव | महिला, बालबालिका, जेष्ठनागरिक तथा अपाङ्गता भएका व्यक्तिविरुद्ध हुने सबै प्रकारका विभेद, हिंसा र शोषण अन्त्य गरी सक्षम र आत्म सम्मानपूर्ण जीवन यापन भएको हुनेछ । | महिला/घरेलु हिंसा | प्रतिशत | ४५ | ३० | २५ | २० | २० | नगर प्रोफाइल, सामाजिक विकास शाखा, वार्षिक प्रतिवेदन | निर्माण हुने संरचनाहरू लैंगिक सम्बेदनशील भएको हुने, योजना तथा कार्यक्रमहरू लैंगिकमैत्री हुनुको साथै बजेटको परिमाणमा पनि वृद्धि भएको |
| | | बालश्रम | प्रतिशत | ३० | २५ | १५ | १० | १० | | |
| | | अपाङ्गमैत्री सार्वजनिक सेवा प्रदायक संस्था | सङ्ख्या | २ | | | ११ | ११ | | |
| | | बैङ्क मार्फत सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने जेष्ठ नागरिक | प्रतिशत | १०० | | | १०० | १०० | | |
| असर | पालिका र पालिका मातहतका सबै निकायहरूमा सामाजिक समवेशिकरंका आधारमा समतामुलक सेवा प्रभाव भएको हुनेछ । | लैङ्गिक हिंसा र छुवाछुत सम्बन्धी घटना दर्ता | सङ्ख्या | | | | | | | |
| | | तालिम प्राप्त अपाङ्गता भएका व्यक्ति | सङ्ख्या | २५ | ५० | ७५ | १०० | १०० | | |
| | | कुल सहभागीहरूमा महिलाको प्रतिशत | प्रतिशत | ३३ | ३३ | ४५ | ५० | ५० | | |
| प्रतिफल | लैङ्गिक हिंसा अन्त गर्ने कार्यक्रम तर्जुमा गरी कार्यान्वयन हुनेछ । | व्यवसायिक सीपमूलक तालिम प्राप्त महिला | | | | | | | | |
| | | लैङ्गिक हिंसा र छुवाछुत सम्बन्धी सचेतना कार्यक्रम | सङ्ख्या | ७ | ११ | ११ | ११ | ११ | | |
| | | पिडित महिलाहरूको लागि सुरक्षित आवास गृह | सङ्ख्या | ० | | | १ | १ | | |
| | | GESI परिक्षण | सङ्ख्या | १ | | | ३ | ३ | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | सबै प्रकारका विभेद, हिंसा, उत्पीडन, शोषणबाट सबै प्रकारका बालबालिकालाई उचित संरक्षण हुनेछ । | बाल हेल्पलाइन सञ्चालन | सङ्ख्या | ० | | | १ | १ | | |
| | | बाल उद्यान | सङ्ख्या | ० | | | ११ | ११ | | |
| | | सुरक्षित बाल गृह | सङ्ख्या | ३ | | | ५ | ५ | | |
| | ज्येष्ठ नागरिकको लागि हेरचाह, स्याहारसुसार र उपयुक्त वातावरण सिर्जना हुनेछ । | जेष्ठ नागरिक दिवा सेवा केन्द्र | सङ्ख्या | ० | | | ६ | ६ | | |
| | | जेष्ठ नागरिक सम्मान | सङ्ख्या | ० | | | १ | १ | | |
| | ज्येष्ठ नागरिकले आर्जन गरेको ज्ञान, सीप र अनुभवलाई राज्यले उपयोग गर्न नीति निर्माणमा सहभागिता अभिवृद्धि हुनेछ । | जेष्ठ नागरिक सत्सङ्ग केन्द्र | सङ्ख्या | ० | १ | | | १ | | |
| | अपाङ्गमैत्री भौतिक संरचना निर्माण तथा सुधार गरी सार्वजनिक सेवामा सहज पहुँच हुनेछ । | अपाङ्गता भएकाहरूको लागि दिवा सेवा केन्द्र | सङ्ख्या | १ | | | ३ | ३ | | |
| | | यौनिक तथा लैङ्गिक अल्पसंख्यक मैत्री सार्वजनिक शौचालय | सङ्ख्या | | २ | ३ | ५ | ५ | | |
| | अपाङ्गता भएका व्यक्तिहरूप्रति गरिने विभिन्न प्रकारको हानिकारक अभ्यास तथा परम्परा, विभेद र हिंसा आदिको न्यूनीकरण भएको हुनेछ | अपाङ्गता सम्बन्धि हेल्प डेक्स सञ्चालन | सङ्ख्या | १ | | | १२ | १२ | | |
| | | कुल सहभागीहरूमा अपाङ्गता भएका | प्रतिशत | | | | ५ | ५ | | |

## ५.५ युवा तथा खेलकुद

### ५.५.१ पृष्ठभूमि

नगर विकासको लागि युवा वर्गको महत्वपूर्ण भूमिका हुन्छ । युवा शक्तिको पहिचान र परिचालन गर्नसकेमा समग्र विकास प्रक्रियामा युवाले योगदान गर्न सक्छन् । संविधानको सामाजिक न्याय र समावेशीकरण सम्वन्धी नीतिमा राष्ट्रिय विकासमा युवा सहभागिता अभिवृद्धि गर्दै राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारहरूको पूर्ण उपयोगको वातावरण सिर्जना गर्ने, युवाको सशक्तीकरण र विकासका लागि शिक्षा, स्वास्थ्य, रोजगारी लगायतका क्षेत्रमा विशेष अवसर प्रदान गर्दै व्यक्तित्व विकास गर्ने तथा राज्यको सर्वांगीण विकासमा योगदानका लागि उपयुक्त अवसर प्रदान गर्ने उल्लेख गरिएको छ । यसका साथै स्वस्थ, सक्षम र अनुशासित नागरिक तयार गर्न खेलकूद तथा खेलाडीमा योजनाबद्ध लगानी गर्ने र खेलकूदलाई राष्ट्रिय एकता सुदृढ गर्ने एवं अन्तर्राष्ट्रिय क्षेत्रमा राष्ट्रिय सम्मान अभिवृद्धि गर्न्ने माध्यमको रूपमा विकास गर्ने भनिएको छ । नेपालमा १६ देखि ४० वर्ष उमेर समूहको जनसङ्ख्या करिव ४० प्रतिशत रहेको छ भने यस नगरपालिकामा करिव ५४ प्रतिशत रहेको छ । विकासमा युवा सहभागिताको अभिवृद्धि गर्दै राजनैतिक, आर्थिक, सामाजिक, सांस्कृतिक अधिकारको पूर्ण उपयोगको वातावरण तयार गरी युवाहरूको सशक्तीकरण र विकासका लागि शिक्षा, स्वास्थ्य, रोजगारी लगायतका क्षेत्रमा विशेष अवसर प्रदान गरिनु पर्दछ । जनसाङ्ख्यिक पूँजीको रूपमा रहेका युवाहरूको विदेश पलायन रोक्दै विकासको हरेक क्षेत्रमा युवाहरूको पहुँच बढाउने र सामाजिक-आर्थिक रूपान्तरणमा युवाहरूलाई मूलप्रवाहीकरण गर्दै शिक्षित, दक्ष, लगनशील, अनुशासित युवाहरूबाट पालिकाको विकासमा योगदानको वातावरण सिर्जना गर्नु पर्ने भएको छ ।

व्यक्तिको शारीरिक, मानसिक, सामाजिक र संवेगात्मक पक्षको सन्तुलित विकासका लागि खेलकुद अपरिहार्य छ । त्यसैले "सबैका लागि खेलकुद" भन्ने अभियान सञ्चालन गरी समाजमा रहेका खेलाडी, खेल प्रशिक्षक, बालबालिका, युवा, ज्येष्ठ नागरिक, फरक क्षमता भएका व्यक्तिहरू सबैलाई खेलकुदको माध्यमबाट निरोगी एवम् अनुशासित तुल्याई देश विकासको पथमा संलग्न गराउनु अहिलेको प्रमुख आवश्यकता हो । खेलाडीलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रुपमा प्रतिस्पर्धी बनाई पालिका, प्रदेश र राष्ट्रको गौरव बढाउने अवसर सिर्जना गर्नुपर्ने भएको छ ।

### ५.५.२ समस्या तथा चुनौती

युवा लक्षित विकासका लागि कार्यक्रमको प्रभावकारी कार्यान्वयन नहुनु, बजारको माग र आपूर्तिका आधारमा रोजगार सिर्जनाका लागि उचित योजना अनुसार जनशक्ति उत्पादन हुन नसक्नु, युवाहरूका लागि उद्यमशीलता र रोजगारीका अवसरहरू पर्याप्त नहुँदा विदेश पलायन हुन बाध्य हुनु, सीप र तालिम विनाका अदक्ष कामदारहरू वैदेशिक रोजगारीमा जानुपर्दा पर्याप्त रिमिटेन्स भित्रिन नसक्नु, "विकास-अनुशासन-गतिशीलता" सँग युवाहरूलाई जोड्न नसक्नु, सामाजिक र सांस्कृतिक विकृति विसंगतिहरूबाट जोगाउन गरिएका प्रयासहरू पर्याप्त नहुनु आदि प्रमुख समस्याहरू हुन् । खेलकुद विकासका लागि पूर्वाधार र खेल सामग्रीको कमी हुनु, पालिकामा भएका खेलकुद पूर्वाधारहरू गुणस्तरीय, आधुनिक र सुविधायुक्त नहुनु, युवा तथा खेलकुद क्लबहरू वैधानिक रूपमै सञ्चालन गर्न नसक्नु, क्लवहरूको आफ्नै भवन र पूर्वाधार नहुनु, खेलाडी तथा प्रशिक्षकहरूलाई नियमित रूपमा प्रशिक्षण दिई उनीहरूको मनोवल उच्च वनाई जीविकोपार्जनको आधारको रूपमा स्थापित गर्न नसकिनु, अन्तर्राष्ट्रिय प्रतियोगिताहरूमा नियमित रूपमा प्रतिस्पर्धी हुन नसक्नु, खेलकुदको विकास र लगानीमा निजी क्षेत्रलाई प्रोत्साहन गरी लगानी आकर्षण गर्न नसक्नु, खेल सम्वद्ध संस्थाहरूको क्षमता विकास गरी संस्थागत सुशासन कायम गर्न नसक्नु, साहसिक खेलकुदमा पर्याप्त ध्यान दिन नसकिनु जस्ता विषय प्रमुख समस्याका रूपमा रहेका छन् ।

वर्षेनी श्रम बजारमा थपिने युवालाई रोजगारमूलक र व्यवसायिक शिक्षा तालिम उपलब्ध गराई रोजगारी प्रदान गर्नु, युवा प्रतिभा-पलायन रोक्नु, युवाहरूमा सकारात्मक सोचको वृद्धि गरी श्रम र संस्कृतिप्रति सम्मान गर्ने वातावरणको सिर्जना गर्नु, युवाहरूमा स्वयंसेवी भावनाको जागृत गर्नु, सामाजिक र आर्थिक सेवाहरूमा युवाको पहुँच वृद्धि गर्नु, उपयुक्त खेल पूर्वाधार- आधारशीला निर्माण गर्नु तथा समुदायदेखि नै खेलकुदलाई आत्मसात् गरी बालबालिका, युवा, विद्यार्थी, ज्येष्ठ नागरिक लक्षित खेलकुद कार्यक्रम र शिक्षण,प्रशिक्षण तथा विभिन्न प्रतियोगिताहरूको आयोजना गरी स्वच्छ तथा प्रतिस्पर्धी खेलाडीको विकास एवम् खेल संस्कृतिको विकास गर्नु चुनौतीका रुपमा रहेका छन् ।

### ५.५.३ संभावना तथा अवसर

नगरपालिकामा आर्थिक रूपले सक्रिय जनसंख्या (१५ देखि ५९ वर्ष उमेर समूहको जनसंख्या) कुल जनसंख्याको झण्डै ५४ प्रतिशत छ । यो उमेर समूहलाई नगरपालिकाले विशेष योजनाका साथ कृषि तथा पर्यटन जस्ता आर्थिक उत्पादनको क्षेत्रमा लगाउन सक्दछ । यसबाट वैदेशिक रोजगारीका लागि आर्थिक रूपले सक्रीय जनशक्ति पलायन हुनबाट रोकी नगर विकासमा ठूलो फड्को मार्ने सम्भावना रहेकोछ ।

संविधानमै युवा विकास सम्बन्धी व्यवस्था हुनु, राष्ट्रिय युवा परिषद्को गठन र परिचालन हुनु, देशमा विकास आयोजना, उद्योग सञ्चालन गर्न प्रशस्त युवा शक्ति र श्रम देशमा उपलब्ध हुनु, संविधानले नै खेलकुदलाई राष्ट्रिय एकता सुदृढ गर्ने र अन्तर्राष्ट्रिय क्षेत्रमा सम्मान अभिवृद्धि गर्ने माध्यमको रूपमा लिनु, स्थानीय स्तरमा विभिन्न क्लबहरूद्वारा खेलकुद पूर्वाधार विकास र प्रतियोगिता आयोजनामा योगदान रहनु तथा विद्यालय तहको पाठ्यक्रममा खेलकुदलाई अभिन्न अङ्गका रूपमा लिइनु अवसरका रुपमा रहेका छन् ।

### ५.५.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**लक्ष्य**

युवा जनशक्तिलाई पालिकाको सामाजिक-आर्थिक विकास तथा खेलकुदमा मूलप्रवाहीकरण गर्ने ।

**उद्देश्य**

१. युवाहरूलाई उद्यमशील, स्वरोजगार र स्वावलम्बी बनाउदै विकासमा युवाको सहभागिता वृद्धि गर्नु ।
२. खेलकुद पूर्वाधारको विकास गर्दै युवा खेलाडीलाई उच्च प्रतिस्पर्धी र व्यवसायिक बनाउनु ।

**रणनीति तथा कार्यनीति**

**तालिका १५ः युवा तथा खेलकुदका रणनीति तथा कार्यनीतिहरू**

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| **उद्देश्य १ः युवाहरूलाई उद्यमशील, स्वरोजगार र स्वावलम्बी वनाउदै विकासमा युवाको सहभागिता वृद्धि गर्नु ।** | |
| १.१ः विकासमा युवा सहभागिता बढाउने । | १. विकास निर्माणमा युवाहरूलाई परिचालन गर्न युवा स्वयंसेवा कार्यक्रम सञ्चालन गरिनेछ ।<br>२. नगरपालिकाका नीति-कार्यक्रम निर्माण तथा अनुगमन-मूल्याङ्कनमा युवा सहभागिता वृद्धि गरिनेछ । |
| १.२ः युवालाई उद्यमशील, व्यवसायी र आत्मनिर्भर बनाउन वित्तीय स्रोत साधनको पहुँचमा वृद्धि गर्ने । | १. रोजगार तथा स्वरोजगार सिर्जनाका लागि सार्वजनिक, निजी, साझेदारीका वित्तीय संस्थाहरू मार्फत् सहुलियत व्याजदरमा ऋण उपलब्ध गराइनेछ ।<br>२. विदेशबाट फर्केका युवाहरूको सीप र दक्षतामा आधारित भई व्यवसाय गर्न ईच्छुक युवाहरूको समूह मार्फत विशेष कार्यक्रम संचालन गरिनेछ । |
| १.३ः युवा केन्द्रित प्राविधिक तथा व्यवसायिक शिक्षा र सीप विकासका | १. युवामा उद्यमशीलता विकासका लागि स्वदेश तथा विदेशको बजारको माग अनुरुप व्यवसायिक तथा प्राविधिक तालिम उपलब्ध गराइनेछ। |

| | |
|---|---|
| अवसरहरू विस्तार गरी उद्यमशील बनाउने । | २. वैदेशिक अध्ययन तथा रोजगारीबाट आर्जन भएका पूँजी, ज्ञान, सीप, प्रविधि र अनुभवलाई स्वदेशमा नै उत्पादनमूलक क्षेत्रमा लगाउन प्रोत्साहन गरिनेछ ।<br>३. परम्परागत पेशा र व्यवसायको जगेर्ना, आधुनिकीकरण, र व्यवसायीकरण गर्न युवाहरूलाई प्रोत्साहन गरिनेछ । |
| १.४ः युवामा सकारात्मक सोच, सिर्जनशीलता र नेतृत्व क्षमताको विकास गर्ने । | १. सिर्जनात्मक अन्वेषण र नवप्रवर्तन कार्य गरी राष्ट्रको गौरव वढाउन योगदान दिन युवाहरूलाई प्रोत्साहित गरिनेछ ।<br>२. विकास वा खेलकुद सम्बन्धी विभिन्न क्लवहरूको स्थापना तथा प्रभावकारी सञ्चालन मार्फत युवाहरूको नेतृत्व र व्यक्तित्वको विकास गरिनेछ ।<br>३. युवाहरूलाई परिवार र समाजप्रति जिम्मेवारी गराइनेछ ।<br>४. युवाहरूलाई लागु पदार्थ दुर्व्यसन तथा नियन्त्रण सम्बन्धी चेतना मुलक कार्यक्रम तयारी तथा सञ्चालनमा सहभागी गराइनेछ ।<br>५. वातावरण संरक्षण र दिगो विकासमा युवा सहभागितालाई प्राथमिकता दिइनेछ ।<br>६. विज्ञान तथा सूचना प्रविधिमा युवाको पहुँचका लागि प्रत्येक वार्डमा सूचना प्रविधि सम्पन्न युवा सूचना केन्द्रको स्थापना गरिनेछ। |
| **उद्देश्य २ः खेलकुद पूर्वाधारको विकास गर्दै युवा खेलाडीलाई उच्च प्रतिस्पर्धी र व्यवसायिक बनाउनु ।** | |
| २.१ः खेलकुदको समुचित विकासका लागि आवश्यक पूर्वाधारको निर्माण गर्ने । | १. पालिकामा कम्तिमा एउटा न्युनतम सुविधा सम्पन्न वहुउद्देश्यीय खेलकुद रङ्गशाला निर्माण गरिनेछ ।<br>२. सार्वजनिक निजी साझेदारीमा खेलकुद पूर्वाधार निर्माण र सुदृढ गरिनेछ ।<br>३. प्रत्येक वार्डमा कभर्डहल तथा आवस्यक खेल सामग्रीको व्यवस्था गरिने छ। |
| २.२ः खेल सम्बद्ध राष्ट्रिय र अन्तर्राष्ट्रिय संघ संस्थाहरूसँग समन्वय र सहकार्य गरी खेलकुद विकास गर्ने । | १. खेलकुद विकासका लागि सरोकारवाला राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संस्थासँग सहयोग र सहकार्य गरिनेछ ।<br>२. खेलकुद पूर्वाधारको विकास र खेल क्षेत्रको उत्थानका लागि विज्ञता हाँसिल गरेका विदेशी खेलाडीसँग ज्ञान र सीपको आदानप्रदान गर्न आवश्यक समझदारीको व्यवस्था मिलाइनेछ। |
| २.३ः योग तथा ध्यानका साथै मनोरञ्जनात्मक, परम्परागत तथा संस्कृतिजन्य खेलकुद विकास गर्ने । | १. योग तथा ध्यान मार्फत युवाहरूमा सकारात्मक विकासका लागि योग तथा ध्यानका प्रशिक्षक तयार गरिने छ ।<br>२. प्रत्येक वार्डमा योग तथा ध्यान प्रशिक्षण केन्द्र स्थापना तथा सुसञ्चालन गरिनेछ ।<br>३. मनोरञ्जनात्मक तथा संस्कृतिजन्य खेललाई प्रोत्साहन गरिनेछ ।<br>४. लोपोन्मुख रैथाने (Indigenous) खेल उत्थान तथा विकासका लागि आवश्यक व्यवस्था गरिनेछ । |
| २.४ः प्रतिभावान खेलाडीको पहिचान, क्षमता विकास र प्रोत्साहन गर्ने । | १. राष्ट्र र प्रदेशको गौरव राख्न सफल खेलाडीहरूलाई सम्मान एवम् पुरस्कार दिइनेछ ।<br>२. स्थानीय स्तरदेखि प्रतियोगिता सञ्चालन गर्दै प्रतिभावान खेलाडीको पहिचान, विकास, सम्मान तथा प्रोत्साहन गरिनेछ ।<br>३. विद्यालय तथा पालिका तहमा खेलकुद पूर्वाधारको विकास गरी खेलकुद प्रतियोगिता सञ्चालन गरिनेछ ।<br>४. खेलकुदमा युवाहरूको सहभागिता वृद्धि गर्ने कार्यक्रमहरू सञ्चालन गरिनेछ । |

## कार्यक्रम तथा आयोजना

| उद्देश्य नं. | कार्यक्रमहरू | एकाइ | आधार वर्ष | योजनाको कुल लक्ष्य | अनुमानित श्रोत र वार्षिक लक्ष्य (रू.हजारमा) | | | | | | प्रति एकाइ लागत | जिम्मेवारी | स्थानगत तथा कार्यक्रम विवरण |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व | पाँचौ आ.व | जम्मा | | | |
| | **युवा तथा खेलकुद** | | | | | | | | | | | | |
| | युवा हेल्पडेस्क तथा सूचना केन्द्र निमार्ण तथा मनोपरामर्स केन्द्र कार्यक्रम | सङ्ख्या | | १ | १००० | २०० | २०० | २०० | २०० | १८०० | | | |
| | युवा उद्यमशिलता, स्वरोजगार तथा रोजगार कार्यक्रम | एकमुष्ठ | | | १००० | ३५०० | ३५०० | ३५०० | ३५०० | १५००० | | | |
| | सीपविकास तथा क्षमता अभिबृद्धि प्रशिक्षण कार्यक्रम (डिजिटल) | एकमुष्ठ | | | १००० | १००० | १००० | १००० | १००० | ५००० | | | |
| | वडास्तरीय खेलमैदान निर्माण | सङ्ख्या | | ११ | १०००० | २०००० | २०००० | ३०००० | ३०००० | ११०००० | | | |
| | पालिका स्तरीय खेल मैदान निर्माण (क्रिकेट, भलिबल, फूटबल ग्राउन्ड, व्यट्मिन्टन कोर्ट) | सङ्ख्या | | १ | १०००० | १५००० | १५००० | २०००० | २०००० | ८०००० | | | |
| | युवा पालिका निमार्ण कोष प्रर्वद्धन कार्यक्रम | एकमुष्ठ | | | १५०० | १५०० | १५०० | १५०० | १५०० | ७५०० | | | |
| | युवा क्लब तथा युवा संसद अभ्यास कार्यक्रम | एकमुष्ठ | | | १००० | १००० | १००० | १००० | १००० | ५००० | | | |
| | युवा लक्षित लागु पदार्थ दुरुत्साहित कार्यक्रम | एकमुष्ठ | | | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | | | |
| | युवा क्लबहरूको क्षमता विकास कार्यक्रम | एकमुष्ठ | | | ११०० | ११०० | ११०० | ११०० | ११०० | ५५०० | | | |
| | **युवा तथा खेलकुदको जम्मा** | | | | २७१०० | ४३८०० | ४३८०० | ५८८०० | ५८८०० | २३२३०० | | | |

## ५.५.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

| नतिजा तह | नतिजा | सूचक | एकाई | आधार वर्षको अवस्था | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | जम्मा | पुष्ट्याँइको स्रोत | जोखिम पक्ष तथा अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो | तेस्रो | पाँचौं | | | |
| युवा तथा खेलकुद | | | | | | | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| प्रभाव | युवा जनशक्तिलाई पालिकाको सामाजिक-आर्थिक विकास तथा खेलकुदमा मूलप्रवाहीकरण भएको हुनेछ । | युवाहरूको नेतृत्वमा रहेको सामाजिक संघसंस्था | प्रतिशत | २० | ४० | ५० | ६० | ६० | नगर प्रोफाइल, सामाजिक विकास शाखा, वार्षिक प्रतिवेदन | युवाहरूका लागि भएको लगानीमा वृद्धि भएको हुन, खेल पूर्वाधारमा लगानी वृद्धि हुने |
| | | राष्ट्रिय अन्तराष्ट्रिय खेलाडी सङ्ख्या | सङ्ख्या | ० | | | १० | १० | | |
| | | प्रदेश तथा जिल्लास्तरीय खेलाडी | सङ्ख्या | २० | | | १०० | १०० | | |
| असर | क्षमता विकास, सीपमूलक तालिम र वित्तीय स्रोतमा युवाहरूको पहुँच वृद्धि भएको हुनेछ । | सहकारीमा युवाको आवद्धता | प्रतिशत | ३५ | ४० | ५० | ६० | ६० | | |
| | | युवा व्यवसायीहरूबाट सञ्चालन भएका व्यवसायको सङ्ख्या | सङ्ख्या | ७० | १०० | १७० | २५० | २५० | | |
| | | उद्यमशीलता तालिम प्राप्त युवाहरूको वार्षिक सङ्ख्या | सङ्ख्या | ३० | ३० | ५० | ५० | ५० | | |
| | | उद्यम, व्यवसाय र स्वरोजगारीमा संलग्न युवा | प्रतिशत | २० | ३५ | ५० | ६० | ६० | | |
| | | युवाक्लब, संजाल तथा संस्था | सङ्ख्या | ३१ | ३५ | ४० | ४५ | ४५ | | |
| प्रतिफल | खेलमैदान, योग तथा ध्यानकेन्द्र स्थापना भएको हुनेछ । | नियमित योगाभ्यास गर्ने जनसङ्ख्या | प्रतिशत | ५ | १० | १५ | २५ | २५ | | |
| | | पालिकास्तरीय खेलमैदान | सङ्ख्या | ० | १ | ३ | ६ | ६ | | |
| | विद्यालयहरूमा खेलकुद विकास भएको हुनेछ । | खेल मैदान भएका विद्यालय | सङ्ख्या | ६ | ११ | १६ | १९ | १९ | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | अन्तर विद्यालय प्रतियोगितात्मक खेलकुद कार्यक्रम | सङ्ख्या | १ | | | ३ | ३ | | |
| | प्रशिक्षण र अभ्यासमा वृद्धि हुनेछ । | पालिकामा संचालित खेलकुद प्रतियोगिता | सङ्ख्या | १ | २ | २ | ३ | ७ | | |
| | | खेलाडी प्रशिक्षण कार्यक्रम | सङ्ख्या | | १ | १ | १ | ३ | | |
| | | पालिकास्तरीय प्रतियोगितात्मक खेलकुद कार्यक्रम | सङ्ख्या | १ | २ | २ | २ | ६ | | |
| | | सफल एवम् क्षमतावान खेलाडी प्रोत्साहन तथा सम्मान | सङ्ख्या | ० | १ | १ | १ | १ | | |
| | | योगा प्रशिक्षण | पटक | | १ | १ | १ | ३ | | |
| | सार्वजनिक निजी सझेदारीमा वृद्धि भई खेलकुद पूर्वाधारको विकास भएको हुनेछ । | कवर्डहल तथा खेलकुद मैदान | सङ्ख्या | ३ | | | ७ | ७ | | |
| | | प्रदेशस्तरको खेल मैदान | सङ्ख्या | ० | | | १ | १ | | |

## परिच्छेद ६: पूर्वाधार क्षेत्र

आर्थिक, सामाजिक विकास र सेवा सुविधा प्रवाहलाई प्रभावकारी रूपमा अघि बढाउनका लागि पूर्वाधार विकास प्रमुख तथा महत्वपूर्ण आधार हो । पूर्वाधार विकास क्षेत्र अन्तर्गत सडक, पक्की तथा झोलुङ्गे पुल, वैकल्पिक उर्जा, आवास, भवन तथा वस्ती विकास र सूचना तथा संचार प्रविधि जस्ता विषयहरू पर्दछन् । व्यवस्थित बस्ती तथा सहरी विकासको महत्वले गर्दा पूर्वाधार विकासलाई दिगो विकासको एक महत्वपूर्ण आयामको रूपमा लिने गरिएको छ । यसका साथै दिगो विकास लक्ष्यले निर्धारण गरेका लक्ष्यहरू मध्ये लक्ष्य–७ (खर्चले धान्न सकिने स्वच्छ उर्जा), लक्ष्य–९ (उद्योग प्रवर्द्धन र पूर्वाधार) र लक्ष्य–११ (शहरहरू र समुदायहरूको दिगोपना) यस क्षेत्रसंग प्रत्यक्ष रूपमा दिगो विकासका लक्ष्यहरू सम्वन्धित रहेका छन् ।

### ६.१ बस्ती, आवास, भवन तथा सार्वजनिक निर्माण

#### ६.१.१ पृष्ठभूमि

नेपालको संविधानले अव्यवस्थित बसोबास, योजनाबद्ध, पूर्ण पूर्वाधार, बातावरणमैत्री आवासलाई नागरिकको सुरक्षित आवासको हकलाई प्रत्याभूति गरेको छ । नगरका प्रमुख बजारकेन्द्रहरु तथा आसपासका क्षेत्रहरुमा वस्ती विकासको क्रम तिव्र रहेको छ । यो क्रमलाई समयमै व्यवस्थित बनाउन सकिएन भने अव्यवस्थित वस्ती, कमजोर संरचनाका कारण एकातिर विकासको लागत अत्याधिक रुपमा वढ्न जाने देखिन्छ भने अर्कोतिर विपद जोखिमको अवस्था पनि त्यतिकै मात्रामा वढ्न जाने देखिन्छ ।

#### ६.१.२ समस्या तथा चुनौती

नगरपालिकाका बजारी क्षेत्रहरु अव्यवस्थित बसोबास र अनियन्त्रित शहरीकरणको चपेटामा छ । बढ्दो जनसंख्या, मानिसहरूको समय सापेक्ष आवश्यकताहरू र जग्गाको बढ्दो कारोबारले गर्दा यस नगरपालिकाको विभिन्न स्थानमा समेत अव्यवस्थित रूपमा शहरीकरणको विकास र अव्यवस्थित कित्ताकाट भइरहेको छ । जसले गर्दा मानिसहरूको लागि अत्यावश्यक पूर्वाधारहरू जस्तै बाटो, नाला, बिजुली बत्ती, खानेपानी, जस्ता सुविधाहरू उपलब्ध गराउन गाह्रो भएको र शहरको सुन्दरतामा पनि प्रतिकूल असर पुऱ्याएको छ ।

शहरीकरणको तिब्रतासँगै पूर्वाधार विकासका लागि ठूलो बजेटको आवस्यकता पर्दछ । विद्यमान वित्तीय स्रोत परिचालनको अवस्थामा मात्र भर पर्ने हो भने शहरी पूर्वाधारको निर्माण सहित उच्च स्तरको यातायात सुविधा उपलब्ध गराउनु, पर्याप्त गुणस्तरीय खानेपानीमा सबैको पहुँच पुऱ्याउनु, गुणस्तरीय बिजुली तथा सूचना प्रणालीको व्यवस्था गर्नु, सबै नागरिकको शिक्षा र स्वास्थ्यमा पहुँच पुऱ्याउनु, दिगो आय तथा रोजगारका अवसर सिर्जना गरी चैनपुर बजार क्षेत्र वरिपरि केन्द्रित बसाइँसराइको चापलाई न्यूनीकरण गर्नु, प्रविधिमा आधारित उत्पादन प्रणाली र गतिशील आर्थिक गतिविधि रहेको शहर बनाउनु, सुरक्षित प्रदूषणमुक्त र उपलब्ध साधन स्रोतहरूको उचित उपयोग तथा दिगो व्यवस्थापन भएको शहर बनाउनु निकै चुनौतीपूर्ण देखिन्छ ।

#### ६.१.३ संभावना तथा अवसर

पूर्वाधार विकास र आवास निर्माण गर्दै स्थानीय पहिचानयुक्त शहर बसाल्ने सम्भावना रहनु, सडक सञ्जालको द्रुत गतिमा बृद्धि भएको हुँदा आर्थिक गतिविधि धेरै हुन सक्ने रणनीतिक क्षेत्र पहिचान गरी शहर बसाल्ने सम्भावना रहेको छ ।

नगरपालिकाले एकीकृत जग्गा विकास परियोजना मार्फत नगर क्षेत्रका केही स्थानहरूमा जग्गा एकीकरण आयोजनाको सम्भाव्यता अध्ययन गरी गुरूयोजना बनाएर नयाँ शहर अवधारणा अनुसारका नयाँ व्यवस्थित वस्ती विकासका कार्यहरू अगाडि बढाउन सकिने सम्भावना छन् । साथै नयाँ क्षेत्रमा बस्ती एकीकरण पद्धति मार्फत शहरी पूर्वाधार विकास एवं विस्तार हुने अवसर देखिन्छ ।

नगरक्षेत्रका केही स्थानहरूमा एकीकृत आवास तथा बस्ती विकास गरी अव्यवस्थित र छरिएका घरपरिवारलाई एकताबद्ध र प्रभावकारी सेवा प्रवाह गर्ने, स्थानीय निर्माण सामग्रीको अधिकतम प्रयोग गरी स्थानीय वास्तुकला र नवीनतम प्रविधि मिश्रित सुरक्षित र किफायती भवनहरू निर्माण गर्ने सम्भावना एवं अवसरहरू छ ।

### ६.१.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**लक्ष्य**

सुरक्षित, सुलभ र वातावारणमैत्री एकीकृत आवास तथा बस्ती विकास गर्ने ।

**उद्देश्य**

१. एकीकृत आवास तथा बस्ती विकास गरी अव्यवस्थित र छरिएका घरपरिवारलाई एकताबद्ध र प्रभावकारी सेवा प्रवाहको विकास गर्नु ।
२. स्थानीय निर्माण सामग्रीको अधिकतम प्रयोग गरी स्थानीय वास्तुकला र नवीनतम प्रविधि मिश्रित सुरक्षित र किफायती भवनहरू निर्माण गर्नु ।

**रणनीति र कार्यनीति**

**तालिका १६ः आवास तथा बस्ती विकासका रणनीति तथा कार्यनीतिहरू**

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| **उद्देश्य १ः एकीकृत आवास तथा बस्ती विकास गरी अव्यवस्थित र छरिएका घरपरिवारलाई एकताबद्ध र प्रभावकारी सेवा प्रवाहको विकास गर्नु ।** | |
| १.१ः ग्रामीण क्षेत्रमा छरिएर रहेका तथा विपद्को जोखिममा रहेका र सीमान्तकृत घर परिवारलाई आधारभूत सुविधा सहितको एकीकृत बस्ती निर्माण गर्ने । | १. भू-उपयोग नीती तथा बस्ती विकास योजना तर्जुमा गरी लागु गरिनेछ।<br>२. भौगोलिक हिसाबले बिकट र छरिएर रहेका तथा विपद्को जोखिममा रहेका घर परिवारकालागि सुरक्षित, वातावारणमैत्री, सुलभ, आधारभूत सुविधायुक्त र मौलिक पहिचान बोकेको एकीकृत बस्ती निर्माण गरिनेछ ।<br>३. विपद्को उच्च जोखिममा रहेका स्थानमा हुन सक्ने थप बस्ती विस्तारलाई निरुत्साहित गरिनेछ ।<br>४. ग्रामीण क्षेत्र र छरिएर रहेका घरपरिवारलाई आधारभूत सुविधा सहितको बस्ती निर्माण गरिनेछ । |
| १.२ः घना बस्ती रहेका क्षेत्र तथा सडक क्षेत्रको बस्ती व्यवस्थित गर्ने। | १. बजारी क्षेत्र तथा घना बस्ती रहेका र राजमार्ग क्षेत्रको बस्तीलाई व्यवस्थित गरिनेछ ।<br>२. सडक क्षेत्रमा हुन सक्ने थप बस्ती विस्तारलाई निरुत्साहित गरिनेछ र मापदण्डहरूलाई पूर्णरूपले कायन्वयन गरिनेछ ।<br>३. कृषियोग्य जमिनमा हुने गरेको जग्गा प्लटिङ्गलाई नियन्त्रण गरी व्यवस्थित गरिनेछ ।<br>४. शारीरिक अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक लगायत विपद्को उच्च जोखिममा रहेका व्यक्तिकालागि विशेष सामाजिक आवासको विकास गरिनेछ।<br>५. राजमार्गसँग जोडिएका मुख्य बजार क्षेत्रहरूलाई स्मार्ट सिटीका रुपमा विकास गरिनेछ । |

| | |
|---|---|
| **१.३ः** भूउपयोग नीति तथा योजना निर्माण गर्ने र योजनाबद्ध रुपमा एकीकृत बस्ती विकास गर्ने कार्यलाई अभियानको रुपमा अगाडि बढाउने । | १. एकीकृत बस्ती विकास गर्न जग्गा प्राप्ति व्यवस्थालाई सरल बनाइनेछ।<br>२. राजमार्ग क्षेत्रमा हुन सक्ने थप बस्ती विस्तारलाई निरुत्साहित गरिनेछ।<br>३. अनधिकृत रुपले बजारी क्षेत्रमा बसोबास गर्ने घरपरिवार पहिचान गरी त्यस्ता स्थानबाट हटाउने कार्यलाई अभियानको रुपमा सञ्चालन गरिनेछ । |
| **उद्देश्यः २ स्थानीय निर्माण सामग्रीको अधिकतम प्रयोग गरी स्थानीय वास्तुकला र नवीनतम प्रविधि मिश्रित सुरक्षित र किफायती भवनहरू निर्माण गर्नु ।** | |
| **२.१ः** स्थानीय पहिचान भएको र सबै वर्ग तथा समुदायले किन्न सक्ने भवनहरूको निर्माण गर्ने । | १. सरकारी तथा निजी क्षेत्रसँग समन्वय गरी उपयुक्त भवन डिजाइन तथा निर्माण गरिनेछ ।<br>२. पालिकामा निर्माण हुने भवनहरूको डिजाइनमा एकरूपता ल्याउन भवन निर्माण मापदण्ड बनाई लागु गरिनेछ ।<br>३. स्थानीय वास्तुकला र नवीनतम प्रविधि मिश्रित सुरक्षित र किफायती निजी भवन निर्माण गर्न निजी क्षेत्र तथा समुदायलाई प्राविधिक सहयोग गरिनेछ । |
| **२.२ः** भवन डिजाइन, निर्माण तथा सुपरीवेक्षणका कार्यमा संलग्न जनशक्तिको क्षमता विकास गर्ने । | १. सुरक्षित, किफायती, वातावरणमैत्री र पहिचानयुक्त भवन निर्माण बारे जनचेतना बृद्धि गर्न समुदाय लक्षित कार्यक्रम सञ्चालन गरिनेछ ।<br>२. स्थानीय रूपमा उपलब्ध निर्माण सामग्रीहरूको प्रयोगलाई अधिकतम प्रयोग गर्न प्रोत्साहन गरिनेछ ।<br>३. एकीकृत सेवा प्रदायक बहुपयोगी र बहुउद्देश्यीय भवन निर्माण गरी एकीकृत जनसेवा प्रदान गरिनेछ । |

## कार्यक्रम तथा आयोजना

| उद्देश्य नं. | कार्यक्रमहरू | एकाइ | आधार वर्ष | योजनाको कुल लक्ष्य | अनुमानित श्रोत र वार्षिक लक्ष्य (रू.हजारमा) | | | | | | प्रति एकाइ लागत | जिम्मेबारी | स्थानगत तथा कार्यक्रम विवरण |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व | पाँचौ आ.व | जम्मा | | | |
| | **बस्ती, आवास, भवन तथा सार्वजनिक निर्माण** | | | | | | | | | | | | |
| | भवन निर्माण आचार संहिता पुनरावलोकन | सङ्ख्या | | १ | ५०० | | | | | ५०० | | | |
| | नगर प्रमुख आवास कार्यक्रम | एकमुष्ठ | | ४०५ | २००० | २००० | २००० | २००० | २००० | १०००० | | | |
| | एकिकृत आवास सहित नमुना बस्ति निर्माण | एकमुष्ठ | | | १०००० | २०००० | ३०००० | ४०००० | ५०००० | १५०००० | | | |
| | वडा स्तरीय बजार व्यवस्थापन (१ वडा १ बजार बिस्तार कार्यक्रम) | सङ्ख्या | | | २५०० | २५०० | २५०० | २५०० | २५०० | १२५०० | | | |
| | वडा कार्यलय भवन निर्माण | सङ्ख्या | | ५ | १५००० | १५००० | १५००० | १५००० | १५००० | ७५००० | | | |
| | पूर्वाधार निर्माण गर्न दक्ष जनशक्ति विकास कार्यक्रम | एकमुष्ठ | | | १२०० | १२०० | १२०० | १२०० | १२०० | ६००० | | | |
| | महाराजगंज बजार क्षेत्रका सडकमा नालि तथा ढल व्यवस्थापन | कि.मि. | | १.५ | | | १५००० | | | १५००० | | | |
| | नगर स्तरीय बसपार्क निर्माण | सङ्ख्या | | १ | | | | २०००० | ३०००० | ५०००० | | | |
| | यात्रु प्रतिक्षालय निर्माण | सङ्ख्या | | ५ | १५०० | १५०० | १५०० | १५०० | १५०० | ७५०० | | | |
| | आपत्कालीन आश्रयस्थल निर्माण | सङ्ख्या | | ५ | ४००० | ४००० | ४००० | ४००० | ४००० | २०००० | | | |
| | **बस्ती, आवास, भवन तथा सार्वजनिक निर्माणको जम्मा** | | | | ३६७०० | ४६२०० | ७१२०० | ८६२०० | १०६२०० | ३४६५०० | | | |

## ६.१.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

| नतिजा तह | नतिजा | सूचक | एकाई | आधार वर्षको अवस्था | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | जम्मा | पुष्ट्याँइको स्रोत | जोखिम पक्ष तथा अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो | तेस्रो | पाँचौं | | | |
| **बस्ती, आवास, भवन तथा सार्वजनिक निर्माण** | | | | | | | | | | |
| प्रभाव | | भूकम्प प्रतिरोधी भवन | प्रतिशत | २० | ३० | ३५ | ४० | ४० | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | सुरक्षित, सुलभ र वातावारणमैत्री एकीकृत आवास तथा बस्ती विकास हुनेछ । | व्यवस्थित सहरीकरण सहितको बस्ती | सङ्ख्या | ० | ५ | ८ | ११ | ११ | | |
| | | पालिकाको मापदण्ड बमोजिम भवन निर्माण | प्रतिशत | ४० | ५० | ६५ | ८० | ८० | | |
| असर | भौगोलिक रुपले विकट र विपद जोखिमयुक्त स्थानमा हुन सक्ने थप बस्ती विस्तारलाई निरुत्साहित गर्न सहरी बस्ती बिस्तार मापदण्ड निर्माण भएको हुनेछ । | जोखिमयुक्त बस्तीको स्थानान्तरण | बस्ती सङ्ख्या | १ | | | १ | १ | | |
| | | निर्माण भएका वस्ती विकास योजना सङ्ख्या | सङ्ख्या | ० | | | सबै | | | |
| प्रतिफल | पालिकामा आवश्यकता अनुसका आवास तथा भवन निर्माण भएको हुनेछ । | कार्यपालिका भवन (थप) | सङ्ख्या | १ | | | १ | १ | | |
| | | वडाकार्यलय भवन | सङ्ख्या | ६ | | | ११ | ११ | | |
| | | कर्मचारी आवास | प्रतिशत | ० | | | ४० | ४० | | |
| | | सामुदायिक भवन | सङ्ख्या | ४ | | | ११ | ११ | नगर प्रोफाइल, प्राविधिक शाखा, सम्वन्धित शाखाको प्रतिवेदन | भवन आचार संहिता सम्बन्धी चेतनामा वृद्धि र नपाबाट हुने कार्यान्वयन र अनुगमन थप प्रभावकारी भएको हुन |
| | विभिन्न आयोजनाहरूको सम्भाव्यता अध्ययन, सामाजिक तथा वातावरणीय प्रभाव मूल्याङ्कन र विस्तृत इन्जिनियरिङ डिजाइन भएको हुनेछ | भवन तथा आवास निर्माणकालागि वातावरणीय प्रभाव अध्ययन | सङ्ख्या | | | | | | | |
| | | भवन तथा आवास निर्माणकालागि विस्तृत परियोजना प्रतिवेदन | सङ्ख्या | | | | | | | |
| | प्राकृतिक पहिरोको जोखिम बस्तीहरूलाई व्यवस्थापन भएको हुनेछ | भूकम्प तथा पहिरो प्रतिरोधी विद्यालय भवन | सङ्ख्या | ७ | ११ | १७ | २१ | २१ | | |
| | | भूकम्प तथा पहिरो प्रतिरोधी स्वास्थ्य संस्था | सङ्ख्या | ० | ३ | ६ | ९ | ९ | | |
| | | भूकम्प तथा पहिरो प्रतिरोधी वडा कार्यालय तथा अन्य सरकारी भवन | सङ्ख्या | ३ | ७ | १२ | १५ | १५ | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | विपन्न घर परिवारका लागि जनता आवास कार्यक्रम सचालन भएको हुनेछ | विपन्नकालागि निर्मित आवास | सङ्ख्या | ० | २०० | ४०० | ६०० | ६०० | | |

### ६.२ सडक, पुल तथा यातायात

#### ६.२.१ पृष्ठभूमि

नेपालको संविधानले यातायात सुविधामा नागरिकको सरल, सहज र समान पहुँच सुनिश्चित गर्न यातायात क्षेत्रमा लगानी अभिवृद्धि गर्ने र वातावरण अनुकूल प्रविधिलाई प्राथमिकता दिंदै सार्वजनिक यातायातलाई प्रोत्साहन र निजी यातायातलाई नियमन गरी यातायात क्षेत्रलाई सुरक्षित, व्यवस्थित, समावेशी र अपाङ्गतामैत्री बनाउने परिकल्पना गरेको छ । प्रायजसो ठाउँमा भने वर्षातको समयमा पानी जम्ने, हिलो हुने भएका कारण नियमितरुमा यातायात सुचारु गर्न कठिनाई हुने गरेको छ । नगरपालिका भित्रमा वसपार्कको व्यवस्था हुन सकेको छैन ।

#### ६.२.२ समस्या तथा चुनौती

नगरपालिकाको प्रमुख समस्या सबै समुदायलाई सडक संजालमा जोडन नसक्नु, व्यवस्थित बसपार्क नहुनु, मापदण्ड विना योजना पहिचान तथा छनौट हुनु, दक्ष श्रमिक तथा जनशक्ति उपलब्धतामा कमी रहनु, गुणस्तरीय निर्माण सामग्रीको सहज उपलब्धता हुन नसक्नु, सडक प्रति सर्वसाधारणको अपनत्व अपेक्षाकृत नहुनु, सडक लम्बाइ वृद्धिका साथै मर्मत सम्भारको दायित्व वृद्धि भए अनुरूप स्रोत व्यवस्थापन नहुनु, सडक मार्गहरूको सीमा अतिक्रमण बढ्नु, साँघुरा सडक हुनु, निजी सवारी साधनहरूको संख्या बढ्दै जानु, सडक दुर्घटनामा कमी आउन नसक्नु, अव्यवस्थित सडक मर्मत सम्भारका कारण यातायात ब्यवस्थापनमा समस्या आउनु यस क्षेत्रका समस्याहरू हुन् । बाटोको सुविधा भएतापनि नालाको व्यवस्था राम्रो हुन नसकेको कारण वषार्याममा यातायात आवागमनमा समस्या हुने गरेको छ । डडेलधुरा हुदै बझाङ चैनपुर मुख्य सडक सडक खण्ड निर्माणाधिन अवस्थामा रहेको हुँदा यातायातका लागि असहज भएको छ । सडकको चौडाई कम भएकाले थप समस्या हुने गरेको छ । केही कच्ची सडकमा सदाबाहार रुपमा यातायातका साधन चलाउन सकिने अवस्था छैन ।

भौगोलिक जटिलताका कारण सबै घरधुरीमा सडक संजाल पुऱ्याउन नसक्नु र भएका बाटोहरूको स्तरउन्नति गर्न नसक्नु प्रमुख चुनौतिको रूपमा देखिन्छ । नगरपालिका क्षेत्र भित्रका बिभिन्न खोलाहरूमा पुल तथा कल्भर्ट निमार्ण गर्नु अति जरुरी देखिएको छ । वर्षायाममा पानीको ब्यवथापनमा निकै कठिनाइ हुने गर्दछ तसर्थ नाला तथा निकास व्यवस्थित गर्नु चुनौति छ । व्यापार, ब्यवसाय तथा उत्पादन बढाउन मद्दत पुराउन सक्ने रणनीतिक महत्वका सडक निर्माणमा केन्द्रित हुनु, वातावारणीय पक्षलाई ध्यानमा राखेर गुणस्तरीय सडक निर्माण गर्नु, सडक तथा पदमार्गको संरक्षण, मर्मत सम्भार तथा ब्यवस्थापन कार्यलाई दीगो बनाउनु आदि यस क्षेत्रका चुनौतिहरू हुन्।

#### ६.२.३ संभावना तथा अवसर

यस नगरपालिकाका अधिकांस भूभाग समथर नभएको कारण सडक संजाल विस्तार गर्न सहज नदेखिएपनि स्थानीय सरकारले यातायात पूर्वाधार निर्माणलाई प्राथमिकता राख्नु, यातायात पूर्वाधार निर्माणको लागि आवश्यक स्थानीय संरचनाको बलियो आधार निर्माण हुनु यस क्षेत्रको संभावनाका रूपमा लिन सकिन्छ । त्यसैगरी, यातायात व्यवस्थापनमा अत्याधुनिक प्रविधिको प्रयोग बढ्दै जानु, प्रदूषण रहित सवारी साधनको प्रयोगको माहोल सिर्जना हुँदै जानु, यातायात ब्यवस्थापनका नयाँ प्रविधि भित्र्याउन निजी क्षेत्रको क्षमता वृद्धि हुदै जानु, शहरीकरणसँगै सवारी साधनहरूको माग बढ्दै जानु, चाक्ला र गुणस्तरीय सडक निर्माणमा सरकार तथा समुदायको चासो बढ्नु आदि दीगो यातायात ब्यवस्थापनका अवसरहरू हुन् ।

आन्तरिक सडक सञ्जालको पूर्णरुपमा विकास हुँदा पालिकालाई कृषि, पर्यटन र जडीबुटी उत्पादन केन्द्रको रुपमा विकास गर्न सकिने सम्भावना रहेको देखिन्छ भने स्थानीय वस्ती तथा बजार केन्द्रबाट मूल सडकमा जोडिने कृषि सडक तथा अन्य सडकहरूको स्तरउन्नति गर्न सके कृषि उत्पादन बजारिकरण निकै सहज हुन गई आर्थिक क्रियाकलापहरूमा बढवा हुन सक्ने देखिन्छ ।

### ६.२.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**लक्ष्य**

दिगो सडक तथा यातायात पूर्वाधार विकास मार्फत् नागरिकको सहज पहुँच हुने ।

**उद्देश्य**

१. सडक पूवार्धारहरूको निर्माण तथा स्तर उन्नति गरी मानिसहरूको जीवन सहज र सरल बनाउनु ।
२. यातायात पूर्वाधारको उचित मर्मत सम्भार तथा व्यवस्थापन गरी सहज आवतजावत र स्थानीय जनताको सुविधा, आयआर्जन तथा रोजगारी सिर्जना गर्नु ।

**रणनीति र कार्यनीति**

**तालिका १७: यातायात तथा पूर्वाधारका रणनीति तथा कार्यनीतिहरू**

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| **उद्देश्य १: सडक पूवार्धारहरूको निर्माण तथा स्तर उन्नति गरी मानिसहरूको जीवन सहज र सरल बनाउनु ।** | |
| **१.१:** योजनाको दीर्घकालीन उपयोगकोलागि निर्माण भइसकेका पूर्वाधारहरूको संरक्षण, विस्तार तथा मर्मतकोलागि कोषको व्यवस्था गर्ने। | १. नेपाल सरकारले निर्धारण गरेका न्यूनतम मापदण्ड निर्धारण गरी सोको पालना गरी सडकको गुणस्तर कायम गरिनेछ ।<br>२. पुल निर्माण कार्यहरूको गुणस्तर कायम गर्न अनुगमन तथा मूल्याङ्कन गरिनेछ ।<br>३. योजनाको दीर्घकालीन उपयोगको लागि निर्माण भइसकेका पूर्वाधारहरूको संरक्षण, विस्तार तथा मर्मतकोलागि कोषको व्यवस्था गरिनेछ । |
| **१.२:** नगरपालिकाको आर्थिक तथा सामाजिक गतिविधिलाई सन्तुलित, समावेशी, गतिशील बनाउन योगदान पुऱ्याउन सक्ने रणनीतिक सडक सञ्जाल सुदृढ गर्ने । | १. व्यवसायिक गतिविधिलाई गतिशील बनाउन सडकको निर्माण तथा स्तरवृद्धि गरिनेछ ।<br>२. प्राथमिकता प्राप्त लोकमार्ग तथा नगरपालिकाको रणनीतिक सडक सञ्जालको निर्माणमा तीब्रता दिइनेछ ।<br>३. सडकमा वर्षैभरि निर्वाध यातायात सञ्चालनको लागि सडक पुलको निर्माणलाई प्राथमिकताका साथ तीब्रता दिइनेछ । |
| **१.३:** छिटो, भरपर्दो र वातावरण मैत्री सडक सञ्जाल विकास गर्न सहयोगी हुने प्रविधि तथा उपायहरू अबलम्बन गर्ने । | ४. बजार क्षेत्रमा सडक, पानी निकास र ढल, खानेपानी पाइप, बिजुली तथा इन्टरनेट वितरण लाइन, फूटपाथ आदिको एकीकृत रुपमा निर्माण गरिनेछ।<br>५. बजार क्षेत्र तथा जोखिमयुक्त सडक खण्डहरूमा आवश्यकताका आधारमा आकाशे पुल तथा भूमिगत बाटो निर्माण कार्यलाई प्राथमिकताका साथ अगाडि बढाइनेछ । |

| | |
|---|---|
| | ६. सडक छेउछाउका पहिरो तथा भूक्षय नियन्त्रण गर्न भौतिक संरचनाका साथसाथै बायोइन्जिनियरिङ् लगायतका गैरसंरचनात्मक वातावरण मैत्री प्रविधिहरूको प्रयोग गरिनेछ। |
| **उद्देश्य २ः यातायात पूर्वाधारको उचित मर्मत सम्भार तथा व्यवस्थापन गरी सहज आवतजावत र स्थानीय जनताको सुविधा, आयआर्जन तथा रोजगारी सिर्जना गर्नु ।** | |
| २.१ः प्रमुख ग्रामीण बस्तीहरू र प्रमुख पर्यटकीय केन्द्र जोड्ने गरी यातायात पहुँच बढाउन सडक विस्तार गर्ने । | १. योजनाहरूको सम्भाव्यता अध्ययन, विस्तृत डिजाइन र लागत अनुमान गरेर मात्र वातावरणमैत्री पूर्वाधारको निर्माण गरिनेछ । स्थानीय तहको श्रम एवम् सीपलाई केन्द्रबिन्दुमा राखिनेछ।<br>२. सम्पूर्ण पूर्वाधार योजनाहरूलाई आधुनिक सूचना प्रणाली अनुसार अद्यावधिक गर्दै नियमितरूपमा कार्यान्वयन गर्दै लगिनेछ ।<br>३. प्रमुख ग्रामीण बस्तीहरू र प्रमुख पर्यटकीय केन्द्र जोड्ने पूर्वाधार विकासका निर्माणमा व्यापक जनसहभागिता बढाइनेछ ।<br>४. योजनाहरूलाई निर्धारित समयमा नै सम्पन्न गर्न योजनाको प्रकृति अनुरूप आवश्यक स्रोत तथा वस्तु र गुणस्तरको आधारमा वर्गीकरण गरी सोही अनुरूप व्यवस्था मिलाइनेछ । |
| २.२ः पर्यटकीय स्थलहरूको पहिचान तथा सो स्थान सम्मको पहुँच मार्गको निर्माण कार्यलाई अभियानका रुपमा सञ्चालन गर्ने । | १. पर्यटकीय स्थलहरू सम्मको पहुँच मार्ग निर्माण तथा व्यवस्थापनको लागि समुदाय तथा स्थानीय तहलाई व्यापक रुपमा परिचालन गरिनेछ ।<br>२. पहुँच मार्ग विकास तथा व्यवस्थापन गुरुयोजना तयार गरी स्तरोन्नति, निर्माण तथा व्यवस्थापन कार्यलाई क्रमागत रुपमा अगाडि बढाइनेछ ।<br>३. ऐतिहासिक, धार्मिक, सांस्कृतिक तथा पर्यटकीय ठाउँहरूको प्रवर्द्धन गर्न सहज मार्गहरूको निर्माण गरिनेछ । |

<u>कार्यक्रम तथा आयोजना</u>

| उद्देश्य नं. | कार्यक्रमहरू | एकाइ | आधार वर्ष | योजनाको कुल लक्ष्य | अनुमानित श्रोत र वार्षिक लक्ष्य (रू.हजारमा) | | | | | | प्रति एकाइ लागत | जिम्मेवारी | स्थानगत तथा कार्यक्रम विवरण |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व | पाँचौ आ.व | जम्मा | | | |
| | **सडक, पुल तथा यातायात** | | | | | | | | | | | | |
| | **सडक स्तरोन्नति (कालोपत्रे)** | | | | | | | | | | | | |
| | सडक कालोपत्र गर्नु पर्ने हुकाली देखि इटरोल दुधुरा उदयपुर खडौचा सम्म | कि.मि. | | ८ | १६०००० | | | | | १६०००० | | | |
| | सिसवा देखि वञ्जरीया वरहपुर सम्म जहवाइ देखि इटोल कञ्चनपुर | कि.मि. | | ७ | | १४०००० | | | | १४०००० | | | |
| | अल्गा–लेङ्गडा सम्मको ग्रेभल | कि.मि. | | २ | | | ४०००० | | | ४०००० | | | |
| | कुशहवा देखि बढनीको मूल सडक सम्म | कि.मि. | | २ | | | ४०००० | | | ४०००० | | | |
| | सत्भरा देखि भारतको वोर्डरसम्म ग्राभेल सडक | कि.मि. | | २ | | | ४०००० | | | ४०००० | | | |
| | **सडक स्तरोन्नति (उच्चस्तरीय ग्राभेल)** | | | | | | | | | | | | |
| | ग्रामिल, ढलान, हुलाकी राजमार्ग चोतीमा– गन्वरीया –वर्गदी –करहोना –जमुनी (वडा नं ३) | कि.मि. | | ५ | १०००० | | | | | १०००० | | | |
| | मगुवा देखि ताम्प्रवी हुँदै बञ्जरिया सम्मको बाटो स्तरउन्नती | कि.मि. | | ३ | | ६००० | | | | ६००० | | | |
| | जितपुर–कञ्चनिया सिचाई देखि पश्चिम | कि.मि. | | २.५ | | ५००० | | | | ५००० | | | |
| | शिवभारी देखि तेनुवा –सिसवा देखि तेनुवा | कि.मि. | | १.५ | | | ३००० | | | ३००० | | | |
| | सिमराना देखि सिसवा –सिसवा देखि सिमराना | कि.मि. | | ३ | | | ६००० | | | ६००० | | | |
| | हर्दौना देखि अलगी | कि.मि. | | १ | | | २००० | | | २००० | | | |
| | अलगी देखि मुजानी | कि.मि. | | १ | | | २००० | | | २००० | | | |
| | मुजानी देखि मुजाना | कि.मि. | | ३ | | | | ६००० | | ६००० | | | |
| | उन्वलीयामा अधुरे सडक (वडा नं २) | कि.मि. | | २ | | | | ४००० | | ४००० | | | |
| | अल्गा–कुशहवा–बढनी–सत्भरा सम्म | कि.मि. | | ५ | | | | | १०००० | १०००० | | | |
| | ननमहश पिच देखि वडा नं. १ को चमछ पिच सम्म जोड्ने | कि.मि. | | १ | | | | | २०००० | २०००० | | | |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | भगवानपुर देखि वडा नं. ९ औराहवा सम्म | कि.मि. | | २ | २०००० | २०००० | | | | ४०००० | | | |
| | **पुल तथा कलर्भट** | सङ्ख्या | | | | | | | | | | | |
| | बडेगाउँको पूर्वपट्टी बुद्ध भूमि जानेबाटोमा वेलनदीमा पूल | सङ्ख्या | | १ | | | | १५००० | १५००० | ३०००० | | | |
| | बाँडगंगा नदीमा पुल निर्माण (कठौतीया गाउँको पूर्व तर्फ) | सङ्ख्या | | १ | | | १५००० | १५००० | | ३०००० | | | |
| | सोनवर्षा गाउँको पश्चिम तर्फ धघुवा नालामा फरकदार पुल | सङ्ख्या | | १ | | | | | ३०००० | ३०००० | | | |
| | **अन्य** | | | | | | | | | | | | |
| | सडक गुरुयोजना निर्माण | सङ्ख्या | | १ | २००० | | | | | २००० | | | |
| | सडकको नियमित, आवधिक र आकस्मिक मर्मत संभार | एकमुष्ठ | | | १०००० | १०००० | १०००० | १०००० | १०००० | ५०००० | | | |
| | सडक पक्की नाला निर्माण (दुवै साईड) | कि.मि. | | १० | १०००० | १०००० | १०००० | १०००० | १०००० | ५०००० | | | |
| | नगर यातायात व्यवस्थापन (लोकेल बस, अटो संचालन) | सङ्ख्या | | | २००० | २००० | २००० | २००० | २००० | १०००० | | | |
| | **सडक, पुल तथा यातायातको जम्मा** | | | | २१४००० | १९३००० | १७०००० | ६२००० | ९७००० | ७३६००० | | | |

## ६.२.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

| नतिजा तह | नतिजा | सूचक | एकाई | आधार वर्षको अवस्था | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | जम्मा | पुष्ट्याँइको स्रोत | जोखिम पक्ष तथा अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो | तेस्रो | पाँचौं | | | |
| **सडक, पुल तथा यातायात** | | | | | | | | | | |
| प्रभाव | संघ, प्रदेश तथा नगरपालिकाको समन्वयका आधारमा सडक तथा यातायात पूर्वाधार विकास गरी आर्थिक तथा सामाजिक विकासका अवसरमा नागरिकको सहज पहुँच भएको हुनेछ । | ३० मिनेटसम्मको दुरीमा यातायात पहुँच भएका परिवार | प्रतिशत | ६० | ६५ | ७५ | ९५ | ९५ | नगर प्रोफाइल, पालिका प्रगति विवरण, प्राविधिक शाखा | जनताको माग अनुसार यातायातको व्यवस्थापन भएको हुने, सडक पूर्वाधारमा लगानी वृद्धि हुने |
| | | सर्वयाम सडक | कि.मि. | ९५ | ११० | १५० | १८० | १८० | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| असर | योजनाको दीर्घकालीन उपयोगकोलागि निर्माण भइसकेका पूर्वाधारहरूको संरक्षण, विस्तार तथा मर्मत संभार भएको हुनेछ । | यातायात सुचारु सडक लम्बाइ | कि.मि. | २५ | ५५ | ८० | ११० | ११० | | |
| | | नियमित मर्मत संभार भएको सडकको लम्बाइ | कि. मि. | ७ | १५ | १५ | १८ | १८ | | |
| प्रतिफल | पालिकाको आर्थिक तथा सामाजिक गतिविधिलाई सन्तुलित, समावेशी, गतिशील बनाउन योगदान पुर्याउन सक्ने रणनीतिक सडक संजाल सुदृढ भएको हुनेछ । | अन्तर पालिका सडक सञ्जाल विस्तार | कि.मी. | ० | | | ३० | ३० | | |
| | छिटो, भरपर्दो र वातावरण मैत्री सडक सञ्जाल विकास गर्न सहयोगी हुने प्रविधि तथा उपायहरू अबलम्बन हुनेछ । | वायोइञ्जिनिरिङ्ग प्रविधी र सडक साइड वृक्षारोपण | कि.मी. | ३ | १७ | ३० | ५० | ५० | | |
| | | बाढी नियन्त्रणकालागि ग्याभिन वाल निर्माण | कि.मी. | १० | १५ | २५ | ३५ | ३५ | | |
| | प्रत्येक वडाहरूमा र महत्त्वपूर्ण स्थलहरूमा, बस्तीहरू र प्रमुख पर्यटकीय केन्द्र जोड्ने गरी यातायात पहुँच बढाउन सडक विस्तार गरिनेछ । | पालिकामा संचालित ४ पाङ्ग्रे यातायातका साधन | रुट | ० | | | ३ | ३ | | |
| | | कच्ची | कि.मी. | ५३ | | | ६० | ६० | | |
| | | ग्राभेल सडक | कि.मि. | ३५ | ४५ | ५० | ७० | ७० | | |
| | | कालोपत्रे | कि.मि. | ५५ | | | ८० | ८० | | |
| | | ट्र्याक खोलिएको सडक | कि.मि. | १५० | | | १७० | १७० | | |
| | | पक्की पुल | सङ्ख्या | ३ | | | ४ | ४ | | |
| | | झोलुङ्गे पुल | सङ्ख्या | | | | | | | |
| | | सडक नाली | कि.मि. | ४५ | | | १३० | १३० | | |
| | | सडक पेटी | कि.मि. | ९ | | | ८० | ८० | | |

### ६.३ जलश्रोत, विद्युत् तथा वैकल्पिक ऊर्जा

#### ६.३.१ पृष्ठभूमि

जल विद्युत आर्थिक वृद्धि र आर्थिक रूपान्तरणको एक महत्वपूर्ण साधन हो । नेपाल सरकारले लिएको आउँदो बाह्र वर्षमा १५,००० मेगावाट विद्युत उत्पादन गर्ने लक्ष्य राखेको छ । प्रदेशमा दीगो र भरपर्दो विद्युतको पहुँच सबै नागरिकमा पुगिनसकेको र प्रदेश सरकारले उर्जा क्षेत्रलाई आर्थिक समृद्धिको सम्बाहक मानेको सन्दर्भमा जलविद्युत् विकास र ब्यवस्थापनमा प्रदेश सरकारको महत्वपूर्ण भूमिका आवश्यक छ । नेपालको संविधानले जनसहभागितामा आधारित स्वदेशी लगानीलाई प्राथमिकता दिंदै जलस्रोतको बहुउपयोगी विकास गर्ने नीतिगत व्यवस्था गरेको छ । प्रकाश उर्जाको सबैभन्दा सरल र भरपर्दो स्रोतको रूपमा विद्युत उर्जालाई लिने गरिन्छ ।

नगरपालिका भित्र विजुली बत्तीको रूपमा प्रयोग गर्ने घरपरिवार ९९ प्रतिशत रहेको छ । नगरक्षेत्रका करिव एक प्रतिशत घरधुरीहरूमा वैकल्पिक सौर्य उर्जा मार्फत विद्युत आपूर्ति भएको छ । केही वडाका बस्तीहरूमा सामुदायिक विद्युतीकरण मार्फत विद्युत आपूर्ति भएको छ । विद्युत आपूर्तिका लागि नगरपालिकाले प्रदेश सरकारको सहकार्यमा पुराना काठका पोलहरू विस्थापित गरी नयाँ स्टिल पोलहरू राख्ने कार्यलाई तिव्रता दिएको छ । नगरपालिका क्षेत्रमा ७० प्रतिशत घरपरिवार एल.पि.ग्यासबाट खाना पकाउने गर्दछन् भने खाना पकाउनका लागि दाउरा प्रयोग गर्ने करिब १५ प्रतिशत र गुँइठा प्रयोग गर्ने घरपरिवार १५ प्रतिशत रहेका छन् । चोक चोकका सडक पोल एवं विद्युतिय खम्वाहरूमा लाईट जडान कार्य भएको छ ।

#### ६.३.२ समस्या तथा चुनौती

सरकारी तथा गैर सरकारी संघ संस्थाहरूले अनुदानमा उपलब्ध गराइएको सोलारहरू बिग्रिएको अवस्थामा रहेका छन् । सबै स्थानमा विशिष्ट उपयोगका लागि ३ फेज लाइनको विद्युत सेवा उपलब्ध हुन सकेको छैन भने उपलब्ध विद्युत सेवा पनि नियमित र व्यवस्थित हुन सकेको छैन । स्वच्छ उर्जाको रूपमा गोवर ग्यास, वायो विक्रेट र धुवाँ रहित सुधारिएको चुलोको उपयोग पर्याप्त मात्रामा हुन सकेको छैन । अधिकांश वडाहरूमा परम्परागत रूपमा दाउरा तथा गुँइठाबाट खाना पकाउने गरिएको छ ।

वस्ती विकास, शहरीकरण तथा आर्थिक गतिविधिको विस्तारका कारण बढ्दै गएको विद्युतको माग बढ्दै गए अनुसार विद्युत आपूर्ति गर्नु, र ग्रामिणस्तरमा छरिएको बस्तीहरूमा विद्युतीकररण गर्नु चुनौतीको रूपमा रहेका छन् ।

#### ६.३.३ संभावना तथा अवसर

जनसमुदायमा ऊर्जाको आवश्यकता बारे चेतना अभिवृद्धि भएको अवस्था छ । ऊर्जा विकासबाट भौतिक, आर्थिक तथा सामाजिक संरचनाको विकास भई आर्थिक समुन्नति तथा रोजगारीका अवसरहरू सिर्जना हुने देखिन्छ ।

आधुनिक प्रविधिको प्रयोग गरी परम्परागत व्यवहारलाई परिवर्तन गरी उत्पादनलाई बृद्धि गर्न सकिन्छ । ऊर्जा विकासबाट साना तथा घरेलु र ठूला उधोग स्थापना तथा सञ्चालनमा सहजता भै औद्योगिक विकास गर्न सहज हुनेछ । फोहरमैला व्यवस्थापनका लागि ठोस फोहरको प्रशोधनबाट मिथेन ग्याँस उत्पादन गरी विक्री गर्ने सम्भावना रहेको छ ।

## ६.४४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**लक्ष्य**

नवीकरणीय तथा वैकल्पिक ऊर्जाको उपभोगमा दक्षता बढाई वातावरण मैत्री, दिगो, भरपर्दो, गुणस्तरीय र स्वच्छ ऊर्जामा सवैको पहुँचमा बृद्धि गर्ने ।

**उद्देश्य**

१. ऊर्जाको उपभोगमा दक्षता बढाई वातावरण—मैत्री, दिगो, भरपर्दो, गुणस्तरीय र स्वच्छ ऊर्जामा सवैको पहुँचमा बृद्धि गर्नु ।
२. परम्परागत ऊर्जाको सट्टामा वैकल्पिक ऊर्जाको प्रयोगमा बृद्धि गर्नु ।

**रणनीति र कार्यनीति**

**तालिका १८ः ऊर्जाका रणनीति तथा कार्यनीतिहरू**

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| **उद्देश्य १ः ऊर्जाको उपभोगमा दक्षता बढाई वातावरण—मैत्री, दिगो, भरपर्दो, गुणस्तरीय र स्वच्छ ऊर्जामा सवैको पहुँचमा बृद्धि गर्नु ।** | |
| **१.१ः** ऊर्जा क्षेत्रको संस्थागत संरचना तयार गरी दिगो र अधिकतम् उपयोगको आधार तयार गर्ने । | १. संघीय स्वरूप अनुसार ऊर्जा क्षेत्रको स्थानीय स्तरमा संस्थागत संरचना तयार गरिनेछ ।<br>२. संगठनात्मक संरचना अनुसार विद्युत जडान गर्ने र मर्मत सम्भार गर्न तालिम प्राप्त दक्ष जनशक्तिको व्यवस्था गरी उनीहरूको क्षमता अभिवृद्धि गरिनेछ ।<br>३. विद्युत वितरण लाइनमा उच्च क्षमता तथा गुणस्तरीय ट्रान्फर्मरहरू प्रतिस्थापान गरिनेछ ।<br>४. घरायसी प्रयोजनकालागि अधिकतम् ऊर्जा प्रयोग गर्ने परिवारलाई सम्मान/प्रोत्साहनको व्यवस्था गरिनेछ । |
| **उद्देश्य २ः परम्परागत ऊर्जाको सट्टामा वैकल्पिक ऊर्जाको प्रयोगमा बृद्धि गर्नु ।** | |
| २.१ः ऊर्जाको प्रयोगलई दिगो, भरपर्दो गुणस्तरीय र प्रभावकारी रूपमा विकास गरी बहुउपयोगि बनाउने । | १. ऊर्जाको खपत प्रभावकारी ढङ्गबाट गर्नकालागि विशेष सचेतना कार्यक्रम सञ्चालन गरिनेछ ।<br>२. सार्वजनिक संस्था वा स्थानहरू जस्तै, अस्पताल, विद्यालय, धार्मिकस्थल, सडक, पर्यटकय स्थल, आदिमा अधारभूत ऊर्जाको नियमित आपूर्ति गर्न सौर्य ऊर्जा जडान गरिनेछ ।<br>३. विद्युतीय चुलो प्रयोग गर्न सहुलियत ऋण/अनुदानको व्यवस्था गरिनेछ ।<br>४. कृषि तथा शहरी क्षेत्रबाट निस्किने फोहरजन्य वस्तुबाट वायोग्यास तथा प्राङ्गारिक मल उत्पादन तथा प्रयोग गर्न प्रत्साहन गरिनेछ ।<br>५. सिंचाइ तथा खानेपानीको पहुँच पुर्‍याउन सम्भावना नरहेका क्षेत्रमा सौर्य ऊर्जाको प्रयोग गरी लिफ्ट खानेपानीको सञ्चालन गरिनेछ ।<br>६. जलविद्युत, वैकल्पिक ऊर्जाको अधिकतम प्रयोग गरी दैनिक जीवनयापनमा सहजता ल्याउदै परम्परागत ईन्धनको प्रयोग घटाइनेछ।<br>७. वैकल्पिक ऊर्जा क्षेत्रलाई प्रोत्साहन गर्न बैंक तथा वित्तीय क्षेत्रबाट सहुलियत दरमा ऋणको व्यवस्था गरिनेछ । |

## कार्यक्रम तथा आयोजना

| उद्देश्य नं. | कार्यक्रमहरू | एकाइ | आधार वर्ष | योजनाको कुल लक्ष्य | अनुमानित श्रोत र वार्षिक लक्ष्य (रू.हजारमा) | | | | | | प्रति एकाइ लागत | जिम्मेबारी | स्थानगत तथा कार्यक्रम विवरण |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व | पाँचौ आ.व | जम्मा | | | |
| | **जलश्रोत, विद्युत् तथा वैकल्पिक ऊर्जा** | | | | | | | | | | | | |
| | उज्यालो नगर कार्यक्रम (विधुत सेवा नपुगेका घरधुरीमा समेत) | एकमुष्ठ | | | ५००० | ५००० | | | | १०००० | | | |
| | गोबर ग्यास निर्माण अनुदान सहायता कार्यक्रम | सङ्ख्या | | ३०५ | १८३० | १८३० | १८३० | १८३० | | ७३२० | | | |
| | सडक सोलार बत्ति जडान | सङ्ख्या | | १०० | ८०० | ८०० | १६०० | १६०० | ३२०० | ८००० | | | |
| | विघुतीय चुलो अनुदान सहायता कार्यक्रम | सङ्ख्या | | १००० | १००० | १००० | १००० | १००० | १००० | ५००० | | | |
| | **जलश्रोत, विद्युत् तथा वैकल्पिक ऊर्जाको जम्मा** | | | | **८६३०** | **८६३०** | **४४३०** | **४४३०** | **४२००** | **३०३२०** | | | |

## ६.४.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

| नतिजा तह | नतिजा | सूचक | एकाई | आधार वर्षको अवस्था | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | जम्मा | पुष्ट्याँइको स्रोत | जोखिम पक्ष तथा अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो | तेस्रो | पाँचौं | | | |
| **जलश्रोत, विद्युत् तथा वैकल्पिक ऊर्जा** | | | | | | | | | | |
| प्रभाव | परम्परागत ऊर्जाको प्रतिस्थापन गरी वैकल्पिक ऊर्जा प्रयोगमा बृद्धि भएको हुनेछ । | विद्युतमा पहुँच प्राप्त परिवार | प्रतिशत | ७५ | | | १०० | १०० | नगर प्रोफाइल, प्राविधिक शाखा, सम्वन्धित शाखाको प्रतिवेदन | सम्वन्धित कार्यलयहरूले आफूलाई समसामयिक अध्यावधिक गरेको हुने, उर्जा पूर्वाधारमा |
| | नविकरणिय तथा वैकल्पिक ऊर्जाको उत्पादन र उपभोगमा ऊर्जा दक्षता बढाई वातावरण मैत्री, दिगो, भरपर्दो, गुणस्तरीय र स्वच्छ ऊर्जामा सबैको पहुँचमा बृद्धि हुनेछ । | जलविद्युत् उत्पादन (जडित क्षमता) | मेगावाट | | | | | | | |
| | | प्रतिव्यक्ति विद्युत् उपभोग (वाट प्रति घण्टा) | घण्टा | ८० | १०० | १५० | २०० | २०० | | |
| | | लघु जल विद्युत उत्पादन क्षमता | किलोवाट | | | | | | | |
| प्रतिफल | | थ्री फेज लाइनको बिस्तार | प्रतिशत | २० | ५० | ९० | १०० | १०० | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | ऊर्जा वितरण प्रणालीलाई प्रभावकारी एवम् भरपर्दो बनाई विद्युत पहुँचमा बृद्धि गरी खपत बढाइनेछ । | राष्ट्रिय प्रसारण लाइन मार्फत विद्युतीकरण भएको परिवार | प्रतिशत | ८५ | ९० | ९५ | १०० | १०० | | |
| | | खाना पकाउने इन्धनका रूपमा बिद्युत प्रयोग गर्ने परिवार | प्रतिशत | २५ | ५० | ७० | ८० | ८० | | |
| | वैकल्पिक ऊर्जाको विस्तार गरी दिगो, भरपर्दो गुणस्तरीय र प्रभावकारी रूपमा विकास गरी बहुउपयोगि बनाइने छ । | सोलार उर्जा प्रयोग गर्ने घरपरिवार | प्रतिशत | ५ | | | २० | २० | | |
| | | सोलार उर्जा उत्पादन | कि.वा. | | | | | | | |
| | | बायोग्यास (गोबरग्यास) प्रयोग गर्ने घरपरिवार | सङ्ख्या | ३५ | | | २५० | २५० | | |

## ६.४ सूचना, सञ्चार तथा प्रविधि

### ६.४.१ पृष्ठभूमि

महाराजगंज नगरपालिकाका शहरी वडाहरूमा सूचना तथा प्रविधिको उपयोगको अवस्था राम्रो रहेको छ भनें ग्रामीण वडाहरूमा यसको अवस्थामा सुधार ल्याउन अत्यावश्यक छ । शहरी वडाहरू वडा नं ९ र १० मा टेलिकमको (ल्यान्डलाइन, एन.टि.सि, एन सेल) तथा इन्टरनेटको राम्रो सुविधा रहेको छ भने ग्रामीण वडाहरूमा एन.टि.सि र एन सेलको सामान्य सुविधा उपलब्ध गराएको देखिएको छ । नगर क्षेत्रका सबै वडामा मोबाइल फोन सेवाको सुविधा पुगेता पनि सेवा पहूँच भने ९० प्रतिशत मात्रै छ । अप्टिकल फाइबर विस्तार हुन नसक्दा इन्टरनेट सुविधा एकदमै कमजोर छ भने वडास्तरबाट प्रवाह हुने अनलाइन सेवाहरू सबै वडाहरूमा सुचारू हुन सकेको छैन ।

नगरपालिकामा पत्रपत्रिका तथा एफ.एम.स्टेशनहरूले सञ्चार सुविधा पुऱ्याएका छन् । यस नगरपालिकाबाट दैनिक रूपमा ६ वटा पत्रपत्रिका प्रकाशन हुने गर्छन् भने ८ वटा एफ.एम.ले नगरबासीलाई सूचना प्रवाह गरिरहेका छन् । त्यसै गरी टेलिभिजन, केवल नेटवर्क, र इन्टरनेटको सरल पहुँचका कारण सूचना तथा संचार विकास दिनानुदिन बढ्दै गइरहेको छ ।

### ६.४.२ समस्या तथा चुनौती

भौगोलिक बिकटताको कारण सूचना तथा सञ्चार प्रविधिको विस्तारलाई ग्रामिण वडासम्म द्रुतता दिन समस्या भएको छ । सार्वजनिक सेवा प्रवाहमा सूचना प्रविधिको पर्याप्त उपयोग हुन सकेको छैन । सूचना तथा सञ्चारको संरचनागत विकासका पूर्वाधारमा कमी देखिन्छ । सूचना प्रविधिको विकास र साईवर सुरक्षाको लागि पर्याप्त संरचनागत व्यवस्था भएको भने छैन । केही स्थानहरूमा मोबाइल नेटवर्क अनियमित तथा ज्यादै कमजोर भएकाले सेवा प्रयोग एवं वडा कार्यालयको सेवा प्रवाहमा समेत बाधा पुगेको छ । ग्रामिण वडासम्म अप्टिकल फाइवर पुग्न सकेको छैन । केही बजार केन्द्रित विद्यालयहरू बाहेक अन्यले इन्टरनेटको अभावमा अनलाईन कक्षा सञ्चालन गर्न सकिरहेका छैनन् ।

अप्टिकल फाइबर विस्तारमा गति दिने कार्य, सूचना तथा सञ्चार क्षेत्रमा विकसित नवीनतम प्रविधि समय सापेक्ष प्रयोगमा ल्याउने कार्य, विद्युत प्रसारण भरपर्दो बनाउने कार्य, नगर क्षेत्रको ऐतिहासिक महत्वका वस्तु र सेवाहरूलाई डिजिटल अर्काइभमा सुरक्षित राख्ने कार्य, साइवर सुरक्षा सम्वन्धी संस्थागत संरचना तयार गरी आम जनतामा यस सम्वन्धी जनचेतना अभिवृद्धि गर्ने कार्य, र सामाजिक सञ्जालको बृद्धिसँगै यसमा बढ्दै गएको दुरूपयोग तथा विकृतिलाई रोक्ने कार्य चुनौती पूर्ण देखिएको छ ।

### ६.४.३ संभावना तथा अबसर

विद्यमान योजना तथा नीति अनुरूप नगरलाई सञ्चार तथा सूचना प्रविधि मैत्री बनाउन सकिन्छ । स्थानीय संचार माध्यम र संचारकर्मीको क्षमता विकास गरी नगरलाई मिडियामैत्री बनाउन सकिन्छ । आधुनिक सूचना प्रविधिको प्रयोग गरी नगरपालिकाको प्रशासनिक लगायत दैनिक कामकाजका प्रणालीहरू सहज एवम् चुस्त बनाउन सकिने सम्भावना प्रशस्त छ ।

विद्यालय तथा स्वास्थ्य केन्द्र लगायत सम्पूर्ण सार्वजनिक संस्थाहरूको कार्य प्रणालीलाइ सूचना प्रविधिको प्रयोगबाट थप चुस्त दुरूस्त र प्रभावकारी बनाउन सकिन्छ । प्रविधिको भरपूर उपयोग गरी पर्यटकीय, कला, भाषा तथा संस्कृतिको

दृष्टिकोणले महत्वपूर्ण स्थलहरूको संरक्षण एवम् प्रवर्द्धन गर्न सकिने र सार्वजनिक सेवा प्रवाहलाई थप प्रभावकारी बनाउन सकिने देखिन्छ । सूचना तथा संचारको विकासले समग्र आर्थिक विकासको गतिविधिलाई पारदर्शी, चुस्त दुरूस्त र प्रभावकारी बनाउन टेवा पुऱ्याउनेछ ।

### ६.४.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**लक्ष्य**

सूचना तथा सञ्चार प्रविधिको विकास गर्दै सबै नागरिकको पहुँच तथा उच्चतम उपयोग सुनिश्चित गरी आमनागरिकको जीवनस्तरलाई सहज बनाउने ।

**उद्देश्य**

१. आम सञ्चार माध्यमलाई स्वच्छ, सक्षम, निष्पक्ष, मर्यादित, विश्वसनीय बनाई सूचना तथा सञ्चार प्रविधि र सेवाहरू सबै नागरिकको पहुँचमा पुऱ्याउनु ।
२. सूचना तथा सञ्चार प्रविधिको सेवालाई सर्वसुलभ, गुणस्तरीय र भरपर्दो बनाई प्रविधिको उच्चतम सेवा प्रयोग गर्नु ।

**रणनीति र कार्यनीति**

**तालिका १९: सूचना तथा सञ्चार प्रविधिका रणनीति तथा कार्यनीतिहरू**

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| **उद्देश्य १: आम सञ्चार माध्यमलाई स्वच्छ, सक्षम, निष्पक्ष, मर्यादित, विश्वसनीय बनाई सूचना तथा सञ्चार प्रविधि र सेवाहरू सबै नागरिकको पहुचमा पुऱ्याउनु ।** | |
| **१.१:** सूचना तथा सञ्चार प्रविधि सम्बन्धी नयाँ खोज तथा अनुसन्धान र विकासको लागि कानुनी आधार तयार गर्ने । | १. सञ्चार माध्यमसँग साझेदारीको नीतिलाई प्रभावकारी बनाइनेछ ।<br>२. सूचना प्रविधि क्षेत्रको विकासकालागि निजी क्षेत्रलाई प्रोत्साहन र प्रवर्द्धन गर्न सहजीकरण गरिनेछ ।<br>३. केबलमा आधारित सञ्चार प्रविधिलाई ताररहित प्रविधिमा रुपान्तर गर्न विभिन्न अध्ययन गरिनेछ । |
| **१.२:** बजार तथा चलचित्र क्षेत्रको पूर्वाधार विकास गरी उद्योगको रूपमा विकास तथा प्रवर्द्धन गर्ने । | १. यस क्षेत्रलाई परिचित गराउने खालका भाषिक, सांस्कृतिक, भौगोलिक तथा सामाजिक पृष्ठभूमि झल्कने प्रवर्धनात्मक सूचनाका सामग्रीहरूको निर्माण र निर्माण भएका सामग्रीहरूको डिजिटलाइजेशन गरी यस क्षेत्रको विकासलाई टेवा पुऱ्याउन सूचना तथा सञ्चार प्रविधि युक्त पर्यटकीय योजना बनाइनेछ ।<br>२. यस क्षेत्रको कला संस्कृतिको पहिचानमा जोड दिई मौलिक, सामाजिक तथा गुणस्तरीय लघु चलचित्र तथा डकुमेन्ट्री निर्माणलाई प्रोत्साहन गरिनेछ ।<br>३. टेलीमेडिसिन केन्द्रको स्थापना गरी सबै नागरिकलाई घरमै बसी स्वास्थ्य उपचार सम्बन्धी परामर्श सेवा लिने अवसरको सुनिश्चितता गरिनेछ ।<br>४. विज्ञापन बजारको व्यवस्थापन एवम् नियमन गर्न नियामक निकायको स्थापना तथा सञ्चालन गरिनेछ ।<br>५. सार्वजनिक क्षेत्रबाट प्रचार प्रसार हुने विज्ञापनमा समानुपातिक वितरण प्रणालीको व्यवस्था गरिनेछ । |
| **१.३:** समग्र प्रविधिका विकासकालागि डिजिटाइजेसन मार्फत् सामाजिक, आर्थिक र शासकीय व्यवस्थामा सुधार गर्ने । | १. सार्वजनिक तथा निजी सेवाहरू क्रमश सफ्टवेयर अनलाइन मार्फत् सूचना तथा सेवा प्रदान गरिनेछ ।<br>२. सञ्चार तथा सूचना प्रविधिको विकासकालागि स्थानीय प्राविधिक जनशक्ति उत्पादनको आधार तयार गरिनेछ । |

| | |
|---|---|
| | ३. डिजिटल डिभाइड कम गर्नकोलागि डिजिटल साक्षरता र सचेतना अभिवृद्धिलाई अभियानको रूपमा सञ्चालन गरिनेछ ।<br>४. सूचना प्रविधिलाई शिक्षा र आधुनिक प्रविधिमा उपयोग गरिनेछ ।<br>५. सूचना प्रविधिको प्रयोग मार्फत् स्थनीय भाषा, संस्कृति तथा मौलिकताको संरक्षण गरिनेछ ।<br>६. आधारभूत तह देखि नै हरेक विद्यार्थीले कम्प्युटर तथा सूचना प्रविधि सम्बन्धी अध्ययन गर्न पाउने अवसरको सुनिश्चितता गरिनेछ । |
| **उद्देश्य २ः सूचना तथा सञ्चार प्रविधिको सेवालाई सर्वसुलभ, गुणस्तरीय र भरपर्दो बनाई प्रविधिको उच्चतम सेवा प्रयोग गर्नु ।** | |
| २.१ः सूचना तथा सञ्चार सेवालाई प्रतिस्पर्धी, मर्यादित, सर्वसुलभ तथा नियमित पहुँचको स्थापना गरी सूचना प्रविधिको उच्चतम सेवा प्रयोग गर्ने । | १. नगरपालिकाका सबै वडाहरूमा अप्टिकल फाइबरको विस्तार गरी इन्टरनेटको पहुँच सर्वसुलभ बनाइनेछ ।<br>२. सबै कार्यालयका वेवसाइट, इमेल, ट्वीटर, भाइबरजस्ता माध्यमबाट नागरिकको गुनासो प्राप्ति तथा सुनुवाइ हुने व्यवस्था मिलाइनेछ ।<br>३. सबै वडाहरूमा डिजिटल सूचना पाटीको व्यवस्था गरी सम्पूर्ण सूचना, क्रियाकलाप तथा गतिविधिहरूका बारेमा सुसूचित हुने अधिकारको सुनिश्चितता गरिनेछ ।<br>४. सार्वजनिक आमसञ्चार माध्यमलाई स्वच्छ, प्रतिस्पर्धी, मर्यादित, उत्तरदायी र व्यवसायिक बनाइनेछ ।<br>५. नगरपालिकाका सम्पूर्ण क्रियाकलापहरूलाई सूचना प्रविधि मैत्री बनाई सबैकालागि सहज एवम् सर्वसुलभ सेवाको सुनिश्चितता गरिनेछ । |
| २.२ः सूचनामा सम्पूर्ण नागरिकहरूको पहुँच र सञ्चार प्रविधिको उच्चतम प्रयोगको सुनिश्चितता गर्ने । | १. सञ्चार क्षेत्रकालागि विद्यमान भौतिक संरचनामा आवश्यकता अनुसार थप संरचना विस्तार गरिनेछ ।<br>२. नगरपालिकाका सबै ठाँउमा टेलिफोन सेवाको नेटवर्क उपलब्ध हुन सक्ने गरी आवश्यकता अनुरूप मोबाइल टावरको विस्तार गरिनेछ।<br>३. नगरपालिकाका सबै वडाहरूमा स्थानीय तथा राष्ट्रिय पत्र-पत्रिकाहरूको ताजा खबर नियमित रूपमा अनलाइन संस्करणमा समेत पढ्न पाउने व्यवस्था मिलाइनेछ । |

## कार्यक्रम तथा आयोजना

| उद्देश्य नं. | कार्यक्रमहरू | एकाइ | आधार वर्ष | योजनाको कुल लक्ष्य | अनुमानित श्रोत र वार्षिक लक्ष्य (रू.हजारमा) | | | | | | प्रति एकाइ लागत | जिम्मेबारी | स्थानगत तथा कार्यक्रम विवरण |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व | पाँचौ आ.व | जम्मा | | | |
| | **सूचना, सञ्चार तथा प्रविधि** | | | | | | | | | | | | |
| | नगर सूचना प्रविधि केन्द्र स्थापना तथा संचालन | सङ्ख्या | | १ | ४०० | १०० | १०० | १०० | १०० | ८०० | | | |
| | नगरस्तरीय रेडियो संचालन | सङ्ख्या | | १ | १००० | | | | | १००० | | | |
| | वडाका विभिन्न स्थानमा निशुल्क वाइफाइ | सङ्ख्या | | ६ | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | | | |
| | सिसी टिभी जडान तथा व्यवस्थापन कार्यक्रम | सङ्ख्या | | १० | ३०० | ७०० | | | | १००० | | | |
| | संचार क्षेत्र (मोबाइल तथा इन्टरनेट क्षमता) स्तरोन्नती एवं क्षमता सुधार | एकमुष्ठ | | | २००० | २००० | | | | ४००० | | | |
| | सार्वजनिक तथा सरकारी कर्यालयहरूमा इन्टरनेट व्यवस्थापन | एकमुष्ठ | | | १००० | | | | | १००० | | | |
| | नगर चिनारी भिडियो प्रोफाइल तथा लघु चलचित्र तयार | सङ्ख्या | | | | | २५०० | | | २५०० | | | |
| | सार्वजनिक सेवा प्रदानलाई प्रविधिमा आधारित सफ्टवेयर निर्माण | एकमुष्ठ | | | | | | २५०० | २५०० | ५००० | | | |
| | प्रविधि मैत्री पालिका निर्माणका लागि आवस्यक पूर्वाधार विकास | एकमुष्ठ | | | १००० | १००० | १००० | १००० | १००० | ५००० | | | |
| | **सूचना, सञ्चार तथा प्रविधिको जम्मा** | | | | ६२०० | ४३०० | ४१०० | ४१०० | ४१०० | २२८०० | | | |

## ६.४.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

| नतिजा तह | नतिजा | सूचक | एकाई | आधार वर्षको अवस्था | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | जम्मा | पुष्ट्याँइको स्रोत | जोखिम पक्ष तथा अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो | तेस्रो | पाँचौं | | | |
| **सञ्चार तथा सुचना प्रविधि** | | | | | | | | | | |
| प्रभाव | | मोबाइल नेटवर्क कभरेज क्षेत्र | प्रतिशत | १०० | | | १०० | १०० | नगर प्रोफाइल, सूचना प्रविधि शाखा | सूचना प्रविधिमा थप लगानी विद्धि भएको हुने |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | सूचना तथा सञ्चार प्रविधिको विकास मार्फत नगरबासीको जीवनस्तरमा सहजता हुनेछ । | ईन्टरनेटमा पहुँच प्राप्त परिवार | प्रतिशत | ३५ | ५५ | ७५ | ९० | ९० | | |
| असर | सूचना तथा सञ्चार सेवालाई प्रतिस्पर्धी, मर्यादित, सर्वसुलभ तथा नियमित पहुँचको स्थापना गरी सूचना प्रविधिको उच्चतम प्रयोग भएको हुनेछ । | उद्यम व्यवसायमा सूचना प्रविधि प्रयोग गर्ने व्यक्ति | प्रतिशत | २५ | ३८ | ५३ | ७५ | ७५ | | |
| | | मोबाइल भएको परिवार | सङ्ख्या | ९५ | ९८ | १०० | १०० | १०० | | |
| | | अप्टिकल फाइबरको बिस्तार | प्रतिशत | २० | ५० | ७० | १०० | १०० | | |
| प्रतिफल | सूचना तथा सञ्चार प्रविधि सम्बन्धी नया खोज तथा अनुसन्धान र विकासको लागि कानुनी आधार तयार हुनेछ । | सूचना प्रविधि नियमन कानुन निर्माण | सङ्ख्या | | | | ५ | ५ | | |
| | समग्र प्रविधिका विकासकालागि डिजिटाइजेसन मार्फत सामाजिक, आर्थिक र शासकीय व्यवस्थामा सुधार भएको हुने । | ईन्टरनेट उपलब्ध भएका विद्यालय | प्रतिशत | | | | १०० | १०० | | |
| | | ईन्टरनेट उपलब्ध भएका सरकारी कार्यालयहरू | प्रतिशत | ३० | ६० | ९० | १०० | १०० | | |
| | | फ्रि वाईफाई उपलब्ध भएका सार्वजनिक स्थलहरू | सङ्ख्या | ० | १० | २० | २५ | २५ | | |
| | | ई-कक्षा सञ्चालन गर्ने विद्यालयहरू | सङ्ख्या | ० | ५ | ९ | १३ | १३ | | |
| | | डिजिटल सूचना पाटी | सङ्ख्या | १ | ५ | ९ | १२ | १२ | | |
| | सूचनामा सम्पूर्ण नागरिकहरूको पहुँच र सञ्चार प्रविधिको उच्चतम प्रयोगको सुनिश्चित हुनेछ । | सञ्चारका कुनै एक साधन उपलब्ध घरधुरी | प्रतिशत | ९० | | | १०० | १०० | | |
| | | राष्ट्रिय पत्रपत्रिका नियमित रूपमा उपलब्ध हुने सार्वजनिक पुस्तकालय | सङ्ख्या | | | | | | | |

## परिच्छेद ७ः वन, वातावरण तथा विपद व्यवस्थापन क्षेत्र

मानव र प्रकृति बीच गहिरो र अन्योन्याश्रित सम्बन्ध छ । प्राकृतिक श्रोतको दिगो व्यवस्थापन विना मानव जीवन संभव छैन । वन संरक्षण, भूतथा जलाधार संरक्षण, जैविक विविधताको ब्यवस्थापन तथा संरक्षण, वातावरण ब्यवस्थापन, , जलवायु परिवर्तनको प्रभाव न्यूनीकरण तथा अनुकूलन, र विपद् ब्यवस्थापन जस्ता विषयहरू नगरपालिकाको कार्यक्षेत्र भित्र पर्दछन् । दिगो विकास र विपद् उत्थानशीलतामा अभिवृद्धि नै महाराजगंज विकासको समृद्धि भन्ने अभियानका साथ उद्देश्य, नीति र कार्यक्रम निर्धारण गरिएको छ ।

### ७.१ वन तथा जैविक विविधता

#### ७.१.१ पृष्ठभूमि

नगरक्षेत्रमा सामुदायिक वन, कबुलियती वन, धार्मिक वन र निजी वन गरि ४ किसिमका वनहरू रहेका छन् । ग्रामीण क्षेत्रका बासिन्दाले सामुदायिक वनबाट दाउरा र घाँस संकलन गरेर लाभ उठाउँछन् ।

समुद्री सतह देखि करिव १०० देखि ३०० मि. सम्मको उचाईमा अवस्थित यो पालिकामा उष्ण हावापानी भएको वन जंगल फैलिएर रहेको पाइन्छ । यस नगर क्षेत्रमा रहेका वनजंगलहरूमा पाइने प्रमुख बनस्पतीका प्रजातिहरूमा, साल, सिसौं, सिमल, जामुन वर, पीपल, बेल, आँप, कटहर, लिची, अम्बा, केरा, कागती, भोगटे, साज, सादन, हर्रो—बर्रो, सान्दन, आदी वोटविरुवाहरु पाइन्छ । यसैगरी यहाका वनजंगलहरूमा कोइली, मैना, सुगा, ढुकुर, लुइँचे, गौथली, काग, भँगेरा, मयुर, हुटिट्याउँ, हुचिल, जुरेली, भद्रायो, चिल, बाज, कोटेरा, ठेउवा, बट्टाइ, चिबे, भ्याकुर, फिस्टो, रुपी, गिद्ध, धनेश, कालिज, लाटोकोसेरो, चमेरो, हाँस, परेवा, कुखुरा, तित्रा, धोबी चरो, हाडफोरुवा, कर्याङकुरुङ, भद्राई, सारस आदि चराचुरुङ्गीहरू तथा घस्रने जीवहरूमा करेत, हरेउ, सुनगोहोरो, छेपारो, अजिंगर, भित्ती, सर्प, गड्यौला, जुका, अन्य किटपतङ्ग आदि पाइन्छन् । भूउपयोगको दृष्टिकोणले नदी तथा ताल क्षेत्रले जैविक विविधताको संरक्षणमा निकै महत्वपूर्ण भूमिका खेलेको देखिन्छ । नगरक्षेत्रमा रहेको खोला तथा पोखरी आदिले यस क्षेत्रको जैविक विविधताको संरक्षणमा निकै ठुलो योगदान पुऱ्याएका छन् ।

#### ७.१.२ समस्या तथा चुनौती

जमीनमा ब्यक्तिगत स्वामित्वको प्रभुत्व रहे सम्म बैज्ञानिक भूउपयोगको अवधारणा अनुसार योजना कार्यान्वयन हुन कठीन देखिएको छ । वनमा आधारित उपभोक्ता समितिहरू मार्फत मिचाहा प्रजातिको बोट विरूवालाई नियन्त्रण गर्दै नर्सरी विस्तार, वृक्षारोपण, रिचार्ज पोखरी निर्माण, अग्नीरेखा, झाडी सफाई जस्ता क्रियाकलापहरूवाट जैविक सम्पदाको संरक्षणका प्रयास पूर्ण सफल हुन सकेका छैनन् । वृक्षारोपण, बन नर्सरी, जडीवुटीको व्यावसायिक खेती अपेक्षित रूपमा विस्तार भएको छैन । सडकको दायाँ वायाँ वृक्षारोपण गर्न बाँकी छ । ग्रामिण सडकहरू समेत वायोइन्जिनियरिङ्ग प्रविधिबाट निर्माण हुन सकेको अवस्था छैन । खोलानाला मुख्य रूपमा सेती नदी, बहुलीगाड, सुन्नीगाड खोलामा प्रदुषणको समस्या देखिएको छ । कतिपय खोलानालामा माछा मार्न विषको अत्यधिक प्रयोग हुने गरेकाले जल प्रदुषण बढ्दो समस्याको रूपमा रहेको छ ।

वन तथा जैविक विविधताको संरक्षणकालागि नगरपालिका तहलाई जिम्मेवार बनाउनु भौतिक विकास र वन संरक्षण कार्यका बीच उत्पन्न हुने द्वन्द्वको व्यवस्थापन गर्नु, स्थानीय जनतामा वन तथा जैविक विविधताको संरक्षणबारे ज्ञान अभिवृद्ध गरी

सहकार्य गर्नु, छाडा चरिचरन, वन फाडनी, अव्यवस्थित वस्ती, र आगलागी जस्ता क्रियाकलापहरू नियन्त्रण गर्नु यस क्षेत्रका मुख्य चुनौती हुन् ।

### ७.१.३ संभावना तथा अबसर

व्यवहारिक तथा दिगो भूउपयोग नीति तया यसको कार्यान्वयनबाट यस क्षेत्रको जैविक विविधताको संरक्षण गर्न सकिन्छ । यसबाट उर्वर कृषि भूमि र वन जंगलको निकै हद सम्म संरक्षण र उपयोग गर्न सकिन्छ । हरित पूर्वाधार विकासको अवधारणालाई आयोजना चक्रमा आत्मसाथ गर्न सकिन्छ । वन तथा काठजन्य लघुउद्योग तथा व्यवसायहरू स्थापना गरी आर्यआर्जन गर्न सकिन्छ । स्थानीय स्तरमा कृषि, वन तथा पशुपालन व्यवसायको विकासका प्रशस्त सम्भावनालाई परिचालन गरी प्राकृतिक वातावरण तथा वन्यजन्तुको संरक्षण गर्न समेत सकिन्छ ।

बन क्षेत्रलाई संरक्षण तथा आम्दानीमुखि बनाउन सामूदायीक बन, कबुलियत बन संग सहकार्य गरी बन कृषि कार्यको प्रवर्द्धन गर्ने, वन सम्पदा तथा वन्य जीवजन्तुको उचित संरक्षण, संवर्द्धन र उपयोग गर्न सकेको खण्डमा आय आर्जनको महत्वपूर्ण श्रोतको रूपमा विकास गर्न सकिने प्रचूर संभावना रहेको छ ।

### ७.१.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**लक्ष्य**

नगर क्षेत्रका वनको उचित व्यवस्थापन र जैविक विविधताको संरक्षणका माध्यमबाट जीवनस्तरमा सुधार गर्ने ।

**उद्देश्य**

१. स्थानीय वनको संरक्षण र वैज्ञानिक व्यवस्थापन, वन्यजन्तु र जैविक विविधताको संरक्षण, सम्वर्द्धन गर्नु ।
२. वन क्षेत्रको वैज्ञानिक व्यवस्थापनवाट वन र जैविक विविधता सहित वन पैदावारको उचित उपयोग गर्नु ।

**रणनीति र कार्यनीति**

**तालिका २०: वन तथा भूसंरक्षणका रणनीति तथा कार्यनीतिहरू**

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| **उद्देश्य १: स्थानीय वनको संरक्षण र वैज्ञानिक व्यवस्थापन वन्यजन्तु र जैविक विविधताको संरक्षण, सम्बर्द्धन गर्नु।** | |
| २.१: वनलाई उत्पादनमुखी बनाई वनजन्य उत्पादनको व्यवसायीकरण गर्ने । | १. वनभित्रका ढलेका तथा सुकेका रुखहरू बिक्रीवितरणको व्यवस्था गरिनेछ ।<br>२. काठजन्य वस्तुको उत्पादन, प्रशोधन र उपयोगमा विविधीकरण र प्रविधि विकास गरी नयाँ रोजगारी र उत्पादनका क्षेत्र सिर्जना गरिनेछ ।<br>३. गैर काष्ठ वन पैदावारको प्रबल सम्भावना भएको खेती विस्तार तथा वजारीकरण गरिनेछ ।<br>४. जडीबुटी प्रशोधन उद्योग स्थापना गर्न प्रोत्साहित गरिनेछ ।<br>५. वन्यजन्तु पालन, प्रजनन तथा व्यवसायीकरणकालागि स्थानीय जनतालाई प्रेरित गरिनेछ।<br>६. वनजन्य व्यवसायप्रति स्थानीय युवायुवतीको आकर्षण बढाउन आफ्नो क्षेत्रभित्रका योग्य र इच्छुक विद्यार्थीहरूलाई वनविज्ञान विषयमा अध्ययन गर्न आर्थिक सहयोग गरिनेछ। |
| १.२: समुदायमा आधारित वन व्यवस्थापन प्रणाली अनुसार वनको संरक्षण गर्ने । | १. स्थानीय जनतालाई वनको महत्त्व र यसका फाइदाबारे जानकारी गराइनेछ ।<br>२. वनको सीमा निर्धारण गरी तारबार गरिनेछ ।<br>३. खाली भूभागमा वृक्षारोपण गरिनेछ ।<br>४. वन नर्सरी स्थापना गरिनेछ ।<br>५. सामुदायिक वनहरूका कार्ययोजना अनुसार वनको संरक्षण गरिनेछ ।<br>६. स्थानीय जनतालाई फलफूलका विरुवाहरू वितरण गरिनेछ । |

| | |
|---|---|
| | ७. तालिम, गोष्ठी, अध्ययन भ्रमण आदिका माध्यमबाट उपभोक्ता समितिका सदस्यहरूको क्षमता अभिवृद्धि गरिनेछ । |
| **उद्देश्य २: वन क्षेत्रको वैज्ञानिक व्यवस्थापनवाट वन र जैविक विविधता सहित वन पैदावारको उचित उपयोग गर्नु ।** | |
| २.१: जैविक विविधताको संरक्षण र प्रवद्र्धन गर्ने । | १. वनमा आधारित उपभोक्ता समितिहरू मार्फत मिचाहा प्रजातिको बोट विरूवालाई नियन्त्रण गर्दै नर्सरी विस्तार, वृक्षारोपण, रिचार्ज पोखरी निर्माण, अग्नीरेखा, झाडी सफाई जस्ता क्रियाकलापहरूवाट जैविक सम्पदाको संरक्षण गरिनेछ ।<br>२. वन्य जन्तुहरूबाट हुनसक्ने सम्भावित क्षति न्यूनीकरण गर्न जंगल क्षेत्रमै उपयुक्त हुने घाँस, विरूवा, फलफुलहरू रोपण गरी बनयजन्तुको आहारा व्यवस्था मिलाइनेछ ।<br>३. व्यवसायिक मूल्य भएका जडीवुटी लगायतका वोट विरूवाहरूको व्यापक वृक्षारोपण गरी जैविक विविधताको संरक्षण गर्दै दीगो उपयोगमा जोड दिइनेछ।<br>४. छाडा चरिचरन, बन फाडनी गरी वस्ती विकास, आगलागी जस्ता क्रियाकलापहरूलाई पूर्ण बनदेज लगाई दण्ड जरिवानाको व्यवस्था गरिनेछ । |
| २.२: बाह्य र आन्तरिक स्रोतसाधनको परिचालन गर्ने । | १. योजनाहरूको विस्तृत सम्भाव्यता अध्ययन गर्न संघीय र प्रदेश सरकारसमक्ष अनुरोध गरिनेछ ।<br>२. गैरसरकारी संस्थाहरूलाई वन तथा जैविक विविधताको संरक्षणका कार्यक्रमहरूमा लगानी गर्न आह्वान गरिनेछ ।<br>३. नगरको वार्षिक बजेटको निश्चित प्रतिशत रकम वन तथा भूसंरक्षण क्षेत्रका कार्यक्रमकालागि छुट्याइनेछ ।<br>४. वनजन्य उद्योगको विकास र व्यवसायीकरणकालागि स्थानीय निजी क्षेत्रलाई प्रोत्साहन गरिनेछ । |

## कार्यक्रम तथा आयोजना

| उद्देश्य नं. | कार्यक्रमहरू | एकाइ | आधार वर्ष | योजनाको कुल लक्ष्य | अनुमानित श्रोत र वार्षिक लक्ष्य (रू.हजारमा) | | | | | | प्रति एकाइ लागत | जिम्मेबारी | स्थानगत तथा कार्यक्रम विवरण |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व | पाँचौ आ.व | जम्मा | | | |
| | **वन तथा जैविक विविधता** | | | | | | | | | | | | |
| | वैज्ञानिक वन व्यवस्थापन योजना तर्जुमा र कार्यान्वयनका लागि वन समुहको क्षमता अभिबृद्धि कार्यक्रम | एकमुष्ठ | | | १००० | १००० | १००० | १००० | १००० | ५००० | | | |
| | वृक्षारोपण विस्तार तथा हरियाली प्रवर्धन कार्यक्रम (एक घर एक रुखको अवधारणा) | एकमुष्ठ | | | २००० | २००० | | | | ४००० | | | |
| | वन क्षेत्र पहिचान र संरक्षण | एकमुष्ठ | | | १२०० | ३५०० | ३५०० | ३५०० | ३५०० | १५२०० | | | |
| | वन नर्सरी स्थापना संचालन | एकमुष्ठ | | | | १२०० | | | | १२०० | | | |
| | साझेदारी वन व्यवस्थापन (खाली जग्गामा वृक्षारोपण) | एकमुष्ठ | | | ७०० | ७०० | ७०० | ७०० | ७०० | ३५०० | | | |
| | जडिबुटि खेति कार्यक्रम | एकमुष्ठ | | | ५५० | ५५० | ५५० | ५५० | ५५० | २७५० | | | |
| | जडिबुटि संकलन, प्रशोधन र बजार व्यवस्थापनका सम्बन्धी क्षमता विकास कार्यक्रम | एकमुष्ठ | | | ५५० | ५५० | ५५० | ५५० | ५५० | २७५० | | | |
| | **वन तथा जैविक विविधताको जम्मा** | | | | ६००० | ९५०० | ६३०० | ६३०० | ६३०० | ३४४०० | | | |

## ७.१.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

| नतिजा तह | नतिजा | सूचक | एकाई | आधार वर्षको अवस्था | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | जम्मा | पुष्ट्याँइको स्रोत | जोखिम पक्ष तथा अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो | तेस्रो | पाँचौं | | | |
| **वन तथा जैविक विविधता** | | | | | | | | | | |
| प्रभाव | जयपृथ्वी नगरपालिका क्षेत्रका वनको उचित व्यवस्थापन, भूसंरक्षण | रुख विरुवाले ढाकेको वा हरियाली वा वन क्षेत्र | प्रतिशत | २० | | | २५ | २५ | इलाका वन कार्यालय, नगर | वैज्ञानिक वन व्यवस्थपनको अवधारण अनुसार जैविक विविधता |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | र जैविक विविधताको संरक्षणका माध्यमबाट स्थानीय जनताको जीवनस्तरमा सुधार भएको हुनेछ । | सामुदायिक वनबाट प्राप्त हुने राजस्व बृद्धि | प्रतिशत | | १०० | २०० | ५०० | ५०० | प्रोफाइल, सम्वन्धित शाखा | र वन पैदावारको उपयोग भएको हुने |
| असर | वनलाई उत्पादनमुखी बनाई वनजन्य उत्पादनको व्यवसायीकरण भएको हुनेछ । | स्थानीय फर्निचर उद्योग | सङ्ख्या | १९ | | | २९ | २९ | | |
| | | आयमूलक कार्य संचालित वन क्षेत्र | सङ्ख्या | | | | ५ | ५ | | |
| प्रतिफल | समुदायमा आधारित वन व्यवस्थापन प्रणाली अनुसार वनको संरक्षण हुनेछ । | सामुदायिक वन सङ्ख्या | सङ्ख्या | २ | | | ५ | ५ | | |
| | | सामुदायिक वन उपभोक्ता समितिका सदस्यको क्षमता अभिबृद्धि तालिम | सङ्ख्या | ० | | | ३ | ३ | | |
| | | वार्षिक बृक्षारोपण | सङ्ख्या | | २००० | २००० | २००० | ६००० | | |
| | वन्यजन्तु र जैविक विविधताको संरक्षण, सम्बर्द्धन गरी चोरी-निकासी तथा अतिक्रमण नियन्त्रण भएको हुनेछ । | चोरी-निकासी नियन्त्रणकालागि नियमन इकाई गठन | सङ्ख्या | | | | | | | |
| | | पालिकास्तरीय वन इकाई स्थापना | सङ्ख्या | | | | | | | |
| | | जैविक विविधता युक्त क्षेत्र | सङ्ख्या | | | | | | | |
| | | वन क्षेत्रको तारवार | प्रतिशत | ० | २५ | ५० | ७० | ७० | | |
| | | लोप हुनलागेका बालीनालीको पुनस्थापन (बाली नाली को सङ्ख्या) | सङ्ख्या | | | | | | | |

## ७.२ भूसंरक्षण तथा जलाधार व्यवस्थापन

### ७.२.१ पृष्ठभूमि

जलाधार व्यवस्थापन एवम् संरक्षणका अभावमा सिंचाई व्यवस्थापन तथा बाढी पहिरो नियन्त्रणमा कठिनाइ छ । स्थानीय खोला खोल्साले खेतियोग्य जमीन कटान गर्ने क्रम बढ्दो छ भने बेमैसमी बाढीका कारण यहाँका स्थानीयबासीले धन-जनको क्षति व्यहोर्नु परेको अवस्था विद्यमान छ । नगरपालिकाले जलाधार व्यवस्थापनलाई सबै भन्दा बढी प्राथमिकतामा राखी योजनाहरू तर्जुमा गरिरहेको छ भने बाढी नियन्त्रणका लागि पक्की पर्खाल र तटवन्ध निर्माणाधिन अवस्थामा छन् ।

### ७.२.२ समस्या तथा चुनौती

वन अतिक्रमण बढदै जानु, कटान, भू-क्षय, अनियन्त्रित चरिचरन, अनियन्त्रित ढुंगा÷गिट्टी÷वालुवा संकलन तथा निकासी हुनु, विस्तारित सडक सञ्जाल, फोहोरमैला उत्सर्जन, प्लाष्टिकजन्य फोहोर निष्कासन र अब्यवस्थित भौतिक निर्माणका कारण वायु र पानीजन्य प्रदूषण, विभिन्न सरोकारवाला तथा नियमनकारी निकायसँग समन्वय हुन नसक्नु, नागरिक सचेतना कम हुनुयहाँका प्रमुख समस्या हुन्।

अवैज्ञानिक तरिकाले प्राकृतिक श्रोतको दोहन, चुरे तथा वन क्षेत्रको विनास, जथाभावी नदीजन्य पदार्थ उत्खनन, जथाभावी सडक निर्माण, वातावरणीय प्रभाव मुल्याङ्कन नगरी विकास निर्माणको काम हुनु जस्ता समस्या देखिएको छ भने परिणाम स्वरूप अनावृष्टि, अतिवृष्टि, पानीको मुहान सुकेर सुख्खाक्षेत्रको विस्तार भएको अवस्था छ । मानव वस्तीको विकास र बसाईसराईको चापका साथै अनुत्पादक पशुहरूको अत्यधिक चरीचराउ र उपयोगले प्राकृतिक नदी/खोला मा भूक्षय भई पुरिने क्रम जारी छ भने अर्का तर्फ, खोलाले धार परिवर्तन गर्नु पनि थप संरक्षण चुनौती बनेको छ ।

### ७.२.३ संभावना तथा अवसर

नगरपालिकामा माटोको बनावट, खेतीयोग्य जमिन, संरक्षित क्षेत्र, बस्तीयोग्य क्षेत्र आदिको विस्तृत अध्ययन गरी भुउपयोग योजनाका आधारमा समग्र नगरपालिकाको बस्ती विकास तथा नगरबासीहरुको आर्थिक स्तर वृद्धि गर्न र जलाधार क्षेत्रहरूको संरक्षाण गरी नमुना नगरपालिका बनाउने ठूलो संभावना रहेको छ ।

नगरक्षेत्रमा उपलव्ध जलाधार तथा सिमसार क्षेत्रको संरक्षण सहित स्थानीय समुदायलाई भूसंरक्षण तथा जलाधार व्यवस्थापनमा थप जिम्मेवार र जवाफदेही बनाउन सकिने सम्भावना रहेको छ ।

### ७.२.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**<u>लक्ष्य</u>**

नगर क्षेत्र भित्र भूसंरक्षण र जलाधार व्यवस्थापन गर्ने ।

**<u>उद्देश्य</u>**

वैज्ञानिक व्यवस्थापनवाट भूसंरक्षण र जलाधार व्यवस्थापनको उचित उपयोग गर्नु ।

**<u>रणनीति र कार्यनीति</u>**

**तालिका २१ः वन तथा भूसंरक्षणका रणनीति तथा कार्यनीतिहरू**

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| उद्देश्य १ः वैज्ञानिक व्यवस्थापनवाट भूसंरक्षण र जलाधार व्यवस्थापनको उचित उपयोग गर्नु । | |

| | |
|---|---|
| **१.१** भूमी संरक्षणका लागि वृक्षारोपण र मुहान संरक्षणको क्रियाकलाप मार्फत जलाधार व्यवस्थापन गर्ने । | १. भूमि तथा जलाधार क्षेत्र संरक्षण क्षेत्रसंग सम्बन्धित स्थानीय नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन, अनुगमन तथा नियमन गर्ने गरिनेछ ।<br>२. सडक निर्माण कार्य गर्दा एवम् प्राकृतिक उत्खनन गर्दा वातावरण प्रभाव मूल्यांकन गरि वातावरण जोगाउने उचित उपाय अवलम्बन गरिनेछ, ।<br>३. नदीजन्य लगायत प्राकृतिक श्रोतमा आधारित कच्चा पदार्थको उत्खनन् प्रशोधन तथा निकासी कार्यलाई मापदण्ड बनाई कार्यान्वयनमा सहजीकरण गरिनेछ ।<br>४. भएका वन सम्पदाको उपयोगको अवस्था अध्ययन गरी वन विकास तथा सिमसार क्षेत्रको गुरूयोजना निर्माण गरी कार्यान्वयन गरिनेछ ।<br>५. भू क्षय नियन्त्रणका लागि बायोईन्जिनियरिंग प्रविधिको उपयोग, सिमसार क्षेत्रको उचित संरक्षणका लागि वृक्षारोपण, पोखरी जस्ता अभियान संचालन गरी जलाधार क्षेत्रहरूको संरक्षण गरिनेछ ।<br>६. नगरपालिकाले भुमी संरक्षण तथा जलाधार व्यवस्थापनको ठोस तथा दीर्घकासलन नीति लिइनेछ ।<br>७. अनाबृष्टी, अतिबृष्टी, अल्पबृष्टी रोक्न सूचना दिने संयंत्र स्थापना गरिनेछ । |
| **१.१** जैविक तथा स्थानीय प्रविधिलाई प्रवद्र्धन गरी भूसंरक्षण गर्ने । | १. पैरो जाने तथा नदी कटान हुन विभीन्न वडाहरूमा बाँस, निगालो खेती तथा बायोइञ्जिनियरिङ विधि प्रवद्र्धन गरी नदी कटान न्यूनीकरणमा दिगोपन सुनिश्चित गर्ने प्रयास गरिनेछ ।<br>२. वडा स्तरमा नर्सरी व्यवस्थापन गरी वृक्षारोपण कार्यक्रम विस्तार गरी खाली जमिन, भिरालोक्षेत्र तथा नदी किनारमा वृक्षारोपण गरिनेछ । |

## कार्यक्रम तथा आयोजना

| उद्देश्य नं. | कार्यक्रमहरू | एकाइ | आधार वर्ष | योजनाको कुल लक्ष्य | अनुमानित श्रोत र वार्षिक लक्ष्य (रू.हजारमा) | | | | | | प्रति एकाइ लागत | जिम्मेबारी | स्थानगत तथा कार्यक्रम विवरण |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व | पाँचौ आ.व | जम्मा | | | |
| | **भूसंरक्षण तथा जलाधार व्यवस्थापन** | | | | | | | | | | | | |
| | भू–उपयोग नीति तथा क्षेत्र निर्धारण र कार्यान्वयन | सङ्ख्या | | १ | १००० | २५०० | २५०० | २५०० | २५०० | ११००० | | | |
| | पोखरी निर्माण तथा मर्मत सम्भार | एकमुष्ठ | | | ३५०० | ३५०० | ३५०० | ३५०० | ३५०० | १७५०० | | | |
| | **नदी नियन्त्रण (तटबन्ध)** | | | | | | | | | ० | | | |
| | कञ्चनिया खोला सिभारी | कि.मि. | | १ | | | ३२०० | | | ३२०० | | | |
| | तेनसी | कि.मि. | | १ | | ३००० | | | | ३००० | | | |
| | वाण गंगा नदी (हर्दौंना वस्ती ६ कि.मी., बरगदा देखि सिंगरहा सम्म ६ कि.मी.) | कि.मि. | | १२ | ५००० | ५००० | ६००० | १०००० | १०००० | ३६००० | | | |
| | गडौरा गडौरी (कञ्चनीया खोला) | कि.मि. | | ५ | | | ५००० | ५००० | ५००० | १५००० | | | |
| | वडियो चोहटी, बगर्दी, वाडगंगा वेल नदी | कि.मि. | | ७ | | | | १००००० | ११०००० | २१०००० | | | |
| | **भूसंरक्षण तथा जलाधार व्यवस्थापनको जम्मा** | | | | ९५०० | १४००० | २०२०० | १२१००० | १३१००० | २९५७०० | | | |

## ७.२.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

| नतिजा तह | नतिजा | सूचक | एकाई | आधार वर्षको अवस्था | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | जम्मा | पुष्ट्याँइको स्रोत | जोखिम पक्ष तथा अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो | तेस्रो | पाँचौं | | | |
| | | | | **भूसंरक्षण तथा जलाधार व्यवस्थापन** | | | | | | |
| प्रभाव | नगर क्षेत्र भित्र भूसंरक्षण र जलाधार व्यवस्थापन भएको हुनेछ । | संरक्षित भूक्षय संवेदनशील क्षेत्र | सङ्ख्या | ० | २ | ४ | ६ | ६ | | |
| असर | वातावरणमैत्री र जलवायु परिवर्तनसँग अनुकूलित हुने गरी स्वच्छ एवम् सफा वातावरण | भूसंरक्षण कार्य योजना तयार भई कार्यान्वयन | सङ्ख्या | ० | १ | | १ | १ | नगर प्रोफाइल, सम्वन्धित शाखा प्रतिवेदन | भूसंरक्षण तथा जलाधार व्यवस्थापनका क्षेत्रमा थप कार्यक्रमहरू भएको हुने |
| | | संरक्षित जलाधार क्षेत्र | सङ्ख्या | १ | | | १ | १ | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | सहितका विकास कार्यक्रमहरू सञ्चालन हुनेछ । | | | | | | | | | |
| प्रतिफल | भूसंरक्षण गरी वातावरणीय सन्तुलन कायम हुनेछ । | पहिरो नियन्त्रणकालागि तटबन्ध निर्माण | कि.मि. | | | | | | | |
| | | संवेदनशील क्षेत्रको बाढी नियन्त्रण | सङ्ख्या | २ | | | ६ | ६ | | |
| | प्राकृतिक स्रोत साधनलगायत स्थानीय सम्पदाहरूको संरक्षण हुनेछ | स्थानीय विपद् तथा भुसंरक्षण योजना | सङ्ख्या | १ | | | १ | १ | | |
| | स्थानीय स्रोत साधनहरूमा बाढी तथा पहिरो पर्ने प्रभाव कम हुनेछ | बाढी तथा पहिरो जोखिम क्षेत्र पहिचान | सङ्ख्या | ० | १ | | | १ | | |
| | | बाढी तथा पहिरो जोखिम क्षेत्र नक्साङ्कन | सङ्ख्या | ० | १ | | | १ | | |

### ७.३ वातावरण तथा फोहोरमैला व्यवस्थापन

### ७.३.१ पृष्ठभूमि

नगरपालिका क्षेत्रको अधिकांश क्षेत्र खुल्ला क्षेत्रको रूपमा वा हरियाली क्षेत्रको रहेको, ग्रामिण बजार केन्द्र रहेको र अन्य साना साना वस्तीहरूमात्र रहेको कारण ध्वनी, वायु तथा जल प्रदुषण नगन्य रहनु वातावरणका हिसावले उत्तम देखिन्छ । पालिकाको वातावरणलाई स्वस्थ्य र स्वच्छ राख्न २२ वटा त्यस किसिमका स्थानहरु लगायतका हरित क्षेत्र तथा पार्कहरू रहेका छन् । त्यसैगरी पालिकामा रहेका विभिन्न पर्यटकीय खुल्ला स्थल लगायतका सार्वजनिक स्थल, पाटी पौवा तथा चौताराहरुले पनि नगरपालिकाको वातावरण लाई स्वच्छ तथा हराभरा राखेको छ ।

नगरपालिकाले स्वच्छ तथा सफा वातावरणको निर्माण गर्न तथा जलवायु परिवर्तनको प्रभाव न्यूनीकरण र अनुकूलनका लागि अघि सारेका नीतिगत प्रयास सकारात्मक छन् । नगरपालिकाका खाना पकाउनका लागि गुँइठाको प्रयोग गर्ने घरधुरी ९५ प्रतिशत भन्दा बढि छ । निर्माणका कार्यहरू वातावरण पक्षलाई कम महत्व दिने गरिएको छ । नगर क्षेत्रमा हरित पूर्वाधार विकासका ठूला आयोजनाहरू नभएता पनि वैकल्पिक उर्जा क्षेत्रमा नीतिगत रूपमा प्रर्वद्धन गर्ने, सौर्य उर्जालाई बढावा दिने, खाना पकाउने स्रोतको उपभोगमा दाउराको प्रयोग कम गर्दै जाने, ग्रामिण वडाहरूमा वायो ग्याँस निर्माणमा अनुदान उपलब्ध गराउने लगायतका कार्यक्रमहरू भैरहेको अवस्था छ ।

नगरपालिकालाई खुला दिसापिसाबमुक्त नगरपालिका घोषणा गरिसकिएको भएपनि सरसफाइको अवस्था हेर्दा यस नगरपालिकामा एक घर एक चर्पीको कार्यान्वयन पूर्ण रूपमा भएको अवस्था भने देखिदैन । करिब १८ प्रतिशत घरधुरीमा शैचालय छैन । नगरपालिका भित्र २ स्थानमा सार्वजनिक शौचालय निर्माण भएको छ । नगर क्षेत्रका सडकहरूमा व्यवस्थित ढलको सुविधा रहेको छैन । नगरपालिका क्षेत्रमा निस्कने फोहोरमैला व्यवस्थापनका लागि हालसम्म व्यवस्थित ल्याण्डफिल साइड निर्माण नहुँदा फोहरमैला व्यवस्थापनमा कठिर्नाइ उत्पन्न भएकोछ । नगर क्षेत्रका फोहर संकलनकालागि एउटा ट्याक्टर रहेको छ । नगर क्षेत्रका कुल घरधुरीसंख्या मध्ये ३७ प्रतिशत घरपरिवारले मात्रै निश्चित स्थान खाल्डोमा फोहोर फाल्ने गरेका छन् ।

### ७.३.२ समस्या तथा चुनौती

नगरपालिकाका चैनपुर लगायतका क्षेत्रहरू बजार केन्द्रका रूपमा विकास भइरहेको हुंदा ती क्षेत्रमा प्लाष्टिक र सिसा जन्य फोहोर व्यस्थापन सम्बन्धी समस्या क्रमशः देखा पर्न थालेको देखिन्छ । अधिकांश सडकको अवस्था कच्ची वा धुले रहेको हुंदा धुलो व्यवस्थापनमा समस्या, सरसफाई सम्बन्धी चेतनाको कमी, वातावरण तथा स्वच्छता सम्बन्धी नीतिको अभाव, पानीको स्रोतको कमी एवं हरियाली क्षेत्र वृद्धि गर्ने कार्यक्रम नहुनु मुख्य चुनौतीको रूपमा रहेको छ । दाउरा उपयोग घटाउन नसकिएको तथा सोको कारण आगलागीका घटनाको जोखिममा वृद्धि, वातावरण प्रदुषण घटाउने कार्यहरू नभएको र बढ्दै गएको स्वास्थ्य समस्याहरूमा कमि ल्याउन नसकिएको, बैकल्पिक उर्जा वा बायोमास, सौर्य उर्जा, विद्युतको उपयोगमा प्रोत्साहनको व्यवस्था नहुनु प्रमुख समस्या र चुनौतीको रूपमा रहेको छ । फोहोर व्यवस्थापनका नाममा फोहोरहरू खोलाखोल्साका होचा भागमा अनियन्त्रित तरिकाले फाल्ने प्रबृति देखिन्छ । यसरी फालिएको फोहोर बर्षातका समयमा पानीले बगाएर खोला खोल्सा तथा नदीका तल्लो भाग सम्म पुऱ्याएर प्रदुषणलाई बिस्तारित गर्दछ ।

फोहरमैला व्यवस्थापनका लागि सरसफाई केन्द्र सेनेटरी ल्याण्ड फिल्ड साइटको स्थायी व्यवस्थापन हुन सकिरहेको छैन । प्लाष्टिक जन्य फोहरको दिनानुदिन बढ्दै गएको र यसको नियन्त्रणको लागि बैकल्पिक व्यवस्था दिन नसक्नाले नगरपालिकाको सरसफाईमा समस्या देखिएको छ । श्रोतमा फोहरको उचित वर्गिकरण (कुहिने फोहर, नकुहिने फोहर,

धातु सिसा जन्य फोहर र अस्पतालजन्य) गर्न नसक्नु र यसको कडाईका साथ कार्यान्वयनका लागि नगरपालिकामा जनप्रतिनिधि सहितको संरचना बन्न नसक्नु पनि फोहरमैला व्यवस्थापन प्रभावकारी हुन नसक्नुका कारणहरू हुन । सार्वजनिक शौचालयहरूको अभाव रहेकोछ भने कतिपय घरधुरीमा खानेपानीको व्यवस्था छैन । पूर्ण सरसफाईमा अझै पनि कमि कमजोरी छन् । विद्यालयहरूमा सेनिटरी प्याडको विर्सजन एवं किशोरीमैत्री शौचालय लगायतका समस्याहरू यथावत छन् ।

### ७.३.३ संभावना तथा अवसर

वातावरण संरक्षण तथा फोहोरमैला व्यवस्थापन सम्बन्धी दीर्घकालीन योजना बनाई कार्यान्वयन गर्ने, ध्वनि तथा वायु प्रदुषण नियन्त्रणका लागि स्थानीयहरूलाई अभिमुखीकरण कार्यक्रमहरू संचालन गरी सचेतना वृद्धि गर्ने, वातावरण सरसफाइ समूह/समिति परिचालन गरी वातावरण संरक्षण तथा स्वच्छताका कायम गर्ने, सामुदायिक संस्थाहरूसंग सहकार्य गरी फोहोर न्यूनीकरण, प्रशोधन तथा प्रयोग जस्ता विधिहरू अवलम्बन गरी फोहोरमैलाको व्यवस्थापन तथा श्रोतमै न्यूनीकरण गरी नगरलाइ सुन्दर बनाउने स्थानीय समुदायसंगको सहकार्यमा सडक, विद्यालय, सार्वजनिक क्षेत्र एवं खुल्ला क्षेत्रहरूमा फलफूल तथा वृक्षारोपण गर्दै हरियाली पार्क क्षेत्रहरू निर्माण गर्ने संभावनाहरू रहेको छ ।

### ७.३.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

<u>लक्ष्य</u>

गुणस्तरीय र दिगो सरसफाइ सेवा विस्तार गर्ने ।

<u>उद्देश्य</u>

१. समुदायका पायक पर्ने स्थानहरूमा फोहर सङ्कलनको व्यवस्था मिलाउनु ।
२. सरसफाइ सुविधाको पहुँचको सुनिश्चितता गर्नु।

### ३.५ रणनीति तथा कार्यनीतिहरू

**तालिका २२: फोहरमैला व्यवस्थापनका रणनीति तथा कार्यनीतिहरू**

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| **उद्देश्य १: समुदायका पायक पर्ने स्थानहरूमा फोहर सङ्कलनको व्यवस्था मिलाउनु ।** | |
| **१.१:** समुदायका घनाबस्ती भएको ठाउँ, हाटबजार लाग्ने र सेवा प्रदायक कार्यालय भएका स्थानहरूमा फोहरमैला व्यवस्थापनको गुरु योजना बनाई फोहोर सङ्कलनको व्यवस्था गर्ने । | १. समुदायका फोहरमैलालाई जम्मा गर्ने, प्रशोधन गर्ने र डिस्पोज गर्ने पूर्वाधारहरू बनाइनेछ।<br>२. प्रत्येक घनाबस्ती, बजार र बजार-उन्मुख ठाउँहरूमा डम्पिङ साइटको व्यवस्था गरी फोहरमैला व्यवस्थापन गरिनेछ ।<br>३. फोहरमैला व्यवस्थापनको गुरुयोजना बनाइनेछ।<br>४. वडाका बस्ती र फोहरमैलाको अनुमानित उत्सर्जनको हिसाबले त्यस्ता ठाउँहरूको अध्ययन गरी विवरण तयार पारिनेछ ।<br>५. निजी क्षेत्रसँगको सहकार्यमा बजार क्षेत्रको फोहरमैलाबाट बायोग्यास र प्राङ्गारिक मल उत्पादन गर्ने प्रक्रियालाई अगाडि बढाइनेछ । |
| **१.२:** नगरपालिकामा शौचालय तथा सरसफाइको सुनिश्चितता गर्ने । | १. सबै सामुदायिक भवन तथा सार्वजनिक स्थलहरूमा शौचालयको व्यवस्था गरिनेछ ।<br>२. घरहरूबाट निस्कने फोहोर पानीलाई प्रशोधन गरे पछि मात्र नदी खोला तथा खोल्सामा प्रवाह गर्न मापदण्ड बनाई लागु गरिनेछ।<br>३. शहरी शहरन्मुख तथा बजार क्षेत्रमा सरसफाइ सेवाको स्तरबृद्धि गरिनेछ ।<br>४. पूर्ण सरसफाइ कार्यक्रम अन्तर्गत अपाङ्गमैत्री महिलामैत्री शौचालयको निर्माण गरिनेछ । |
| **उद्देश्य २: सरसफाइ सुविधाको पहुँचको सुनिश्चितता गर्नु।** | |

| | |
|---|---|
| २.१ः सरसफाइको पहुँच भएका प्रत्येक घर धुरीमा क्रमिक रूपमा गुणस्तरीय सरसफाइको पहुँच बृद्धि गर्ने। | १. सार्वजनिक स्थानहरूमा आवश्यकता अनुसार फोहर सङ्कलन गर्ने भाँडोको व्यवस्था गरिनेछ ।<br>२. बस्ती, टोल सरसफाइकोलागि उपभोक्ताहरूबाटै समिति गठन गरी सरसफाइ गरिनेछ ।<br>३. फोहरमैला सङ्कलन र व्यवस्थापनकोलागि सामूहिक कोषको व्यवस्था गरी फोहरमैला व्यवस्थापन कार्यलाई दिगो बनाइनेछ । |
| २.२ः सरसफाइ सम्बन्धी सचेतना कार्यक्रम सञ्चालन गर्ने । | १. लक्षित समुदायमा फोहरको उचित व्यवस्थापनकोलागि  जनचेतना सञ्चालन गरिनेछ। |

## कार्यक्रम तथा आयोजना

| उद्देश्य नं. | कार्यक्रमहरू | एकाइ | आधार वर्ष | योजनाको कुल लक्ष्य | अनुमानित श्रोत र वार्षिक लक्ष्य (रू.हजारमा) | | | | | | प्रति एकाइ लागत | जिम्मेवारी | स्थानगत तथा कार्यक्रम विवरण |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व | पाँचौ आ.व | जम्मा | | | |
| | **वातावरण तथा फोहोरमैला व्यवस्थापन** | | | | | | | | | | | | |
| | वन, वातावरण र हरियाली प्रवर्धन सचेतनामुलक कार्यक्रम | सङ्ख्या | | ५ | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | | | |
| | वातावरणमैत्री स्थानीय शासन कार्यक्रम | सङ्ख्या | | ५ | १००० | १००० | १००० | १००० | १००० | ५००० | | | |
| | राम जानकी गुठीको जग्गामा हरियाली व्यवस्थापन | एकमुष्ठ | | | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | | | |
| | ग्रिन पार्क निर्माण तथा संचालन | सङ्ख्या | | ११ | १००० | २००० | २००० | ३००० | ३००० | ११००० | | | |
| | प्लाष्टिजन्य पदार्थहरूको प्रयोगमा नियन्त्रण गर्न ऐन नियम निर्माण | सङ्ख्या | | १ | | ५०० | | | | ५०० | | | |
| | एक घर एक सुधारिएको चुलो अभियान संचालन | एकमुष्ठ | | | २२०० | २२०० | २२०० | २२०० | २२०० | ११००० | | | |
| | इट्टा भट्टा वायु प्रदुषण न्युनिकरण | एकमुष्ठ | | | १५०० | १५०० | १५०० | १५०० | १५०० | ७५०० | | | |
| | फोहरमैला संकलनका लागि टयक्टर खरिद | सङ्ख्या | | ३ | | | २५०० | २५०० | २५०० | ७५०० | | | |
| | हरेक वडामा फोहोरमैला संकलन व्यवस्थापन तथा संचालन (नियमित फोहरमैला संकलन) | एकमुष्ठ | | | २००० | २००० | २००० | २००० | २००० | १०००० | | | |
| | समुदायमा आधारित वडा तथा टोल सरसफाई कार्यक्रम | सङ्ख्या | | ११ | ३३०० | ३३०० | ३३०० | ३३०० | ३३०० | १६५०० | | | |
| | वातावरण मैत्री दाहसंस्कार घाट तथा कब्रस्थान निर्माण तथा व्यवस्थापन | एकमुष्ठ | | | १५०० | १५०० | १५०० | १५०० | १५०० | ७५०० | | | |
| | **वातावरण तथा फोहोरमैला व्यवस्थापनको जम्मा** | | | | **१३५००** | **१५०००** | **१७०००** | **१८०००** | **१८०००** | **८१५००** | | | |

## ७.३.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

| नतिजा तह | नतिजा | सूचक | एकाई | आधार वर्षको अवस्था | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | जम्मा | पुष्ट्याँइको स्रोत | जोखिम पक्ष तथा अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो | तेस्रो | पाँचौं | | | |
| **वातावरण तथा फोहोरमैला व्यवस्थापन** | | | | | | | | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| **प्रभाव** | आधारभूत सरसफाइमा सुधार गरी समुदाय प्रदूषणमुक्त हुनेछ । | वायु प्रदूषणको औसत मात्रा (पि पि एम २.५) | माइक्रोग्राम प्रति घन मिटर | | | | | | नगर प्रोफाइल, सम्वन्धित शाखाको प्रतिवेदन | फोहोरमैला र वातावरण प्रति जनचेतना वृद्धिभएको हुने, फोहोरमैला व्यवस्थापनमा नगरपालिकाले थप लगानी गरेको हुने<br>वातावरण प्रति जनचेतना वृद्धि भएको हुने |
| | | पुर्ण सरसफाइयुक्त वडा | सङ्ख्या | ० | ३ | ७ | ११ | ११ | | |
| असर | नगरपालिकामा भरपर्दो र गुणस्तरीय सरसफाइ सेवा विस्तार भएको हुनेछ । | धुवाँमुक्त घरधुरी | प्रतिशत | १५ | २५ | ४० | ६० | ६० | | |
| | | फोहोरमैला बिसर्जन केन्द्र | सङ्ख्या | | | | १ | १ | | |
| प्रतिफल | दिगो सरसफाइ व्यवस्थापनको क्षेत्रमा सुधार हुनेछ | फोहोरमैला बिसर्जन नीति | सङ्ख्या | ० | १ | | १ | १ | | |
| | संक्रामक रोगको फैलावटमा कमी आउनेछ | संक्रामक रोगबाट बिरामी हुने जनसङ्ख्या | प्रतिशत | २५ | | | ५ | ५ | | |
| | | गाउँटोल सरसफाइकोलागि उपभोक्ता समिति | सङ्ख्या | ११ | | | ५५ | ५५ | | |
| | पायक पर्ने सार्वजनिक ठाउँमा फोहर राख्ने बाल्टिन र ड्रमको व्यवस्था गरी समुदायलाई फोहरमुक्त बनाउन सकिनेछ | डस्टबिन व्यवस्थापन भएका घरधुरी | प्रतिशत | ३५ | ५५ | ८० | १०० | १०० | | |
| | | फोहरबाट जैविक मल उत्पादन गर्ने परिवार | प्रतिशत | १५ | ३५ | ५५ | ७० | ७० | | |
| | प्राविधिकहरूको आधारभूत तथा पुनर्ताजकी तालिम मार्फत सरसफाइको क्षेत्रमा दक्ष जनशक्तिको व्यवस्था गर्न सकिनेछ | फोहोरमैला व्यवस्थापनकालागि दक्ष जनशक्ति | सङ्ख्या | २५ | ४० | ६० | ९० | ९० | | |
| | वातावरण तथा फोहरमैला व्यवस्थापन सम्बन्धी ज्ञान तथा चेतना अभिवृद्धि हुनेछ | स्थानीय वातावरणमैत्री नीति | सङ्ख्या | ० | १ | | १ | १ | | |
| | | वातावरण तथा फोहरमैला सम्बन्धी सचेतना कार्यक्रम सङ्ख्या बार्षिक | सङ्ख्या | १ | ३ | ७ | ११ | ११ | | |
| | | प्रदुषण मापन केन्द्र | सङ्ख्या | ० | १ | २ | ३ | ३ | | |

## ७.४ विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन तथा जलवायु उत्थानशीलता

### ७.४.१ पृष्ठभूमि

नगरस्तरीय विपद् जोखिम व्यवस्थापनका समिति क्रियाशील रहेको अवस्था छ । नगरपालिकाले उच्च र मध्यम जोखिम क्षेत्रहरू पहिचान गरी विभिन्न संघ संस्थाले विभिन्न किसिमका तालिम लगायत स्थानीय समुदायको क्षमता अभिवृद्धिका लागि कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ । हालका दिनमा भुकम्प प्रतिरोधी भवनहरू निर्माणमा वृद्धि हुन थालेको छन् । नगरपालिकाले विपद् व्यवस्थापनका लागि विपद पछिको नगद तथा वस्तुगत राहतको लागि स्थानीय विपद कोषको समेत व्यवस्था गरेको छ ।

जलवायु परिवर्तनले मौसमी पात्रोमा परिवर्तन आएको छ । बालीनालीमा नयाँ किरा तथा रोगहरू उत्पन्न हुने गरेको छ । व्यवस्थित ल्याण्डफिल साइड निर्माण सम्पन्न नहुँदा फोहरमैला व्यवस्थापनमा कठिर्नाइ उत्पन्न भएकोछ । पानीका श्रोत सुक्दै गएका छन्भने विभिन्न किसिमको रोग लाग्नु, कुपोषण, तनाव, विद्यार्थी विरामी भई पठन पाठनमा समस्या र खेती फसलमा कमी आएको छ । वातावरणको प्रभावहरू क्रमसः स्वास्थ्य, शिक्षा र पोषणमा समेत देखिन थालेका छन्।

### ७.४.२ समस्या तथा चुनौती

भूमिको व्यवस्थित तथा वैज्ञानिक रूपमा उपयोग हुन नसक्दा विकासका प्रयासहरू दीगो नहुने जोखिम रहेको छ । विपद् प्रतिकार्यका लागि सामुदायिक तथा संस्थागत क्षमता कम हुनु नगरपालिकाको प्रमुख चुनौतिका रूपमा रहेको छ । नाङ्गा डाँडाहरूमा हुने भूस्खलन, विपद् पूर्वतयारी, न्यूनीकरण तथा प्रतिकार्यका लागि समुदायस्तरमा ज्ञान, सीप र संयन्त्रको कमी रहेको छ । प्रमुख वस्तीहरूमा सामुदायिक आश्रयस्थलहरू छैनन् । आपतकालिन सेवाका लागि प्रयाप्त एम्बुलेन्स सेवा तथा दमकलको ब्यवस्था नहुनु, विपद आइपर्दा आवश्यक पर्ने न्यूनतम औषधी एवम उपकरणहरूको व्यवस्था नहुनु, पालिकामा शव वाहन सेवा नहुनु, बिपद पुर्व सूचना प्रणलीको अभाव जस्ता समस्या तथा चुनौतिहरू रहेका छन् ।

जलवायु परिवर्तन जन्य जोखिम उच्च भए पनि विपद् प्रतिरोधी कृषि बालीहरूको विस्तार हुन सकेको छैन । जलवायु परिर्वतनका असरहरूलाई न्यूनिकरण गर्न वा अनुकूलन गर्न ज्ञान, सीप र संयन्त्र विकासमा त्यति ध्यान पुग्न सकेको देखिदैन । अव्यवस्थित भू–उपयोग तथा अनियन्त्रित भौतिक पूर्वाधार निर्माणका कारणले वातावरणीय सन्तुलनमा नकारात्मक असर परेको छ । नगर क्षेत्रमा जम्मा हुने प्लाष्टिकजन्य फोहरमैला एवं स्वास्थ्य संस्थाबाट निस्किने फोहरहरूले समेत वातावरणमा प्रतिकूल असर पारेको छ ।

### ७.४.३ संभावना तथा अवसर

नगरपालिकाले स्वच्छ तथा सफा वातावरणको निर्माण गर्न तथा जलवायु परिवर्तनको प्रभाव न्यूनीकरण र अनुकूलनका लागि अघि सारेका नीतिगत प्रयास सकारात्मक छन् । नागरिक स्तरमा केही हद सम्म ज्ञान तथा चेतना अभिवृद्धि भएकोछ । नगरपालिकामा जलवायु परिवर्तनबाट भौतिक, आर्थिक तथा समाजिक संरचनाहरूमा पर्नसक्ने प्रभाव न्यून गर्न तथा आर्थिक विकास तथा रोजगारीका अवसरहरू सिर्जना गर्न सकिन्छ ।

विपद् पूर्व तयारी कार्यकालागि मोबाइल एसएमएस मार्फत सूचना दिने तथा विपद् संकटान्मुख बस्ती स्थानान्तरणको तथ्यांक संकलन गरी विपद् न्यूनीकरणमा गर्न सकिने सम्भावना छ ।

### ७.४.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति. कार्यक्रम तथा आयोजना

<u>लक्ष्य</u>

विपदबाट हुने मानवीय, आर्थिक, सामाजिक, सांस्कृतिक र पर्यावरणीय क्षतिमा कमी ल्याउने ।

<u>उद्देश्य</u>

१. जोखिम न्यूनीकरणकालागि सम्भाव्य ठाँउहरूको पहिचान गरी पूर्व चेतावनी प्रणालीको विकास गर्नु।

२. मानव सिर्जित तथा प्राकृतिक कारणबाट हुने प्रकोप/विपद्‌को जोखिमलाई न्यूनीकरण गरी नगरपालिकालाई कम प्रकोप/विपद् जोखिम हुने क्षेत्रको रूपमा विकास गर्नु ।

३. जलवायु परिवर्तनको प्रभाव न्यूनीकरण तथा अनुकूलन सम्बन्धी कार्यक्रमहरू संचालन गर्नु ।

## ४.५ रणनीति तथा कार्यनीतिहरू

**तालिका २३ः विपद् व्यवस्थापनका रणनीति तथा कार्यनीतिहरू**

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| **उद्देश्य १ः जोखिम न्यूनीकरणका लागि सम्भाव्य ठाँउहरूको पहिचान गरी पूर्व चेतावनी प्रणालीको विकास गर्नु ।** | |
| **१.१ः** विपद् रोकथाम मार्फत् विपद् न्यूनीकरण गर्दै विपद् उत्थानशील समाजको निर्माण गर्ने । | १. पूर्वानुमान तथा पूर्व चेतावनी प्रणालीको विकास तथा सञ्चालन गरिनेछ ।<br>२. विपद् सूचना केन्द्र, आपतकालीन कार्य सञ्चालन केन्द्र, खोज तथा उद्धार, जोखिम लगायतका कार्यहरू गर्न अधिकार सम्पन्न विपद् व्यवस्थापन समिति स्थापना गरी एक द्वार प्रणालीबाट उक्त कार्यहरू सञ्चालन गरिनेछ ।<br>३. विपदबाट हुन सक्ने क्षति कम गर्न विकास निर्माणमा र स्थानीय स्तरको योजना तर्जुमामा जोखिम व्यवस्थापनलाई आन्तरिकीकरण गरिनेछ ।<br>४. विपद् जोखिम पूर्वतयारी र जोखिम न्यूनीकरणमा स्थानीय क्षमता अभिवृद्धि गरिनेछ । |
| **१.२ः** सरोकारवालाहरूको समन्वय र संलग्नतामा विपद् व्यवस्थापन कार्यहरूलाई प्रभावकारी रूपले सञ्चालन गर्ने । | १. विपद् सम्बन्धी जोखिम तथा प्रकोपबारे जानकारी एवम् तथाङ्क अद्यावधिक गर्न विपद् व्यवस्थापन इकाइहरू स्थापना गरिनेछ ।<br>२. नगरपालिकामा विपद् व्यवस्थापनसँग कार्य गर्ने सम्बन्धित निकायहरूलाई सूचना सङ्कलन, प्रशोधन, प्रक्षेपण जस्ता विषयहरूमा तालिमको व्यवस्था गरिनेछ ।<br>३. नगरपालिकामा कार्यरत सरकारी, निजी, सहकारी, स्थानीय निकाय, गैरसरकारी क्षेत्र लगायत स्थानीय समुदाय तथा सरोकारवालाहरूलाई विपद् व्यवस्थापन सम्बन्धी उत्कृष्ट कार्य भएका पालिकाहरूमा अवलोकन भ्रमण गराइनेछ ।<br>४. विपद् जोखिम न्यूनीकरण तथा पूर्व तयारी गर्ने कार्यहरूमा सम्बन्धित विपद् व्यवस्थापन इकाइहरू बिच समन्वयात्मक सहभागिता कायम गरिनेछ । |
| **१.३ः** विपद् व्यवस्थापन सम्बन्धी जनचेतना अभिवृद्धि गर्ने प्रभावकारी प्रचार/प्रसारका कार्यहरू सञ्चालन गर्ने । | १. विपद् व्यवस्थापन सम्बन्धी गोष्ठी, अन्तर्क्रिया र विचार आदान प्रदानका कार्यहरू सञ्चालन गरिनेछ ।<br>२. नगरपालिकामा कार्यरत निकायहरूले आआफ्नो वार्षिक कार्य योजनामा विपद् व्यवस्थापन सम्बन्धी प्रचारप्रसारका कार्यहरू समावेश गरी कार्यान्वयन गरिनेछ ।<br>३. विपद् व्यवस्थापनलाई विद्यालय तथा शैक्षिक संस्थाहरूमा विशेष रूपले अध्यापन गराउन विद्यालय तथा शैक्षिक संस्थाको पाठ्यक्रममा विपद् व्यवस्थापन विषयलाई समावेश गरिनेछ ।<br>४. विद्यालय तथा शैक्षिक संस्थाहरूमा विपद् व्यवस्थापन सम्बन्धी विषयहरूको कक्षा सञ्चालन गरिनेछ ।<br>५. विपद् व्यवस्थापन सम्बन्धी उत्कृष्ट कार्य भएको जिल्लाहरूमा सम्बन्धित विषयका शिक्षक तथा कर्मचारीलाई अध्ययन भ्रमण गराइनेछ । |
| **उद्देश्य २ः मानव सिर्जित तथा प्राकृतिक कारणबाट हुने प्रकोप/विपद्‌को जोखिमलाई न्यूनीकरण गरी नगरपालिकालाई कम प्रकोप/विपद् जोखिम हुने क्षेत्रको रूपमा विकास गर्नु ।** | |

| | |
|---|---|
| २.१ः विपद् संवेदनशील क्षेत्रहरूको पहिचान, संरक्षण, रोकथाम, पुनः स्थापना र स्थानान्तरण गर्ने । | १. बाढीपहिरो, चटयाङ, डुबान, खानी तथा उद्योग क्षेत्र आदिका आधारमा बढी विपद् संवेदनशील क्षेत्रहरूको पहिचान गरी त्यस्ता क्षेत्रहरूबाट बस्ती अन्यत्र सारी व्यवस्थित एवम् सुविधा सम्पन्न बनाइनेछ ।<br>२. जोखिमयुक्त क्षेत्रहरूको पहिचान गरी सम्भाव्यता अध्ययनका आधारमा पुनः स्थापना तथा स्थानान्तरण गरिनेछ ।<br>३. भूकम्पको जोखिमलाई उच्च प्राथमिकतामा राखी नयाँ निर्माण हुने सम्पूर्ण भौतिक संरचनालाई भूकम्प प्रतिरोधी बनाइनेछ।<br>४. साथै निर्माण भइसकेका संरचनाहरूलाई सम्भव भएसम्म प्रवलीकरण गर्न जोड गरिनेछ । |
| **उद्देश्य ३ः जलवायु परिवर्तनको प्रभाव न्यूनीकरण तथा अनुकूलन सम्बन्धी कार्यक्रमहरू संचालन गर्नु ।** | |
| ३.१ वातावरण संरक्षण तथा जलवायु परिवर्तनको प्रभाव न्यूनीकरण तथा अनुकूलन सम्बन्धी कार्य गर्ने । | १. चैनपुर बजार क्षेत्रमा वायु, ध्वनि प्रदुषणको स्तर चेक जाँच गरी मापदण्ड बनाइ चेतना अभिवृद्धि गर्दै प्रदुषण नियन्त्रण गर्न सरोकारवालासंग समन्वय गरिने छ ।<br>२. महाराजगंज नगरपालिकालाई वातावरण मैत्री नगरको रूपमा विकास गरिनेछ ।<br>३. पूर्वाधारका योजनाहरूमा जलवायु परिवर्तनको प्रभाव न्यूनीकरण तथा अनुकूलन गर्न उत्थानशील योजना कार्यान्वयन गरिनेछ । |

**कार्यक्रम तथा आयोजना**

| उद्देश्य नं. | कार्यक्रमहरू | एकाइ | आधार वर्ष | योजनाको कुल लक्ष्य | अनुमानित श्रोत र वार्षिक लक्ष्य (रू.हजारमा) | | | | | | प्रति एकाइ लागत | जिम्मेबारी | स्थानगत तथा कार्यक्रम विवरण |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व | पाँचौ आ.व | जम्मा | | | |
| | **विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन तथा जलवायु उत्थानशीलता** | | | | | | | | | | | | |
| | विपद पूर्व तयारी कार्ययोजना | सङ्ख्या | | १ | ५०० | | | | | ५०० | | | |
| | विपद् व्यवस्थापन समिति क्षमता अभिबृद्धि कार्यक्रम | एकमुष्ठ | | | ३०० | १०० | १०० | १०० | १०० | ७०० | | | |
| | वडामा विपद् व्यस्थापन समिति गठन र संचालन | एकमुष्ठ | | | १०० | १०० | १०० | १०० | १०० | ५०० | | | |
| | सामुदायिक विपद रेस्पोन्डर स्वयंसेवक व्यवस्थापन र परिचालन कार्यक्रम | एकमुष्ठ | | | १५०० | १५०० | १५०० | १५०० | १५०० | ७५०० | | | |
| | आपत्कालीन उद्दार सामग्रीहरू व्यवस्थापन तथा पुनर्भरण कार्यक्रम | एकमुष्ठ | | | २००० | २००० | २००० | २००० | २००० | १०००० | | | |
| | रक्त संकलन केन्द्र स्थापना र संचालन | सङ्ख्या | | | | | | २०००० | | २०००० | | | |
| | सडक सुरक्षा सचेतना केन्द्र स्थापना | सङ्ख्या | | १ | | | ५००० | | | ५००० | | | |
| | डडेलो सम्बन्धि जनचेतना अभिवृद्दि कार्यक्रम | एकमुष्ठ | | | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | | | |
| | नगर विपद् व्यवस्थापन कोष स्थापना | एकमुष्ठ | | | ३००० | ३००० | ३००० | ३००० | ३००० | १५००० | | | |
| | डुवान क्षेत्र संरक्षण (कंचनीया नदि, सुरहनीया, ठूलो मलबारी) | एकमुष्ठ | | | ५००० | ५००० | ५००० | ५००० | ५००० | २५००० | | | |
| | मौसम सम्बन्धी सुचना साइरन व्यवस्थापन | सङ्ख्या | | ३ | | | २५०० | २५०० | २५०० | ७५०० | | | |
| | निल गाइ नियन्त्रण कार्यत्रम | एकमुष्ठ | | | १००० | १००० | १००० | १००० | १००० | ५००० | | | |
| | वातावरण तथा जलवायु सम्बन्धी सचेतना कार्यक्रम | सङ्ख्या | | ५ | ३५० | ३५० | ३५० | ३५० | ३५० | १७५० | | | |
| | **विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन तथा जलवायु उत्थानशीलताको जम्मा** | | | | **१४२५०** | **१३५५०** | **२१०५०** | **३६०५०** | **१६०५०** | **१००९५०** | | | |

## ७.४.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

| नतिजा तह | नतिजा | सूचक | एकाई | आधार वर्षको अवस्था | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | जम्मा | पुष्ट्याँइको स्रोत | जोखिम पक्ष तथा अनुमान |
|---|---|---|---|---|---|---|---|---|

| | | | | | पहिलो | तेस्रो | पाँचौं | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| **विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन तथा जलवायु उत्थानशीलता** | | | | | | | | | | |
| प्रभाव | विपदबाट हुने मानवीय, आर्थिक, सामाजिक, सांस्कृतिक र पर्यावरणीय क्षतिमा कमी आएको हुनेछ । | विपदबाट क्षती भएको रकम | रू. लाखमा | ५५ | ४८ | ३५ | २५ | २५ | नगर प्रोफाइल, सम्वन्धित शाखाको प्रतिवेदन | विपद् सम्बन्धमा नगरपालिका तथा समुदाय सम्बेदनशील भएको हुने |
| | | विपद्जन्य घटनाबाट विगत ३ वर्षको औसत मानवीय क्षति सङ्ख्या | सङ्ख्या | ७ | | | ० | ० | | |
| असर | विपद् जोखिमको पूर्वानुमान सूचना र उद्धारका लागि प्रभावकारी सूचना प्रणालीको व्यवस्थापन भएको हुनेछ | प्रमुख नदी/खोलामा बाढी सूचना प्रणाली स्थापना | सङ्ख्या | ० | १ | २ | ४ | ४ | | |
| | | आपतकालीन कार्य सञ्चालन केन्द्र | सङ्ख्या | १ | २ | ४ | ७ | ७ | | |
| | | विपद् व्यवस्थापनलागि खुल्ला क्षेत्र र स्थान | सङ्ख्या | २ | | | ७ | ७ | | |
| प्रतिफल | विपद् व्यवस्थापनसम्बन्धी कार्य योजना विकास हुनेछ | विपद् व्यवस्थापन योजना | सङ्ख्या | १ | | | १ | १ | | |
| | | स्थानीय विपद जोखिम न्युनीकरण तथा जलवायु अनुकुलन कार्ययोजना तर्जुमा | सङ्ख्या | १ | | | १ | १ | | |
| | सूचना/तथ्याङ्क सङ्कलन सही र सरल रूपमा प्राप्त हुने संयन्त्र विकास हुनेछ | विपद् व्यवस्थापनमा क्रियाशील संघ-संस्थाहरू | सङ्ख्या | ३ | | | ७ | ७ | | |
| | | विपद् व्यवस्थापन स्थानीय कोष (हजारमा) | रू. लाखमा | ५० | | | १०० | १० | | |
| | सरोकारवाला र स्थानीय जनसमुदायहरूको क्षमता अभिवृद्धि हुनेछ | सामान्य खोज उद्दारमा तालिमप्राप्त जनशक्ति | सङ्ख्या | ० | | | ११० | ११० | | |
| | | तालिम प्राप्त स्वयम् सेवक | सङ्ख्या | ० | ९० | २७० | ३३० | ३३० | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | वस्तीकालागि अयोग्य स्थानमा बसोबास गरेका घरधुरी | प्रतिशत | २५ | २० | १५ | १० | १० | | |

# परिच्छेद ८ः संस्थागत विकास तथा सुशासन क्षेत्र

## ८.१ संस्थागत विकास तथा सुशासन

संघीय व्यवस्था अनुसार स्थानीय सरकार जनताको नजिकको सरकारको रूपमा स्थापित गरिएको छ । लामो समयदेखि जनप्रतिनिधिविहिन भए पश्चात निर्वाचित स्थानीय सरकारसंग नागरिकले ठूलो अपेक्षा राखेका छन् । स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा उल्लेख गरिएका अधिकारको प्रयोग गर्दै स्थानीय सरकारले प्रदान गर्ने सेवाको प्रवाह र पूर्वाधार विकासका योजनाको जिम्मेवारीलाइ विधिसम्मत प्रक्रियाबाट जनअपेक्षा अनुसार कुशल, पारदर्शी, र जवाफदेही ढंगले सम्पादन गर्न आवस्यक छ । बदलिदो परिस्थितिमा स्थानीय सरकारलाई प्राप्त अधिकार क्षेत्र, र साधन स्रोतमा बढोत्तरीसँगै जनआकांक्षा पनि चुलिएको छ । यसरी चुलिएको जनआकांक्षालाई सम्बोधन गर्नको लागिसेवा प्रवाह र विकास व्यवस्थापनमा सिर्जनात्मक र प्रभावकारी उपायहरू अवलम्बन गर्न जरूरी छ । दिगो विकास लक्ष्यले संस्थागत विकास र सुशासनलाई समेत महत्व दिएको छ । दिगो विकास लक्ष्यहरू मध्ये लक्ष्य–१६ (शान्ति, न्याय र सुदृढ संस्थाहरू) र लक्ष्य–१७ (लक्ष्यहरूका निम्ति साझेदारी) यस क्षेत्रसंग जोडिएका लक्ष्यहरू हुन् । यसलाई मध्यनजर गरी सेवा प्रवाह र विकास व्यवस्थापन प्रभावकारिता अभिवृद्धि गरी स्थानीय तहमा सुशासन कायम गर्न कानून, नीति र सुशासन, संगठन तथा क्षमता विकास, राजस्व तथा श्रोत परिचालन र योजना व्यवस्थापनको वस्तुस्थिति विश्लेषण गरिएको छ । संस्थागत विकास तथा सुशासनको सन्दर्भमा यस नगरपालिकाले नगरवासीलाई सुशासनसहितको शिघ्र र प्रभावकारी सेवा प्रवाह गर्ने उद्देश्य लिई आफनो कार्यप्रणाली संचालन गरिरहेको छ ।

### ८.१.१ पृष्ठभूमि

स्थानीय शासनको प्रभावकारी सञ्चालन, परिणाममुखी विकास तथा प्रभावकारी सेवा प्रवाहको लागि संस्थागत संरचना, दक्ष मानव संसाधन, संस्थागत क्षमताको आवश्यकता पर्दछ । स्थानीय सरकारको संस्थागत विकास तथा सुशासनबाट मात्र संघीयता अनि राज्य प्रणालीको सुदृढ हुन सक्दछ । तीनै तहको सरकारहरुले बिधिको शासनको मूल्य तथा मान्यता अनुरूप नागरिक संलग्नता, जवाफदेहिता, पारदर्शिता र भ्रष्टाचारमुक्त अवस्थाको सिर्जना र सञ्चालित विकास कार्य तथा प्रवाहित सेवाको प्रभावकारिता अभिवृद्धि गरी विकास कार्यलाई नतिजामुखी बनाउनु आवश्यक छ । स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले स्थानीय तहका सरकारहरुबाट सम्पादन हुने सवै काम तथा सेवालाई सरल,सुव्यस्थित, सेवाग्राहीमैत्री र जवाफदेही बनाई नागरिकप्रति उत्तरदायी हुने अपेक्षा गरेको छ । पञ्चवर्षीय (आवधिक) योजना आफैंमा संस्थागत विकास तथा सुशासनको एकप्रमुख रणनीति भएको कारण संस्थागत बिकास, क्षमता विकास र सुशासन र योजना कार्यान्वयन जस्ता पक्षहरुलाई यसभित्रको प्रमुख साधन तथा माध्यमको रूपमा लिइएको छ ।

महाराजगंज नगरपालिकामा ५९ सदस्यीय नगर सभा तथा २१ सदस्यीय नगर कार्यपालिकाको व्यवस्था छ । नगरको नीतिगत व्यवस्थालाई कार्यदिशा दिन र प्रभावकारी कार्यान्वयनका लागि सङ्घीय कानूनको अधिनमा रही ५ वटा विषयगत विकास समितिहरू र विधायन, नगर शिक्षा तथा स्वास्थ्य, साझेदारी विकास, स्थानीय समन्वय, नगर स्तरीय विपद् व्यवस्थापन, बजार अनुगमन, मल वितरण व्यवस्थापन सम्बन्धी स्थानीय समिति र सल्लाहकार समिति लगायतका समितिहरूले कार्यसम्पादन गर्दै आएकाछन । सहज र सरल रूपमा स्थानीय स्तरमा नै न्याय सम्पादनका लागि नगर उपप्रमुख सहितको एक न्यायिक समितिले कार्य सम्पादन गर्दै आएको छ ।

नगरपालिकाले नगर कार्यपालिकाबाट हालसम्म ३० वटा विभिन्न ऐन, कार्यविधि र नियमहरू तयार गरिसकेको छ जस अन्तर्गत अपाङ्ता परिचयपत्र वितरण,राजस्व परिचालन, कृषि प्रसार तथा व्यवसाय, आधारभूत स्वास्थ्य तथा सरसफाई, पूर्वाधार विकास, महिला, बालबालिका र सशक्तिकरण लगायतका विषयमा ऐन, नियम, कार्यविधि र मापदण्ड तर्जुमा गरिएका छन् । नगरका दैनिक क्रियाकलाप र विकास गतिविधिलाई सञ्चालन गर्नका लागि ७ वटा शाखा, १० वटा उप–शाखा, ५ वटा इकाई तथा नगर कार्यपालिकाको दैनिक काम काजका लागि एउटा प्रशासनिक भवन र छुट्टा छुट्टै ११ वटा वडा कार्यालय भवनहरू रहेका छन् । निर्धारित समय सीमाभित्र संसदीय परम्परा अनुसार नगर सभा सम्पन्न

गरी पारित ऐनहरू असार भित्र वेभ साइडमा अपलोड गरिएको छ । समीक्षा गोष्ठीमा स्वतन्त्र विश्लेषकहरूबाट टिप्पणी र सुझाव प्रस्तुत गरी छलफल गर्ने गरिएको छ ।

"जवाफदेही, पारदर्शी र परिणाममुखी शासकीय व्यवस्था र सार्वजनिक सेवाहरूमा सबै नगरबासीको पहुँच" को दिर्घकालिन सोच सहित नगरको सुशासन प्रवद्र्धन गर्नका लागि प्रमुख प्रशासकीय भवनमा विद्युतीय नागरिक वडापत्र र अन्य ११ वटै वडा कार्यालयहरूमा देखिने गरी नागरिक वडापत्र राखी त्यसलाई क्रमशः कार्यान्वयन भइरहेको छ । सार्वजनिक सुनवाई, सामाजिक परीक्षण र सार्वजनिक परीक्षण प्रणालीको उपयोग मार्फत सेवा प्रवाह र सुशासनको प्रत्याभूत गरिएको छ । गुनासो पेटिका, वेवसाइट, फेसवुक र हेल्लो सरकार जस्ता कार्यक्रमबाट जनसरोकारका विषयहरू सम्बोधन तथा सार्वजनिक गर्ने काम गरिएको छ ।

नगरको बजेट तथा योजना निर्माण प्रकृयामा सहभागितामूलक योजना तर्जुमा प्रक्रिया मार्फत नागरिकको समेत सहभागितामा योजना तर्जुमाको अभ्यास गरी सभाबाट स्वीकृत बजेट तथा नीति कार्यक्रमलाई बजेट पुस्तिका र वेवसाइट मार्फत सार्वजनिक गर्ने गरिएको छ । ठूला आयोजनाहरू निर्माण गर्दा आयोजनाको विस्तृत परियोजना प्रतिवेदन (म्एच्) तयार पारी समपुरक कोषको समेत व्यवस्था गरिएको छ । योजना तर्जुमा प्रकृयामा सबै संघ संस्थालाई सहभागिता गराउने गरिएको छ । ५ लाखभन्दा माथिका योजनाको निर्माण स्थलमा होर्डिङ बोर्ड राख्ने गरिएको छ । सामाजिक सुरक्षा भत्ता लाभग्राहीको बैंक खातामा सोझै निकासा गर्ने व्यवस्था मिलाइएको छ ।

### ८.१.२ समस्या तथा चुनौती

आवश्यक सबै ऐन, कानुन र कार्यविधि तर्जुमा पूर्ण रूपमा भई नसक्नु, व्यवस्थित र प्रविधियुक्त सेवा प्रदायक शाखा, उपशाखाहरू नहुनु, घुम्ती सेवाहरू नियमित नहुनु, विद्युतिय सेवा प्रवाहमा विविधता हुन नसक्नु र नगरवासीमा प्रविधि सम्वन्धी ज्ञानमा कमी आदि प्रमुख समस्या हुन्। त्यस्तै, आवश्यक संख्यामा दक्ष कर्मचारीको अभाव हुनु, जनप्रतिनिधि र कर्मचारीहरूको क्षमता विकास तालिम नहुनु, कर्मचारीहरूको सरुवा भईरहनु, आन्तरिक नियन्त्रण प्रणाली लगायत अन्य आवश्यक नीति नियम तर्जुमा भई नसक्नु, क्षतिपूर्ति सहितको नागरिक वडापत्र कार्यन्वयन नहुनु, कर्मचारीहरूको कार्य विवरण तयार भए पनि पूर्ण रूपमा कार्यान्वयन नहुनु, केही वडा कार्यालयहरूको सुविधा सम्पन्न आवश्यक पूर्वाधार निर्माण नहुनु, कर्मचारीहरूको नियमित कार्यसम्पादन मूल्यांकन अनुसार क्षमता अभिवृद्धि हुन नसक्नु तथ्याङ्कीय आधार तयार नुहुनु, योजनाका आधारमा बजेट नभई बजेटका आधारमा योजना बन्नु, र टुक्रे योजना उल्लेख्य हुनु आदि प्रमुख समस्या हुन् ।

परम्परागत शासनमुखी कार्य प्रवृत्तिलाई सेवामुखी तथा सेवाग्राही प्रति उत्तरदायी प्रशासनिक संरचनामा बदल्नु, क्षमतावान् र गुणस्तरीय कर्मचारीको पदपूर्ति गर्नु, शासकीय प्रणालीमा पारदर्शीता तथा जवाफदेहीता सुनिश्चित गर्नु, सार्वजनिक क्षेत्रमा सदाचार पद्धतिको विकास गर्नु, विकास निर्माणका कार्यहरू समयमै गुणस्तरीय ढङ्गले सम्पन्न गरी आम नागरिकको स्थानीय सरकार प्रति विश्वास आर्जन गर्नु नगरपालिकाका चुनौती हुन ।

### ८.१.२ संभावना तथा अबसर

सांगठनिक प्रणालीलाई प्रभावकारी बनाउन आफ्नै कानून बनाउने अधिकार हुनु, कार्यसम्पादन मूल्यांकन नजिकबाट गर्न सक्नु, नेपाल सरकारको सेवा प्रवाह सम्बन्धी मापदण्ड हुनु, संघीय सरकारबाट स्थानीय तह संस्थागत क्षमता स्वमूल्यांकन कार्यविधि तयार भई कार्यान्वयनमा आउनु, सुशासन नगपालिकाको प्राथमिकतामा पर्नु, गैसस, नागरिका समाज र स्थानीय समूहको सहयोग प्राप्त हुने अवस्था हुनु, भ्रष्टाचारमुक्त उत्तरदायी र पारदर्शी कार्य संस्कृतिको विकासमा जनचासो र चेतना बढ्दै गएकोले राज्यबाट प्रदान गरिने सेवा र सुविधालाई थप सेवाग्राही मैत्री बनाउन सकिन्छ भने सङ्घीयताको मूल मर्म बमोजिमका कानुनी आधारहरू तयार हुँदै आएको हुँदा नगर कार्यपालिकाको नेतृत्वमा स्थानीय स्तरको विकासको सम्भावना बढेको छ ।

नगर विकासमा निर्वाचित जनप्रतिनिधिहरूको सक्रियता वढेको छ । जनप्रतिनिधि र कर्मचारीहरूबीच सेवा प्रवाहलाई चुस्त र दुरुस्त बनाउनका लागि छलफल हुनु, सेवा प्रवाहमा आएका गुनासोहरूलाई जनप्रतिनिधिहरूले प्रत्यक्ष सुन्न र देख्न पाउनु, सेवा प्रवाहका लागि विभिन्न तहगत संरचना तयार हुनु आदि अवसर हुन्।

### ८.१.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**लक्ष्य**

नगरपालिका र स्थानीय सरोकारवालाको कार्य सम्पादन र सेवा प्रवाहको स्तर बृद्धि गर्नु

**उद्देश्य**

१. सुशासनकालागि कानुनी र नीतिगत पूर्वाधार निर्माण गर्नु ।
२. सार्वजनिक सेवा प्रवाह र विकास प्रक्रियालाई प्रभावकारी बनाउनु ।
३. सक्षम, दक्ष, गुणस्तरीय र प्रविधिमैत्री जनशक्तिको विकास गर्नु ।
४. वित्तीय सुशासन कायम गर्नु ।

**रणनीति तथा कार्यनीति**

**तालिका २४ः सेवा प्रवाह तथा सुशासनका रणनीति तथा कार्यनीतिहरू**

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| **उद्देश्य १ः सुशासनकालागि कानुनी र नीतिगत पूर्वाधार निर्माण गर्नु ।** | |
| **१.१ः** शासन प्रणाली सञ्चालन सम्बन्धी नीति, कानुन, मापदण्ड र कार्यविधिको तर्जुमा गर्ने । | १. सेवा प्रवाह र सुशासन सम्बन्धी आवश्यक नीति तथा कार्यविधिको तर्जुमा गरिनेछ ।<br>२. सार्वजनिक निकायका पदाधिकारीको जिम्मेवारी र कर्तव्यलाई स्पष्ट पारिनेछ ।<br>३. सार्वजनिक निकायका पदाधिकारीको आचारसंहिता पालनाको अनगमन प्रणाली सुदृढ गराइनेछ ।<br>४. सार्वजनिक पदाधिकारीको नियुक्ति, सरुवा, बढुवा, पदस्थापन, दण्ड र पुरस्कारलाई प्रणालीबद्ध बनाइनेछ ।<br>५. कार्यसम्पादनलाई वृत्ति विकाससँग घनिष्ठ रूपमा आबद्ध हुने गरी कानुनी व्यवस्था मिलाइनेछ ।<br>६. सार्वजनिक खर्च व्यवस्थापन प्रणाली सुव्यवस्थित गरिनेछ । |
| **१.२ः** सार्वजनिक सेवाहरूलाई गुणस्तरीय र सर्वसधारणको पहुँचयोग्य बनाउन स्थानीय शासन पद्धति अनुरूपको प्रशासन संयन्त्रको व्यवस्था गर्ने । | १. सार्वजनिक सेवाप्रवाहलाई गुणस्तरीय समावेशी एवम् सहज बनाउन विद्युतीय शासन प्रणालीको अवलम्बन गरिनेछ ।<br>२. स्थानीय शासन प्रणाली अनुरूप प्रशासन संयन्त्रको पुनर्संरचना गरिनेछ। |
| **उद्देश्य २ः सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी बनाउनु ।** | |
| **२.१ः** नगरपालिकाले प्रवाह गर्ने सेवामा अधिकारमुखी पहुँच स्थापना गर्ने । | १. सबै प्रकारका सेवामा सबैको र खास गरी समाजका सीमान्तीकृत र विपन्न समुदायको पहुँच सुनिश्चित गरिनेछ ।<br>२. सेवाग्राहीको माग सापेक्ष, सहभागितामूलक विकास प्रक्रियाको अवलम्बन गरिनेछ ।<br>३. विद्युतीय शासन प्रणालीको व्यापक अवलम्बन गरी प्रशासनिक कार्यविधिलाई सरल बनाइनेछ ।<br>४. जनताको गुनासो सिधै अध्यक्षसँग पुग्ने संयन्त्र स्थापित गरी शीघ्र जवाफदेहिता, कारबाही र जानकारीको सुनिश्चितता गरिनेछ ।<br>५. सूचना पविधिको प्रयोग र पहुँच बढाइनेछ । |
| **२.२ः** नगरपालिकाको कार्यसम्पादन लाई उत्तरदायी, पारदर्शी र परिणाममुखी बनाउने । | १. गुनासो सुनुवाइ संयन्त्र र सूचना अधिकारीको भूमिकालाई प्रभावकारी तुल्याइनेछ । |

| | |
|---|---|
| | २. नैतिकता, आचरण र इमान्दारितालाई कार्य संस्कृतिको रूपमा विकास गरी दण्ड र पुरस्कारलाई व्यवस्थित तुल्याइनेछ ।<br>३. भ्रष्टाचार विरुद्ध शून्य सहनशीलता अपनाइनेछ । भ्रष्टाचारजन्य क्रियाकलापमा निगरानी तथा कारबाहीलाई सशक्त बनाउन पालिका स्तरमा कार्यरत सामाजिक संघसस्थाको समन्वय र सहकार्य प्रभावकारी बनाइनेछ ।<br>४. आन्तरिक नियन्त्रण प्रणालीका साथै वित्तीय जोखिम नियन्त्रण प्रणालीको अवलम्बन गरिनेछ ।<br>५. बेरूजुलाई सार्वजनिक गरिनुका साथै बेरूजुको प्रकृतिका आधारमा कार्यसम्पादन मूल्याङ्कनसँग आबद्ध गरिनेछ ।<br>६. सेवा प्रवाहलाई जनमैत्री र सेवामूलक बनाउन नागरिक बडापत्र राखिनेछ ।<br>७. सार्वजनिक उत्तरदायी संयन्त्रहरू (सामाजिक परीक्षण, सार्वजनिक परीक्षण, सार्वजनिक सुनुवाइ, गुनासो व्यवस्थापन, आदि)लाई प्रभावकारी र नियमित गराइनेछ ।<br>८. पालिकाको कार्यक्रमगत क्षेत्र र बजेट, कार्ययोजना, अद्यावधिक प्रगति र जनसरोकारका निर्णयहरू वेबसाइटमार्फत् नियमित रूपमा सार्वजनिक गरिनेछ ।<br>९. गैरसरकारी संस्था र नागरिक समाजसँग समन्वय र सहकार्यका माध्यमबाट सार्वजनिक उत्तरदायित्व अभिवृद्धिमूलक कार्यसम्पादन गरिनेछ ।<br>१०. कर्मचारीहरूको कार्यसम्पादनलाई विकास कार्यक्रमको नतिजा, सेवा प्रवाहको गुणस्तरीयता, सेवाग्राहीको सन्तुष्टि आदिसँग आवद्ध गरिनेछ । यसकालागि सेवाग्राहीहरूको सन्तुष्टि सर्वेक्षण, गुनासो समाधान, सार्वजनिक सुनुवाइ आदिको मापनलाई समेत आधार बनाइनेछ ।<br>११. सेवा प्रदायकप्रति नागरिकहरूको सन्तुष्टीको स्तर मापन र नियमित पृष्ठपोषण लिइनेछ । यसकार्यमा तेस्रो पक्ष मूल्याङ्कन प्रणाली समेतको अवलम्बन गरिनेछ । |
| २.३ः सार्वजनिक निकायका काम कारबाही सम्बन्धी सूचनामा नागरिकको पहुँच बढाउनु । | १. सेवा प्रवाहलाई जनमुखी र सेवामूलक बनाउन क्षतिपूर्ति सहितको वडापत्र क्रमशः कार्यान्वयन गर्न गराउन सार्वजनिक निकायलाई उत्प्रेरित गरिनेछ ।<br>२. जनगुनासोको व्यवस्थापनलाई थप प्रभावकारी बनाउन सहयोग गरिनेछ।<br>३. अत्यावश्यक सार्वजनिक सेवाको पहुँचमा कठिनाइ भोगिरहेको जनतालाई सेवा पुऱ्याउन एकीकृत घुम्ती सेवालाई व्यापक र प्रभावकारी बनाइनेछ। |
| **उद्देश्य ३ः सक्षम, दक्ष, गुणस्तरीय र प्रविधिमैत्री जनशक्तिको विकास गर्नु ।** | |
| **३.१ः** जनशक्ति विकास गर्ने । | १. पालिकाकालागि आवश्यक पर्ने दक्ष जनशक्तिको विकास र उपयोगकालागि एकीकृत जनशक्ति विकास योजना तयार गरिनेछ ।<br>२. वार्षिक बजेटको निश्चित प्रतिशत तालिम तथा क्षमता विकास र आवश्यक अनुसन्धानकालागि विनियोजन गरिनेछ ।<br>३. पालिकाका जनप्रतिनिधि र कर्मचारीको आवश्यकता र माग अनसार अभिमुखीकरण तालिम र क्षमता विकासकालागि आधुनिक प्रविधि युक्त तालिम प्रतिष्ठानको स्थापना गरिनेछ । |
| **३.२ः** अन्तर्सरकार समन्वयलाई प्रभावकारी बनाउने । | १. संघीय र प्रदेशसरकारसँग नियमित सम्पर्क र समन्वय स्थापित गरिनेछ ।<br>२. पालिकाको विगतका दस्तावेज, आयोजना दस्तावेज र प्रतिवेदनहरूलाई आफ्नो पोर्टल (वेब-साइट) मा राखिनेछ ।<br>३. पालिकाको कार्य सम्पादन र प्रतिवेदन प्रणालीमा प्रदेश स्तरमै एकरूपता आउने गरी प्रदेश सरकारको सहयोग र समन्वयमा सफ्टवेयरको व्यवस्थापन गरी प्रभावकारी रूपमा कार्यान्वयनमा ल्याइनेछ । |

| | |
|---|---|
| | ४. पालिकास्तरीय विकास समस्या समाधान समिति गठन तथा कार्यविधि निर्माण गरी समस्या समाधान तथा सहजीकरण संयन्त्रको रूपमा विकास गरिनेछ । |
| **उद्देश्य ४: वित्तीय सुशासन कायम गर्नु ।** | |
| ४.१: सार्वजनिक आय—व्यय र खरीद प्रक्रियालाई प्रभावकारी, व्यवस्थित र पारदर्शी बनाउने । | १. नगरपालिका तथा वडा कार्यालयहरूको वार्षिक खरीद योजना तयार गरिनेछ ।<br>२. संस्थागत पुनर्संरचना र सूचना प्रविधिमा आधारित वित्तीय व्यवस्थापनको सुदृढीकरण प्रवर्द्धन गरिनेछ ।<br>३. कानुन बमोजिम समयमै खर्च नगरी आर्थिक वर्षको अन्त्यमा खर्च गर्ने प्रवृत्तिलाई निरुत्साहित गर्न र उपलब्ध स्रोत र साधनको उचित प्रयोग गर्न आर्थिक वर्षको अन्तिम तीन महिनामा वार्षिक कार्यक्रम संशोधन गर्ने र विनियोजन बजेट अत्याधिक खर्च गर्ने प्रवृत्तिमा रोक लगाउन उपयुक्त नीति अवलम्वन गरिनेछ ।<br>४. विकास आयोजनाहरूको ठेक्कापट्टा निर्धारित समयभित्रै गर्ने व्यवस्था मिलाउन पहल गरिनेछ । |
| ४.३: आन्तरिक नियन्त्रण र लेखापरीक्षणलाई विश्वसनीय तथा प्रभावकारी बनाउने । | १. वित्तीय आँकडालाई वस्तुपरक बनाउन तथा अद्यावधिक गर्न सूचना प्रविधिमा आधारित वित्तीय व्यवस्थापनको सुदृढीकरण गरी विस्तार गरिनेछ ।<br>२. बेरुजुलाई नियन्त्रण गर्न आन्तरिक लेखापरीक्षणलाई सूचना प्रविधिमा आधारित बनाइनुको साथै लेखा उत्तरदायी अधिकारीलाई स्वतन्त्र रूपमा कार्य गर्ने वातावरण बनाइनेछ । |

## कार्यक्रम तथा आयोजना

| उद्देश्य नं. | कार्यक्रमहरू | एकाइ | आधार वर्ष | योजनाको कुल लक्ष्य | अनुमानित श्रोत र वार्षिक लक्ष्य (रू.हजारमा) | | | | | | प्रति एकाइ लागत | जिम्मेवारी | स्थानगत तथा कार्यक्रम विवरण |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व | पाँचौ आ.व | जम्मा | | | |
| | **संस्थागत विकास तथा सुशासन क्षेत्र** | | | | | | | | | | | | |
| | **सुशासन, ऐन नियम तथा जवाफदेहिता** | | | | | | | | | | | | |
| | सेवा प्रवाह तथा सुशासनकालागि आवश्यक कार्यविधिको निर्माण | सङ्ख्या | | ५ | १५०० | | | | | १५०० | | | |
| | ऐन, नियम, कार्यविधि र निर्देशिका निर्माण, प्रविधीकरण तथा प्रकाशन | एकमुष्ठ | | | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | | | |
| | विवाद मध्यस्थता, कानूनी साक्षरता तथा मेलमिलाप कार्यक्रम | एकमुष्ठ | | | २०० | २०० | २०० | २०० | २०० | १००० | | | |
| | सबै वडाहरूमा डिजिटल सूचना पाटी निर्माण | सङ्ख्या | | ११ | ११०० | | | | | ११०० | | | |
| | पालिकाद्वारा प्रदान गरिने सेवाको अभिलेख व्यवस्थापन | एकमुष्ठ | | १ | ५०० | २०० | २०० | २०० | २०० | १३०० | | | |
| | विद्युतीय शासन प्रयोग र पहुँचमा बृद्धि | एकमुष्ठ | | | ५०० | ५५० | ६०५ | ६६५ | ७३० | ३०५० | | | |
| | सामाजिक जवाफदेहिता वृद्धिकालागि (सामाजिक परीक्षण, सार्वजनिक सुनुवाइ र सार्वजनिक परीक्षण) सञ्चालन | सङ्ख्या | | ५ | १५०० | १५०० | १५०० | १५०० | १५०० | ७५०० | | | |
| | जनगुनासो व्यवस्थापन गर्न उजुरी पेटिकाको व्यवस्थापन (सबै वडा र सेवाप्रदायक कार्यलय) | सङ्ख्या | | १० | ५०० | ५५० | ६०५ | ६६५ | ७३० | ३०५० | | | |
| | **संस्थागत संरचना तथा मानव संसाधन विकास** | | | | | | | | | | | | |
| | सङ्गठन तथा व्यवस्थापन सर्भेक्षण | सङ्ख्या | | १ | १००० | | | | | १००० | | | |
| | मानव तथा संस्थागत क्षमता विकास प्रर्वद्धन | एकमुष्ठ | | | ७०० | ७७० | ८५० | ९४० | १०४० | ४३०० | | | |
| | मानव संसाधन विकास एवम् संस्थागत क्षमता विकासका लागि सम्भाव्यता अध्ययन | सङ्ख्या | | १ | | ७०० | | | | ७०० | | | |
| | सेवाप्रवाह सरलिकृत एवम् संस्थागत विकास तथा अध्ययन-अवलोकन भ्रमण | सङ्ख्या | | १० | १००० | १००० | १००० | १००० | १००० | ५००० | | | |
| | संस्थागत स्व मुल्यांकन तथा क्षमता विकास | एकमुष्ठ | | | ३०० | ३०० | ३०० | ३०० | ३०० | १५०० | | | |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | कर्मचारीहरूको मनोवल र उत्प्रेरणा अभिवृद्धि | एकमुष्ठ | | | ७०० | ७७० | ८५० | ९४० | १०४० | ४३०० | | | |
| | कार्यसम्पादनमा आधारित प्रोत्साहन प्रणाली विकास र कार्यन्वयन | सङ्ख्या | | १ | १००० | | | | | १००० | | | |
| | स्थानीय सामुदायिक संस्था क्षमता विकास तथा परिचालन कार्यक्रम | एकमुष्ठ | | | १००० | १००० | १००० | १००० | १००० | ५००० | | | |
| | न्यायिक समिति र मेलमिलाप केन्द्र संचालन तथा न्यायिक कार्य सम्पादन भौतिक सुधार कार्यक्रम | एकमुष्ठ | | | १५०० | १५०० | १५०० | १५०० | १५०० | ७५०० | | | |
| | **वित्तीय श्रोत परिचालन** | | | | | | | | | | | | |
| | आन्तरिक आयको संभावना अध्ययन र प्रक्षेपण वृद्दि योजना | सङ्ख्या | | १ | ७०० | | | | | ७०० | | | |
| | करदाता शिक्षा कार्यक्रम | एकमुष्ठ | | | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | | | |
| | उत्कृष्ट करदाता प्रोत्साहन कार्यक्रम | एकमुष्ठ | | | २०० | २०० | २०० | २०० | २०० | १००० | | | |
| | **योजना व्यवस्थापन** | | | | | | | | | | | | |
| | आयोजना वैंक पूर्व संभाव्यता अध्ययन तथा डिपिआर तयारी | सङ्ख्या | | ८ | १२०० | १००० | १००० | १००० | १००० | ५२०० | | | |
| | आवधिक तथा विषयगत गुरुयोजना तर्जुमा र अद्यावधिक कार्यक्रम | एकमुष्ठ | | | १५०० | १५०० | १५०० | १५०० | १५०० | ७५०० | | | |
| | उपभोक्ता समिति क्षमता विकास कार्यक्रम | एकमुष्ठ | | | १००० | १००० | १००० | १००० | १००० | ५००० | | | |
| | मद्यकालिन खर्च संरचना तर्जुमा तथा अद्यावधिक | सङ्ख्या | | १ | १००० | २०० | २०० | २०० | २०० | १८०० | | | |
| | नगर वस्तुस्थिति अद्यावधिक कार्यक्रम | सङ्ख्या | | १ | ५०० | २०० | २०० | २०० | २०० | १३०० | | | |
| | नतिजामूलक अनुगमन, मुल्याङ्कन प्रणाली तथा गुणस्तर सुदृढीकरण | एकमुष्ठ | | | ४५० | ४५० | ४५० | ४५० | ४५० | २२५० | | | |
| | पालिका भित्रका योजनाहरूको नियमित अनुगमन, मूल्याङ्कन तथा समीक्षा | एकमुष्ठ | | | १००० | १००० | १००० | १००० | १००० | ५००० | | | |
| **संस्थागत विकास तथा सुशासन क्षेत्रको जम्मा** | | | | | २१५५० | १५५९० | १५१६० | १५४६० | १५७९० | ८३५५० | | | |

## ८.१.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

| नतिजा तह | नतिजा | सूचक | एकाई | आधार वर्षको अवस्था | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | जम्मा | पुष्ट्याँइको स्रोत | जोखिम पक्ष तथा अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो | तेस्रो | पाँचौं | | | |
| **संस्थागत विकास तथा सुशासन** | | | | | | | | | | |
| प्रभाव | नगरपालिकाको शासन प्रणाली, समावेशी कार्यमूलक, जनमुखी, परिणाममुखी, पारदर्शी र उत्तरदायी हुनेछ | कर्मचारीको पदपूर्ति | प्रतिशत | ७५ | | | १०० | १०० | प्रशासन शाखा, लेखा शाखा, लेखापरीक्षण प्रतिवेदन, राजस्व शाखा, वार्षिक प्रगती प्रतिवेदन, नगर प्रोफाइल | नगरकार्यपालिकाको संस्थागत क्षमता विकास भएको हुने, मानव संसाधन विकास, पारदर्शीता, तथा सामाजिक जवाफदेहीता वृद्दि भइ सुशासन कायम भएको हुने |
| | | कार्यपालिकाको बैठक | सङ्ख्या | आवश्यकता अनुसार | | | आवश्यकता अनुसार | | | |
| | | पालिकाद्वारा स्विकृत नीति तथा कानुन | सङ्ख्या | ४ | | | आवश्यकता अनुसार | | | |
| | | पालिका तथा वडा कार्यालय लगायत सेवा प्रवाही कार्यालयमा नागरिक बडापत्र निर्माण | सङ्ख्या | ५ | १२ | १२ | १२ | १२ | | |
| | | औसत वार्षिक बेरुजु | प्रतिशत | ३५ | १५ | १० | ५ | ५ | | |
| | | औसत वार्षिक पुँजिगत खर्च | प्रतिशत | ३५ | ४० | ४२ | ४५ | ४५ | | |
| | | आन्तरिक आय | रु.हजारमा | १९९१० | २३००० | ३०४१८ | ४०२२७ | ४०२२७ | | |
| असर १ | सरकारी तथा गैरसरकारी निकायहरूबाट जनताहरूले सरल र सर्वसुलभ तरिकाले सेवा प्राप्त गर्न सक्नेछन् । | सामाजिक परीक्षण | सङ्ख्या | २ | १ | ३ | ५ | ५ | | |
| | | आवधिक योजना तर्जुमा | सङ्ख्या | १ | | | | १ | | |
| | | मध्यमकालिन खर्च संरचना तयार गरेका वडा | सङ्ख्या | ० | १ | | १ | २ | | |
| | | अनलाइन प्रतिवेदन प्रणाली स्थापना भएका वडा | सङ्ख्या | ११ | | | ११ | ११ | | |
| | | पालिका तथा वार्डको सार्वजनिक सुनुवाई | सङ्ख्या | | | | २ | २ | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रतिफल | सरकारी तथा गैरसरकारी संस्थाहरूबाट कार्यान्वयन हुने कार्यक्रम र प्रवाह हुने सेवा सुविधामा पारदर्शिता कायम भई सर्वसाधारण जनता सुसूचित हुनेछन् । | कर्मचारी तथा जन प्रतिनिधिको कार्यप्रगतिको समीक्षा | सङ्ख्या | १ | | | २ | २ | | |
| | | अनुगमन | सङ्ख्या | आवश्यकता अनुसार | | | आवश्यकता अनुसार | | | |
| | | कार्यक्रमको कार्य प्रगति समीक्षा | सङ्ख्या | आवश्यकता अनुसार | | | आवश्यकता अनुसार | | | |
| | | अन्य सरकारी तथा गैरसरकारी संस्थाहरूको सार्वजनिक सुनुवाइ | सङ्ख्या | | वार्षिक ४ वटा | | | | | |
| असर २ | गुणस्तरीय मानव संसाधन र सक्षम स्थानीय संस्थाहरूका माध्यमबाट पालिकाको आर्थिक समाजिक विकास हुनेछ । | क्षमता विकास योजना | सङ्ख्या | ० | १ | | १ | १ | | |
| | | कर्मचारीको कुल दरबन्दी | सङ्ख्या | ७५ | | | १०० | १०० | | |
| | | स्वीकृत ओएनएम प्रतिवेदन | सङ्ख्या | ० | १ | | | १ | | |
| प्रतिफल | नगरपालिकाबाट हुने गरेका सेवाप्रवाह छिटोछरितो भई जनतालाई लाभ पुग्नेछ । | सेवाग्राहीको सन्तुष्टि स्तर | प्रतिशत | ८० | | | ९५ | ९५ | | |
| | जनताको आर्थिक स्थितिमा सुधार हुने, दैनिक जीवन सञ्चालनमा सहयोग पुगेर जीवनस्तर माथि उठ्नेछ। | जनप्रतिनिधि तथा कर्मचारीको क्षमता विकास | सङ्ख्या बार्षिक | ० | २ | २ | ३ | ७ | | |
| असर ३ | सार्वजनिक प्रशासनलाई जनताप्रति उत्तरदायी, विकासमैत्री, विद्युतीय-सुशासन युक्त र सेवामूलक बनाइनेछ । | अनलाइन सेवामा आवद्ध सुविधा | सङ्ख्या | ३ | | | ५ | ५ | | |
| | | सफ्टवेयरमा आधारित सेवा | सङ्ख्या | | सबै | | | | | |
| | | एकैदिनमा सम्पन्न गरिने सार्वजनिक सेवा | प्रतिशत | ७० | | | ९० | ९० | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रतिफल | सूचना प्रविधिको प्रयोग र विस्तारबाट स्वचालित कार्यप्रणालीको विस्तार भएको हुनेछ । | ई-हाजीरीको व्यवस्था भएका कार्यालय | प्रतिशत | ४० | ६० | ८० | ९० | ९० | | |
| | | पर्याप्त विद्युतीय तथा अन्य उपकरण भएका वडा कार्यालयहरू | सङ्ख्या | ० | | | ११ | ११ | | |
| | गुणस्तरीय सेवाप्रवाह भएको हुनेछ । | आवश्यकता अनुसार सवारी साधनको व्यवस्था भएका वडा कार्यालयको सङ्ख्या | सङ्ख्या | ११ | सबै | | | | | |
| | | आफ्नै भवनमा कार्यालय सञ्चालन भएका वडाहरू | सङ्ख्या | | सबैैमा हुने | | | | | |
| | उत्प्रेरित र उच्च मनोबलयुक्त कर्मचारीबाट प्रभावकारी सेवा प्रवाह भएको हुनेछ । | आवश्यक कानूनहरूको निर्माण | सङ्ख्या | आवश्यकता अनुसार | आवश्यकता अनुसार | | | | | |
| | | कार्यदक्षताका आधारमा कर्मचारीहरूलाई पुरस्कार र दण्ड | सङ्ख्या बार्षिक | ० | १ | २ | ३ | ३ | | |
| | | कर्मचारीको कार्यविवरण तर्जुमा | सङ्ख्या | त्रैमासिक | त्रैमासिक | | | | | |
| असर ४ | सार्वजनिक आय र व्ययलाई व्यवस्थित, पारदर्शी र अनुमानयोग्य बनाई समग्र विकास प्रक्रिया प्रभावकारी हुनेछ । | निर्धारित समयावधि मै बजेट | आएको/नआएको | | आएको | | | | | |
| | | वार्षिक योजना तथा कार्यक्रम विवरण बेवसाइटमा | राखिएको/ नराखिएको | | राखिएको | | | | | |
| | | आय-व्ययको अद्यावदिक विवरण बेवसाइटमा | राखिएको/ नराखिएको | | नराखिएको | | | | | |
| प्रतिफल | वार्षिक खरिद योजना समयमै तयार भई खरिद कार्य भएको हुनेछ । | वार्षिक खरिद योजना | सङ्ख्या | ० | | | १ | १ | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | राजस्व परिचालन प्रभावकारी रूपमा भएको हुनेछ । | आन्तरिक लेखापरीक्षण प्रतिवेदन | सङ्ख्या | १ | २ | ६ | १० | ११ | | |
| | | आन्तरिक नियन्त्रण प्रणालीको व्यवस्था | सङ्ख्या | ० | १ | १ | १ | १ | | |
| | | समयमा फछ्र्यौट भएका वार्षिक योजना | प्रतिशत | ६० | ७० | ८० | ९० | ९८ | | |

# परिच्छेद ९: कार्यान्वयन व्यवस्था

## ९.१ पृष्ठभूमि

महाराजगंज नगरपालिकाले नगरको योजनाबद्ध विकासका लागि नगरको वस्तुगत विवरण, तथ्यको विश्लेषण, सरोकारवाला तथा समुदाय संगको अन्तरक्रियाबाट प्रथम पञ्च वर्षीय योजना तयार गरेको छ । यस सन्दर्भमा विषयगत समस्या, चुनौती र अवसरहरूको पहिचान र त्यसका आधारमा विषय केन्द्रित रणनीति र कार्यनीति सहितको योजना तर्जुमा भएको छ । योजना तर्जुमाको क्रममा नगरपालिकाले नेपाल सरकारको पन्ध्रौं योजना तथा लुम्बिनी प्रदेशको योजनाहरूलाई समेत आधारको रूपमा लिएको छ । नगरपालिकाले आवधिक विकास योजनालाई तथ्य र प्रमाणमा आधारित विश्लेषण सहित सहभागितामूलक ढङ्गबाट नतिजा खाका तयार गरेकोछ । यस नतिजा खाकाबाट योजनाको नियमित अनुगमन गर्न तथा आवधिक मूल्याङ्कन गर्न आधार तयार भएकोछ ।

आवधिक नगर विकास योजनाको दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य र प्रतिफलहरू हासिल गर्न तद्अनुसारका कार्यक्रम तथा क्रियाकलापहरू सञ्चालन गर्न आवश्यक हुन्छ र सोको लागि वित्तीय स्रोतको आवश्यकता पर्दछ । यसका लागि नगरपालिकाको आफ्नो आन्तरिक श्रोत र संघ तथा प्रदेश सरकारले उपलब्ध गराउने विभिन्न किसिमका अनुदानहरू मात्रै पर्याप्त हुँदैन । तसर्थ आवश्यक श्रोत परिचालनका लागि नीजि क्षेत्र, सहकारी, गैरसरकारी संघ संस्था, नागरिक समाज, मिडिया, सेवा प्रदायक विषयगत कार्यालयहरू, अन्य सहयोगी संघ संस्थाहरू तथा बहुपक्षीय तथा द्विपक्षीय विकास साझेदार संस्थाहरूसँगको सहकार्य र साझेदारी महत्वपूर्ण हुन्छ । साथै राजस्व परिचालनलाई अझै बढि प्रभावकारी बनाउन स्थानीय राजस्व परामर्श समितिको सक्रियताको ठुलो भूमिका हुन्छ ।

## ९.२ संस्थागत व्यवस्था तथा मानव संशाधन योजना

संघीय शासन व्यवस्था अनुसार राज्यको पुन:संरचना प्रक्रियाबाट नवगठित यस नगरपालिकाको सम्पन्न स्थानीय तहको निर्वाचतबाट निर्वाचित नगर कार्यपालिका मार्फत नगरपालिकाको कार्य संचालन हुँदै आएको छ । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट प्रस्तावित संगठन संरचना अनुसार नगरपालिकामा ११ वटा शाखाहरू, १ आन्तरिक लेखा परिक्षण ईकाई र ११ वटा वडा समितिको कार्यालय समेत २० वटा इकाईहरु प्रस्ताव गरिएको छ । प्रस्तावित संगठन संरचना अनुसार स्वीकृत दरवन्दी ३९ रहेको छ । नगरपालिकामा नगर कार्यपालिका कार्यालय, वडा र विषयगत शाखा तथा सेवा केन्द्र तथा स्वास्थ्य सेवामा करार समेत गरी हाल नगरपालिकामा जम्मा ३८ जना कर्मचारीहरु कार्यरत रहेको अवस्था विद्यमान छ ।

प्रथम नगर विकास आवधिक योजनाको लक्ष्य तथा उद्देश्य हासिल गर्न मौजुदा संगठन संरचना परिमार्जनका लागि संगठन तथा व्यवस्थापन सर्वेक्षण सम्पन्न गरी कार्यालयको संगठन संरचना, कर्मचारी दरबन्दी र कार्यविवरण तयार गर्नुपर्ने देखिन्छ ।

नगरपालिकाको प्रथम पञ्चवर्षीय आवधिक योजनाको लक्ष्य, उद्देश्य एवम्, सेवा विषय क्षेत्रगत लक्ष्य, उद्देश्य प्राप्त गर्न प्रस्तुत कार्यक्रम संचालन गर्न देहाय अनुसार कुल ८६ जना मानव संशाधनको आवश्यकता रहने प्रस्ताव गरिएको छ । उक्त मानव संशासन स्थानीय सेवा संचालनको नियमित प्रक्रिया करार र सेवा खरिद गरी व्यवस्थापन गर्नु पर्ने देखिन्छ ।

| सेवा/शाखा वा पद | स्तर अनुसार आवश्यक मानव संशाधन (जना) | | | | | |
|---|---|---|---|---|---|---|
| | अधिकृतसातौ | अधिकृत छैटौ | सहायक पाँचौ | सहायक चौथो | श्रेणी विहिन (अन्य) | जम्मा |
| प्रशासन, योजना तथा अनुगमन | १ | १ | ८ | १ | १० | २१ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| आर्थिक विकास (कृषि, पशु विकास, उद्योग तथा पर्यटन) | ० | १ | ३ | ८ | ० | १२ |
| सामाजिक विकास (शिक्षा, स्वास्थ्य, महिला विकास, सामाजिक सुरक्षा, तथा पञ्जीकरण) | १ | ३ | ८ | १६ | ७ | ३५ |
| पूर्वाधार विकास | ० | १ | १ | ८ | ० | १० |
| वन, वातावरण तथा विपद व्यवस्थापन | ० | १ | १ | ० | ० | २ |
| आर्थिक प्रशासन (लेखा तथा राजस्व) | ० | १ | ३ | १ | ० | ५ |
| आन्तरिक लेखा परीक्षण | १ | ० | ० | ० | ० | १ |
| जम्मा | ३ | ८ | २४ | ३४ | १७ | ८६ |

## ९.३ विषयक्षेत्र अनुसार अनुमानित बजेट

यस आवधिक योजनामा विभिन्न ५ वटा विषयतगत क्षेत्रहरू तथा नगर गौरवका आयोजनाका निर्धारित कार्यक्रमहरूका लागि आवश्यक लागतको अनुमान गरिएको छ । कार्यक्रम तथा बजेट आवश्यकताको अनुमान नगरका सम्बन्धित शाखाका प्रतिनिधि र सरोकारवालाहरूको कार्यशाला तथा वडास्तरीय छलफलबाट प्रस्ताव गरिएको हो । यसरी तय गरिएको आवश्यक लागत नगरपालिकाको आन्तरिक आय, संघ तथा प्रदेशबाट प्राप्त हुने विभिन्न प्रकारका अनुदान, गैसस तथा दातृ निकायहरूबाट हुन सक्ने सहयोग, निजी क्षेत्रबाट हुन सक्ने लगानी र जनसहभागिता स्वरूप प्राप्त हुन सक्ने परिमाणहरूलाई अनुमानका आधारमा निर्धारण गरिएको छ ।

### तालिका २५: विषयक्षेत्र अनुसार अनुमानित बजेट

| क्र.सं. | विषयगत क्षेत्र उपक्षेत्र | अनुमानित बजेट लागत (रू.हजारमा) | | | | | | बजेट प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौ | जम्मा | |
| | **नगर गौरवका आयोजना** | | | | | | २२८५००० | |
| १ | **आर्थिक क्षेत्र** | ८६९५० | ९९४५० | ११२२५० | ११६८५० | १३१५५० | ५४७०५० | १७.८७ |
| १.१ | **कृषि तथा पशुपन्छी** | **५२९००** | **६०७००** | **६३४००** | **६८६००** | **७८८००** | **३२४४००** | **१०.६०** |
| १.२ | सिंचाई | १६२०० | १६२०० | २५२०० | १८२०० | २३२०० | ९९००० | ३.२३ |
| १.३ | पर्यटन, संस्कृति तथा सम्पदा | ७३५० | ८३५० | १०५५० | १५५५० | १६५५० | ५८३५० | १.९१ |
| १.४ | उद्योग, व्यापार, व्यावसाय तथा आपूर्ति | ४४०० | ८६०० | ७५०० | ८९०० | ७४०० | ३६८०० | १.२० |
| १.५ | श्रम, रोजगारी र सामाजिक सुरक्षा | ६१०० | ५६०० | ५६०० | ५६०० | ५६०० | २८५०० | ०.९३ |
| २ | **सामाजिक क्षेत्र** | ११९९१० | १४१८६० | १८२७१० | १६५६६० | १७२६६० | ७८२८०० | २५.५७ |
| २.१ | स्वास्थ्य तथा पोषण | २७८०० | ३१८०० | ३०४०० | २९३०० | २९८०० | १४९१०० | ४.८७ |
| २.२ | शिक्षा, विज्ञान तथा नवप्रवतन | ३१९०० | ३१९०० | ७५९०० | ४४९०० | ४५९०० | २३०५०० | ७.५३ |
| २.३ | खानेपानी तथा सरसफाइ | २६५०० | २७७०० | २५९५० | २६००० | २५५०० | १३१६५० | ४.३० |
| २.४ | महिला, बालबालिका तथा लक्षित वर्ग | ६६१० | ६६६० | ६६६० | ६६६० | १२६६० | ३९२५० | १.२८ |
| २.५ | युवा तथा खेलकुद | २७१०० | ४३८०० | ४३८०० | ५८८०० | ५८८०० | २३२३०० | ७.५९ |
| ३ | **पूर्वाधार क्षेत्र** | २६५५३० | २५२१३० | २४९७३० | १५६७३० | २११५०० | ११३५६२० | ३७.०९ |
| ३.१ | बस्ती, आवास, भवन तथा सार्वजनिक निर्माण | ३६७०० | ४६२०० | ७१२०० | ८६२०० | १०६२०० | ३४६५०० | ११.३२ |
| ३.२ | सडक, पुल तथा यातायात | २१४००० | १९३००० | १७०००० | ६२००० | ९७००० | ७३६००० | २४.०४ |
| ३.३ | जलश्रोत, विद्युत् तथा वैकल्पिक ऊर्जा | ८६३० | ८६३० | ४४३० | ४४३० | ४२०० | ३०३२० | ०.९९ |

| क्र.सं. | विषयगत क्षेत्र उपक्षेत्र | अनुमानित बजेट लागत (रू.हजारमा) | | | | | | बजेट प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौ | जम्मा | |
| ३.४ | सूचना, सञ्चार तथा प्रविधि | ६२०० | ४३०० | ४१०० | ४१०० | ४१०० | २२८०० | ०.७४ |
| **४** | **वन, वातावरण तथा विपद व्यवस्थापन क्षेत्र** | **४३२५०** | **५२०५०** | **६४५५०** | **१८१३५०** | **१७१३५०** | **५१२५५०** | **१६.७४** |
| ४.१ | वन तथा जैविक विविधता | ६००० | ९५०० | ६३०० | ६३०० | ६३०० | ३४४०० | १.१२ |
| ४.२ | भूसंरक्षण तथा जलाधार व्यवस्थापन | ९५०० | १४००० | २०२०० | १२१००० | १३१००० | २९५७०० | ९.६६ |
| ४.३ | वातावरण तथा फोहोरमैला व्यवस्थापन | १३५०० | १५००० | १७००० | १८००० | १८००० | ८१५०० | २.६६ |
| ४.४ | विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन तथा जलवायु उत्थानशीलता | १४२५० | १३५५० | २१०५० | ३६०५० | १६०५० | १००९५० | ३.३० |
| **५** | **संस्थागत विकास तथा सुशासन क्षेत्र** | **२१५५०** | **१५५९०** | **१५१६०** | **१५४६०** | **१५७९०** | **८३५५०** | **२.७३** |
| ५.१ | संस्थागत विकास तथा सुशासन | २१५५० | १५५९० | १५१६० | १५४६० | १५७९० | ८३५५० | २.७३ |
| **जम्मा योजनाको कुल बजेट (नगर गौरवका आयोजना बाहेक)** | | ५३७१९० | ५६१०८० | ६२४४०० | ६३६०५० | ७०२८५० | ३०६१५७० | १००.०० |

नगर विकास योजना अवधिको लक्ष्य प्राप्तीका लागि कुल लागत बजेट **रू. ५ अर्ब ३४ करोड ६५ लाख ७० हजार** अनुमान गरिएको छ । यस अन्तरगत सबै भन्दा बढी पूर्वाधार क्षेत्र विकासका लागि करिब **३७.०९ प्रतिशत** बजेट लागत अनुमान गरिएको छ । त्यसैगरी, सामाजिक विकासका लागि **२५.५७ प्रतिशत**, आर्थिक विकासका लागि **१७.८७ प्रतिशत**, वन वातावरण तथा विपद् व्यवस्थापनका लागि **१६.७४ प्रतिशत** र सुशासन तथा संस्थागत क्षेत्र विकासका लागि **२.७३ प्रतिशत** खर्च हुने अनुमान गरिएको छ ।

## ९.४ स्रोत अनुमान तथा प्रक्षेपण

आवधिक नगर विकास योजनाको दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य र प्रतिफलहरू हासिल गर्न तद्अनुसारका कार्यक्रम तथा क्रियाकलापहरू सञ्चालन गर्न आवश्यक हुन्छ र सोको लागि वित्तीय स्रोतको आवश्यकता पर्दछ । यसका लागि नगरपालिकाको आफ्नो आन्तरिक श्रोत र संघ तथा प्रदेश सरकारले उपलब्ध गराउने विभिन्न किसिमका अनुदानहरू मात्रै पर्याप्त हुँदैन । तसर्थ आवश्यक श्रोत परिचालनका लागि नीजि क्षेत्र, सहकारी, गैरसरकारी संघ संस्था, नागरिक समाज, मिडिया, सेवा प्रदायक विषयगत कार्यालयहरू, अन्य सहयोगी संघ संस्थाहरू तथा बहुपक्षीय तथा द्विपक्षीय विकास साझेदार संस्थाहरूसँगको सहकार्यर साझेदारी महत्वपूर्ण हुन्छ । साथै राजस्व परिचालनलाई अझै बढी प्रभावकारी बनाउन स्थानीय राजस्व परामर्श समितिलाई विशेष जिम्मेवारी दिइएको छ ।

### ९.४.१ राजस्व परिचालनको अवस्था

महाराजगंज नगरपालिकाको नेतृत्वमा तर्जुमा भएको पञ्चबर्षिय आवधिक नगर विकास योजना नगर विकासका सबै सरोकारवालाहरुको सार्थक प्रयत्नबाट कार्यान्वयन हुनेछ । नतिजा तालिकामा उल्लेखित लक्ष्य प्राप्त गर्न तर्जुमा गरिएको कार्यान्वयन तथा लगानी योजनामा नगरपालिकाले आन्तरिक र वाह्य श्रोतबाट हासिल गर्ने आयका अतिरिक्त सबै सरोकारवालाको लगानी समेत प्रक्षेपण गरी योजनाको लागि उपलब्ध अनुमानित स्रोतमा समावेश गरिएको छ ।

आ.व. २०७७/७८ को यथार्थ आय **रु. ८३ करोड ७२ लाख ९० हजार** रहेको छ भने नगरपालिको चालू आ.व. २०७८/७९ को अनुमानित आय **रु. ६२ करोड २३ लाख २१ हजार** रहेको छ । गत आ.व.को यथार्थ र चालू आ.व.को अनुमानित आयका आधारमा विश्लेषण गरी कम्तिमा पनि वार्षिक १० प्रतिशतका दरले आयबृद्धि हुनसक्ने आधारमा ५ वर्षको कुल अनुमानित आय गणना गर्दा नगरपालिकाको कुल अनुमानित आय करिव **रु. ४ अर्व ७५ करोड ४३ लाख ७१ हजार** हुने देखिन्छ ।

गत वर्षको आय विवरणको वृद्धि प्रवृतिका आधारमा नगरपालिकाको आय बढ्दो रूपमा परिचालन भएको देखिन्छ । आन्तरिक राजस्व अन्तर्गत करहरू तथा शुल्कबाट (सम्पत्ति कर, व्यवसाय कर, सिफारिस शुल्क) राजस्व संकलन हुने गरेको छ ।

**तालिका २६: राजस्व परिचालनको अवस्था**

| | | | | | | | | रू. लाखमा |
|---|---|---|---|---|---|---|---|---|
| **क्र. सं.** | **विवरण** | **२०७७/७८ को यथार्थ** | **२०७८/७९ को अनुमान** | **२०७९/८० को प्रक्षेपित** | **२०८०/८१ को प्रक्षेपित** | **२०८१/८२ को प्रक्षेपित** | **२०८२/८३ को प्रक्षेपित** | **२०८३/८४ को प्रक्षेपित** |
| १ | नगद मौज्दात | २०७४२१ | | ३०००० | ३३००० | ३६३०० | ३९९३० | ४३९२३ |
| २ | आन्तरिक राजस्व | १९९१० | २०००० | २३००० | २६४५० | ३०४१८ | ३४९८० | ४०२२७ |
| ३ | संघीय सरकारबाट प्राप्त वित्तीय समानीकरण अनुदान | १५१४०० | १५५९०० | १७१४९० | १८८६३९ | २०७५०३ | २२८२५३ | २५१०७९ |
| ४ | सशर्त अनुदान (संघीय सरकार) | २९६३९१ | २८४५०० | ३१२९५० | ३४४२४५ | ३७८६७० | ४१६५३६ | ४५८१९० |
| ५ | संघीय सरकारबाट राजस्व बाडफाट प्राप्त आय | ११०६९२ | १०६७०९ | ११७३८० | १२९११८ | १४२०३० | १५६२३३ | १७१८५६ |
| ६ | प्रदेश सरकारबाट प्राप्त वित्तीय समानीकरण अनुदान | ५७०२ | ७४१९ | ८१६१ | ८९७७ | ९८७५ | १०८६२ | ११९४८ |
| ७ | सशर्त अनुदान (प्रदेश सरकार) | १७८५० | ११५०० | १२६५० | १३९१५ | १५३०७ | १६८३७ | १८५२१ |
| ८ | राजस्व बाँडफाट (प्रदेश सरकार) | ४०६७ | ९२९३ | १०२२२ | ११२४५ | १२३६९ | १३६०६ | १४९६६ |
| ९ | समपुरक अनुदान (संघ) | ४००० | | ५००० | ५५०० | ६०५० | ६६५५ | ७३२१ |
| १० | समपुरक अनुदान (प्रदेश सरकार) | १८६१७ | २०००० | २२००० | २४२०० | २६६२० | २९२८२ | ३२२१० |
| ११ | विशेष अनुदान (संघ) | | | ४५००० | ४९५०० | ५४४५० | ५९८९५ | ६५८८५ |
| १२ | विशेष अनुदान (प्रदेश) | | ७००० | ७७०० | ८४७० | ९३१७ | १०२४९ | ११२७४ |
| १३ | जनसहभागिता | ६२० | | ९८०० | १०७८० | ११८५८ | १३०४४ | १४३४८ |
| १४ | अन्य | ६२० | | १००० | ११०० | १२१० | १३३१ | १४६४ |
| **जम्मा** | | **८३७२९०** | **६२२३२१** | **७७६३५३** | **८५५१३८** | **९४१९७५** | **१०३७६९३** | **११४३२११** |

## ९.४.२ खर्च अवस्थाको विश्लेषण

नगरपालिकामा चालु खर्च अन्तर्गत पदाधिकारीहरूको पारिश्रमिक तथा सुविधा, कर्मचारी पारिश्रमिक तथा सुविधा, कार्यालय सञ्चालन सम्बन्धी खर्च, मर्मत सम्भार खर्च र कार्यक्रम खर्च गरी ५ प्रकारका खर्च रहेका छन् । आ.व. २०७७/०७८ को व्यय विवरण अनुसार चालु खर्च कूल खर्चको करिब **४०.९२ प्रतिशत** रहेको छ भने पूँजीगत खर्च **५९.०८ प्रतिशत** रहेको छ । नगरपालिकाको विगतका वर्षको व्यय विवरणको तुलनामा चालु आ.व.मा चालु खर्च बढेको अवस्थामा छ भने पूँजीगत तर्फ हुने खर्च कुल खर्चको अनुपातमा कम हुने देखिन्छ ।

**तालिका २७: खर्च बाँडफाँडको प्रक्षेपण**

| **क्र. सं.** | **विवरण** | **२०७७/७८ को यथार्थ** | **२०७८/७९ को अनुमान** | **२०७९/८० को प्रक्षेपण** | **२०८०/८१ को प्रक्षेपण** | **२०८१/८२ को प्रक्षेपण** | **२०८२/८३ को प्रक्षेपण** | **२०८३/८४ को प्रक्षेपण** | **आवधिक योजनाको जम्मा** |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | बजेटको वर्गीकरण (रकम रु. हजारमा) | | | | | | | | |
| १.१ | चालु खर्च | | १२२५०० | १३४७५० | १४८२२५ | १६३०४८ | १७९३५२ | १९७२८७ | ८२२६६२ |
| १.२ | पुँजीगत खर्च | | १७६८२१ | १९४५०३ | २१३९५३ | २३५३४९ | २५८८८४ | २८४७७२ | ११८७४६१ |
| १.३ | सशर्त अनुदान तर्फ खर्च | | २८४५०० | ३१२९५० | ३४४२४५ | ३७८६७० | ४१६५३६ | ४५८१९० | १९१०५९१ |
| १.४ | विशेष अनुदान तर्फ खर्च | | ३८५०० | ४२३५० | ४७७३५ | ५३८३२ | ६०७३५ | ६८५५७ | २७३२०८ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १.५ | सामाजिक सुरक्षा खर्च | | | ९१८०० | १००९८० | १११०७८ | १२२१८६ | १३४४०४ | ५६०४४८ |
| **जम्मा बजेट** | | | **६२२३२१** | **७७६३५३** | **८५५१३८** | **९४१९७५** | **१०३७६९३** | **११४३२११** | **४७५४३७१** |

### ९.४.३ अपुग स्रोत व्यवस्थापन

आवधिक नगर विकास योजना कार्यान्वयनका लागि कुल लगानी वजेट **रू. ५ अर्ब ३४ करोड ६५ लाख ७० हजार** अनुमान गरिएको छ । गत आ.व.२०७६/०७७ र २०७७/०७८ को यथार्थ र चालू आ.व.को अनुमानित र आ.व. २०७८/७९ को प्रस्तावित आयका आधारमा आगामी पाँच वर्षको नगरपालिकाको अनुमानित आय **रु. ४ अर्व ७५ करोड ४३ लाख ७१ हजार** देखिन्छ । यसरी कुल लगानी अनुमान र स्रोत परिचालनबाट प्राप्त हुने बजेट विच करिब **रू. ५९ करोड २१ लाख ९९ हजार** (११.०८ प्रतिशत) बजेट अपुग देखिन्छ ।

**तालिका २८: अपुग स्रोत**

| क्र.सं. | शिर्षक | आर्थिक वर्ष र अनुमानित रकम रू. हजारमा | | | | | बजेट (रू.हजारमा) |
|---|---|---|---|---|---|---|---|
| | | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०७९/८० | |
| १ | कूल स्रोत परिचालन | ७७६३५३ | ८५५१३८ | ९४१९७५ | १०३७६९३ | ११४३२११ | **४७५४३७१** |
| २ | कूल लगानी अनुमान | ५३७१९० | ५६१०८० | ६२४४०० | ६३६०५० | ७०२८५० | **३०६१५७०** |
| ३ | नगर गौरबका योजना | ३००००० | ४००००० | ४५०००० | ५५०००० | ५८५००० | **२२८५०००** |
| **स्रोतको न्यूनता** | | **-६०८३७** | **-१०५९४२** | **-१३२४२५** | **-१४८३५७** | **-१४४६३९** | **-५९२१९९** |

### ९.५ स्रोत परिचालन रणनीति

महाराजगंज नगरपालिकाको आवधिक नगर विकास योजना (आ.व. २०७९/०८० देखि २०८३/०८४ सम्म) को लागि विभिन्न स्रोतहरूबाट उपलब्ध हुन सक्ने बजेटलाई आधार मानेर कार्यक्रमहरूको अनुमान गरिएको छ । नगर कार्यपालिकाको कार्यालय, नीजि क्षेत्र, गैसस तथा सहकारी आदिले खर्च गर्न सक्ने परिमाणलाई आधार मानी यसको लागि उपलब्ध हुन सक्ने वित्तीय स्रोतको अनुमान गरिएको छ । यस आवधिक योजनाको कार्यान्वयन विभिन्न आन्तरिक तथा बाह्य स्रोतहरू परिचालन गरी गरिने छ । उक्त स्रोतहरूमा नगरपालिकाको आन्तरिक स्रोत तथा सङ्घीय तथा प्रदेश सरकारबाट प्राप्त हुने विभिन्न प्रकारका अनुदानहरू, स्थानीय तहलाई राजस्व बाँडफाँट वापत प्राप्त हुने रकम, स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम जस्ता स्रोतहरूबाट प्राप्त हुने रकम, विकास साझेदार संस्थाहरूबाट विभिन्न कार्यक्रमका लागि प्राप्त हुने रकम, निजी क्षेत्रबाट हुने लगानी तथा जनसहभागिता परिचालनबाट प्राप्त हुने रकम मुख्य छन् ।

यस आवधिक योजना अवधिमा कुल **रू. ५ अर्ब ३४ करोड ६५ लाख ७० हजार** खर्च हुने अनुमान गरिएको छ भने करिब **रु. ४ अर्व ७५ करोड ४३ लाख ७१ हजार** (८८.९२ प्रतिशत) विभिन्न स्रोतहरूबाट रकम प्राप्त हुने अनुमान गरिएको छ । कुल अनुमानित खर्च गर्न अपुग हुने रकम करिब **रू. ५९ करोड २१ लाख ९९ हजार** (११.०८ प्रतिशत) बजेटका लागि नगरपालिकाले थप श्रोत परिचालन गर्नुपर्ने हुन्छ । सोका लागि नगरपालिकाले निम्नानुसारका रणनीतिहरू अवलम्बन गरी श्रोत व्यवस्थापन गर्न सकिने देखिन्छ ।

यस आवधिक नगर विकास योजना अवधिमा नगरपालिकाले तर्जुमा गर्ने वार्षिक नगर विकास योजनाहरू यस योजनाका लक्ष्य तथा उद्देश्यसँग तादत्म्यता हुने गरी तर्जुमा गरिने छ, जसले गर्दा योजना अवधिमा कार्यान्वयन हुने कार्यक्रम तथा बजेटले पूर्णरूपमा यस आवधिक नगर विकास योजनाको लक्ष्य उद्देश्य प्राप्तिमा योगदान गर्ने अपेक्षा गरिएको छ ।

स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम (सांसद कोष) नाममा प्राप्त हुने बजेटहरूको प्रयोग यस आवधिक नगर विकास योजनामा रहेका क्रियाकलाप कार्यान्वयनमा प्रयोग गरिने छ । स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रमबाट नगरमा आउने रकमलाई नगरस्तरीय महत्व बोकेका ठूला आयोजना निर्माणमा उपयोग गरिने छ ।

१. गैर सरकारी संस्था तथा निजी क्षेत्रसँगको सहकार्यमा कार्यक्रमहरू सञ्चालन गरिने छ ।
२. अन्तराष्ट्रिय गैर सरकारी संस्था, द्विपक्षीय संस्था, बहुपक्षीय संस्थाहरूवाट प्राप्त हुने सहयोगलाई वृद्धि गर्न पहल गरिने छ । कर तथा गैर राजस्व परिचालनमा करको दरभन्दा पनि दायरा वृद्धि गरी नगरपालिकाको राजस्व क्षमता वृद्धि गरी स्रोतको व्यवस्था मिलाइने छ ।
३. स्थानीय बचत तथा ऋण समूहहरू, सामुदायिक वन उपभोक्ता समूहहरू जस्ता सामुदायिक क्षेत्रहरूसँगको साझेदारीमा कार्यक्रमहरू सञ्चालन गरिने छ ।
४. सङ्घीय तथा प्रदेश सरकारबाट विशेष तथा समपुरक अनुदान प्राप्त गरिने छ ।
५. नगर क्षेत्रभित्र राष्ट्रिय र प्रदेशस्तरीय महत्वका योजनाहरू छनोट र कार्यान्वयन गर्न नगरपालिकाले संघ र प्रदेश सरकारसँग पहल गरी ठूला आयोजनामा नगरपालिकाको लगानी न्यूनीकरण गरिने छ ।
६. नगरपालिकाको राजस्व परिचालन क्षमता विस्तार तथा स्थानीय श्रम, श्रोत र साधन परिचालन र जनसहभागिता वृद्धि गरी नगरपालिकाको स्रोत वृद्धि गरिने छ ।
७. मन्दिर, गुम्बा लगायत सांस्कृतिक सम्पदाको पुनर्निर्माणमा निजी क्षेत्र, समुदाय र सम्भावित स्थलहरूमा पुरातत्व विभागको सहभागिता वृद्धि गरिने छ ।
८. स्थानीय सरकारलाई प्राप्त ऋण लिने अधिकारको उपयोग गरी थप सम्भाव्यताको आधारमा ऋण समेत परिचालन गरिने छ ।
९. आन्तरिक राजस्व परिचालनलाई थप प्रभावकारी बनाइने छ ।

## ९.६ आवधिक योजना कार्यान्वयन

### ९.६.१ योजना कार्यान्वयन

यो आवधिक योजनालाई दीर्घकालीन सोच उन्मुख रही आगामी पाँच वर्षको वार्षिक नीति तथा कार्यक्रम मार्फत कार्यान्वयन गरिनेछ । योजनाको मध्यावधि मूल्यांकनका आधारमा यसका नीति, कार्यक्रम र प्राथमिकताहरूमा समयोचित परिमार्जन गरिनेछ । जयपृथ्विको विकास नगरपालिका वा सरकारी क्षेत्रको एकल प्रयासले मात्र संभव छैन । त्यसैले यो योजना कार्यान्वयनमा निम्नानुसारका अनुसार विभिन्न क्षेत्रको भूमिका अपेक्षा गरिएको छ ।

### (क) सरकारी क्षेत्र

यस आवधिक योजनालाई कार्यान्वयन गराउने प्रमुख भूमिका सरकारी क्षेत्र अर्थात नगरपालिकाको हो । नगरपालिकाले नै सवै क्षेत्रसंगको समन्वय र साझेदारीमा योजना कार्यान्वयन गराउनेछ । नगरपालिकाले निजी क्षेत्रलाई आकर्षित गर्न संघीय र प्रदेश सरकार समेतको सहयोगमा पूर्वाधार विकास गरी विकासको आधार तयार गर्ने, नीतिगत, कानूनी, संरचनागत तथा प्रक्रियागत सुधार गरी निजी क्षेत्रलाई लगानी मैत्री वातावरण तयार गर्ने र सो अनुसार प्रभावकारी अनुगमन र नियमन गर्ने कार्य गर्नेछ । मौलिक हक अधिकार र मानव अधिकार संरक्षण, गरिबी निवारण, शिक्षा, स्वास्थ्य लगायत सामाजिक विकास, महिला पिछडिएका बर्गको संरक्षण र विकास, समावेशिता, वातावरण संरक्षण, सामाजिक सुरक्षा, आदि निजी क्षेत्र आकर्षण नहुने क्षेत्र र सरकारको भूमिका नभइ नहुने क्षेत्रमा नगरपालिका आफैले कार्यक्रम कार्यान्वयन गर्नेछ ।

### (ख) निजीक्षेत्र

यो योजना कार्यान्वयनमा निजीक्षेत्रले महत्वपूर्ण साझेदारको रूपमा भूमिका खेल्ने अपेक्षा गरिएको छ । विशेष गरी कृषि तथा पशुविकास, उद्योग, पर्यटन तथा विभिन्न सेवा क्षेत्रमा निजी क्षेत्रको भूमिका महत्वपूर्ण हुनेछ । सरकारवाट भएको नीतिगत, कानूनी र संरचनागत सुधारको लाभ लिई प्रतिस्पर्धात्मक क्षमताको विकास गर्दै उत्पादनशील क्षेत्रमा लगानी गर्ने, आय र रोजगारीका अवसर सृजना गर्ने, गुणस्तरीय उत्पादन र वजारीकरण गर्ने, वजारमा अत्यावश्यक वस्तु तथा सेवाको अभाव हुन नदिने, जिम्मेवारी र दायित्व बोधका साथ नियमित कर तथा अन्य राजस्व वुझाउने जस्ता महत्वपूर्ण भूमिकाको अपेक्षा निजी क्षेत्रवाट गरिएको छ । यस क्षेत्रवाट करिव २० प्रतिशत लगानी हुने अपेक्षा गरिएको छ ।

**(घ) सहकारी क्षेत्र**

सहकारीले संस्थामा आवद्ध सदस्यहरूको आर्थिक, सामाजिक र सास्कृतिक समृद्धि हासिल गर्न महत्वपूर्ण भूमिका खेलेको छ । ससाना वचत र ऋण परिचालन गर्न, स्थानीय समुदायलाई संगठित रूपमा आर्थिक सामाजिक विकासमा परिचालन गर्न, स्थानीय श्रोत र साधनको उपयोग गर्न, सहकारीताको धारणा अभिवृद्धि गर्न सहकारी संस्थाहरूले महत्वपूर्ण योगदान दिएका छन् । नगरपालिकाले उद्यम विकास, रोजगारी सृजना, समावेशी आर्थिक वृद्धि, गरिवी निवारण आदिमा सहकारीक्षेत्रको विशेष भूमिका अपेक्षा गरी यसक्षेत्रवाट योजना अवधिमा ५ प्रतिशत लगानी प्रक्षेपण गरिएकोछ ।

**(ङ) गैह सरकारी क्षेत्र (गैसस)**

समूह परिचालन, सचेतना मूलक कार्यक्रम, ससाना पूर्वाधार विकास, समुदायमा आधारित सेवा प्रवाह, लैङ्गिक तथा सामाजिक सशक्तिकरण, समूह वचत तथा ऋण परिचालन, ससाना आयमूलक कार्यक्रम संचालन, रोजगारी सृजना, नीतिगत पृष्ठपोषण आदि कार्यमा गैससले नगरपालिकासंग महत्वपूर्ण साझेदारको रूपमा काम गर्दै आएका छन् । आफ्ना वैशिष्ट्यताका क्षेत्रमा गैससले प्रमुख साझेदारको रूपमा काम गर्ने अपेक्षाका साथ यस क्षेत्रवाट ५ प्रतिशत लगानी हुने अनुमान गरिएको छ ।

**(च) उपभोक्ता समूह, नागरिक समाज र सामुदायिक संघसस्था**

विकास प्रदायकले जतिसुकै प्रयास गरेता पनि यसका प्रापक अर्थात उपभोक्ताको सहभागिता, सहयोग, सहकार्य र अपनत्व ग्रहण भई दिगो व्यवस्थापन नगरे सम्म विकाशलाई गति दिन सम्भव छैन । त्यसकारण यिनीहरूवाट विकास कार्यमा व्यापक सहयोग सहभागिता र निगरानी हुने अपेक्षा गरिएको छ । विकास कार्यमा उपभोक्ता समूह र स्थानीय समुदायको योगदान २ प्रतिशत हुने अनुमान गरिएको छ ।

**९.६.२ कार्यान्वयन प्रकृया**

**(क) सूची तयारी**

नगरपालिकाले आवधिक योजनाले निर्धारण गरेका प्राथमिकताका कार्यक्रमहरू आफैले कार्यान्वयन गर्ने, संघीय सरकारवाट कार्यान्वयन हुने, प्रदेश सरकारवाट कार्यान्वयन हुने, तीनै तहका सरकारवाट संयुक्त लगानीमा कार्यान्वयन हुने, प्रदेश वा संघ सरकारको साझेदारीमा कार्यान्वयन गर्ने, अन्य स्थानीय सरकारको साझेदारीमा संचालन हुने, गैसस तथा अन्तराष्ट्रिय गैसस मार्फत कार्यान्वयन हुने, विकास साझेदारवाट कार्यान्वयन हुने तथा निजी क्षेत्रबाट कार्यान्वयन गरिने छुट्टा छुट्टै सूची तयार गर्नेछ ।

**(ख) छलफल एवं अन्तर्किया**

सूची तयार गरेपछि निजीक्षेत्र, गैसस, सहकारीक्षेत्र र सामुदायिक क्षेत्रले संचालन गर्ने कार्यका लागि नगरपालिकाले सम्बन्धित क्षेत्रहरूसंग छलफल र अन्तरक्रिया गरी लगानी गर्न सहयोग एवं सहजिकरण गर्नेछ । छलफल र अन्तक्रियालाई नियमित गराई उनीहरूलाई सरकारको असल सहयोगीको रूपमा विकास गर्दै लगिनेछ ।

### (ग) मध्यकालिन खर्च संरचना तयारी

नगरपालिकाले संचालन गर्ने कार्यक्रमलाई आवधिक योजना र वार्षिक कार्यक्रम वीच अन्तरसम्बन्ध स्थापित गर्न तथा योजनाको प्राथमिकीकरण गर्दै प्राथमिकता प्राप्त आयोजनाहरूमा लगानी सुनिश्चित गर्न मध्यमकालिन खर्च संरचना तर्जुमा गरी वार्षिक रूपमा परिमार्जन गर्दै लगिनेछ । मध्यमकालिन खर्च संरचनाले निर्धारण गरेको योजना र बजेटको प्राथमिकताका आधारमा क्रमशः योजनाहरू कार्यान्वयन गर्दै लगिनेछ ।

### (घ) नतिजामा आधारित अनुगमन ढाँचा अनुसार वार्षिक समीक्षा

आवधिक योजनासंग वार्षिक योजनाको अन्तरसम्बन्ध स्थापित गरी कार्यान्वयन गर्न वार्षिक कार्यक्रमसंग **निम्न तालिका** संलग्न गरी स्वीकृत गरिने व्यवस्था गरिने छ । कार्यक्रम संचालन गर्दा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, सार्वजनिक खरिद ऐन, २०६३, खरिद नियमावली लगायत अन्य सम्वन्धित ऐन नियम अन्तर्गत रही योजनाको प्रकृति अनुसार ठेक्का, करार, अमानत वा उपभोक्ता समितिमध्ये उपयुक्त माध्यमबाट गरिनेछ । त्यसैगरी गैसस. विकास साझेदारहरूसंगको साझेदारीमा कार्यक्रम कार्यान्वयन गर्दा सम्बन्धित निकायसँग गरेको सम्झौता बमोजिम कार्यान्वयन गरिनेछ ।

**तालिका २९: बार्षिक कार्यान्वयन कार्ययोजना ढाँचा**

| योजनाको विषयगत क्षेत्र | आवधिक योजना | | | वार्षिक बजेट तथा कार्यक्रम | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | नीति तथा कार्यक्रम | लक्ष्य/सूचक | | आयोजना/ कार्यक्रम (स्थान समेत) | लक्ष्य | | विनियोजन | कार्यान्वयन विधि | लाभान्वित जनसंख्या | प्राथमिकता क्रम | लगानी तथा कार्यान्वयन गर्ने निकाय |
| | | इकाई | परिमाण | | इकाई | परिमाण | | | | | |
| आर्थिक विकास | | | | | | | | | | | |
| सामाजिक विकास | | | | | | | | | | | |
| पूर्वाधार विकास | | | | | | | | | | | |
| वातावरण तथा विपद व्यवस्थापन | | | | | | | | | | | |
| संस्थागत र सुशासन | | | | | | | | | | | |
| अन्तरसम्बन्धित क्षेत्र | | | | | | | | | | | |
| जम्मा कार्यक्रम खर्च | | | | | | | | | | | |
| जम्मा चालु खर्च | | | | | | | | | | | |
| कूल जम्मा | | | | | | | | | | | |

द्रष्टव्यः विषय क्षेत्र र उपक्षेत्रहरूले आ—आफ्नो कार्यक्रमहरू प्रस्तुत गर्दा चालु र पूँजीगत खर्च खुलाई नगरपालिकामा पेश गर्नुपर्ने छ ।

### ९.७ अनुगमन तथा मूल्याङ्कन योजना

नगरपालिकाले अनुगमन कार्य योजना बनाई नियमित रूपमा नतिजा सूचकमा आधारित भई सहभागितामूलक प्रक्रियावाट अनुगमन तथा मूल्यांकन गर्नेछ । अनुगमनमा संलग्न हुने जनप्रतिनिधि एवं कर्मचारीहरूको क्षमता विकास गरिनेछ । अनुगमनका लागि आवश्यकता अनुसार सरोकारवालाहरू र तेस्रो पक्षसमेतलाई सहभागिता गराइनेछ । नतिजा सूचकमा आधारित अनुगमन खाँका तयार गरी सोही अनुसार नियमित अनुगमन, बार्षिक समीक्षा, मध्यावधि तथा अन्तिम मूल्यांकन गरिनेछ । नगरपालिकाले देहायको उद्देश्य प्राप्तिका लागि अनुगमन गर्नेछः

- कार्यतालिका अनुसार काम भए नभएको एकीन गर्न ।
- तोकिएको कामको समय, लागत र गुणस्तर कायम गर्न ।
- कार्यान्वयनको क्रममा भएका गल्ति वा कमजोरी तत्काल सुधार गर्न ।
- डिजाइन वा कार्यान्वयनमा भएका गल्ति सुधार गरी सार्वजनिक कोषको अपव्यय हुनबाट रोक्न ।

नगरपालिकाले देहाय अनुसार अनुगमन गर्नेछः

- निरन्तर अनुगमन,
- दिगोपनाको अनुगमन ।

नगरपालिकाले देहायका आयोजनाहरूको अनुगमन गर्नेछः

- नगरपालिकाबाट स्वीकृत कार्यक्रम वा आयोजनाहरू,
- नगरपालिकाबाट लगानी भएका आयोजनाहरू,
- नेपाल सरकार वा प्रदेश सरकारबाट प्राप्त स्रोत साधन मार्फत सञ्चालित आयोजनाहरू,
- नगरपालिका क्षेत्रभित्र गैरसरकारी सस्था मार्फत सञ्चालित आयोजनाहरू,
- नगरपालिकाले आवश्यक ठानेका अन्य आयोजनाहरू ।

#### ९.७.१ अनुगमन तथा मूल्याङ्कनको आवश्यकता

अनुगमनले विकास कार्यक्रम र आयोजनाहरूको नतिजा खोज्ने र कार्यान्वयन गर्ने पक्षलाई बढी जिम्मेवार बनाउनुको साथै जवाफदेही पनि बनाउँछ । नीति, योजना, कार्यक्रम तथा आयोजनाहरूको कार्यान्वयनको सुनिश्चिततालागि अनुगमन तथा त्यसबाट प्राप्त नतिजाको विश्लेषणकालागि मूल्याङ्कनको आवश्यकता पर्दछ । विकास आयोजनाहरूबाट, निर्धारित समयावधि भित्र निश्चित उपलब्धि तथा लागत अनुसारको प्रतिफल प्राप्त भए/नभएको यकिन गर्न सशक्त एवम् निष्पक्ष अनुगमन तथा मूल्याङ्कनको व्यवस्था हुनुपर्दछ । अनुगमन एउटा निरन्तर चलिरहने प्रक्रिया हो, जो आयोजना कार्यान्वयनको चरणमा गरिन्छ, यसको मुख्य उद्देश्य चालु परियोजनाको प्रगति र ढिलासुस्तीको बारेमा सरोकारवालाहरूलाई समयमा नै जानकारी गराई परियोजनालाई सही बाटोमा हिंडाउनु हो ।

#### ९.७.२ अनुगमन तथा मूल्याङ्कनको जिम्मेवारी

अनुगमनमा देहायका तरिकाहरू अपनाइनेछः

- नियमित प्रतिवेदन लिएर,
- स्थलगत अवलोकन गरेर,
- सरोकारवालाहरूसँग छलफल गरेर,
- नागरिक समाजका संस्थाहरू परिचालन गरेर (मिडिया आदि),

- सार्वजनिक परीक्षण, सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण जस्ता विधिहरू मार्फत ।

अनुगमनमा देहायका पदाधिकारीहरू संलग्न रहने छन्ः

- स्थानीय तहको कार्य विभाजन नियमावलीले तोकेको पदाधिकारी,
- उपप्रमुख (स्थानीय सरकार सञ्चालन ऐन २०७४),
- अनुगमन तथा सुपरिवेक्षण समितिका सदस्यहरू,
- प्रमुख प्रशासकीय अधिकृत र सम्बन्धित शाखा प्रमुख (नियमित कार्य),
- वडा स्तरीय आयोजनाको हकमा वडाध्यक्ष र सदस्यहरू ।

नगरपालिका स्तरीय अनुगमन तथा सुपरिवेक्षण समितिमा देहायका पदाधिकारीहरू रहनेछन्ः

| | |
|---|---|
| – उपप्रमुख | संयोजक |
| – प्रमुखले तोकेका एक जना महिला सहित कार्यपालिकाका सदस्यहरूमध्येबाट | सदस्य (दुई जना) |
| – प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| – प्रमुख, योजनाशाखा | सदस्य सचिव |

***आवश्यकता अनुसार कार्यपालिकाका अन्य सदस्य तथा विषय विज्ञलाई आमन्त्रण गर्न सकिने ।***

देहायको अनुगमन कार्ययोजना बनाई लागू गरिनेछः

- कार्यपालिकामा एकिकृत कार्यान्वयन कार्ययोजना पेश गरेको १५ दिनभित्र अनुगमन तथा सुपरिवेक्षण समितिबाट आफ्नो वार्षिक अनुगमन कार्ययोजना बनाइ कार्यान्वयन गरिनेछ,
- अनुगमन तथा सुपरिवेक्षण समितिले गरेको कामको प्रतिवेदन प्रत्येक २ महिनामा कार्यपालिकाको बैठकमा पेश गरी छलफल गरिनेछ । समितिले समाधान गर्न नसकेका समस्याहरूलाई यस बैठकवाट सम्बोधन गरिनेछ ।

वडास्तरीय कार्यक्रमहरूको अनुगमन तथा सुपरिवेक्षण गर्न देहाय बमोजिमको समिति रहनेछः

| | |
|---|---|
| - सम्बन्धित वडाको वडाध्यक्ष | संयोजक |
| - वडा सदस्यहरू | सदस्य |
| - वडा सचिव | सदस्य सचिव |

आवश्यक परे कार्यपालिकाका अन्य सदस्य तथा कर्मचारीलाई आमन्त्रण गर्न सकिनेछ ।

### ९.७.३ अनुगमन तथा मूल्याङ्कन प्रक्रिया

योजना अवधि समाप्त भए पछि कार्यपालिकाले तोकेका आयोजनाको तेश्रो पक्षद्वारा देहायका सूचना प्राप्त गर्न प्रभाव मूल्यांकन गरिनेछ ।

- योजनाको लक्ष्य वमोजिम प्रगति भए नभएको,
- लाभग्राहीमा योजनाका नतिजाले पारेको प्रभाव,
- आगामी योजना तर्जुमाको लागि पृष्ठपोषण,
- योजना तर्जुमा र कार्यान्वयन विधिमा आवश्यक परिमार्जन गर्न,
- योजनाबाट प्राप्त हुने फाइदालाई अधिकतम बनाउन ।

आवधिक तथा वार्षिक नगर विकास योजनाको अनुगमन तथा मूल्याङ्कनको प्रक्रिया देहायअनुसार हुनुपर्नेछः

**तालिका ३०: अनुगमन तथा मूल्याङ्कन खाका**

| के गर्ने | कसले गर्ने | कहिले गर्ने | कसरी गर्ने | फलोअप |
|---|---|---|---|---|
| **अनुगमन प्रक्रिया** | | | | |
| कार्यक्रम वा प्रक्रिया अनुगमन | सुपरिवेक्षण तथा अनुगमन समिति,<br>वडा समिति,<br>सरकारी कार्यालय र गैसस | आवश्यकता अनुसार,<br>मासिक, चौमासिक र वार्षिक | ▪ स्थलगत अनुगमन<br>▪ वार्षिक योजनाको चौमासिक कार्ययोजनामा उल्लिखित लक्ष्य र प्रगति विवरणको तुलना<br>▪ बृहत योजनाको कार्यान्वयन योजनाको<br>▪ वार्षिक लक्ष्य र प्रगतिको तुलनात्मक अध्ययन | ▪ अनुगमन टोलीले अनुगमन प्रतिवेदन तयार गरी नगरपालिका कार्यालयमा पेश गर्ने<br>▪ नगरपालिका कार्यालयले प्रतिवेदनका सिफारिश कार्यान्वयनका लागि नपासमक्ष कार्ययोजना पेश गर्ने |
| प्रतिफल अनुगमन | नगर कार्यपालिका, सुपरिवेक्षण तथा अनुगमन समिति | चौमासिक, अर्ध वार्षिक, वार्षिक र मध्यावधि | ▪ स्थलगत अनुगमन<br>▪ वार्षिक कार्ययोजनाको लक्ष्य र प्रगति विवरणको तुलना<br>▪ सञ्चालित योजनाहरुको कार्यान्वयनबाट सोच तालिकामा उल्लिखित अपेक्षित प्रतिफल के कति कारणले हासिल हुने देखिन्छ वा देखिँदैन भन्ने सम्बन्धी अध्ययन गरी प्रतिवेदन पेश गर्ने | |
| असर तह अनुगमन | नगर कार्यपालिका सुपरिवेक्षण तथा अनुगमन समिति र तेस्रो पक्ष | वार्षिक, मध्यावधि र अन्तिम वर्ष | ▪ लक्षित समूह तथा सहभागितामूलक छलफल<br>▪ नमूना सर्वेक्षण मार्फत सोच तालिकाको लक्ष्य अनुरुप प्रगति मापन<br>▪ योजनाबाट विषयगत उद्देश्य, अपेक्षित प्रतिफल के कति कारणले प्राप्त हुने वा नहुने विषयमा अध्ययन<br>▪ प्रतिवेदन तयारी र नगरपालिकामा छलफल | |
| **मूल्याङ्कन प्रक्रिया** | | | | |
| असर तह मूल्याङ्कन | स्वतन्त्र तेस्रो पक्ष | योजनाको मध्य अवधि | ▪ लक्षित समूह तथा सहभागितामूलक छलफल<br>▪ नमूना सर्वेक्षण मार्फत सोच तालिकाको लक्ष्य अनुरुप प्रगति मापन<br>▪ असर तहका सूचना संकलन गर्दा प्रारम्भिक | ▪ अनुगमन टोलीले अनुगमन प्रतिवेदन तयार गरी नगरपालिका कार्यालयमा पेश गर्ने |

| | | | | |
|---|---|---|---|---|
| | | | तहका असरमा ध्यान दिने<br>▪ प्रतिवेदन तयारी र नगरपालिकामा छलफल | ▪ नगरपालिका कार्यालयले प्रतिवेदनका सिफारिश कार्यान्वयनका लागि नपासमक्ष कार्ययोजना पेश गर्ने |
| प्रभाव तह मूल्याङ्कन | नगर कार्यपालिका सुपरिवेक्षण तथा अनुगमन समिति र तेस्रो पक्ष | योजना सम्पन्न भएको दुई वर्षपछि | ▪ लक्षित समूह तथा सहभागितामूलक छलफल<br>▪ नमूना सर्वेक्षण मार्फत योजनाको दीर्घकालीन सोच तथा विषयगत उद्देश्यहरु हासिल गर्ने दिशामा योजना के कति हदमा सफल भयो र योजना आफैंमा के कति सान्दर्भिक, प्रभावकारी रह्यो र समग्र विकासको दीगो व्यवस्थापनमा योजनाले के कति योगदान गर्न सक्यो भनी अध्ययन<br>▪ प्रतिवेदन तयारी र नगरपालिकामा छलफल | |

आयोजनाको प्रभाव मूल्याङ्कन देहाय बमोजिम गर्ने व्यबस्था गरिनेछः

- नगरपालिकाले निर्धारण गरेका निश्चित लागत भन्दा बढीका आयोजनाको योजना सम्पन्न भएको २ वर्षभित्र तेस्रो पक्षबाट प्रभाव मूल्याङ्कन गराइनेछ ।
- प्रभाव मूल्याङ्कनको नतिजा कार्यपालिकाको बैठकमा प्रस्तुत गरी सरोकारवालाहरूको जानकारीको लागि सार्वजनिक गरिनेछ ।

## अनुसूची

**अनुसूची-१ः महाराजगंज नगरपालिकाका कार्यक्रम तथा आयोजनाको साङ्केतीकरण**

| क्र.सं. | कार्यक्रमहरू | स्थानीय दीर्घकालिन लक्ष्य रणनीतिक स्तम्भ संकेत | दिविल | दिराल संकेत | प्र.स.संकेत | लैंगिक संकेत | जलबायू संकेत |
|---|---|---|---|---|---|---|---|
| | **नगर योजना** | | | | | | |
| १ | सुविधा सम्पन्न ४० शैया अस्पताल निर्माण | | ३ | ७ | | १ | ३ |
| २ | नगर चत्रपथ निर्माण - १९ कि मि | | ९ | ३ | | ३ | ३ |
| ३ | बहुउदेश्यीय नगरकार्यपालिका प्रशासकीय भवन निर्माण | | ११ | ३ | | २ | १ |
| ४ | कंचनिया नदि र वाणगंगा नदिमा तटबन्ध निर्माण | | १३ | ७ | | २ | १ |
| ५ | फुसको छाना मुक्त नगर घोषणा कार्यक्रम | | ११ | ३ | | २ | १ |
| ६ | नगर स्तरिय खेलकुद एकेडेमी निर्माण | | ९ | ५ | | २ | २ |
| ७ | जग्गा चक्लाबन्दि र आधुनिक खेति कार्यक्रम | | २ | ४ | | ३ | १ |
| ८ | पल्टामा पर्यटक पार्क निर्माण | | ८ | १ | | ३ | २ |
| ९ | नगर औद्योगिक ग्राम निर्माण | | ९ | ९ | | २ | ३ |
| १० | नगर यातायात व्यवस्थापन तथा संचालन | | ९ | ३ | | ३ | ३ |
| ११ | नगर स्तरिय फोहर व्यवस्थापन प्लान्ट स्थापना | | १६ | ७ | | ३ | १ |
| १२ | नगर स्तरीय दमकल खरिद तथा संचालन | | १३ | ७ | | २ | १ |
| १३ | एक घर एक धारा कार्यक्रम | | | | | | |
| | **आर्थिक क्षेत्र** | | | | | | |
| | **कृषि तथा पशुपन्छी** | | | | | | |

| क्र.सं. | कार्यक्रमहरू | स्थानीय दीर्घकालिन लक्ष्य रणनीतिक स्तम्भ संकेत | दिविल | दिराल संकेत | प्र.स.संकेत | लैंगिक संकेत | जलबायू संकेत |
|---|---|---|---|---|---|---|---|
| १ | कृषि पकेट क्षेत्र निर्माण - धान, गहुँ, तरकारी, फलफुल | | २ | ४ | | ३ | १ |
| २ | बेमैसमी तरकारी खेति प्रवर्द्धन कार्यक्रम - वडा नं ५ र १० | | २ | २ | | ३ | ३ |
| ३ | एक वडा एक पशु र कृषि प्राविधिक | | २ | २ | | ३ | ३ |
| ४ | कृषि आधुनिकीकरण - टनेल, थ्रेसिंग तथा आधुनिक कृषि औजार सहायता कार्यक्रम | | २ | ४ | | ३ | ३ |
| ५ | व्यवसायिक तरकारी खेती प्रवर्द्धन कार्यक्रम - मुम्फली, भिन्डी, अलुगोलभेडा, बन्दा, काउली, प्याज | | २ | ४ | | २ | १ |
| ६ | व्यवसायिक पशुपालन प्रर्वद्धन कार्यक्रम - भैसी,बाखा, कुखुरा, गाई, मौरी | | २ | ४ | | ३ | १ |
| ७ | व्यवसायिक फलफुल प्रर्वद्धन कार्यक्रम - केरा, आँप, कागती, लिची, कटहर | | २ | २ | | ३ | ३ |
| ८ | बिपन्न परिवारका लागि कृषि तथा पशु बीमा सहायता कार्यक्रम | | २ | २ | | ३ | ३ |
| ९ | विउ बिजन बैक स्थापना तथा संचालन | | २ | ४ | | ३ | ३ |
| १० | पशु एम्बुलेन्स तथा पशु जाँच केन्द्र संचालन | | २ | ४ | | २ | १ |
| ११ | कृषि सहकारी व्यवस्थान तथा प्रवर्द्धन कार्यक्रम | | २ | ४ | | ३ | १ |
| १२ | नश्ल सुधार कार्यक्रम | | २ | २ | | ३ | ३ |
| १३ | खोर/गोठ सुधार कार्यक्रम | | २ | २ | | ३ | ३ |
| १४ | सामुहिक/सहकारी कृषि तथा पशुपालनका लागि अनुदान कार्यक्रम | | २ | ४ | | ३ | ३ |
| १५ | कृषि हाट बजार निर्माण तथा व्यवस्थापन | | २ | ४ | | २ | १ |
| १६ | कृषि जनशक्ति व्यवस्थापन, परिचालन तथा संरचनागत विकास | | २ | ४ | | ३ | १ |
| १७ | नगर कृषि गुरु योजना निर्माण | | २ | २ | | ३ | ३ |
| १८ | कृषि सिकाई केन्द्र निर्माण कार्यक्रम | | २ | २ | | ३ | ३ |
| १९ | मासु पसल सुधार तथा बधशाला स्थापना | | २ | ४ | | ३ | ३ |

| क्र.सं. | कार्यक्रमहरू | स्थानीय दीर्घकालिन लक्ष्य रणनीतिक स्तम्भ संकेत | दिविल | दिराल संकेत | प्र.स.संकेत | लैंगिक संकेत | जलबायू संकेत |
|---|---|---|---|---|---|---|---|
| २० | विउ –विजन तथा मलखात वितरण सहकारी स्थापना | | २ | ४ | | २ | १ |
| २१ | उखु जोन निर्माण कार्यक्रम | | २ | ४ | | २ | १ |
| | **सिचाँइ** | | | | | | |
| १ | डिप बोरिङ्ग –भगवान पुर, पडरिया सानो पडरिया, ठूलो पडरिया, वरगदा, गैडल्वा (ठूलो, सानो), उनवलीया, हरदौना, करौलीय अलगी, वडियो चोहटी, बगर्दी, आरहा देखि पश्चिम, महाराजगंज उत्तर, पचेहरी पूर्व, कजरहवा, सोन वर्षा, सिंगरहा, कठौतीया, परसपुरजीध्वा, कुशहवा, सत्भरा, बढनीको बिचमा, गंगौढा गगौढी र अलगाको बीचमा, इटरेलको पश्चिम, | | २ | ४ | | २ | २ |
| २ | कञ्चनिया नदीबाट पानी तान्ने लिफ्टीङ्ग प्रविधि जडान | | २ | ४ | | २ | २ |
| ३ | वाणगंगा नदी, धगुवा नालाबाट बाँध बाँधेर सिचाइ संरचना निर्माण | | २ | ४ | | २ | २ |
| ४ | सिंचाइ बाँध निर्माण - कञ्जनीया, मलवारी, वेल नदी | | २ | ४ | | २ | २ |
| ५ | सानो पडरिया, ठूलो पडरिया, वरगदा, गैडल्वा (ठूलो, सानो), उनवलीया –सिचाई पोखरीहरु निर्माण | | २ | ४ | | २ | २ |
| ६ | पानी तान्ने मेशिन अनुदान सहायता | | २ | ४ | | २ | २ |
| ७ | कुलाे निर्माण तथा स्तरीकरण (कञ्जनीया) | | २ | ४ | | २ | २ |
| | **पर्यटन, संस्कृति तथा सम्पदा** | | | | | | |
| १ | ऐलानी जग्गामा पोखरी पार्क निर्माण –बढ्नी, सत्भरा, कुशहवा | | ८ | १ | | ३ | २ |
| २ | वघुबा जंगलमा पर्यटकीय क्षेत्र निर्माण तथा प्रवर्द्धन कार्यक्रम | | ८ | १ | | ३ | २ |
| ३ | स्थानीय कला भाषा संस्कृति प्रवर्द्धन कार्यक्रम | | ८ | १ | | ३ | २ |
| ४ | नगर सांस्कृतिक अध्ययन केन्द्र निर्माण तथा संचालन | | ८ | १ | | ३ | २ |
| ५ | वार्षिक साहित्यिक प्रतियोगिता कार्यक्रम | | ८ | १ | | ३ | २ |
| ६ | मूर्ति बनाउने व्यक्तिका लागि अनुदान सहायता कार्यक्रम | | ८ | १ | | ३ | १ |

| क्र.सं. | कार्यक्रमहरू | स्थानीय दीर्घकालिन लक्ष्य रणनीतिक स्तम्भ संकेत | दिविल | दिराल संकेत | प्र.स.संकेत | लैंगिक संकेत | जलबायू संकेत |
|---|---|---|---|---|---|---|---|
| ७ | मन्दिर, मस्जिद लगायतका धार्मिक एवम् ऐतिहासिक महत्वका केन्द्रको संरक्षण तथा प्रवर्द्धन कार्यक्रम | | ८ | १ | | ३ | १ |
| ८ | पर्यटकीय क्षेत्रहरुको प्रचार-प्रशार एवम् पर्यटन प्रवर्द्धन कार्यक्रम | | ८ | १ | | ३ | २ |
| | **उद्योग, व्यापार, व्यावसाय तथा आपूर्ति** | | | | | | |
| १ | राइसमिल, फर्निचर लगायतका उद्योग संचालनका लागि अनुदान सहायता कार्यक्रम | | ९ | ९ | | २ | ३ |
| २ | उँखु पेल्ने (भेली बनाउने) तथा तेल पेल्ने उद्योग संचालन सहायता कार्यक्रम | | ९ | ९ | | २ | ३ |
| ३ | मिनरल वाटर – ठूलो उद्योग संचालनका लागि सहायता कार्यक्रम | | ९ | ९ | | १ | ३ |
| ४ | उद्योग संचालनका लागि व्यवसायीक सिप तालिम, सञ्चालन | | ९ | ९ | | २ | २ |
| ५ | उद्योग स्थापनाको संभाव्यता अध्ययन | | ९ | ९ | | २ | २ |
| ६ | कृषि र पशुपंक्षीजन्य उत्पादन तथा प्रशोधन उद्योग स्थापना र संचालन | | ९ | ९ | | १ | २ |
| ७ | गैरबन पैदावरको उद्योग संचालन सहयोग कार्यक्रम | | ९ | ९ | | २ | २ |
| ८ | काठमा आधारित उद्योग प्रोत्साहन | | ९ | ९ | | ३ | ३ |
| ९ | लगानी सम्मेलन | | ९ | ९ | | ३ | ३ |
| १० | माटोको भाँडा बनाउने उद्यमीका लागि प्रोत्साहन कार्यक्रम | | ९ | ९ | | २ | ३ |
| | **श्रम, रोजगारी र सामाजिक सुरक्षा** | | | | | | |
| १ | सूचना प्रविधि, वेब र सामाजिक सञ्जालमा आधारित रोजगार सूचना पोर्टल सञ्चालन | | ४ | ९ | | २ | ३ |
| २ | महिला उद्यमशीलता तथा सीप विकास तालिम र पुँजीमा पहुँच | | ८ | ९ | | २ | ३ |
| ३ | युवा स्वरोजगार कार्यक्रम सञ्चालन | | ८ | ९ | | २ | ३ |
| ४ | नगर उद्यम व्यवसाय नीति तर्जुमा कार्यक्रम | | ८ | ९ | | ३ | ३ |
| ५ | वित्तिय सेवा प्रर्वद्धन पहुँच कार्यक्रम | | ८ | ९ | | ३ | ३ |

| क्र.सं. | कार्यक्रमहरू | स्थानीय दीर्घकालिन लक्ष्य रणनीतिक स्तम्भ संकेत | दिविल | दिराल संकेत | प्र.स.संकेत | लैंगिक संकेत | जलबायू संकेत |
|---|---|---|---|---|---|---|---|
| ६ | महिला वचत तथा सहकारी विकास प्रर्वद्धन कार्यक्रम | | ८ | ९ | | ३ | ३ |
| ७ | सहकारी प्रोत्सहान तथा सचेतना कार्यक्रम | | १६ | ९ | | २ | ३ |
| ८ | घरघरमा रोजगारी, टोलटोलमा सहकारी कार्यक्रम | | १ | १ | | २ | ३ |
| ९ | सहकारी संचालन क्षमता विकास कार्यक्रम | | ५ | ९ | | १ | ३ |
| **सामाजिक विकास** | | | | | | | |
| | **शिक्षा, विज्ञान तथा नवप्रर्वतन** | | | | | | |
| १ | प्राविधिक कलेज स्थापना तथा संचालन - कृषि, इन्जिनियरिङ, भेटनरी | | ४ | ६ | | २ | ३ |
| २ | तहगत बिषयगत शिक्षक व्यवस्थापन सहित बिद्यालय क्षेत्र सुधार कार्यक्रम | | ४ | ६ | | २ | ३ |
| ३ | वाल कक्षा थप कार्यक्रम | | ४ | ६ | | २ | ३ |
| ४ | विद्यालय भौतिक पूर्वाधार (भवन, बाउन्ड्री, शौचालय, खानेपानि, यातायात आवास) विकास कार्यक्रम | | ४ | ६ | | २ | ३ |
| ५ | बिद्यालय बगैचा व्यवस्थापन कार्यक्रम | | ४ | ६ | | २ | ३ |
| ६ | नगर शैक्षिक सुधार कोष स्थापना तथा संचालन कार्यक्रम | | ४ | ६ | | २ | ३ |
| ७ | उत्कृष्ट शिक्षक बिद्यार्थी सम्मान कार्यक्रम | | ४ | ६ | | २ | ३ |
| ८ | उच्च शिक्षा छात्रवृत्रि कार्यक्रम | | ४ | ६ | | २ | ३ |
| ९ | मदरसा स्थापना तथा संचालन | | ४ | ६ | | २ | ३ |
| १० | हाल संचालित मदरसाको स्तरउन्नती तथा गुणस्तर प्रवर्द्धन कार्यक्रम | | ४ | ६ | | २ | ३ |
| ११ | विद्यालयहरुमा कम्प्युटर शिक्षा संचालनका लागि कम्प्युटर सहायता कार्यक्रम | | ४ | ६ | | २ | ३ |
| १२ | अवधी भाषाको स्थानीय पाठ्यक्रम निर्माण तथा पठन-पाठन संचालन | | ४ | ६ | | २ | ३ |
| | **स्वास्थ्य तथा पोषण** | | | | | | |

| क्र.सं. | कार्यक्रमहरू | स्थानीय दीर्घकालिन लक्ष्य रणनीतिक स्तम्भ संकेत | दिविल | दिराल संकेत | प्र.स.संकेत | लैंगिक संकेत | जलबायू संकेत |
|---|---|---|---|---|---|---|---|
| १ | स्वास्थ्य पूर्वाधार निर्माण कार्यक्रम | | ३ | ७ | | १ | ३ |
| २ | सुरक्षित मातृत्व कार्यक्रम, | | ३ | ७ | | १ | ३ |
| ३ | स्वास्थ्य सेवा प्रदायक संस्थाहरूको क्षमता सुधार कार्यक्रम, | | ३ | ७ | | १ | ३ |
| ४ | आकस्मीक तथा महामारी रोग नियन्त्रण कार्यक्रम, | | ३ | ७ | | १ | ३ |
| ५ | स्वास्थ्य बिमा कार्यक्रम | | ३ | ७ | | १ | ३ |
| ६ | रोग निदानका लागि एक्सरे मेसिन, ल्याव र फार्मेसिको व्यवस्थापन कार्यक्रम | | ३ | ७ | | १ | ३ |
| ७ | विपन्न महिला, दलित, अलपसंख्यक र जेष्ठ नागरिकहरूको लागि घरघरमा स्वास्थ्य सेवा कार्यक्रम | | ३ | ७ | | १ | ३ |
| ८ | वहुक्षेत्रीय पोषण कार्यक्रम | | ३ | ७ | | १ | ३ |
| ९ | ध्यान र योग स्वस्थ्य शरीर, सकरात्मक सोच र व्यक्तित्व विकास कार्यक्रम | | ३ | ७ | | १ | ३ |
| १० | एम्बुलेन्स खरिद र संचालन | | ३ | ७ | | १ | ३ |
| ११ | सर्पदंश उपचार केन्द्र व्यवस्थापन | | ३ | ७ | | १ | ३ |
| १२ | सुनौला १००० दिन कार्यक्रम निरन्तरता | | ३ | ७ | | १ | ३ |
| १३ | एक वडा एक वर्थिङ सेन्टर कार्यक्रम | | ३ | ७ | | १ | ३ |
| १४ | क्लिनिक संचालन कार्यक्रम (६ वटा गाउँमा ६ वटा ) | | ३ | ७ | | १ | ३ |
| | **खानेपानी तथा सरसफाइ** | | | | | | |
| १ | ओभरहेड ट्यांकी निर्माण | | ६ | ७ | | २ | १ |
| २ | शुद्ध खानेपानी जाँच तथा फिल्टर वितरण | | ६ | ७ | | २ | १ |
| ३ | उपभोत्ता समिति मार्फत खानेपानि वितरण व्यवस्थापन | | ६ | ७ | | २ | १ |
| ४ | साना ह्यान्ड पम्प अनुदान सहायता | | ६ | ७ | | २ | १ |

| क्र.सं. | कार्यक्रमहरू | स्थानीय दीर्घकालिन लक्ष्य रणनीतिक स्तम्भ संकेत | दिविल | दिराल संकेत | प्र.स.संकेत | लैंगिक संकेत | जलबायू संकेत |
|---|---|---|---|---|---|---|---|
| ५ | कम्पोष्ट मल तथा फोहोर वर्गीकरण तालिम | | ६ | ७ | | २ | १ |
| ६ | वडास्तरीय सरसफाइ अभियान संचालन | | ६ | ७ | | २ | १ |
| ७ | सार्वजनिक ठाँउमा फोहरमैला संकलन डष्टविन | | ६ | ७ | | २ | १ |
| ८ | प्लास्टिक जन्य खेर जाने वस्तुबाट व्याग ढक्कि जस्ता सामान बनाउने तालिम | | ६ | ७ | | २ | १ |
| ९ | सार्वजनिक शौचालय निर्माण | | ६ | ७ | | २ | १ |
| | **महिला, बालबालिका तथा लक्षित वर्ग** | | | | | | |
| १ | लैंगिक समानता तथा समाजिक समावेशीकरण योजना | | ५ | ६ | | १ | ३ |
| २ | महिला जनप्रतिनिधिहरूलाई स्थानीय सरकार संचालन एवं नेतृत्व विकास सम्बन्धी क्षमता विकास कार्यक्रम | | ५ | ६ | | १ | ३ |
| ३ | लक्षित समूह सहभागिता, नेतृत्व विकास तथा क्षमता अभिवृद्धि कार्यक्रम | | ५ | ६ | | १ | ३ |
| ४ | महिला सहकारी संस्था समूह विकास कार्यक्रम | | ५ | ६ | | १ | ३ |
| ५ | वालमैत्री नगरपालिका प्रर्वद्धन कार्यक्रम | | ५ | ६ | | १ | ३ |
| ६ | एकल महिला सहयोग कार्यक्रम | | ५ | ६ | | १ | ३ |
| ७ | जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरूको लागी बहुआयामिक कार्यक्रम | | ५ | ६ | | १ | ३ |
| ८ | जेष्ठ नागरिकका लागि बिश्राम गृह निर्माण | | ५ | ६ | | १ | ३ |
| ९ | विद्यालय विमूख किशोरीको बहुआयामिक विकास कार्यक्रम | | ५ | ६ | | १ | ३ |
| १० | आपतकालिन संरक्षण सेवामा महिला समूहको परिचालन | | ५ | ६ | | १ | ३ |
| ११ | सामाजिक कुरिति सचेतना (बाल विबाह, दाइजो प्रथा उन्मुलन) | | ५ | ६ | | १ | ३ |
| १२ | घरेलु तथा लैंगिक हिंसा तथा यौनजन्य हिंसा न्यूनीकरण कार्यक्रम | | ५ | ६ | | १ | ३ |
| १३ | लोहार, धरिकार, मल्लाह (दुँगा चलाउने) हरुलाई दलितमा वर्गिकरण गरी सुविधा सहयोग | | ५ | ६ | | १ | ३ |

| क्र.सं. | कार्यक्रमहरू | स्थानीय दीर्घकालिन लक्ष्य रणनीतिक स्तम्भ संकेत | दिविल | दिराल संकेत | प्र.स.संकेत | लैंगिक संकेत | जलबायू संकेत |
|---|---|---|---|---|---|---|---|
| | **युवा तथा खेलकुद** | | | | | | |
| १ | युवा हेल्पडेस्क तथा सूचना केन्द्र निमार्ण तथा मनोपरामर्स केन्द्र कार्यक्रम | | ९ | ५ | | २ | २ |
| २ | युवा उद्यमशिलता, स्वरोजगार तथा रोजगार कार्यक्रम | | ९ | ५ | | २ | २ |
| ३ | सीपविकास तथा क्षमता अभिबृद्धि प्रशिक्षण कार्यक्रम (डिजिटल) | | ९ | ५ | | २ | २ |
| ४ | वडास्तरीय खेलमैदान निर्माण | | ९ | ५ | | २ | २ |
| ५ | पालिका स्तरीय खेल मैदान निर्माण (क्रिकेट, भलिबल, फूटबल ग्राउन्ड, व्यट्मिन्टन कोर्ट) | | ९ | ५ | | २ | २ |
| ६ | युवा पालिका निमार्ण कोष प्रर्वद्धन कार्यक्रम | | ९ | ५ | | २ | २ |
| ७ | युवा क्लब तथा युवा संसद अभ्यास कार्यक्रम | | ९ | ५ | | २ | २ |
| ८ | युवा लक्षित लागु पदार्थ दुरुत्साहित कार्यक्रम | | ९ | ५ | | २ | २ |
| ९ | युवा क्लबहरूको क्षमता विकास कार्यक्रम | | ९ | ५ | | २ | २ |
| | **पूर्वाधार विकास** | | | | | | |
| | **बस्ती, आवास, भवन तथा सार्वजनिक निर्माण** | | | | | | |
| १ | भवन निर्माण आचार संहिता पुनरावलाेकन | | ११ | ३ | | २ | १ |
| २ | नगर प्रमुख आवास कार्यक्रम | | ११ | ३ | | १ | २ |
| ३ | एकिकृत आवास सहित नमुना बस्ति निर्माण | | ११ | ३ | | २ | २ |
| ४ | वडा स्तरीय बजार व्यवस्थापन (१ वडा १ बजार बिस्तार कार्यक्रम) | | ११ | ३ | | २ | १ |
| ५ | वडा कार्यलय भवन निर्माण | | ११ | ३ | | २ | १ |
| ६ | पूर्वधार निर्माण गर्न दक्ष जनशक्ति विकास कार्यक्रम | | ११ | ३ | | २ | १ |
| ७ | महाराजगंज बजार क्षेत्रका सडकमा नालि तथा ढल व्यवस्थापन | | ११ | ३ | | २ | १ |

| क्र.सं. | कार्यक्रमहरू | स्थानीय दीर्घकालिन लक्ष्य रणनीतिक स्तम्भ संकेत | दिविल | दिराल संकेत | प्र.स.संकेत | लैंगिक संकेत | जलबायू संकेत |
|---|---|---|---|---|---|---|---|
| ८ | नगर स्तरीय बसपार्क निर्माण | | ११ | ३ | | २ | १ |
| ९ | यात्रु प्रतिक्षालय निर्माण | | ११ | ३ | | २ | १ |
| १० | आपत्कालीन आश्रयस्थल निर्माण | | ११ | ३ | | २ | १ |
| | **सडक, पुल तथा यातायात** | | | | | | |
| | **सडक स्तरोन्नति (कालोपत्रे)** | | | | | | |
| १ | सडक कालोपत्र गर्नु पर्ने हुकाली देखि इटरोल दुधुरा उदयपुर खडौचा सम्म | | ९ | ३ | | ३ | ३ |
| २ | सिसवा देखि वञ्जरीया वरहपुर सम्म जहवाइ देखि इटोल कञ्चनपुर | | ९ | ३ | | ३ | ३ |
| ३ | अल्गा–लेङ्गडा सम्मको ग्रेभल | | ९ | ३ | | ३ | ३ |
| ४ | कुशहवा देखि बढनीको मूल सडक सम्म | | ९ | ३ | | ३ | ३ |
| ५ | सत्भरा देखि भारतको वोर्डरसम्म ग्राभेल सडक | | ९ | ३ | | ३ | ३ |
| | **सडक स्तरोन्नति (उच्चस्तरीय ग्राभेल)** | | | | | | |
| ६ | ग्रामिल, ढलान, हुलाकी राजमार्ग चोतीमा– गन्वरीया – वर्गदी – करहोना – जमुनी (वडा नं ३) | | ९ | ३ | | ३ | ३ |
| ७ | मगुवा देखि ताम्प्रवी हुँदै बञ्जरिया सम्मको बाटाे स्तरउन्नती | | ९ | ३ | | ३ | ३ |
| ८ | जितपुर – कञ्चनिया सिचाई देखि पश्चिम | | ९ | ३ | | ३ | ३ |
| ९ | शिवभारी देखि तेनुवा – सिसवा देखि तेनुवा | | ९ | ३ | | ३ | ३ |
| १० | सिमराना देखि सिसवा – सिसवा देखि सिमराना | | ९ | ३ | | ३ | ३ |
| ११ | हदौंना देखि अलगी | | ९ | ३ | | ३ | ३ |
| १२ | अलगी देखि मुजानी | | ९ | ३ | | ३ | ३ |
| १३ | मुजानी देखि मुजाना | | ९ | ३ | | ३ | ३ |

| क्र.सं. | कार्यक्रमहरू | स्थानीय दीर्घकालिन लक्ष्य रणनीतिक स्तम्भ संकेत | दिविल | दिराल संकेत | प्र.स.संकेत | लैंगिक संकेत | जलबायू संकेत |
|---|---|---|---|---|---|---|---|
| १४ | उन्बलीयामा अधुरे सडक (वडा नं २) | | ९ | ३ | | ३ | ३ |
| १५ | अल्गा–कुशहवा–बढनी–सत्भरा सम्म | | ९ | ३ | | ३ | ३ |
| १६ | ननमहश पिच देखि वडा नं. १ को चमछ पिच सम्म जोड्ने | | ९ | ३ | | ३ | ३ |
| १७ | भगवानपुर देखि वडा नं. ९ औराहवा सम्म | | ९ | ३ | | ३ | ३ |
| | **पुल तथा कलर्भट** | | | | | | |
| १८ | बडेगाउँको पूर्वपट्टी बुद्ध भूमि जानेबाटोमा वेलनदीमा पूल | | ९ | ३ | | ३ | ३ |
| १९ | बाँडगंगा नदीमा पुल निर्माण (कठौतीया गाउँको पूर्व तर्फ) | | ९ | ३ | | ३ | ३ |
| २० | सोनवर्षा गाउँको पश्चिम तर्फ धघुवा नालामा फरकदार पुल | | ९ | ३ | | ३ | ३ |
| | **अन्य** | | | | | | |
| २१ | सडक गुरुयोजना निर्माण | | ९ | ३ | | ३ | ३ |
| २२ | सडकको नियमित, आवधिक र आकस्मिक मर्मत संभार | | ९ | ३ | | ३ | ३ |
| २३ | सडक पक्की नाला निर्माण (दुवै साईड) | | ९ | ३ | | ३ | ३ |
| २४ | नगर यातायात व्यवस्थापन (लाेकल बस, अटाे संचालन) | | ९ | ३ | | ३ | ३ |
| | **जलश्रोत, विद्युत् तथा वैकल्पिक ऊर्जा** | | | | | | |
| १ | उज्यालो नगर कार्यक्रम (विधुत सेवा नपुगेका घरधुरीमा समेत) | | ७ | ९ | | २ | १ |
| २ | गोबर ग्यास निर्माण अनुदान सहायता कार्यक्रम | | ७ | ९ | | २ | १ |
| ३ | सडक सोलार बत्ति जडान | | ७ | ९ | | ३ | २ |
| ४ | विघुतीय चुलो अनुदान सहायता कार्यक्रम | | ७ | ९ | | ३ | ३ |
| | **सूचना, सञ्चार तथा प्रविधि** | | | | | | |

| क्र.सं. | कार्यक्रमहरू | स्थानीय दीर्घकालिन लक्ष्य रणनीतिक स्तम्भ संकेत | दिविल | दिराल संकेत | प्र.स.संकेत | लैंगिक संकेत | जलबायू संकेत |
|---|---|---|---|---|---|---|---|
| १ | नगर सूचना प्रविधि केन्द्र स्थापना तथा संचालन | | ८ | ९ | | २ | ३ |
| २ | नगरस्तरीय रेडियो संचालन | | ८ | ९ | | २ | ३ |
| ३ | वडाका विभिन्न स्थानमा निशुल्क वाइफाइ | | ८ | ९ | | २ | ३ |
| ४ | सिसी टिभी जडान तथा व्यवस्थापन कार्यक्रम | | ८ | ९ | | २ | ३ |
| ५ | संचार क्षेत्र (मोबाइल तथा इन्टरनेट क्षमता) स्तरोन्नती एवं क्षमता सुधार | | ८ | ९ | | २ | ३ |
| ६ | सार्वजनिक तथा सरकारी कर्यालयहरूमा इन्टरनेट व्यवस्थापन | | १६ | ८ | | २ | ३ |
| ७ | नगर चिनारी भिडियो प्रोफाइल तथा लघु चलचित्र तयार | | १६ | ८ | | २ | ३ |
| ८ | सार्वजनिक सेवा प्रदानलाई प्रविधिमा आधारित सफ्टवेयर निर्माण | | ८ | ९ | | २ | ३ |
| ९ | प्रविधि मैत्री पालिका निर्माणका लागि आवस्यक पूर्वाधार विकास | | १६ | ८ | | २ | ३ |
| **वन, वातावरण तथा विपद व्यवस्थापन क्षेत्र** | | | | | | | |
| | **वन तथा जैविक विविधता** | | | | | | |
| १ | वैज्ञानिक वन व्यवस्थापन योजना तर्जुमा र कार्यान्वयनका लागि वन समुहको क्षमता अभिबृद्धि कार्यक्रम | | १५ | ७ | | ३ | १ |
| २ | वृक्षारोपण विस्तार तथा हरियाली प्रवर्धन कार्यक्रम (एक घर एक रुखको अवधारणा) | | १५ | ७ | | ३ | १ |
| ३ | वन क्षेत्र पहिचान र संरक्षण | | १५ | ७ | | ३ | १ |
| ४ | वन नर्सरी स्थापना संचालन | | १५ | ७ | | ३ | १ |
| ५ | साझेदारी वन व्यवस्थापन (खाली जग्गामा वृक्षारोपण) | | १५ | ७ | | ३ | १ |
| ६ | जडिबुटि खेति कार्यक्रम | | १५ | ७ | | ३ | १ |
| ७ | जडिबुटि संकलन, प्रशोधन र बजार व्यवस्थापनका सम्बन्धी क्षमता विकास कार्यक्रम | | १५ | ७ | | ३ | १ |
| | **भूसंरक्षण तथा जलाधार व्यवस्थापन** | | | | | | |

| क्र.सं. | कार्यक्रमहरू | स्थानीय दीर्घकालिन लक्ष्य रणनीतिक स्तम्भ संकेत | दिविल | दिराल संकेत | प्र.स.संकेत | लैंगिक संकेत | जलबायू संकेत |
|---|---|---|---|---|---|---|---|
| १ | भू–उपयोग नीति तथा क्षेत्र निर्धारण र कार्यान्वयन | | १५ | ७ | | ३ | १ |
| २ | पोखरी निर्माण तथा मर्मत सम्भार | | १५ | ७ | | ३ | १ |
| | **नदी नियन्त्रण (तटबन्ध)** | | | | | | |
| ३ | कञ्चनिया खोला सिभारी | | १५ | ७ | | ३ | १ |
| ४ | तेनसी | | १५ | ७ | | ३ | १ |
| ५ | वाण गंगा नदी (हदौंना वस्ती ६ कि.मी., बरगदा देखि सिंगरहा सम्म ६ कि.मी.) | | १५ | ७ | | ३ | १ |
| ६ | गडौरा गडौरी (कञ्चनीया खोला) | | १५ | ७ | | ३ | १ |
| ७ | वडियो चोहटी, बगर्दी, वाडगंगा वेल नदी | | १५ | ७ | | ३ | १ |
| | **वातावरण तथा फोहोरमैला व्यवस्थापन** | | | | | | |
| १ | वन, वातावरण र हरियाली प्रवर्धन सचेतनामुलक कार्यक्रम | | १६ | ७ | | ३ | १ |
| २ | वातावरणमैत्री स्थानीय शासन कार्यक्रम | | १६ | ७ | | ३ | १ |
| ३ | राम जानकी गुठीको जग्गामा हरियाली व्यवस्थापन | | १६ | ७ | | ३ | १ |
| ४ | ग्रिन पार्क निर्माण तथा संचालन | | १६ | ७ | | ३ | १ |
| ५ | प्लाष्टिजन्य पदार्थहरूको प्रयोगमा नियन्त्रण गर्न ऐन नियम निर्माण | | १६ | ७ | | ३ | १ |
| ६ | एक घर एक सुधारिएको चुलो अभियान संचालन | | १६ | ७ | | ३ | १ |
| ७ | इट्टा भट्टा वायु प्रदुषण न्युनिकरण | | १६ | ७ | | ३ | १ |
| ८ | फोहरमैला संकलनका लागि टयक्टर खरिद | | १६ | ७ | | ३ | १ |
| ९ | हरेक वडामा फोहोरमैला संकलन व्यवस्थापन तथा संचालन (नियमित फोहरमैला संकलन) | | १६ | ७ | | ३ | १ |
| १० | समुदायमा आधारित वडा तथा टोल सरसफाई कार्यक्रम | | १६ | ७ | | ३ | १ |

| क्र.सं. | कार्यक्रमहरू | स्थानीय दीर्घकालिन लक्ष्य रणनीतिक स्तम्भ संकेत | दिविल | दिराल संकेत | प्र.स.संकेत | लैंगिक संकेत | जलबायू संकेत |
|---|---|---|---|---|---|---|---|
| ११ | वातावरण मैत्री दाहसंस्कार घाट तथा कब्रस्थान निर्माण तथा व्यवस्थापन | | १६ | ७ | | ३ | १ |
| | **विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन तथा जलवायु उत्थानशीलता** | | | | | | |
| १ | विपद पूर्व तयारी कार्ययोजना | | १३ | ७ | | २ | १ |
| २ | विपद् व्यवस्थापन समिति क्षमता अभिबृद्धि कार्यक्रम | | १३ | ७ | | २ | १ |
| ३ | वडामा विपद् व्यस्थापन समिति गठन र संचालन | | १३ | ७ | | २ | १ |
| ४ | सामुदायिक विपद रेस्पोन्डर स्वयंसेवक व्यवस्थापन र परिचालन कार्यक्रम | | १३ | ७ | | २ | १ |
| ५ | आपत्कालीन उद्दार सामग्रीहरू व्यवस्थापन तथा पुनर्भरण कार्यक्रम | | १३ | ७ | | २ | १ |
| ६ | रक्त संकलन केन्द्र स्थापना र संचालन | | १३ | ७ | | २ | १ |
| ७ | सडक सुरक्षा सचेतना केन्द्र स्थापना | | १३ | ७ | | २ | १ |
| ८ | डडेलो सम्बन्धि जनचेतना अभिवृद्दि कार्यक्रम | | १३ | ७ | | २ | १ |
| ९ | नगर विपद् व्यवस्थापन कोष स्थापना | | १३ | ७ | | २ | १ |
| १० | डुवान क्षेत्र संरक्षण (कंचनीया नदि, सुरहनीया, ठूलो मलबारी) | | १३ | ७ | | २ | १ |
| ११ | मौसम सम्बन्धी सुचना साइरन व्यवस्थापन | | १३ | ७ | | २ | १ |
| १२ | निल गाइ नियन्त्रण कार्यत्रम | | १३ | ७ | | २ | १ |
| १३ | वातावरण तथा जलवायु सम्बन्धी सचेतना कार्यक्रम | | १३ | ७ | | २ | १ |
| **संस्थागत विकास तथा सुशासन क्षेत्र** | | | | | | | |
| | **सुशासन, ऐन नियम तथा जवाफदेहिता** | | | | | | |
| १ | सेवा प्रवाह तथा सुशासनकालागि आवश्यक कार्यविधिको निर्माण | | १६ | ८ | | ३ | ३ |
| २ | ऐन, नियम, कार्यविधि र निर्देशिका निर्माण, प्रविधीकरण तथा प्रकाशन | | १६ | ८ | | २ | २ |

| क्र.सं. | कार्यक्रमहरू | स्थानीय दीर्घकालिन लक्ष्य रणनीतिक स्तम्भ संकेत | दिविल | दिराल संकेत | प्र.स.संकेत | लैंगिक संकेत | जलबायू संकेत |
|---|---|---|---|---|---|---|---|
| ३ | विवाद मध्यस्थता, कानूनी साक्षरता तथा मेलमिलाप कार्यक्रम | | १६ | ८ | | ३ | ३ |
| ४ | सबै वडाहरूमा डिजिटल सूचना पाटी निर्माण | | १६ | ८ | | ३ | ३ |
| ५ | पालिकाद्वारा प्रदान गरिने सेवाको अभिलेख व्यवस्थापन | | १६ | ८ | | ३ | ३ |
| ६ | विद्युतीय शासन प्रयोग र पहुँचमा बृद्धि | | १६ | ८ | | ३ | ३ |
| ७ | सामाजिक जवाफदेहिता वृद्धिकालागि (सामाजिक परीक्षण, सार्वजनिक सुनुवाइ र सार्वजनिक परीक्षण) सञ्चालन | | १६ | ८ | | ३ | ३ |
| ८ | जनगुनासो व्यवस्थापन गर्न उजुरी पेटिकाको व्यवस्थापन (सबै वडा र सेवाप्रदायक कार्यलय) | | १६ | ८ | | ३ | ३ |
| | **संस्थागत संरचना तथा मानव संसाधन विकास** | | | | | | |
| ९ | सङ्गठन तथा व्यवस्थापन सर्भेक्षण | | १६ | ८ | | | ३ |
| १० | मानव तथा संस्थागत क्षमता विकास प्रर्वद्धन | | १६ | ८ | | | ३ |
| ११ | मानव संसाधन विकास एवम् संस्थागत क्षमता विकासका लागि सम्भाव्यता अध्ययन | | १६ | ८ | | २ | ३ |
| १२ | सेवाप्रवाह सरलिकृत एवम् संस्थागत विकास तथा अध्ययन-अवलोकन भ्रमण | | १६ | ८ | | ३ | ३ |
| १३ | संस्थागत स्व मुल्यांकन तथा क्षमता विकास | | १६ | ८ | | ३ | ३ |
| १४ | कर्मचारीहरूको मनोवल र उत्प्रेरणा अभिवृद्धि | | १६ | ८ | | २ | ३ |
| १५ | कार्यसम्पादनमा आधारित प्रोत्साहन प्रणाली विकास र कार्यन्वयन | | १६ | ८ | | ३ | ३ |
| १६ | स्थानीय सामुदायिक संस्था क्षमता विकास तथा परिचालन कार्यक्रम | | १६ | ८ | | ३ | ३ |
| १७ | न्यायिक समिति र मेलमिलाप केन्द्र संचालन तथा न्यायिक कार्य सम्पादन भौतिक सुधार कार्यक्रम | | १६ | ८ | | २ | ३ |
| | **वित्तीय श्रोत परिचालन** | | | | | | |
| १८ | आन्तरिक आयको संभावना अध्ययन र प्रक्षेपण वृद्दि योजना | | १६ | ८ | | ३ | ३ |
| १९ | करदाता शिक्षा कार्यक्रम | | १६ | ८ | | ३ | ३ |

| क्र.सं. | कार्यक्रमहरू | स्थानीय दीर्घकालिन लक्ष्य रणनीतिक स्तम्भ संकेत | दिविल | दिराल संकेत | प्र.स.संकेत | लैंगिक संकेत | जलबायू संकेत |
|---|---|---|---|---|---|---|---|
| २० | उत्कृष्ट करदाता प्रोत्साहन कार्यक्रम | | १६ | ८ | | ३ | ३ |
| | **योजना व्यवस्थापन** | | | | | | |
| २१ | आयोजना वैंक पूर्व संभाव्यता अध्ययन तथा डिपिआर तयारी | | १६ | ८ | | ३ | ३ |
| २२ | आवधिक तथा विषयगत गुरुयोजना तर्जुमा र अद्यावधिक कार्यक्रम | | १६ | ८ | | ३ | ३ |
| २३ | उपभोक्ता समिति क्षमता विकास कार्यक्रम | | १६ | ८ | | २ | ३ |
| २४ | मद्यकालिन खर्च संरचना तर्जुमा तथा अद्यावधिक | | १६ | ८ | | ३ | ३ |
| २५ | नगर वस्तुस्थिति अद्यावधिक कार्यक्रम | | १६ | ८ | | ३ | ३ |
| २६ | नतिजामूलक अनुगमन, मुल्याङ्कन प्रणाली तथा गुणस्तर सुदृढीकरण | | १६ | ८ | | ३ | ३ |
| २७ | पालिका भित्रका योजनाहरूको नियमित अनुगमन, मूल्याङ्कन तथा समीक्षा | | १६ | ८ | | ३ | ३ |